"साना किसानको समृद्धि : कृषिको रुपान्तरण र उद्यमशीलताको विकास"

साना किसान

वर्ष २५ पूर्णाङ्क ३३

द्वैमासिक



साना किसान कृषि सहकारी संस्थाहरु तथा सदस्यहरुद्वारा सञ्चालित कृषि व्यवसायका केही झलकहरु

गभर्नर
Governor

नेपाल राष्ट्र बैंक
NEPAL RASTRA BANK

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
Central Office
Baluwatar, Kathmandu

शुभकामना

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको रजत जयन्ती तथा पच्चीसौं स्थापना दिवसको सुखद अवसरमा संस्थाका सञ्चालक, व्यवस्थापन, कर्मचारीवर्ग, सेयरधनी, साझेदार संस्था, सेवाग्राही र सम्पूर्ण सरोकारवालामा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछु ।

२०५८ सालमा स्थापित यस संस्थाले ग्रामीण क्षेत्रमा वित्तीय सेवा विस्तारका निम्ति निर्वाह गरेको भूमिका प्रशंसनीय छ । विशेषत: साना किसान, महिला, विपन्न वर्गमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्दै आयआर्जन, स्वरोजगार सिर्जना र उद्यमशीलताको विकासमा यस संस्थाले उल्लेख्य योगदान पुऱ्याएको छ ।

रजत जयन्तीका अवसरमा लघुवित्त सेवा, ग्रामीण उद्यमशीलता, साना किसानका सरोकारका विषयलाई समेटेर **'साना किसान'** द्वैमासिक पत्रिकाको विशेषाङ्क प्रकाशन गर्ने संस्थाको प्रयास सराहनीय छ । उक्त प्रकाशनले मुलुकको ग्रामीण अर्थतन्त्रको विद्यमान स्थिति, लघुवित्त सेवाका चुनौती र भावी दिशाबारे नीतिगत मन्थन र विमर्शमा सहयोग पुग्ने अपेक्षा राखेको छु ।

आगामी दिनमा संस्थागत सुशासन कायम गर्दै जवाफदेही, पारदर्शी र उत्तरदायी ढङ्गले ग्रामीण क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने दिशामा यस संस्थाले अनुकरणीय भूमिका निर्वाह गर्ने विश्वासका साथ रजत जयन्ती तथा पच्चीसौं स्थापना दिवसको अवसरमा पुन: शुभकामना व्यक्त गर्दछु ।

२०८३ असार २२

(प्रा. डा. विश्वनाथ पौडेल)

विषय सूची

सि.नं.	लेखक	शीर्षक	पृष्ठ
१	खेम बहादुर पाठक	साना किसान अभियानका २५ वर्षः अभियानका क्रममा कठिन मोड आए, तर हामी एक-एक मिलेर उठ्यौँ	१
२	डा. गुणाकर भट्ट	अर्थतन्त्रको संरचनात्मक रूपान्तरणमार्फत समृद्धिको आधार निर्माण गर्नुपर्छ	६
३	डा. प्रकाश कुमार श्रेष्ठ	“ग्रामीण अर्थतन्त्र नै नेपालको आर्थिक रूपान्तरणको आधार हो”	९
४	Yagya Prakash Neupane	Nepal's Gen-Z Movement: A Call for Good Governance and Economic Transformation	१२
५	Astha Bhatta	From Financial Inclusion to Rural Transformation: A Strategic Vision for SKBBL's Next 25 Years	१७
६	बासु अधिकारी	साना किसान लघुवित्तको भविष्य र संस्थागत सुधारको मार्गचित्र	२१
७	डा. शिवराम प्रसाद कोइराला	समावेशी र समानतामा आधारित आर्थिक वृद्धिले साझा समृद्धि हासिल गर्न सकिन्छ	२६
८	पृथबहादुर थापा	साना किसान विकास लघुवित्त वित्तीय संस्थाका अवसरहरू	२९
९	लिलाधर धिताल	साना किसान कृषि सहकारी संस्थामा अधिक तरलता (Excess Liquidity) व्यवस्थापन	३५
१०	वरिष्ठ अधिवक्ता पोषण राज लामिछाने	साना किसान सहकारी संस्था लि.को साना किसान विकास बैंकमा रहेको शेयर सम्बन्धी विवाद र त्यसको निराकरण	३७
११	गम्भीर बहादुर हाडा	नेपालको आर्थिक विकासमा लघुवित्तको भूमिका-समस्या तथा सुझावहरू	४१
१२	युवराज गैरे	व्यवस्थापन सूचना प्रणाली (Management Information System) आवश्यकता र महत्त्व : एक विवेचना	४६
१३	केशव राज पौडेल	कार्यालयको कार्यवातावरण र त्यसले परिणाममा पार्ने असर	४९
१४	नरेन्द्र आचार्य	नेतृत्व र यसका गुणहरू	५२
१५	सरोज भट्टराई	ग्रामीण अर्थतन्त्रको इन्जिन : साना किसान सहकारी	५४
१६	सुभाष गौतम	सहकारी संस्थामा नगद व्यवस्थापन तथा नगद प्रवाह संस्थामा तरलता व्यवस्थापनः एक समस्या	५९
१७	राम जनक चौधरी	सहकारीको स्थायित्व र प्रतिस्पर्धामा अब्बल रहन द्यत्व्क अवधारणा कार्यान्वयनको खाँचो	६२
१८	सि.ए. शुशिला खनाल	आर्थिक वर्ष २०८३/८४ को नेपालको संघीय बजेट तथा अर्थ विधेयकमा भएका मुख्य मुख्य व्यवस्थाहरू	६६
१९	सविन लामिछाने	सहकारी संस्थाहरूमा ब्याजदर परिमार्जनको महत्त्व र आवश्यकता	७०
२०	Paras Adhikari	Climate Changes and Agriculture : Challanges, Consequences and Technological Solutions	७३
२१	Raju Ghimire	Supervisory Information System Implementation At SKBBL	७७
२२	Nabin Neupane	Building a Sustainable Rural Economy through Value Chain Financing: The Next Chapter of SKBBL and the Sana Kisan Ecosystem	८२
२३	साथमा सफलताको कथाहरू		८७

सम्पादकीय

रजत जयन्ती

साना किसानको उपलब्धि र भविष्यको संकल्प

वि.सं. २०५८ साल असार २२ गते स्थापना भएको साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले आफ्नो गौरवपूर्ण २५ वर्षको यात्रा पूरा गरी रजत जयन्ती मनाइरहेको छ । यो केवल एउटा वित्तीय संस्थाको स्थापना दिवस मात्र नभई नेपालको ग्रामीण क्षेत्रमा वित्तीय पहुँचमा समावेशीकरण, सहकारी अभियान, कृषि उद्यम विकास र गरिबी निवारणको यात्रामा हासिल भएको महत्त्वपूर्ण उपलब्धिको उत्सव पनि हो ।

विगत पच्चीस वर्षमा संस्थाले देशका विभिन्न भूगोलमा रहेका साना किसान, महिला, विपन्न तथा वित्तीय सेवाको पहुँचबाट टाढा रहेका समुदायलाई एकीकृत गर्दै आर्थिक सशक्तीकरणको अभियानलाई निरन्तर अगाडि बढाएको छ । साना किसान अभियान देशका ७७ वटै जिल्लामा विस्तार भएको छ । संस्थाको सञ्जालमा १ हजार ४ सय ६३ भन्दा बढि साझेदार संस्था आबद्ध छन् भने ५ सय ४६ भन्दा बढी स्थानीय तहमा सेवा पुगेको छ । यस अभियानमार्फत ९ लाख ४१ हजारभन्दा बढी घरपरिवार प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

साना किसानमा आबद्ध सदस्यहरूमध्ये ८२ प्रतिशत महिला रहेका छन्, जसले ग्रामीण महिलाको आर्थिक सशक्तीकरण र नेतृत्व विकासमा पुऱ्याएको योगदानलाई स्पष्ट रूपमा देखाउँछ । ३५ अर्ब रुपैयाँभन्दा बढी कर्जा लगानी परिचालन गर्दै आर्थिक वर्ष २०८१/८२ मा मात्रै १ लाख ३९ हजारभन्दा बढी रोजगारी सिर्जना हुनु यस अभियानको सामाजिक तथा आर्थिक प्रभावको महत्त्वपूर्ण प्रमाण हो ।

सहकारीमार्फत वित्तीय सेवा प्रवाह गर्ने विशिष्टकृत संगठनात्मक संरचनाका माध्यमबाट संस्थाले लाखौँ समुदायमा बचत, लगानी, उद्यमशीलता र आत्मनिर्भरताको संस्कार विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस अवधिमा साना किसान अभियान केवल वित्तीय सेवामा सीमित रहेन, यसले ग्रामीण समुदायमा आशा, आत्मविश्वास र अवसरको विस्तार गर्ने अभियानका रूपमा पनि आफ्नो पहिचान स्थापित गरेको छ । नेपालको अर्थतन्त्रको आधार अझै पनि कृषि र ग्रामीण अर्थतन्त्र हो । जनसंख्याको ठूलो हिस्सा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि क्षेत्रमा आश्रित रहेको अवस्थामा ग्रामीण क्षेत्रको आर्थिक रूपान्तरण बिना राष्ट्रिय समृद्धिको लक्ष्य हासिल गर्न सम्भव छैन । यद्यपि पछिल्ला वर्षहरूमा कृषि उत्पादन, बजार पहुँच, युवा पलायन, जलवायु परिवर्तन, लगानी अभाव तथा उत्पादन लागत वृद्धिजस्ता चुनौतीहरूले ग्रामीण अर्थतन्त्रलाई प्रभावित गरिरहेका छन् । यस्ता चुनौतीका बीच साना किसान अभियानले वित्तीय पहुँच विस्तार, कृषि उद्यम विकास, स्वरोजगारी सिर्जना तथा महिला सशक्तीकरणमा पुऱ्याएको योगदान महत्त्वपूर्ण देखिन्छ ।

नेपाल आर्थिक विकासको नयाँ चरणमा प्रवेश गर्ने प्रयासमा छ । आर्थिक वृद्धिलाई समावेशी, दिगो र उत्पादनमुखी बनाउन राज्यले दिर्घकालिन आयमुलक क्षेत्र बलियो बनाउनु पर्ने देखिन्छ । यसका लागि सरकार, निजी क्षेत्र, सहकारी, बैंक, लघुवित्त वित्तीय संस्था तथा समुदायबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउन आवश्यक छ । वित्तीय पहुँचको विस्तारलाई उत्पादन, उद्यम, सीप, प्रविधि र बजारसँग जोड्न सक्नु वर्तमान समयको अपरिहार्य आवश्यकता हो । साना किसान अभियानले विगतमा हासिल गरेका उपलब्धिलाई संस्थागत गर्दै अब ग्रामीण उद्यमशीलता, कृषि व्यवसायीकरण, मूल्य-श्रृङ्खला विकास र डिजिटल वित्तीय सेवाको विस्तारतर्फ थप ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता देखिएको छ । विगत २५ वर्षको निरन्तर सफल यात्रा तथा हासिल भएका उपलब्धीहरूले साना किसान अभियानको आवश्यकता, प्रासङ्गिकता र प्रभावकारीतालाई थप सुदृढ बनाई स्थापित गरेको छ । रजत जयन्ती केवल विगतका उपलब्धिको स्मरण गर्ने अवसर मात्र होइन, भविष्यको मार्गचित्र कोर्ने अवसर पनि हो । अब यो अभियानले ग्रामीण समृद्धि, वित्तीय समावेशीकरण, जलवायुमैत्री कृषि, युवा उद्यमशीलता र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लक्ष्यलाई केन्द्रमा राखेर अगाडि बढ्नुपर्ने समय आएको छ ।

रजत जयन्तीको यस ऐतिहासिक अवसरमा संस्थाका संस्थापक, पूर्व तथा वर्तमान नेतृत्व, कर्मचारी, नेपाल सरकार, नियामक निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोगी संस्था, सञ्जालमा रहेका संस्था, शेयर सदस्य तथा अभियानलाई सफल बनाउन योगदान पुऱ्याउने सम्पूर्ण किसान दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछौँ ।

साना किसान अभियानका २५ वर्ष:
संघर्ष, सहकार्य र सफलताको यात्रा

खेम बहादुर पाठक
अध्यक्ष
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

नेपालको ग्रामीण अर्थतन्त्रलाई औपचारिक वित्तीय प्रणालीसँग जोड्दै साना किसान, महिला तथा विपन्न समुदायको जीवनस्तर उकास्ने उद्देश्यसहित स्थापना भएको साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले २५ वर्षे गौरवपूर्ण यात्रा पूरा गरेको छ । यस अवधिमा संस्थाले सहकारीमा आधारित वित्तीय सेवा मोडेलमार्फत लाखौं किसानसम्म पहुँच विस्तार गर्दै कृषि उत्पादन, स्वरोजगारी र ग्रामीण उद्यम विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

वित्तीय संस्थाको नेतृत्वमार्फत यात्रालाई मार्गदर्शन गर्दै आउनुभएका खेम बहादुर पाठक धादिङ जिल्लामा जन्मिएर करिब चार दशकदेखि नेपालको सहकारी अभियानमा निरन्तर सक्रिय रहँदै आउनुभएको अनुभवी सहकारी अभियन्ता हुनुहुन्छ । उहाँ हाल वर्ल्ड फर्मर्स अर्गनाइजेशनको बोर्ड डाइरेक्टर, राष्ट्रिय सहकारी महासंघ नेपालका उपाध्यक्ष, साना किसान विकास लघुवित्त वित्तीय संस्था लिको अध्यक्ष तथा नेपाल कृषि सहकारी केन्द्रीय संघका निवर्तमान अध्यक्ष रहँदै सहकारी क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नेतृत्वमा सक्रिय भूमिका निर्वाह गर्दै आउनुभएको छ । सहकारी अभियान र ग्रामीण वित्तीय समावेशीकरणमा उहाँले पुऱ्याएको योगदानका कारण विभिन्न समयमा उहाँ राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरूबाट सम्मानित तथा पुरस्कृत पनि हुनुभएको छ ।

साना किसान अभियानको २५ वर्षे उपलब्धि, संस्थागत विकास, ग्रामीण अर्थतन्त्रमा आएको परिवर्तन, नेतृत्व अनुभव तथा भविष्यको दिशाबारे यस विशेष अवसरमा उहाँका दृष्टिकोण समेटिएको एक विशेष कुराकानीको सम्पादित अंश प्रस्तुत गरिएको छः

भर्खर मात्रै यहाँ विश्व किसान संगठनको दोस्रो कार्यकालका लागि सञ्चालकका रूपमा रूपमा निर्वाचित हुनुभएको छ, खासगरी नेपालको कृषि सहकारी आन्दोलनलाई विश्वको कृषि सहकारी आन्दोलनले हेर्ने दृष्टिकोण कस्तो पाउनुभयो ?

वर्ल्ड फार्मर्स अर्गनाइजेसनमा हाम्रो सहभागीता सञ्चालकका रूपमा भएपनि हामीले यस अघि पनि विश्व समुदायलाई नेपालको कृषि र सहकारी अभियानबारे निरन्तर भनिरहेका थियौं। नेपालको कृषि र सहकारीको क्षेत्र अन्य मुलुकको भन्दा विशिष्टकृत छ। यहाँको हावा पानीका कारण पनि हो र यहाँका समग्र अभियानकर्मी र किसानका कारणपनि हो । विशेषगरी वल्ड फार्मर्स अर्गनाइजेशनमा यो मेरो दोस्रो कार्याकाल हो । म यसभन्दा अगाडि दुई वर्ष बोर्डमा थिएँ। त्यो बेला सामान्य प्रतिनिधित्व गरेर हाम्रो मुलुकको परिचय दिने काम भएको थियो । तर यो बीचमा हामीले गरेका गतिविधिहरू, हाम्रो सञ्जालले गरेका कामहरूले गर्दा यो वर्ष हामीले अन्तर्राष्ट्रिय जगतमा अलि फरक सन्देश दिन सक्यौं र विश्व समुदायले पनि सोही अनुसार महत्त्व दिएको मैले महसुस गरेको छु। हामीभन्दा धैरै ठूला, शक्तिशाली र विकसित देशहरू तथा राम्रा संस्थाहरूले त्यहाँ प्रतिनिधित्व गरेका थिए। संसारका विभिन्न भागमा गरिबी न्यूनीकरण गर्ने, कृषि उत्पादन तथा प्रशोधनदेखि धैरै क्षेत्रमा काम गर्ने संस्थाहरू पनि त्यहाँ प्रतिनिधित्व गरेर आएका थिए। जस्तै, एग्रिटेरा जस्ता संस्थाहरू पनि त्यहाँ उपस्थित थिए। जापानको

जेए जस्तो संस्थाबाट प्रतिनिधित्व रहेको थियो । मैले भनेको थिएँ, सबैभन्दा ठूला र विकसित मुलुकबाट प्रतिनिधित्व गर्ने नाम चलेका देशहरूबाट तपाईले प्रतिनिधित्व गर्नुभयो भने मेरो समर्थन रहन्छ । म त एउटा सानो देशबाट आएको मान्छे हुँ । तर उहाँहरूले त्योभन्दा फरक ढंगले मूल्याङ्कन गर्नुभयो ।

विशेषगरी एसियामा सक्रिय भएर वर्ल्ड फार्मर्स अर्गनाइजेसन (WFO) को सक्रिय सदस्यमा नेपाल छ र त्यसको आफ्नै सशक्त भूमिका अरु देशले देख्नुभयो । यसकै माध्यमबाट डब्लुएफओको बुझाइबाट पनि के कुरा आयो भने, एफओ जस्तो संस्थाको विश्वभर साझेदारी संस्था छन् । ती साझेदारी संस्थामध्ये उत्कृष्ट भएर प्रथम पुरस्कार लिएको संस्था पनि नेपालकै हो र हामीले नै नेतृत्व गरेको हो भन्ने भएपछि अझै उहाँहरू हामी र हाम्रो अभियानप्रति सकारात्मक हुनुभयो ।

यसको नेटवर्कबाट नेतृत्व लिने नेतृत्वकर्ताले पनि धेरै क्षेत्रमा पुरस्कार प्राप्त गरेको छ । यो हिसाबले हेर्दा अहिले दोस्रो कार्यकालका लागि तपाईले नेतृत्व लिनु उपयुक्त हुन्छ भन्ने भयो । हाम्रो गतिविधि र क्रियाकलापहरू, विशेषगरी ८२ प्रतिशत महिलाहरूलाई मद्दत गरेको कुरा, फेमिली फार्मिङमा २०१४ मा विश्वमै उत्कृष्ट काम गरेको संस्था त्यसकारण यसको नेतृत्व डब्लुएफओलाई आवश्यक पर्छ भन्ने भनाइ राख्नुभयो र नेपालले त्यसको नेतृत्व गर्ने अवसर पायो ।

एसियाबाट कसैले उम्मेदवारी दिनुभएन । त्यसपछि पनि मैले अन्तिम दिन साधारणसभामा अरू कोही नेतृत्व गर्न आउनुहुन्छ भने म स्वागत गर्छु, मद्दत गर्छु भन्ने कुरा गरेको थिएँ । त्यसपछि अहिले तपाईलाई हामीले सर्वसम्मत रूपमा समर्थन गर्छौं भनियो । यसले विश्व जगतमा हाम्रो राम्रो सम्बन्ध पनि बढेको छ । नेपालजस्तो सानो मुलुकलाई चिनाउन, विकसित देशहरूमा हाम्रो परिचय दिन हामी सफल भयौं । अब ती संस्थाहरूले नेपालमा कुन-कुन क्षेत्रमा सहयोग गर्न सक्छन् भन्नेबारे नेपाल कृषि सहकारी केन्द्रीय संघ र साना किसान विकास लघुवित्त मार्फत तथा अन्य निकायमार्फत पनि हामी कसरी अगाडि जान सक्छौं भनेर धेरै महत्त्वपूर्ण छलफल भएको छ ।

तपाई साना किसान कृषि सहकारी संस्थाको प्रारम्भिक चरणदेखि नै संलग्न हुनुहुन्छ । नेपाल कृषि सहकारी केन्द्रीय संघको संस्थापक अध्यक्ष र भर्खरै निवर्तमान अध्यक्ष हुनुभएको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, जुन कुनै बेला बैंक पनि थियो, त्यसको सुरुवातदेखि नै तपाई कुनै न कुनै रूपमा संलग्न हुनुहुन्छ र अहिले त्यसको अध्यक्ष हुनुहुन्छ । यही संरचना र यही अभियानमार्फत तपाईको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहुँच, प्रभाव र उपस्थिति देखिन्छ । यो तहको विकास र उचाइ हासिल गर्नका लागि २५ वर्ष पूरा गरेको साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, तत्कालीन साना किसान विकास बैंकको यात्रालाई यहाँले अत्यन्तै संक्षिप्त रूपमा स्मरण गर्नुपर्‍यो भने त्यो दिनदेखि आजसम्म कसरी स्मरण गर्नुहुन्छ ?

तपाईले गरेको प्रश्नले झट्ट मेरो दिमागमा, हृदयमा, मेरो मनमा ती चिजहरू एकदम ताजा रूपमा अहिले प्रकट भएका छन् जुन मैले यो अभियानका क्रममा आफुलाई बिर्सेर काम गरेको थिएँ । त्यो चिज के हो भने मैले सम्झनु पर्दा हाम्रो नेपाल आफैमा एउटा गरिब देश, आर्थिक रूपमा कमजोर छ । हामी सामाजिक रूपमा पनि त्यति बलियो भइसकेको अवस्था छैन । हाम्रा धेरै दुर्गम ठाउँमा बसेका गरिबहरूको एक ठाउँमा पहुँच पुगिरहेको अवस्था छैन ।

त्यस्तो अवस्थामा एकदम निमुखा, कमजोर, त्यसमा पनि धेरै ठूलो प्रतिशत ८२% महिलाहरूलाई समेटेको यो सञ्जाल हाम्रो देशमा महिलालाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने एउटा चुनौतीको कुरा आइरहेको बेला यो अभियानले सबैभन्दा ठूलो संख्या महिलालाई साथमा लिएर काम गरेको हो ।

यी सबै कुरा हेर्दा मलाई कस्तो सम्झना आइरहेको छ भने राउटेहरूलाई सम्झिरहँदा वास्तवमा मलाई यो ठाउँसम्म पुर्‍याउन प्रेरणा गर्ने ती राउटे, वनकरिया, जो अहिले मकवानपुरको हाडीखोलामा बसोबास गर्छन्, उनीहरूलाई जङ्गलबाट मानव सभ्यतामा ल्याएर मानव समाजमा स्थापित गर्ने कामहरू भए । जो मुसहर जातिका मानिसहरू थिए, जसको जीवनको सहारा केही थिएन, त्यस्तालाई पनि यो कार्यक्रममा जोडियो । डुम, चमार, हलखोर, चेपाङ जस्ता पहाडको विकट ठाउँमा बसेर अप्ठ्यारो जीवन बिताइरहेका तमाम मानिसहरूलाई समेटेर यसभित्र आबद्ध गराएर उनिहरूको जीवनमा केही परिवर्तनको सुरुवात गराउने कार्य भए । आर्थिक प्रगति मात्र होइन, उनीहरूको चेतना स्तरको प्रगति पनि हो । उनीहरू अहिले समाजमा नेतृत्व गरिरहेका छन् । समाजलाई डोर्‍याउने कामहरू पनि गरिरहेका छन् । एउटा उदाहरणका लागि भनौं, हाडीखोलाको एउटा चेपाङ जातिको महिला, जहाँ झन्डै ३०-४० करोड कारोबार गर्ने संस्था छ, आज त्यही चेपाङ परिवारकी महिला त्यस संस्थाको अध्यक्ष भएर त्यति ठूलो संख्यामा सदस्यहरू जोडिएको संस्थाको नेतृत्व

गर्न पुग्नुभएको छ ।

उदाहरणका लागि भन्ने हो भने हामीले नेपालभरि त्यस्ता धेरै ठाउँका उदाहरण दिन सक्छौँ । ती सबै कुराहरूलाई सम्झँदा यदि सायद यो कार्यक्रम त्यो समयमा सुरु भएको थिएन भने एउटा ठूलो हिस्सा अहिलेको अवस्थामा यति ठूलो संख्यामा अगाडि आउने अवस्था हुँदैनथ्यो होला र उनीहरूको राम्रो प्रगति हामीले देख्न पाउने अवस्था पनि हुँदैनथ्यो होला जस्तो लाग्छ ।

अहिले मैले भन्ने गरेको छु, मानिस दुई किसिमको गरिब हुन्छ । एउटा दिमागी गरिब अर्थात् चेतना स्तरको कमजोरी, अर्को आर्थिक गरिबी । यी दुवै कुरालाई चेतना दिने र आर्थिक गरिबी हटाउने, सामाजिक सद्भाव कायम गराउने अनि सामाजिक प्रतिष्ठा अगाडि बढाउने काम यो संस्थाले गर्यो । जसले गर्दा आज देशभरि यति ठूलो संख्या एउटा चेतनशील भएर आफ्नो जीवन आफैले यापन गर्न सक्ने र अरूलाई पनि आफुजस्तै भएर काम गर भनेर प्रेरणा दिन सक्ने अवस्थामा पुगेका छन् ।

साना किसान कृषि सहकारी संस्था, साना किसान अभियान, त्यसको नेतृत्वदायी अङ्ग साना किसान विकास लघुवित्त वित्तीय संस्था र नेपाल कृषि सहकारी केन्द्रीय संघ अहिले जुन नाममा छ, यो नाम तल बलियो थिएन र तलबाट उठेको थिएन भने आज माथिको यो टाउको बन्दैनथ्यो । यो छाता बन्नुको मतलब नै तलबाट उठ्दै आएर "हामीलाई राष्ट्रिय रूपको नेटवर्क चाहियो, सञ्जाल चाहियो" भनेर तलबाट नै माग भएपछि यो बनेको हो ।

सायद तल बलियो थिएन, तल खोजी हुँदैनथ्यो भने माथिबाट बनाइएको यो संरचना आजको अवस्थामा पुग्दैनथ्यो । हामी नेपालका कतिपय संघसंस्थाहरूलाई हेर्छौँ, केही थोरै मानिस मिलेर माथि निकाय बनाए, तर तल आधार नभएकाले अहिले नचलेर बसेका छन् । अहिले पनि सहकारीका धेरै संघहरू छन्, तर ती संघहरू तल बलियो नभएर माथि मात्रै केही निश्चित मानिसले बनाएको निकाय भएकाले चल्न सकेका छैनन्, कमजोर छन् ।

हामीले गरिबलाई जोड्दैनौँ, किसानलाई जोड्दैनौँ, दुर्गममा जाँदैनौँ, कृषिमा काम गर्दैनौँ, आयआर्जन बढाउँदैनौँ र मानिसको जीवनस्तर उकास्ने काम गर्न सक्दैनौँ, अनि ती गरिब मानिसहरूको चेतना स्तर अगाडि बढाउन सक्दैनौँ भने यो कार्यक्रमले महत्त्व पाउँदैन ।

त्यसकारण यो नेटवर्क बलियो हुनुको कारण के हो भने तल एकदम गरिब वर्गबाट यसलाई मद्दत पुगेर उनीहरू आफु पनि अगाडि बढ्दै, आफूले बनाएका संस्थालाई पनि अगाडि बढाउँदै र राष्ट्रिय रूपको यो निकायलाई पनि अगाडि बढाउने स्थिति बनेको कारणले आज हामी नेपालमा मात्र होइन, अन्तर्राष्ट्रिय जगतमा पनि यसलाई चिनाउन सफल भएका छौँ ।

यदि यसको आधार बलियो थिएन, गरिबलाई मद्दत गरेको मूल्याङ्कन हुँदैनथ्यो र त्यसको प्रतिफल आउँदैनथ्यो भने आज हामी संसारलाई चिनाउन सक्दैनथ्यौँ । आज हामी अन्तर्राष्ट्रिय जगतमा पनि अवार्ड लिन सफल भएका छौँ । भर्खरै हामीले एसियाबाट पनि अवार्ड पाउने अवसर पायौँ ।

यो सबै कुरा हाम्रो सञ्जालभित्रका गतिविधि, क्रियाकलाप, काम, सुशासन, पारदर्शिता, इमान्दारिता र मेहनतका कारण सम्भव भएको हो । आज गाउँको कुनाको मात्र होइन, जङ्गलमा हिंड्ने राउटे, वनकरिया, मुसहर तथा छरिएर बसेका सबै मानिसहरूको कारणले यो कार्यक्रम अन्तर्राष्ट्रिय जगतसम्म पुगेको हो ।

हामीले कहिल्यै पनि त्यो वर्गलाई बिर्सियौँ भने, नेपालको ठूलो हिस्सा बोकेको महिला जगतलाई बिर्सियौँ भने, गरिबीलाई बिर्सियौँ भने वास्तवमा हामीले यो कार्यक्रमलाई यसरी अगाडि बढाउन सक्दैनौँ ।

अझै पनि हाम्रो चासो र चिन्ता भनेको यो कार्यक्रममा छुटेका, आउन बाँकी रहेका, हामीले जोड्न बाँकी रहेका, गरिबी र पीडामा परिरहेका वर्गहरू नै हुन् । जबसम्म हामी यिनीहरूलाई जोड्दै जान्छौँ, तबसम्म यो कार्यक्रम सशक्त हुन्छ । जब हामीले गरिबलाई जोड्दैनौँ, किसानलाई जोड्दैनौँ, दुर्गममा जाँदैनौँ, कृषिमा काम गर्दैनौँ, आयआर्जन बढाउँदैनौँ र मानिसको जीवनस्तर उकास्ने काम गर्न सक्दैनौँ, अनि ती गरिब मानिसहरूको चेतना स्तर अगाडि बढाउन सक्दैनौँ भने यो कार्यक्रमले महत्त्व पाउँदैन ।

जतिबेला सहकारी अभियानमा काम गर्न थाल्नुभयो,

त्यो समयको बीचमा कुनै एउटा समयमा नेपालमा १० वर्षे सशस्त्र द्वन्द्व पनि भयो। त्यो समयमा गाउँ तहमा कृषि सहकारीहरू अथवा यस्ता किसिमका समूह निर्माणका कामहरूमा असहयोग भयो। त्यो असहयोगका बाबजुद पनि तपाईहरू आफ्नो व्यक्तिगत जीवनलाई पर सारेर यो समाज र यो अभियानका लागि लाग्नुभयो। आफ्नो जीवनलाई पर राखेर पनि यो अभियानमा जोडिन तपाईलाई केले प्रेरित गर्यो ?

म आफै पनि एकदम कमजोर वर्गबाट निस्केको मान्छे हुँ। म आफै एउटा सामान्य गरिब परिवारबाटै निस्केको हुँ। अनि मैले गरिबी चिनेको थिएँ। गरिबीको पीडा कति हुन्छ भन्ने कुरा मलाई एकदम प्रस्ट थाहा थियो।

अब मैले त्यो बेलामा जब म यो कार्यक्रममा जोडिन पुगेँ, त्यसपछि यसले सबैभन्दा तलको गरिब वर्गलाई मद्दत गर्छ भन्ने कुरा मैले एक-दुई वटा तालिम लिइसकेपछि महसुस गरेँ। यसको नाम नै साना किसान विकास आयोजना भनेर स्थापना भएको थियो। साना किसानको विकास गर्नको लागि सुरु गरिएको परियोजना भन्नेबित्तिकै यो आफैमा असाध्यै महत्त्वपूर्ण थियो।

यसले गरेका क्रियाकलाप, गतिविधि र काम मैले जब स्पष्ट रूपमा बुझेँ, तब नेपालको गरिबी बसोबास गर्ने ठाउँका गरिबहरूका लागि, हाम्रो जस्तो देशका पछाडि परेका मानिसहरूका लागि यो ठूलो अवसरको रूपमा लिन सकिन्छ भन्ने कुरा मैले अनुभूति गरेँ।

जब यो कार्यक्रमबाट म मोटिभेट भए, वास्तवमा भन्ने हो भने, ४८ सालमा मैले यसको राम्रै तालिमहरू लिएँ। त्योभन्दा अगाडि ४५ सालमा मैले सात दिनसम्म योजना तर्जुमा भन्ने कार्यक्रम पनि लिएँ। यो कार्यक्रमको परिचयात्मक कार्यक्रममा पनि म सहभागी भएँ। ४५ सालमा चार–पाँच वटा कार्यक्रममा सहभागी भइसकेपछि मैले अब जीवनमा एक नम्बरमा यही अभियानबाट लाग्नुपर्छ भन्ने निर्णय गरेँ।

किनभने गरिबको उत्थान गर्ने, गरिबलाई अगाडि बढाउने, कृषिलाई अगाडि बढाउने र किसानलाई जोड्ने योभन्दा उपयुक्त कार्यक्रम हुँदैन। मुखले बोलेर मात्र होइन, मानिसलाई कामले सेवा दिने, प्रेरित बनाउने, मोटिभेसन गर्ने र कार्यक्रममा जोड्न सक्ने कार्यक्रम यही हुन सक्छ भनेर म त्यही बेलादेखि लागेँ।

त्यो लाग्दै जाँदा ४८ सालमा यसको अझ विकसित रूप आयो। आयोजनालाई अब के गर्ने भन्ने कुरा आयो। यसलाई सहकारीमा परिणत गर्नुपर्छ भन्ने कुरा पनि आयो। किन आयो भने, भोलि हामीले यसलाई सहकारीमा लिएर आएनौँ भने अरु एनजीओ वा क्लबजस्तो बनाएर राखियो भने यसले जति पनि जोडेको, कमाएको सम्पत्ति सबै राज्यको हुन सक्छ। तर जनताले दुःख गरेर कमाएको सम्पत्ति जनताकै कसरी हुन सक्छ भन्ने विषयमा धेरै छलफल र खोजी हुँदा सहकारीमा गयो भने त्यो सम्पत्तिको मालिक सेयर हाल्ने सदस्यहरू नै हुन्छन् र उनीहरूको स्वामित्व कायम हुन्छ भन्ने निष्कर्षमा पुगियो।

त्यसपछि ४८ सालमा ऐन आयो, ४९ सालमा सहकारीको नियमावली आयो र ५० सालबाट यसलाई सहकारीमा परिणत गरेर हस्तान्तरण गर्ने काम सुरु भयो। ५१ सालमा म बसेकै संस्था चैनपुर ह्यान्डओभर भयो। चैनपुर, त्रिवेणीश्वर र कल्लेरी गरी तीन वटा ह्यान्डओभर भएपछि धादिङमा सात वटा भयो। त्यही बेला अरु जिल्लामा पनि बाँकी संस्थाहरू जोडिँदै गए।

यो कार्यक्रमको क्रममा ५६ वटा संस्था आगो लगाएर ध्वस्त पारिएका थिए। झन्डै ११९ वटा संस्था ह्यान्डओभर गरिसक्दा ५६ वटा त आगो लगाएर खरानी बनाइएका थिए। म बसेको जिल्ला धादिङमै मात्रै १४ वटा संस्था आगो लागेर खरानी भएका थिए।

जुन संस्था आगो लागेर खरानी भए, ती संस्थाहरू हामीले एक महिना, दुई महिना, तीन महिना भित्रमै सबै सदस्य उभिएर, आफैले ढुंगा बोकेर, माटो बोकेर, काठ बोकेर जस्ताको तस्तै पुनः निर्माण गर्यौँ।

त्यो समयमा घटनाबाट प्रभावित भएर निराश भएका, संस्था बन्द गरेर बसेका मानिसहरूलाई उठायौँ। कतै गएर लुकेर बसेका अध्यक्ष र प्रबन्धकहरूलाई पनि फर्काएर ल्यायौँ। सबैलाई उत्साहित र सक्रिय बनायौँ। गाउँ–गाउँ, बस्ती–बस्ती पुगेर यो केही समयको अवस्था मात्र हो भनेर सम्झायौँ।

द्वन्द्वरत पक्षले यसैलाई बर्बाद गर्ने उद्देश्यले आन्दोलन जन्माएको होइन। यो त उनीहरूको आन्दोलनको स्वरूप थियो। हाम्रो कार्यक्रम त्यतिखेरको परिस्थितिको मारमा परेको मात्र हो। त्यसकारण एक दिन फेरि राम्रो दिन आउँछ र गरिबलाई मद्दत गर्ने कार्यक्रम जहिले पनि आवश्यक हुन्छ, जनताको बीचमा जाने कार्यक्रम सधैँ चाहिन्छ भनेर त्यसबाट प्रेरित भएर लागियो।

त्यो लाग्दा मानिसहरूको उन्नति र प्रगति पनि हुँदै गयो, लाभ पनि हुँदै गयो। त्यो लाभ पाएको महसुस र अनुभूति पनि भयो। त्यही अनुभूतिले उत्साह र ऊर्जा बढाउँदै गयो, जोश र जाँगर

बढाउँदै गयो।

त्यतिखेर हामीलाई गाइड गर्ने, तालिम दिने र सिकाउने हाम्रा आदरणीय सरहरूले पनि हामीभित्रको ऊर्जा मर्न नदिने, उत्साहित बनाइरहने, सिकाइरहने र जगाइरहने काम गर्नुभयो। "भोलि एक दिन यो मुलुकमा यो एउटा अत्यन्तै उत्कृष्ट कार्यक्रम हुन्छ, तपाईहरू आत्मविश्वासका साथ लाग्नुस्" भन्ने कुरा हामीलाई सिकाउने आदरणीय व्यक्तित्वहरू हुनुहुन्थ्यो। आजको दिनमा अभियान आफ्नो ढंगले एउटा जीवन्त बनिसकेको छ।

अहिले वास्तवमा यो कार्यक्रम सबैभन्दा बढी आफ्नै तागतले चलिरहेको छ। आफ्नै संगठनको बल र आन्तरिक स्रोतले पनि यो अगाडि बढेको छ। यसका केही नेतृत्वकर्ताहरू पनि सुझबुझका साथ लाग्नुभएको छ। उहाँहरूको सक्रियताले यो कार्यक्रम अगाडि बढिरहेको छ।

यसमा केही सहयोग नेपाल सरकार, अर्थ मन्त्रालयबाट पनि भएको छ। सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने कामहरू भएका छन्। राष्ट्र बैंक पनि यो कार्यक्रमप्रति एकदम सकारात्मक छ। उहाँहरूले पनि राम्रो सहयोग गर्नुभएको छ। नेपाल सरकारको सहकारी मन्त्रालय र विभागको नजरमा पनि यो नेपालको एउटा आशालाग्दो कार्यक्रम हो। उहाँहरूले पनि त्यसरी नै मूल्याङ्कन गर्नुभएको छ।

हामीलाई आर्थिक रूपमा, सामाजिक रूपमा र अन्य हिसाबले सहयोग भएको छ भने कहीँ सहानुभूतिको रूपमा पनि हामीलाई धेरै ऊर्जा बढाउने काम भएको छ। यी सबै कुराले गर्दा हामी अगाडि बढिरहेका छौँ।

अहिले मलाई के लागिरहेको छ भने यो कार्यक्रममा अहिले जुन ढंगले हामीले विभिन्न सहयोग लिएका छौँ, त्यो मात्रले हामीलाई पुग्दैन। अहिले जोडिएका दातृ निकायहरूले जति सहयोग गर्नुभएको छ, त्यतिले मात्र पनि पुग्दैन।

हामीसँग केही नभएको बेला कुनै दातृ निकाय जोडिँदा ठूलो राहत भएको थियो। हिजो जीटीजेड भनिन्थ्यो, पछि जीआईजेड भयो। इफाडले पनि हामीलाई राम्रो सहयोग गर्यो। त्यसैगरी पछिल्लो चरणमा अन्य संस्थाहरू पनि आएर जोडिएका छन् र सहयोग गर्ने काम गरिरहेका छन्। ब्रिटिस काउन्सिलजस्तो संस्थाले पनि केन्द्रीय स्तरबाट सहयोग गर्ने काम गरिरहेको छ।

साना किसान लघुवित्त वित्तीय संस्थाको दृष्टिकोणबाट हेर्ने हो भने, एडीबी (एसियाली विकास बैंक) ले धेरै ठूलो सहयोग गरिरहेको छ। जीआईजेडबाट पनि सहयोग भएको छ। इफाड पनि हाम्रो साझेदार संस्था थियो। सक्षमजस्ता संस्थाहरूले पनि धेरै सहयोग गर्ने काम गरेका छन्।

अहिलेसम्म यी संस्थाहरूबाट जे जति सहयोग प्राप्त भएको छ, त्यसले केही सहयोग अवश्य गरेको छ। तर अहिले हामी नयाँ चरणमा प्रवेश गरिरहेका बेला देशभरिका किसानहरूले यो कार्यक्रमलाई आशा र भरोसाको रूपमा लिइरहेका छन्। किसानका यति धेरै र अनगिन्ती समस्याहरू छन् कि ती समस्याहरू समाधान गर्न अहिलेको सहयोग मात्र पर्याप्त छैन।

किसानलाई सहुलियतपूर्ण कर्जा चाहिएको छ, बिमाको व्यवस्था चाहिएको छ, उत्पादन वृद्धि, प्रविधि, बजार व्यवस्थापन, भण्डारण लगायतका धेरै समस्याहरू छन्। यीमध्ये धेरै समस्या अझै समाधान भएका छैनन्। त्यसैले अब अझ धेरै व्यापक काम गर्नुपर्ने आवश्यकता छ।

त्यो व्यापक काम गर्नका लागि अहिले भएको किसान सञ्जालको तागत मात्रले किसानहरूको अपेक्षा पूरा गर्न सकिँदैन। त्यसका लागि सरकारले अझ फराकिलो ढंगले अघि आउनुपर्छ।

सरकारले एक्लैले विकास गर्ने होइन। सरकारले विकासको गतिमा लागेका यस्ता संघसंस्थाहरूलाई साझेदार बनाएर, यस्ता सञ्जालहरूलाई साथ लिएर अगाडि बढ्नुपर्छ। सबैलाई होइन, काम गर्ने संस्थाहरूलाई साथ दिनुपर्छ। हामी मात्रै होइन, अरू पनि धेरै संस्थाहरू हुन सक्छन्। तिनीहरूलाई पनि साथमा लिएर, सरकारले ल्याएको कार्यक्रमलाई आफ्नो कार्यक्रम ठानेर सहयोग गर्ने वातावरण बनायो भने हाम्रो मुलुक छिटो गतिमा विकासतर्फ अघि बढ्न सक्छ।

त्यसकारण अहिले हाम्रो सोच के छ भने यसलाई विशेष प्रकारको संस्था बनाएर नेपालकै भिन्न र नमुना कार्यक्रमका रूपमा अगाडि लैजानुपर्छ। त्यसरी अगाडि बढाउन हामी आफै पनि बलियो बन्नुपर्छ। आफ्नो काम आफैले सफल बनाउन सक्ने क्षमता विकास गर्नुपर्छ।

किसान पनि त्यही किसिमले लाग्नुपर्छ। किसानले बनाएका संस्था, गाउँका निजी संस्था, जिल्ला संघ, प्रदेश संघ, केन्द्रीय संघ तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था सबै एकबद्ध भएर, एउटै उद्देश्यका साथ लाग्न सके भने आगामी दिनमा यसको भविष्य मैले अत्यन्त उज्ज्वल देखेको छु।

अर्थतन्त्रको संरचनात्मक रूपान्तरणमार्फत समृद्धिको आधार निर्माण गर्नुपर्छ

नेपालको अर्थतन्त्र यतिबेला चुनौती र अवसरको संगममा उभिएको छ । एकातर्फ आर्थिक वृद्धिदर अपेक्षाकृत न्यून छ, उत्पादनमूलक क्षेत्रको विस्तार सन्तोषजनक हुन सकेको छैन र युवाशक्ति विदेश पलायनको प्रवृत्ति बढ्दो छ । अर्कोतर्फ विदेशी विनिमय सञ्चिति सुदृढ अवस्थामा छ, वित्तीय प्रणालीमा पर्याप्त तरलता उपलब्ध छ, डिजिटल प्रविधिको पहुँच विस्तार भइरहेको छ र आर्थिक रूपान्तरणका लागि आवश्यक जनसांख्यिक अवसर समेत विद्यमान छ । यही सन्दर्भमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा नेपाल राष्ट्र बैंकका पूर्व डेपुटी गभर्नर डा. गुणाकर भट्टसँग नेपालको अर्थतन्त्रको वर्तमान अवस्था, उत्पादनमुखी विकास, आर्थिक रूपान्तरण, निजी क्षेत्रको भूमिका तथा साना किसान विकास लघुवित्त वित्तीय संस्थाको योगदानका विषयमा गरिएको विशेष अन्तर्वार्ताको सम्पादित अंश प्रस्तुत गरिएको छ ।

डा. गुणाकर भट्ट
उपाध्यक्ष
राष्ट्रिय योजना आयोग

नेपालको वर्तमान आर्थिक अवस्थालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

नेपालको अर्थतन्त्रलाई मूल्याङ्कन गर्दा समष्टिगत आर्थिक परिसूचक मात्र हेरेर निष्कर्षमा पुग्नु पर्याप्त हुँदैन । अर्थतन्त्रको संरचना, उत्पादन प्रणाली, रोजगारीको अवस्था, क्षेत्रगत योगदान तथा विकासका अवसरहरूको वितरणलाई समेत समग्र रूपमा विश्लेषण गर्न आवश्यक हुन्छ ।

संरचनात्मक दृष्टिकोणबाट हेर्दा नेपालको अर्थतन्त्र अझै पनि कृषि क्षेत्रमा उल्लेखनीय रूपमा निर्भर रहेको छ । कुल जनसंख्याको ठूलो हिस्सा कृषि क्षेत्रमा आबद्ध छ र कृषि क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ । तथापि कृषि क्षेत्रमा आश्रित जनसंख्याको अनुपात र त्यसबाट सिर्जित आर्थिक मूल्यबीचको अन्तरले कृषि उत्पादकत्व अझै न्यून रहेको संकेत गर्दछ । अझै पनि कृषिजन्य वस्तुको आयातमा उच्च निर्भरता कायम रहनु आफैंमा एउटा संरचनात्मक चुनौती हो । यसले कृषि क्षेत्रलाई परम्परागत निर्वाहमुखी अवस्थाबाट व्यवसायिक, प्रतिस्पर्धी र बजारमुखी प्रणालीतर्फ रूपान्तरण गर्नुपर्ने आवश्यकता देखाउँछ ।

नेपालको अर्थतन्त्रको अर्को महत्त्वपूर्ण चुनौती क्षेत्रीय असन्तुलन हो । संघीय शासन प्रणाली कार्यान्वयनमा आइसकेपछि विकासका अवसरहरूलाई विकेन्द्रित गर्ने अपेक्षा गरिएको थियो । तर मानव विकास, पूर्वाधार, आयस्तर, शिक्षा र स्वास्थ्यका सूचाङ्कहरू हेर्दा प्रदेशहरूबीच अझै पनि उल्लेखनीय अन्तर देखिन्छ । विशेष गरी कर्णाली, मधेश तथा सुदूरपश्चिम प्रदेश विकासका धेरै सूचकमा राष्ट्रिय औसतभन्दा पछाडि छन् । समावेशी र सन्तुलित विकासका लागि यस्ता क्षेत्रीय असमानतालाई सम्बोधन गर्नु अत्यावश्यक छ ।

त्यसैगरी औद्योगिक क्षेत्रको अवस्थाले पनि अर्थतन्त्रको संरचनात्मक चुनौतीलाई उजागर गर्छ । आर्थिक उदारीकरणपछिको प्रारम्भिक अवधिमा औद्योगिक क्षेत्रको विस्तार उल्लेखनीय थियो । तर पछिल्ला वर्षहरूमा कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान घट्दै गएको

छ। उत्पादनमूलक क्षेत्रको विस्तार अपेक्षित गतिमा हुन नसक्दा अर्थतन्त्र सेवामुखी र उपभोगमुखी बन्दै गएको देखिन्छ। दीर्घकालीन आर्थिक समृद्धिका लागि उद्योग क्षेत्रको पुनर्जागरण अपरिहार्य छ। यद्यपि समग्र आर्थिक स्थायित्वका दृष्टिले केही सकारात्मक संकेतहरू पनि छन्। विदेशी विनिमय सञ्चिति सन्तोषजनक अवस्थामा रहेको छ। बैंकिङ प्रणालीमा पर्याप्त तरलता उपलब्ध छ। मुद्रास्फीति नियन्त्रणको दायराभित्र रहेको छ। वित्तीय प्रणाली समग्र रूपमा स्थिर देखिन्छ। यी पक्षहरूले आगामी आर्थिक रूपान्तरणका लागि महत्त्वपूर्ण आधार निर्माण गरेका छन्।

अबको चुनौती भनेको यिनै सकारात्मक आधारहरूलाई उत्पादन, लगानी, रोजगारी र निर्यात विस्तारसँग जोड्नु हो। यदि हामीले संरचनात्मक सुधारलाई प्रभावकारी रूपमा अघि बढाउन सक्यौं भने आगामी दशक नेपालको आर्थिक रूपान्तरणको दशक बन्न सक्छ।

वर्तमान आर्थिक अवस्थालाई थप सुदृढ बनाउन के-कस्ता विषयलाई प्राथमिकता दिनुपर्छ ?

अर्थतन्त्र सुधारको विषयलाई केवल अल्पकालीन व्यवस्थापनको रूपमा हेर्नु हुँदैन। यो संरचनात्मक सुधार र संस्थागत रूपान्तरणसँग जोडिएको विषय हो। अहिले हाम्रो प्राथमिकता आर्थिक गतिविधिलाई चलायमान बनाउने मात्र होइन, त्यसलाई दिगो र उत्पादनमुखी बनाउने हुनुपर्छ। सबैभन्दा पहिले लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक छ। निजी क्षेत्र अर्थतन्त्रको प्रमुख चालक हो। निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि नगरी आर्थिक वृद्धिलाई गति दिन सम्भव हुँदैन। त्यसैले नीतिगत स्थिरता, प्रशासनिक सहजीकरण, लगानी प्रक्रियाको सरलीकरण तथा व्यवसायिक वातावरण सुधारलाई उच्च प्राथमिकता दिनुपर्छ।

नीतिगत स्थिरता, प्रशासनिक सहजीकरण, लगानी प्रक्रियाको सरलीकरण तथा व्यवसायिक वातावरण सुधारलाई उच्च प्राथमिकता दिनुपर्छ।

दोस्रो, सार्वजनिक लगानीको प्रभावकारिता बढाउन आवश्यक छ। नेपालमा स्रोतको अभावभन्दा पनि कार्यान्वयनको चुनौती बढी देखिन्छ। विकास आयोजनाहरू समयमै सम्पन्न नहुने, लागत वृद्धि हुने तथा अपेक्षित प्रतिफल नआउने समस्या विद्यमान छन्। यसलाई सुधार गर्न परियोजना व्यवस्थापन प्रणालीलाई थप सुदृढ बनाउनु आवश्यक छ।

तेस्रो, उत्पादनमूलक क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ। कृषि, उद्योग, पर्यटन, ऊर्जा तथा सूचना प्रविधिमा आधारित सेवा क्षेत्रलाई राष्ट्रिय आर्थिक वृद्धिको प्रमुख आधारका रूपमा विकास गर्नुपर्छ। विशेष गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने खालका उद्योगहरूलाई प्राथमिकता दिनुपर्छ।

चौथो, मानव पूँजी विकासमा लगानी बढाउनुपर्छ। शिक्षा, स्वास्थ्य, सीप विकास तथा नवप्रवर्तनमा गरिने लगानीले दीर्घकालीन आर्थिक रूपान्तरणको आधार तयार गर्छ। विकासको केन्द्रमा नागरिकलाई राखेर नीति निर्माण गरिनुपर्छ।

उत्पादनमुखी अर्थतन्त्र निर्माणका लागि नेपालको मार्गचित्र कस्तो हुनुपर्छ ?

नेपालको आर्थिक रूपान्तरणको मूल आधार उत्पादन र उत्पादकत्व वृद्धि नै हो। दीर्घकालीन समृद्धिका लागि अर्थतन्त्रलाई उपभोगमुखी संरचनाबाट उत्पादनमुखी संरचनातर्फ लैजान आवश्यक छ। हामीसँग अहिले पाँच महत्त्वपूर्ण अवसरहरू छन्। मैले यसलाई प्रायः पाँच 'डी' को रूपमा व्याख्या गर्ने गरेको छु-लोकतन्त्र (Democracy), जनसांख्यिक लाभांश (Demographic Dividend), डिजिटलाइजेसन (Digitalization), विविधता (Diversity) र डायस्पोरा (Diaspora)।

पहिलो, लोकतान्त्रिक प्रणालीले विकासका अवसरहरूलाई संस्थागत आधार प्रदान गरेको छ। दोस्रो, नेपाल अहिले जनसांख्यिक लाभांशको चरणमा छ। कार्यशील उमेर समूहको जनसंख्या उच्च रहेको वर्तमान अवस्था सीमित समयका लागि उपलब्ध अवसर हो। यसलाई उत्पादक रोजगारी, उद्यमशीलता र सीप विकाससँग जोड्न सकेमा आर्थिक वृद्धिमा ठूलो योगदान पुग्न सक्छ।

तेस्रो, डिजिटल रूपान्तरणले विकासको नयाँ आयाम सिर्जना गरेको छ। सूचना प्रविधि, कृत्रिम बौद्धिकता, डिजिटल वित्तीय

सेवा तथा ई-गभर्नेन्सका माध्यमबाट उत्पादकत्व वृद्धि गर्न सकिन्छ। डिजिटल पूर्वाधारमा गरिने लगानीले सेवा प्रवाहलाई छरितो र पारदर्शी बनाउने मात्र होइन, आर्थिक गतिविधिलाई पनि गति दिन्छ।

चौथो, नेपालको भौगोलिक तथा सांस्कृतिक विविधता आफैंमा ठूलो आर्थिक सम्भावना हो। हिमाल, पहाड र तराईका फरक–फरक विशेषताका आधारमा कृषि, पर्यटन, जलविद्युत् तथा उद्योग क्षेत्रको विकास गर्न सकिन्छ।

पाँचौं, विश्वभर फैलिएको नेपाली डायस्पोरा नेपालको महत्त्वपूर्ण सम्पत्ति हो। उनीहरूको ज्ञान, सीप, अनुभव, प्रविधि तथा पूँजीलाई राष्ट्रिय विकाससँग जोड्न सकिएमा आर्थिक रूपान्तरणको गति तीव्र बनाउन सकिन्छ।

सरकार, निजी क्षेत्र र लघुवित्त क्षेत्रबीचको सहकार्य कस्तो हुनुपर्छ ?

आर्थिक विकासका लागि सरकार, निजी क्षेत्र र वित्तीय संस्थाबीचको साझेदारी अपरिहार्य हुन्छ। सरकारको भूमिका सक्षम नियामक र सहजीकर्ताको हो भने निजी क्षेत्र आर्थिक गतिविधिको प्रमुख संवाहक हो।

आर्थिक उदारीकरणपछिको अवधिमा निजी क्षेत्रले शिक्षा, स्वास्थ्य, सञ्चार, बैंकिङ, बीमा, पर्यटन तथा पूर्वाधार विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। आगामी दिनमा पनि आर्थिक वृद्धिको मुख्य आधार निजी क्षेत्र नै रहनेछ। त्यसैले सरकार र निजी क्षेत्रबीच विश्वासमा आधारित साझेदारी आवश्यक छ।

लघुवित्त क्षेत्रको भूमिका विशेष गरी वित्तीय समावेशीकरणमा महत्त्वपूर्ण छ। औपचारिक बैंकिङ सेवाबाट टाढा रहेका समुदायलाई वित्तीय पहुँच उपलब्ध गराउन लघुवित्त संस्थाहरूले उल्लेखनीय योगदान पुऱ्याएका छन्। यस सन्दर्भमा साना किसान विकास लघुवित्त वित्तीय संस्थाको योगदान विशेष रूपमा उल्लेखनीय छ। नेपालमा लघुवित्तको अवधारणा व्यापक रूपमा स्थापित हुनुभन्दा पहिले नै साना किसान विकास कार्यक्रम सुरु भएको थियो। त्यसले ग्रामीण समुदायमा बचत सँस्कृतिको विकास, उद्यमशीलता प्रवर्द्धन, महिला सशक्तीकरण तथा उत्पादन वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। वित्तीय पहुँचलाई उत्पादनसँग जोड्न सकेमा मात्र लघुवित्तको वास्तविक प्रभाव देखिन्छ। यस दृष्टिले साना किसान विकास लघुवित्तले किसान, सहकारी तथा स्थानीय समुदायलाई उत्पादन, बजारीकरण र आयआर्जनसँग जोड्ने काम गरेको छ। आगामी दिनमा यस संस्थाको संस्थागत क्षमता, प्रविधि प्रयोग तथा सेवा विस्तारलाई थप सुदृढ बनाउन आवश्यक छ।

आगामी दशकमा नेपालको आर्थिक रूपान्तरणको आधार के हुन सक्छ ?

आगामी दशक नेपालको विकास यात्राका लागि अत्यन्त महत्त्वपूर्ण हुनेछ। नेपालले सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य लिएको छ। त्यसपछिको चरणमा उच्च आययुक्त, समावेशी र दिगो अर्थतन्त्र निर्माण गर्नु हाम्रो दीर्घकालीन उद्देश्य हुनेछ। यसका लागि उच्च, दिगो तथा समावेशी आर्थिक वृद्धि हासिल गर्नुपर्छ। आर्थिक वृद्धिको लाभ समाजका सबै वर्ग र क्षेत्रसम्म पुग्नुपर्छ। विकासको प्रक्रिया समावेशी, सन्तुलित र न्यायपूर्ण हुनुपर्छ।

अबको विकासको केन्द्रविन्दु लगानी, नवप्रवर्तन, उत्पादकत्व र प्रविधि हुनुपर्छ। आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन गर्ने, प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्ने, डिजिटल पूर्वाधार विस्तार गर्ने तथा मानव पूँजी विकासमा लगानी बढाउने दिशामा केन्द्रित हुनुपर्छ। त्यसैगरी आर्थिक कूटनीतिलाई सुदृढ बनाउँदै अन्तर्राष्ट्रिय साझेदारी विस्तार गर्नुपर्छ। विश्वभर रहेका नेपालीहरूको ज्ञान, सीप, पूँजी तथा अनुभवलाई राष्ट्रिय विकाससँग जोड्नुपर्छ।

नेपालसँग पर्याप्त सम्भावना छन्। जलस्रोत, पर्यटन, कृषि, जैविक विविधता, युवा जनशक्ति तथा डिजिटल अवसरको प्रभावकारी उपयोग गर्न सकिएमा उच्च आर्थिक वृद्धि हासिल गर्न सकिन्छ। समृद्धि कुनै एक संस्थाको प्रयासबाट प्राप्त हुने लक्ष्य होइन। सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, वित्तीय संस्था तथा नागरिक समाजबीचको सहकार्यबाट मात्र दिगो आर्थिक रूपान्तरण सम्भव हुन्छ।

अन्ततः नेपालको आर्थिक भविष्यप्रति आशावादी हुने पर्याप्त आधारहरू छन्। चुनौतीहरू अवश्य छन्, तर स्पष्ट दृष्टिकोण, प्रभावकारी नीति, सुशासन, नवप्रवर्तन र सामूहिक प्रतिबद्धताका साथ ती चुनौतीलाई अवसरमा रूपान्तरण गर्न सकि

"ग्रामीण अर्थतन्त्र नै नेपालको आर्थिक रूपान्तरणको आधार हो"

डा. प्रकाश कुमार श्रेष्ठ
निवर्तमान उपाध्यक्ष
राष्ट्रिय योजान आयोग

नेपालको अर्थतन्त्रमा ग्रामीण क्षेत्र, कृषि प्रणाली र साना किसानहरूको भूमिका निर्णायक मानिन्छ । कुल जनसंख्याको ठूलो हिस्सा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि तथा साना उद्यममा निर्भर रहे पनि उनीहरूको जीवनस्तर अपेक्षाकृत कमजोर नै रहेको यथार्थ छ । यस्तो अवस्थामा साना किसान अभियान, लघुवित्त प्रणाली र सहकारी संरचनाहरूले ग्रामीण अर्थतन्त्रलाई औपचारिक वित्तीय प्रणालीसँग जोड्ने महत्त्वपूर्ण माध्यमको रूपमा काम गर्दै आएका छन् ।

नेपाल राष्ट्र बैंकमा लामो अनुभव हासिल गर्नुभएका तथा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षसमेत रहनुभएका अर्थतन्त्र तथा विकास नीतिका जानकार डा. प्रकाश कुमार श्रेष्ठसँग गरिएको यस विशेष अन्तर्वार्तामा नेपालको वर्तमान आर्थिक अवस्था, गरिबी निवारणका सम्भावित बाटाहरू, सरकार तथा विभिन्न संस्थाहरूको भूमिका र साना किसान अभियानको भविष्यगत दिशा सम्बन्धमा गहिरो विश्लेषण प्रस्तुत गरिएको छ ।

विशेषगरी साना किसानहरूको जीवनस्तर उकास्न आवश्यक नीतिगत सुधार, वित्तीय पहुँच विस्तार र उत्पादनमुखी अर्थतन्त्र निर्माणका विषयमा उहाँका विचारहरू यस अन्तर्वार्तामा समेटिएका छन् । साथै, आगामी दिनमा साना किसान अभियानलाई अझ प्रभावकारी, दिगो र रूपान्तरणमुखी बनाउन आवश्यक रणनीतिहरूबारे पनि उहाँको दृष्टिकोण प्रस्तुत गरिएको छ ।

नेपालको वर्तमान आर्थिक अवस्थालाई हेर्दा दिगो आर्थिक सुधारका प्रमुख आधारहरू के–के हुन सक्छन् तपाईंको दृष्टिकोण के हो ?

नेपालको वर्तमान आर्थिक अवस्था चुनौतीपूर्ण छ । पुँजीगत खर्च न्यून, राजस्व संकलन कमजोर, व्यापार घाटा उच्च, र रोजगारीको अभाव । अर्थतन्त्रको दिगो सुधारको लागि यसलाई प्रतिष्पर्धी र उत्पादनशील बनाउन जरुरी छ । उपलब्ध प्राकृतिक स्रोत र साधनको दिगो प्रयोग् गर्दै आन्तरिक रोजगारी सिर्जनामा जोड दिनु पर्ने छ । कृषि, पर्यटन, जलविद्युत र सूचना प्रविधि नेपाली अर्थतन्त्रका आधारहरू बन्न सक्छ । कृषिसँग जोडिएर प्रशोधन उद्योगहरू स्थापना गर्न सकिन्छ । उपलब्ध बनजङ्गल अवस्थालाई हेर्दा काठ तथा गैरकाठ उत्पादन गर्न सकिने आधार रहेको छ । जलविद्युत उत्पादनले सस्तोमा हरित उर्जा उपलब्ध गराउने हो भने नेपालको औद्योगिक उत्पादन पनि प्रतिष्पर्धी बन्न सक्छ । आर्थिक सुधार र रुपान्तरण गरेर आन्तरिक रोजगारी सिर्जना गर्न सक्नु पर्ने छ ।

ग्रामीण अर्थतन्त्र सुदृढ नभएसम्म समग्र राष्ट्रिय अर्थतन्त्र मजबुत हुन सक्दैन भन्ने धारणा छ । यस सन्दर्भमा नेपालको ग्रामीण अर्थतन्त्रलाई कसरी रूपान्तरण गर्न सकिन्छ ?

नेपालमा सहरीकरण बढ्दै गए पनि अझै ग्रामीण क्षेत्रमा वस्ने जनसंख्याको हिस्सा बढि छ । अस्तव्यस्त शहरीकरणलाई रोक्न र शहरी अर्थतन्त्र प्रर्वद्धन गर्न ग्रामीण अर्थतन्त्रको आवश्यकता छ । कृषि उत्पादन र प्रशोधनको लागि ग्रामीण क्षेत्र उपयुक्त हुन्छ र आवश्यक पर्दछ । ग्रामीण क्षेत्रमा हिजो निर्वाहमुखी कृषि प्रणाली र परम्परागत कुटिर उद्योगहरूलाई रुपान्तरण गरेर आधुनिक र व्यवसायिक बनाउन सकिएमा शहरी क्षेत्रको लागि आधारभूत उत्पादनको केन्द्र बनाउन सकिन्छ । शहरी क्षेत्रको बजारलाई मध्यनजर राखि ग्रामीण क्षेत्रलाई उत्पादनको केन्द्र बनाउन सकिन्छ । पछिल्लो समय सडक यातायातको विस्तार

भएको सन्दर्भ ग्रामीण क्षेत्र र शहरी क्षेत्रको कनेक्टिभिटी पनि बढेको अवस्था छ । ग्रामीण क्षेत्रलाई पर्यटकीय केन्द्र बनाउन पनि सकिन्छ ।

गरिबी निवारणमा सरकारी, निजी क्षेत्र, सहकारी तथा लघुवित्त संस्थाहरूको भूमिका कस्तो हुनुपर्छ ? यी क्षेत्रबीचको सहकार्यलाई अझ प्रभावकारी कसरी बनाउनु पर्ला ?

गरिबी निवारणमा यी चारवटै क्षेत्रको भूमिका अलग-अलग तर एकअर्काका पूरक हुनुपर्छ । तिनीहरूबीचको प्रभावकारी सहकार्यले नै दिगो गरिबी निवारण सम्भव हुन्छ । सरकारले नीति नियम, ऐनकानून, आधारभूत भौतिक पूर्वाधार, प्रभावकारी शान्ति सुरक्षा, बजार पहुँचमा सहयोग जस्ता कामहरू गर्नु पर्दछ । निजी क्षेत्र पनि बदलिदो परिवेश अनुरुप क्षमता विकास गर्दै व्यवसायिक हुनु पर्ने देखिन्छ । अब परम्परागत ढंगले व्यवसाय गरेर चल्दैन । प्रविधिको प्रयोग गर्दै बजार पहुँच बढाउने र बजारको माग अनुरुपको उत्पादन गर्नु पर्ने हुन्छ । त्यस्तै सहकारी क्षेत्र सहकारी सिद्धान्त अनुसार सदस्यहरूको आर्थिक हितको लागि कृयाशिल हुनु पर्ने हुन्छ । सहकारी मार्फत वास्तवमा सहकार्य गरेर आर्थिक व्यवसाय प्रर्वद्धनमा लाग्नु पर्दछ । लघुवित्त सस्थाहरूमा लघुवितका सिद्धान्त अनुरुप गरिब घर परिवारको आर्थिक हित हुने गरी कृयाशील हुनु पर्ने आवश्यकता छ । प्रविधिको प्रयोग र रणनीति ढंगले लागत कम गर्ने गरी आर्थिक व्यवसाय प्रर्वद्धन गरी गरिबी निवारणमा टेवा पुराउनु पर्ने स्थिति छ ।

साना किसान तथा ग्रामीण उद्यमीहरूको जीवनस्तर उकास्न सरकारको प्रमुख जिम्मेवारी र नीतिगत दायित्वहरू के–के हुनुपर्छ ?

साना किसान तथा ग्रामीण उद्यमीहरूको जीवनस्तर उकास्न सरकारले पक्कै पनि भूमिका खेल्नु पर्दछ । खासगरी उद्यम व्यवसाय गर्न ग्रामीण पूर्वाधारको निर्माण, बजार पहुँच अभिवृद्धि, किसानहरूको आम्दानी सुनिश्चता, सहज वित्तीय पहुँचको व्यवस्था हुनु पर्दछ । तीव्र बसाईसराईसँगै पहाडी क्षेत्रमा खेती योग्य जग्गा बाँझै राख्ने प्रवृति बढ्दै गएको सन्दर्भमा यस्तो प्रवृतिलाई निरुत्साहीत गरी व्यवसायिक कृषि गर्न सक्ने वातावरण बनाउनु पर्दछ ।

वर्तमान अवस्थामा लघुवित्त तथा सहकारी क्षेत्रको प्रणालीलाई अझ प्रभावकारी, पारदर्शी र दिगो बनाउन के–कस्ता सुधार आवश्यक देख्नुहुन्छ ?

अहिले लघुवित र सहकारी क्षेत्र दवावमा रहेको स्थिति छ । कोभिड-१९ पछि नेपालको अर्थतन्त्र आफै पनि सिथिल रहेको अवस्था छ । यसको बैकिङ क्षेत्रमा कर्जा असुली प्रभावित भएको छ । निष्कृय कर्जाको अनुपात बढेको छ । सहकारी तर्फ खासगरी बचत तथा ऋण सहकारीहरूमा सञ्चालकहरूको बदमासी, नियमन र सुपरीवेक्षणको कमीले गर्दा केही सहकारी संस्थाहरू समस्यामुलक बन्न पुगेका छन् । जसले गर्दा बचतकर्ताहरूले बचत फिर्ता पाउन सकेका छैनन् । सहकारीहरूको विश्वसनीयता कमी भएको छ । यसले गर्दा राम्रै ढंगले संचालित संस्थाहरू पनि प्रभावित भएका छन् । वित्तीय मध्यस्थताको कारोवार गर्ने वित्तीय सहकारीहरूलाई नत प्रभावकारी नियमन सुपरीवेक्षण हुन सक्यो नत आपतकालिन तरलताको व्यवस्था रहेको छ । तसर्थ, लघुवित्त र सहकारीहरूले सैद्धान्तिक पक्षहरूलाई पालना गर्दै अगाडि बढ्नु पर्ने छ भने अहिलेसम्मको अनुभव मध्यनजर राख्दै रणनीतिक ढंगले अघि बढ्नु पर्नेछ । लघुवित्त र सहकारीको कार्य प्रकृति अनुरुपको नियमन र सुपरीवेक्षण गर्ने, व्यवसायिक ढंगले संस्थागत सुशासन कायम गर्दै काम गर्नु पर्ने आवश्यकता छ । सहकारी, लघुवित्त लगायत बैंकिङ प्रणाली कै निष्कृय कर्जा बढी रहेको सन्दर्भमा सम्पति व्यवस्थापन कम्पनी स्थापना गरी गैर बैंकिङ सम्पतिको व्यवसायिक व्यवस्थापन गरिनु पर्दछ ।

> **सहकारी तर्फ खासगरी बचत तथा ऋण सहकारीहरूमा सञ्चालकहरूको बदमासी, नियमन र सुपरीवेक्षणको कमीले गर्दा केही वित्तीय सहकारी संस्थाहरू समस्यामुलक बन्न पुगेका छन् ।**

नेपालको आर्थिक संरचनामा उत्पादनमुखी अर्थतन्त्र कमजोर देखिन्छ । यसलाई सुधार गर्न कुन क्षेत्रलाई प्राथमिकता दिनुपर्छ ?

नेपालको आर्थिक संरचनामा सेवा क्षेत्रको हिस्सा बढ्दै गएको छ भने उत्पादनमुलक उद्योग र कृषिको योगदान घट्दै गएको छ । मानिसहरू कृषिबाट पलायन भइरहेको स्थिति छ भने उत्पादनमुलक उद्योगहरू पनि आयातित वस्तुहरूसँग प्रतिस्पर्धा

गर्न सकिरहेको छैन । अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गरिनु पर्दछ । साथै, कृषि जन्य तथा नेपालमा उपलब्ध प्राकृतिक स्रोतलाई उपयोग गर्ने गरी औद्योगिकरणलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । जलस्रोत धनी भएको हुनाले लागत प्रभावी ढंगले उत्पादन गरी उर्जा लागत कम गरी औद्योगिक क्षेत्रको प्रतिष्पर्धी क्षमता बढाउनु पर्दछ ।

साना किसानहरू अझै पनि बजार पहुँच र उचित मूल्य पाउन नसक्ने समस्यामा छन् । यस समस्याको दीर्घकालीन समाधान के हुन सक्छ ?

साना किसानहरूको उत्पादनको स्केल सानो हुने हुँदा बजारसम्म पहुँच कठिन र महंगो पर्ने गरेको छ । ठूलो परिमाणमा एकीकृत ढंगले बिक्री गर्न सक्ने गरी कृषक समुह वा कृषि कम्पनीहरू स्थापना गरिनु पर्दछ । सरकारले कृषि उपजको लागि बजार र उपयुक्त भण्डारणको व्यवस्था गरिदिनु पर्दछ । डिजिटल प्लेटफर्ममार्फत बजारको सूचना पुराउने व्यवस्था र कृषि प्रशोधन उद्योगहरू स्थापना गर्न सकिएमा किसानले उचित मूल्य पाउन सक्ने देखिन्छ ।

नेपालको कृषि क्षेत्रमा प्रविधि (technology) को उपयोग न्यून छ । डिजिटल कृषि र आधुनिक प्रविधिलाई गाउँसम्म पुर्‍याउन सरकार र निजी क्षेत्रको भूमिका के हुनुपर्छ ?

नेपालमा कृषि प्रविधिको पहुँच न्यून हुनुको मुख्य कारण सूचना, पूर्वाधार, लगानी र सीपको अभाव हो । डिजिटल कृषि तथा आधुनिक प्रविधिलाई गाउँस्तरसम्म पुर्‍याउन सरकार र निजी क्षेत्रको भूमिका हुनुपर्छ । प्रविधिको प्रयोग बढाउन सरकारले उपयुक्त नीति, शिक्षा, सीप र पूर्वाधारको विकास गर्दै लैजानु पर्दछ भने निजी क्षेत्र पनि अबको कृषि परम्परागत ढंग गरेर हुँदैन भन्ने कुरा बुझेर आधुनिक प्रविधि र सीपको प्रयोग गरी उत्पादन लागत घटाउने, उत्पादकत्व बढाउने र बजार पहुँच बढाउने रणनीति लिनु पर्दछ । प्रविधिको प्रयोग सहित आधुनिक ढंगले कृषि व्यवसाय गर्ने हो नाफा र आम्दानी बढाउन सक्ने प्रशस्त सम्भावना रहेको छ, किनभने नेपालमा प्राकृतिक र जैविक विविधता रहेको छ । धेरै प्रकारका उच्च मुल्यका कृषि उपजहरू उत्पादन गर्न सकिन्छ ।

विदेश पलायन भइरहेको युवा जनशक्तिलाई कृषि तथा ग्रामीण उद्यममै फर्काउन के–कस्ता नीतिगत सुधार आवश्यक देख्नुहुन्छ?

युवाहरूको विदेश पलायन अहिले तीव्र रूपमा भइरहेको छ । यसले नेपाली समाज र अर्थतन्त्र थुप्रै परिवर्तन र समस्या ल्याउन सक्ने आंकलन गर्न सकिन्छ । अहिले युवाहरूलाई कसरी स्वदेशमा नै राख्ने र कसरी कृषि र ग्रामीण उद्यम फर्काउने भन्ने कुरा चुनौती पूर्ण रहेको छ । युवाहरूलाई कृषि तथा ग्रामीण उद्यम रोक्न यी पेशाहरू सम्मानित र उपयुक्त तहको आयआर्जन सक्ने हुनु पर्दछ । जहाँ बढी फाइदा र सहजता हुन्छ, त्यता तर्फ जाने मानवीय स्वभाव नै हो ।

> **युवाहरूलाई कृषि तथा ग्रामीण उद्यम रोक्न यी पेशाहरू सम्मानित र उपयुक्त तहको आयआर्जन सक्ने हुनु पर्दछ । जहाँ बढी फाइदा र सहजता हुन्छ, त्यता तर्फ जाने मानवीय स्वभाव नै हो ।**

ग्रामीण क्षेत्रमा आधुनिक र व्यवसायिक ढंगले कृषि र ग्रामीण उद्यमहरू गर्न सकिने वातावरण बनाउनु पर्दछ । यसको लागि सहज र सस्तो दरमा वित्त पहुँच, ग्रामीण पूर्वाधारको व्यवस्था, उत्पादनको बजार प्रर्वद्धन र कृषिजन्य औद्योगीकरणको विस्तार गर्न सकिएमा युवालाई रोक्न सकिने अपेक्षा गर्न सकिन्छ । यसको लागि तीनै तहको सरकार, लघुवित्त वित्तीय संस्थाहरू, र राजनैतिक पार्टीहरू समग्रमा लाग्नु पर्ने हुन्छ ।

आगामी दशकलाई ध्यानमा राख्दै साना किसान विकास लघुवित्त तथा साना किसान अभियानलाई अगाडि बढाउन यहाँको सुझाव के हुन्छ ?

अर्थतन्त्रमा तीव्र परिवर्तन आइरहेको छ । खास गरी तीव्र बसाई सराई, वैदेशिक रोजगारी जाने बढ्दो प्रवृति, जलवायु परिवर्तन, र सूचना प्रविधिको तीव्र विकास आइरहेको छ । साना किसान विकास लघुवित तथा साना किसान अभियानलाई बढाउन परिवर्तित सन्दर्भलाई मध्यनजर राख्नु पर्दछ । आगामी दशकमा आउन सक्ने थप परिवर्तनलाई हेक्का राख्दै अगाडि बढ्नु पर्ने आवश्कता छ । प्रविधिको प्रयोग, युवालाई कृषिमा समाहिकरण, जलवायु अनुकुलन कृषि र उत्पादनलाई बजारसँग जोडने गरी अगाडि बढ्नु पर्ने देखिन्छ ।

Nepal's Gen-Z Movement: A Call for Good Governance and Economic Transformation

Yagya Prakash Neupane
Board Member
SKBBL

1. **Introduction:** The recent Gen-Z movement in Nepal served as a sharp rebuke to those in authority who assumed the state was firmly under their control. The uprising was the culmination of long-standing structural and political weaknesses and rampant corruption that had become normalized over decades. For years, political parties misused authority for personal and institutional gain, embedding corruption into public life. Accessing public services without political connections or bribery became nearly impossible. A widening gap between the ruling class and citizens, especially youth, deepened discontent. Senior leaders were seen as distant, dismissive, and self-serving rather than accountable public servants. This decision mobilized digitally active youth, who turned their online platforms into tools of protest, toppling the government within a couple of days. The movement centered on three unaddressed priorities: ending corruption, creating an enabling environment for domestic employment and ensuring meaningful representation of young people in state affairs.

2. **Impact:** The movement caused extensive physical and economic damage. The Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) estimated losses of around Rs. 80 billion. As the private sector contributes about 81% of national output and 86% of jobs, the unrest created uncertainty surpassing that of the Maoist conflict, the 2015 blockade, or the COVID-19 pandemic. Arson and vandalism targeting department stores, hotels, telecommunications, automobile businesses, and cable-car operations pushed Nepal toward economic and political crisis. Observers warn that unless the change unleashed by the Gen-Z movement is institutionalized, Nepal risks falling into another cycle of instability. Institutionalization, in this sense, marks the end of Nepal’s prolonged political transition. Economic performance underpins political stability, while sustainable change depends on ensuring that development benefits reach the grassroots level.

3. **Message of the Gen Z Movement:** The movement’ carried transformative potential

for Nepal's economy and governance. Its essence was distilled into four key messages. A vision of a Corruption-Free Society: Corruption, entrenched even at the household level and sustained through patronage networks, was the principal catalyst. The rebellion's core message was the dream of a Nepal free from corruption. Gen-Z activists went beyond rhetoric, mobilizing actively against corruption. Public despair over persistent malpractice made this movement inevitable. Change in outdated mindsets and work practices: young people expressed deep frustration with the inefficiency and evasiveness of public service delivery, where officials rarely provide definitive answers. Youth demand transparency and accountability, clear 'yes' or 'no' responses, and reasons for refusals.

4. Budget formulation became increasingly controversial, criticized even by ruling-party members for its sectoral bias. Likewise, opaque decisions on taxation and public investment reinforced suspicions of insider favoritism. Comprehensive policy reform, grounded in transparency and fairness, is now a generational demand. Creation of an Inclusive Society: although Nepal's Constitution mandates inclusivity, political parties have practiced tokenism, adopting inclusion as a formality rather than a principle. The absence of generational leadership transfer perpetuated the dominance of aging elites. Concentration of power obstructed inclusiveness encouraged corruption, and eroded accountability. State of the Nepali Economy Corruption has grown throughout Nepal's economic structure.

5. Transparency International has consistently ranked the country among the most corrupt globally. The culture of graft that emerged after the liberal reforms of 1990 distorted the market economy, discouraging entrepreneurship and fueling the belief that 'nothing works here.' Following COVID-19, Nepal's economy stagnated as public investment in infrastructure shrank, pushing private enterprise towards low-value service industries. Despite isolated improvements, the economy remains burdened by political instability, unreliable energy supply, unemployment, and low agricultural productivity. Annual growth hovers around 4-5%, with inflation at 5-6%. A shortage of skilled labor, limited job opportunities, and poor entrepreneurship drives youth migration abroad. This exodus has reinforced resentment towards political elites and the rise of the 'Nepo-baby' perception-privileged offspring of the corrupt benefiting while others struggle. Nepal's trade deficit continues to widen due to heavy import dependence and weak exports limited to agriculture and handicrafts. Boosting exports requires technological upgrades, market

Annual growth hovers around 4-5%, with inflation at 5-6%. A shortage of skilled labor, limited job opportunities, and poor entrepreneurship drives youth migration abroad.

diversification, and higher quality standards. Agriculture, though employing most of the population, suffers from outdated practices and low productivity, depressing rural incomes and accelerating migration from the hills. Endemic corruption and weak institutions pose long-term threats to fiscal stability. Rising foreign debt has further strained public finances, reducing capital expenditure and risking future crises. Preventing further uprising demands, economic reforms rooted in good governance. The government must ensure policy consistency, strengthen accountability, and restore confidence in the private sector as a genuine development partner.

6. **Damage Caused by the Gen-Z Movement:** The Gen Z rebellion affected government and the private sector. Although the private sector has long driven growth under Nepal's liberal economy, it remains disproportionately targeted during political upheavals. Sixty-six people lost their lives, including three police officers and sixty-three protesters. The FNCCI estimated total private-sector losses at Rs. 80 billion. Insurance companies settled Rs. 15.85 billion in claims, exclusively for private enterprises, as government assets are rarely insured. The Hotel Association reported damage to 24 hotels and resorts across ten cities, causing Rs. 25 billion in physical losses and eliminating 2,000 jobs. Tourist arrivals fell by 18% immediately after the unrest. Major businesses. Hilton Hotel, Ncell, Bhatbhateni Supermarket, Big Mart, CG, Chandragiri Cable Car, Simrik Air, and others-were vandalized or looted. Violence spread nationwide, including Kathmandu, Pokhara, Butwal, Nepalgunj, Biratnagar, and Jhapa. The automobile sector alone reported preliminary losses exceeding Rs. 960 million.

The Hotel Association reported damage to 24 hotels and resorts across ten cities, causing Rs. 25 billion in physical losses and eliminating 2,000 jobs. Tourist arrivals fell by 18% immediately after the unrest.

Political party headquarters and local offices of major parties-the Nepali Congress, CPN-UML, and CPN-Maoist Centre-were attacked. Leaders' residences and offices became the first targets following the August 23 incident that triggered mass demonstrations. Key national institutions, including Singhadurbar, the Supreme Court, the President's Office, and the Commission for the Investigation of Abuse of Authority, were set ablaze. Across the country, 380 federal government buildings were damaged-93 slightly, 180 partially, and 105 destroyed. In addition, 60 provincial and 150 municipal buildings were burned. About 400 government vehicles and 600 motorcycles were damaged, costing roughly Rs. 4 billion. The total government loss was estimated at Rs. 104 billion, alongside the destruction of important state documents.

7. **Lessons from Sri Lanka and Bangladesh:** The Sri Lankan youth movement, triggered by economic collapse and political dynastic rule, overturned the Rajapaksa regime. Years of debt fueled projects, fiscal

mismanagement, and corruption created a foreign exchange crisis, food shortages, and mass hardship. Social-media-driven protests demanded an end to nepotism and the establishment of transparent governance. Sri Lanka's recovery followed four key phases: a. Macroeconomic Stabilization: Partnership with the IMF through a $3 billion facility, higher taxation, fiscal discipline, and tighter monetary policy to curb inflation. b. Debt Restructuring: Negotiations with bilateral and private creditors, expansion of the tax base, and stronger anti-corruption measures. c. Structural and Governance Reform: Revitalizing the business environment, digital and renewable-energy investment, and reforming loss-making state-owned enterprises to promote a private-sector-led model. d. Social Protection and Inclusive Growth: Supporting vulnerable groups with targeted food, health, education, and employment programs. Sustainable recovery required combating 'reform fatigue', enhancing transparency, strengthening fiscal discipline, and rebuilding public trust in institutions. In 2024, Bangladeshi students rose against an outdated quota system in public employment that restricted merit-based opportunities. The protests soon expanded to address systemic corruption, nepotism, inequality, and digital freedoms. • The youth linked local grievances to global concerns such as climate change, gender equality, and digital rights. Their demands centered on meritocracy, accountability, freedom of expression, and generational justice. • This uprising, too, exposed the gap between rigid political leadership and citizens' aspirations, compelling authorities to confront deep seated governance failures and employment inequities.

This uprising, too, exposed the gap between rigid political leadership and citizens' aspirations, compelling authorities to confront deep seated governance failures and employment inequities.

8. **Structural and Governance Reform:** The business environment, digital and renewable-energy investment, and reforming loss-making state-owned enterprises to promote a private-sector-led model. Social Protection and Inclusive Growth: Supporting vulnerable groups with targeted food, health, education, and employment programs. Sustainable recovery required combating 'reform fatigue,' enhancing transparency, strengthening fiscal discipline, and rebuilding public trust in institutions.

9. **Challenges Faced by the Nepali Economy:** Corruption is the fundamental problem. Political instability, characterized by frequent changes in government and subsequent policy shifts, weakens the investment environment and the effectiveness of government plans.

10. The Gen-Z movement inflicted massive damage, estimated at approximately 5% of GDP. This damage, coupled with a history of crises, has made the private sector feel insecure, causing them to halt investment

and erode the confidence of both domestic and foreign investors. Youth are largely disillusioned due to lack of opportunities. An estimated 90-95% of youth are currently willing to go abroad. This trend risks the long-term loss of the country's skilled and active workforce. The current education system fails to produce a skilled workforce. Furthermore, administrative inefficiency, red tape, and a lack of accountability impede entrepreneurs. The absence of comprehensive insurance for both public and private assets increase economic vulnerability to natural disasters and social unrest.

11. **Suggestions for Long-Term Recovery:** Ensure political stability and long-term policy consistency through clear consensus among political parties. Implement digital governance and a one-stop solution at all levels to streamline services, eliminate administrative delays, and minimize corruption. Actively control corruption through transparent public procurement and improved institutional accountability. Strengthening private-public partnerships and fostering a positive image of the private sector by promoting socially responsible business. Youth Development and Employment Stop youth migration by providing employment, skills development, and productive opportunities within the country. Mandate skill-based, technology-oriented education, including compulsory courses in IT, AI, robotics, and Agri-technology at higher secondary and university levels. Prioritize entrepreneurship and establish incubation centers to support young, businesses. Structural Sectoral Investment: Develop solar and hydropower to ensure continuous supply, which reduces production costs and makes industries more competitive. Promote modern technology, mechanization, water resource management, and innovation to increase productivity and create export opportunities. Revitalize the sector through digital marketing and streamlined policies like low-fee or free visas. Increase the accessibility of insurance covering public assets, bank insurance, and private businesses to ensure financial stability against unexpected events. Support businesses through the banking system by providing loans at the base rate, loan rescheduling, and tax exemptions. Enforce legal clarity, financial discipline, and a stable, investment-friendly environment.

Reference

Acharya, A. (2024). Influence of youth engagement on Nepal's political evolution: An analysis of emerging youth-led movements. Interdisciplinary Journal of Management and Social Sciences

Asian Development Bank. (2024). Sri Lanka: Country Partnership Strategy (2024–2028). https://www.adb.org/documents/sri-lanka-country-partnership strategy-2024-2028.

Central Bank of Sri Lanka.(2023). Annual Economic Review 2023. [https://www.cbsl.gov.lk/en/publications/economic-and-financial-reports/annual-economic review/annual-economic-review-2023](https://www.cbsl.gov.lk/en/publications/economic and-financial-reports/annual-economic-review/annual-economic-review-2023).

ध्वंसपछि अर्थतन्त्रको मार्गचित्र : नेपाल आर्थिक पत्रकार संघ

From Financial Inclusion to Rural Transformation: A Strategic Vision for SKBBL's Next 25 Years

Astha Bhatta
Board Member
SKBBL

As Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Limited (SKBBL) marks its silver jubilee, we celebrate an institution that has played a pioneering role in shaping Nepal's rural financial architecture. Through its wholesale lending model and partnerships with Small Farmer Agricultural Cooperatives (SFACLs), SKBBL helped shift the paradigm from financial exclusion to community-led empowerment, enabling rural households to access opportunities that were once beyond reach.

However, a twenty-five-year milestone is not only an occasion to reflect on past achievements. It is also an opportunity to examine how profoundly Nepal's rural economy has changed and to consider what role institutions like SKBBL must play in the decades ahead.

The fundamental challenge facing rural Nepal has evolved. Twenty-five years ago, the primary constraint was access to finance. Today, the greater imperative is economic productivity;building rural economies that are competitive enough to sustain livelihoods, generate opportunities, and retain our workforce.

To shape the next phase of growth, we must address two interconnected challenges that will define Nepal's rural future: the outmigration of productive labour and a widening agricultural trade deficit.

Migration and the Changing Rural Economy

Migration has been one of Nepal's most significant development stories. Remittances have reduced poverty, improved household welfare, strengthened resilience to economic shocks, and contributed significantly to the national economy. Today, remittances account for approximately one-quarter of Nepal's GDP.

Yet this macroeconomic success story has also transformed rural Nepal in profound ways.

In fiscal year 2024/25, more than 839,000 labour permits were issued for foreign employment, meaning that over 2,000 Nepalis leave the country each day in search of opportunities abroad. Many of these migrants come from rural communities and agricultural households.

This reality is not merely reflected in statistics; it is increasingly visible across Nepal's villages.

As someone whose roots lie in Doti, I have

witnessed this transformation firsthand. The terraced fields that once sustained families in my village increasingly lie fallow. Many households have moved to Kathmandu, while others have sought opportunities abroad. My own father left our village in search of better prospects in the capital. Those who remain often face a difficult reality: agriculture demands long hours of physically demanding work while frequently generating barely enough income to sustain a family.

This is not because rural communities have become less hardworking. Rather, people are responding rationally to economic incentives.

Young people today compare agriculture not with unemployment, but with opportunities available in urban centres and international labour markets. The challenge before us, therefore, is not persuading people to work harder. It is creating an agricultural economy that is productive, profitable, and dignified enough that investing labour and capital within Nepal becomes a competitive and rational choice.

From Fallow Lands to Productive Assets

One of the most visible consequences of migration has been the increasing amount of underutilized and abandoned agricultural land, particularly in Nepal's hills and mountain regions.

The traditional assumption that rural households possess the labour required to cultivate fragmented plots of land no longer holds true. In many communities, land remains uncultivated not because it lacks productive potential, but because existing production systems no longer make economic sense.

Addressing this challenge requires a shift from fragmented farming towards commercially viable production systems.

This includes promoting voluntary land pooling, cooperative farming arrangements, and structured leasing mechanisms that can consolidate scattered plots into economically productive units. Equally important is creating pathways for youth entrepreneurs and returnee migrants to engage in commercial agriculture through access to finance, technical support, and market linkages.

SFACLL, as trusted community institutions, are uniquely positioned to facilitate these transitions by serving as anchors for collective action and local enterprise development.

> **Today, the country's agricultural trade deficit exceeds NPR 200 billion, with agricultural products accounting for 20–25 percent of total imports**

Reducing Nepal's Agricultural Trade Deficit

Revitalizing domestic agriculture is not only a rural development priority; it is increasingly an economic imperative.

Until around 2009, Nepal maintained a relatively balanced agricultural trade relationship with India. Today, the country's agricultural trade deficit exceeds NPR 200 billion, with agricultural products accounting for 20–25 percent of total imports.

This presents a striking paradox. Despite abundant water resources, diverse agroecological conditions, and a long agricultural tradition, Nepal

increasingly depends on imports for products that can potentially be produced domestically.

The objective should not be complete self-sufficiency in every agricultural commodity. Such an approach may neither be practical nor economically efficient. Rather, Nepal should focus on reducing avoidable import dependence, improving productivity, and strengthening sectors where it possesses genuine comparative advantages.

The challenges of migration and agricultural imports are closely interconnected. Labour shortages constrain domestic production. Low productivity and limited profitability encourage further migration. Increasing reliance on imports then widens the trade deficit.

Breaking this cycle requires moving beyond subsistence agriculture towards a more commercial, productive, and value-driven agricultural system.

From Subsistence Farming to Rural Enterprise

The future of Nepalese agriculture lies not in abandoning smallholder farmers but in empowering them to become entrepreneurs.

This transition requires moving:

- From subsistence farming to commercial agriculture;
- From fragmented production to cooperative enterprise;
- From exporting raw commodities to value addition and processing;
- From household survival strategies to rural entrepreneurship.

Encouragingly, SKBBL's own evolution reflects many of these shifts. Through its support for rural enterprises, agro-processing initiatives, and value-chain development, SKBBL has demonstrated that rural finance can extend beyond access to credit and contribute meaningfully to economic transformation.

The challenge for the next twenty-five years is to scale these efforts.

Through its support for rural enterprises, agro-processing initiatives, and value-chain development, SKBBL has demonstrated that rural finance can extend beyond access to credit and contribute meaningfully to economic transformation.

Four Priorities for Rural Transformation

Achieving meaningful rural transformation will require coordinated efforts from government, financial institutions, cooperatives, and the private sector. Four priorities deserve particular attention.

1. Strengthening Agricultural Productivity and Innovation

Nepal's agricultural productivity continues to lag behind regional peers due to fragmented landholdings, inadequate irrigation, limited use of improved seeds, and underinvestment in research and extension services.

Revitalizing institutions such as the Nepal Agricultural Research Council (NARC) and strengthening community-based extension systems are essential to ensuring that farmers have access to the knowledge and technologies

required to improve productivity.

2. **Investing Beyond the Farm Gate**

Value creation increasingly occurs beyond production itself.

Investments in collection centres, cold chains, storage facilities, processing units, and quality certification systems are essential to reducing post-harvest losses and increasing value addition. Commodities such as tea, cardamom, ginger, coffee, honey, medicinal herbs, and high-value horticulture offer significant opportunities if supported by strong market infrastructure.

3. **Expanding Irrigation and Climate Resilience**

Irrigation remains among the highest-return public investments available to Nepal. Completing ongoing major irrigation projects and improving water management systems can substantially enhance agricultural productivity and climate resilience.

At a time of increasing climate uncertainty, investments that strengthen agricultural resilience will become even more critical.

4. **Evolving Rural Finance**

Traditional microcredit alone is unlikely to address the needs of a transforming rural economy.

The next generation of rural finance should support producer organizations, mechanization services, agro-processing enterprises, and investments across agricultural value chains. Financial products must evolve alongside the changing aspirations and needs of rural communities.

Looking Ahead

SKBBL's first twenty-five years demonstrated that rural communities, when supported by strong local institutions and appropriate financial services, can build resilience and improve their livelihoods.

The next twenty-five years call for an even broader vision.

The challenge before us is no longer simply expanding financial inclusion. It is helping create rural economies that are productive enough to reduce unnecessary import dependence, dynamic enough to generate meaningful opportunities, and attractive enough that people choose to build their futures within them.

In many ways, this represents a continuation of SKBBL's founding mission.

Empowering small farmers today increasingly means supporting them to become entrepreneurs, strengthening the institutions that serve them, facilitating value addition, and contributing to the transformation of Nepal's rural economy.

As SKBBL celebrates its silver jubilee, we can take pride in what has been achieved. Equally important, we must embrace the opportunity to contribute to the next phase of Nepal's development journey; one in which rural transformation, rather than financial inclusion alone, becomes the defining aspiration.

The story of SKBBL has always been about creating opportunities where they were previously absent. The opportunity before us now is to help ensure that Nepal's rural communities remain places where future generations can build prosperous, dignified, and sustainable lives.

साना किसान लघुवित्तको भविष्य र संस्थागत सुधारको मार्गचित्र

बासु अधिकारी
प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

नेपालको लघुवित्त तथा ग्रामीण वित्तीय सेवाको क्षेत्रमा सशक्त योगदान पुऱ्याउँदै आएको साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले ग्रामीण समुदायमा वित्तीय पहुँच विस्तार, उद्यमशीलता प्रवर्द्धन र आर्थिक सशक्तीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

संस्थाको नेतृत्वमार्फत नीति, योजना र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने उद्देश्यका साथ हाल संस्थाका प्रमुख कार्यकारी अधिकृत (CEO) बासु अधिकारीसँग विशेष संवाद गरिएको छ । लामो बैंकिङ अनुभव र वित्तीय क्षेत्रको गहिरो बुझाइ बोकेका अधिकारीले संस्थागत सुधार, सुशासन, जोखिम व्यवस्थापन तथा सेवा विस्तारमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहनुभएको छ ।

यस अन्तर्वार्तामा उहाँसँग संस्थाको वर्तमान अवस्था, संस्थागत सुधारका प्राथमिकता, लघुवित्त क्षेत्रका चुनौतीहरू, सरकार तथा साझेदार निकायसँगको समन्वय, र आगामी रणनीतिक दिशाबारे विस्तृत छलफल गरिएको छ ।

विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा लामो अनुभव हासिल गर्दै अहिले साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख कार्यकारी अधिकृतका रूपमा नेतृत्व सम्हालिरहनु भएको छ । संस्थाको वर्तमान अवस्थालाई यहाँले कसरी मूल्याङ्कन गर्नु भएको छ ?

अहिलेको देशकै आर्थिक अवस्थाको बारेमा तपाई आफै पनि जानकार नै हुनुहुन्छ । हामी पनि त्यही अवस्था र परिस्थिती भित्र काम गर्ने एउटा थोक कर्जा प्रदायक लघुवित्त संस्था संस्था हौँ । त्यसकारणले समष्टिगत रूपमा अरु वित्तीय संस्थाहरूको अवस्था जे छ, हाम्रो पनि त्यो हुने नै भयो । र त्यो भनेको के भन्नुहुन्छ भने आजको दिनमा बढ्दो निष्क्रिय कर्जा छ । व्यवसायमा संकुचन छ । व्यवसाय बढेको अवस्था छैन । त्यस्तै गरी नाफामा निरन्तर दबाब छ । यस्तो खालको अवस्थाबाट हामी पनि केही न केही प्रभावित बनेका छौँ । साना किसानमा पनि त्यो खालको अवस्था छ । तर त्यो भनेर हामी यसै वस्ने अवस्थामा छैनौ । आउँदा दिनहरूमा हामी निरन्तर यो अवस्थालाई सुधार गर्ने तिर लागिरहेका छौँ । हामीलाई विश्वास छ आगामी दिनमा हामीले राम्रै नतिजा ल्याउँनेछौं ।

संस्थागत सुधारको दृष्टिले अहिले साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख प्राथमिकता के-के कुरामा राख्नु भएको छ ?

हो कुनैपनि संस्थाको समग्र विकास र सूचकहरू सुधारका लागि संस्थागत सुधार महत्त्वपूर्ण कुरा हो । हामीले संस्थागत सुधारका विभिन्न पक्षलाई हेरेका छौँ । संस्थाको भौतिक सुधार र संस्थागत व्यवसायीक सुधार हाम्रो प्राथमिकतामा छ ।

अहिले बलियो जनमत लिएर बनेको सरकारका एक सय कार्यसूचीहरू हामीले हेर्‍यौं भने पनि त्यहाँ एउटा अत्यन्तै महत्त्वपूर्ण कुरा छ । त्यहाँ बिजनेस प्रोसेस रिइन्जिनियरिङ गर्ने भनिएको छ । त्यो भनेको कुनै एउटा संस्था विशेषको कुरा होइन, त्यो सबैमा उत्तिकै महत्त्वपूर्ण कुरा हुन्छ । र त्यही सन्दर्भमा हेर्दा हाम्रा पनि बिजनेस प्रोसेसहरूलाई अलिकति समीक्षा गरेर यसमा आवश्यक सुधारहरू गर्नुपर्ने अवस्था छ । हाम्रो बिजनेस प्रोसेसको कुरा गर्दा कर्जा लगानी गर्ने प्रक्रिया देखि लिएर,

विश्लेषण गर्ने प्रक्रियासम्म र छिटोछरितो सेवा प्रवाह सम्मका कुरा पर्छन् । अर्कोतिर छिटोछरितो सेवा अथवा भरपर्दो सेवाको कुरा गर्दा डिजिटलाइजेसनलाई हामीले कुनै पनि हालतमा छोड्नु हुँदैन । डिजिटलाइजेसनलाई एकातिर राखेर हामी संस्थालाई एकदम द्रुत गतिमा अगाडि बढाउँछु, सुदृढ बनाउँछु भनेर आजको दिनमा सम्भव नै नहुने कुरा हो । त्यस्तैगरी अर्को नवप्रवर्तन उत्तिकै महत्त्वपूर्ण कुरा छ । अब नवप्रवर्तनहरूमा पनि हामीले काम गरिनुपर्‍यो । अर्को मानव संसाधनको क्षेत्र अत्यन्तै सुधार गर्नुपर्ने विषय हो । सम्भवत: यहाँहरूले पनि सुनिनै राख्नु भएको छ, अहिले मानव संसाधनको व्यवस्थापन गर्न सरकारले नै पनि निजामती सेवा सम्वन्धि कानुन समयसापेक्ष परिवर्तन गरेर जाने भन्ने कुरा आइरहेको छ । त्यो हाम्रो संस्थामा पनि गर्नुपर्ने हुन्छ । यसले समग्र संस्थागत सुधार र दिगोपनाका लागि काम गर्नेछ ।

जोखिम व्यवस्थापन र सेवा प्रवाहका सन्दर्भमा यहाँले अब कुन तहमा आफ्नो गतिविधिलाई अगाडि बढाउने सोच्नुभएको छ ?

संस्था त्यतिबेला सुदृढ हुन्छ जतिवेला व्यवसाय विस्तार, त्यसमा पनि गुणस्तरसहितको व्यवसाय विस्तार गर्न सकिन्छ । संस्था त्यतिवेला सुदृढ हुन्छ जतिवेला हाम्रा सेयर लगानीकर्ताहरू, सेयरधनीहरू जो हुनुहुन्छ उहाँहरूलाई प्रतिस्पर्धी प्रतिफल दिन सकिन्छ । जब मैले नियामक निकायहरूले गरेका निर्देशनहरूको अनुपालन अक्षरशः गर्न सक्छु, जब मैले संस्थामा सुशासनको प्रत्याभूति कायम गराउन सक्छु, तब बल्ल मेरो संस्था सुदृढ हुन्छ । र यिनै चार-पाँच वटा पिल्लरहरू हुन् जहाँ म र हाम्रो संस्थाको टिमले काम गरिरहेको छ । मेरो स्ट्राटेजिक थिम नै के थियो भन्दा रणनीतिक सोचका हिसाबले ग्रोथ, गभर्नेन्स र ग्राटिट्युड । अब ग्रोथ भित्र विस्तार, वृद्धि र सम्पूर्ण खालका राम्रा सूचकहरूमा वृद्धि हुनुपर्यो । अब गभर्नेन्स भइसकेपछि हरेक पाइलामा हामीले सुशासनको प्रत्याभूति गर्नु पर्यो । सुशासन भनेको आर्थिक अनियमितता रोक्नु मात्रै होइन, समयमा सेवा डेलिभरी गर्नु पनि सुशासन हो । अथवा डेलिभरी गर्न नसक्ने खालका कुनै सेवाहरू छन्, जसको माग आएको छ भने हामी यो सेवा डेलिभरी गर्न सक्दैनौं, हामीलाई त्यो म्यान्डेट छैन भनेर समयमै त्यसको जानकारी गराउनु पनि सुशासनभित्र पर्ने कुरा हो । त्यसकारणले गर्दा यिनै पेरिफेरीमा बसेर हामी अगाडि बढ्छौं ।

> **गभर्नेन्स भइसकेपछि हरेक पाइलामा हामीले सुशासनको प्रत्याभूति गर्नु पर्यो । सुशासन भनेको आर्थिक अनियमितता रोक्नु मात्रै होइन, समयमा सेवा डेलिभरी गर्नु पनि सुशासन हो ।**

लघुवित्त क्षेत्रमा देखिएका विभिन्न समस्याहरू मध्ये अलि बढी जस्तै दोहोरो कर्जा, दोहोरो सदस्यता र ऋण असुलीका समस्याहरू पनि हामीले देखिरहेका छौं । सदस्यहरूको अत्यधिक ऋणभार पनि हामीले देखिरहेका छौं । साना किसानमा यसको अवस्था कस्तो छ ?

निश्चय नै अन्य बैंक तथा वित्तीय संस्थाको तुलनामा लघुवित्त क्षेत्रमा बढ्दो निष्क्रिय कर्जा अनि अधिक ऋण, मल्टिपल लगानी चिन्ताको विषय हो । किनभने एक त जो लाभग्राही हुन्, उनीहरू आफैं सबैभन्दा तल्लो वर्गका हुन् । उहाँहरूको क्षमतामै कमी छ, यो पहिलो कुरा । दोस्रो कुरा, अधिकांश कर्जा बिनाधितो प्रवाह भएका छन् । भोलि कर्जा सुरक्षणको पनि कुरा छ । यो हिसाबले हेर्दा यहाँले राख्नुभएको कुरा सही हो । तर साना किसान लघुवित्त वित्तीय संस्थाको सन्दर्भमा कुरा गर्दा हामी साना किसान सहकारी संस्थाहरूमा बढी केन्द्रित भएर लगानी गरिरहेका छौँ । र उहाँहरूको संस्थामा आबद्ध भइसकेका मानिसहरूको अन्य संस्थाहरूमा आबद्धता तुलनात्मक रूपमा निकै कम छ । मैले छँदै छैन भनेर दाबी त गर्दिनँ, तर तुलनात्मक रूपमा निकै कम छ । त्यसकारणले यो दोहोरो कर्जाको समस्या बाहिरको तुलनामा, अन्य वित्तीय संस्थाको तुलनामा हाम्रोमा कम छ । तर पनि यो नियामक निकायको हिसाबले असाध्यै सोच्नुपर्ने र चिन्तनशील विषय नै हो । सायद हाम्रो नियामक निकाय राष्ट्र बैंकले लघुवित्त क्षेत्रलाई अत्यन्त संवेदनशील भएर हेरिरहेको छ र यसलाई बेलैमा नियमन गरेर सुरक्षित गराउनका लागि कदमहरू चालिरहेको छ । सहभागिताको हिसाबले समावेशीकरणको विषय त्यति धैरे प्रश्नको विषय रहेन । हाम्रोमा महिला सहभागिता त ८२ प्रतिशतको हाराहारीमा छ । दलित, जनजाति, पिछडिएको वर्ग लगायत हरेक किसिमको समावेशीकरण र सहभागिता पनि सन्तोषजनक नै रहेको छ ।

हामी यसलाई अझै बढाव दिँदै जाने प्रयासमा छौँ जुन निरन्तर जारी रहन्छ ।

अझै यसलाई हामी थप समावेशी बनाउन केही गर्न सक्छौं ?

साना किसान सहकारी संस्थाहरू अथवा अझ बृहत् रूपमा भन्ने हो भने साना किसान विकास अभियानमा समेटिनु भएका सदस्यहरूको हकमा हाम्रो समावेशीकरणमा त्यति समस्या छैन । यद्यपि सुधार भन्ने कुरा त निरन्तर जहाँ पनि आवश्यक पर्ने विषय हो । तर त्यसको साथसाथै हाम्रा समुदायमा अरु पनि विषयगत सहकारीहरू छन्, अरु समुदायहरू पनि छन् जो साना किसान विकास अभियानमा जोडिएका छैनन् । तर उनीहरूलाई पनि वित्तीय समावेशीता चाहिएको अवस्था छ । त्यस्तो अवस्थामा हामी त्यस्ता समूहमा पनि जान तयार छौँ । त्यसमा खासै समस्या छैन, तर कतिपय नीतिगत व्यवधान पनि छन् । एउटा उदाहरणकै कुरा गर्दा विषयगत सहकारीहरूलाई कर्जा लगानी गर्न उनीहरूको सदस्यको बचतको ५ प्रतिशतभन्दा बढी बाह्य कर्जा लिन नपाउने भन्ने जस्ता नीतिगत व्यवधानहरू छन् । सहकारी विभागबाट भएका अथवा नियमन प्राधिकरणका यस्ता व्यवस्थाले पनि हामीलाई अगाडि बढ्न केही अवरोध गरिरहेको अवस्था छ । काठमाडौँ उपत्यका बाहिरको हाम्रो समुदायमा एउटा वर्ग छ, त्यो वर्गलाई 'मिसिङ मिडल' भनेर भनिन्छ । मिसिङ मिडल भन्नाले उद्यमशीलता छ, सोच छ, आँट छ, काम गर्न जाँगर पनि छ, तर पूँजी छैन । अनि पूँजीको लागि बैंक तथा वित्तीय संस्थामा धाउँछन्, तर बैंक तथा वित्तीय संस्थाले मानने धितो दिन सक्दैनन् । धितो दिन नसकेको कारणले गर्दा वित्तीय पहुँचबाट वञ्चित हुनुपरेको छ ।

"पूँजीको लागि बैंक तथा वित्तीय संस्थामा धाउँछन्, तर बैंक तथा वित्तीय संस्थाले मानने धितो दिन सक्दैनन् । धितो दिन नसकेको कारणले गर्दा वित्तीय पहुँचबाट वञ्चित हुनुपरेको छ ।"

अब यस्तो अवस्थामा त्यस्ता मिसिङ मिडललाई पनि समावेश गरेर उनीहरूलाई सम्बोधन गर्दै वित्तीय समावेशीता अझै बढाउने सन्दर्भमा यदि हामीलाई नीतिगत स्वीकृति अथवा नियामक निकायहरूबाट कानुनी हिसाबले स्वीकृति दिने हो भने साना किसान विकास लघुवित्त वित्तीय संस्था आजको दिनमा त्यो नेतृत्व लिन सक्षम छौं, हामी तयार पनि छौँ । तर त्यो भन्नुको मतलब फेरि यो होइन कि हाम्रो पनि क्षमता विकास गर्नु पर्दैन भन्ने हो । आवश्यकता अनुसारको क्षमता विकास हाम्रोमा पनि नितान्त जरुरी छ । त्यसरी गरेर हामीले वित्तीय समावेशीता अझै बढाउन सक्छौं भन्ने मलाई लाग्छ ।

सरकारसँगको समन्वय कस्तो छ ? अहिले नीतिगत कार्यान्वयनको कुरा, सरकारले अगाडि बढाउने नीति-योजनाहरूको कार्यान्वयन ?

सरकारसँगको सहयोगको कुरा गर्नु पर्दा विशेष गरी हामीलाई लामो समयदेखि अर्थ मन्त्रालयबाट साना किसान विकास अभियानमा हामीले गरेका कामहरूलाई सम्बोधन गर्दै कन्सेसनल लोन उपलब्ध हुँदै आएको छ । यो जुन समुदायमै पुगोस र निर्दिष्ट उद्देश्यका लागि नै उपयोग होस् भन्ने उद्देश्यले दिइएको हो । हामीले त्यो लिएर एकदम न्यून मार्जिनमा समुदायमा पठाएका छौँ । अहिले राष्ट्र बैंकले 'क' वर्गका वाणिज्य बैंकका लागि स्प्रेड ४ प्रतिशत मिनिमम हुनुपर्छ भन्छ भने हामीले सरकारबाट प्राप्त गरेको पैसामा बीचमा २ प्रतिशत मात्र मार्जिन राखेर समुदायमा पठाएका छौँ ।

यसबाट धेरै राम्रा र सकारात्मक उपलब्धिहरू पनि हासिल गर्न सकेका छौँ । एउटा दुग्ध तथा मासुजन्य उत्पादनका लागि प्राप्त कर्जाको कुरा गर्दा हालसम्म हामीलाई १८ अर्ब ३८ करोड रुपैयाँ कर्जा प्राप्त भएको छ । त्यसमध्ये हामीले ४३ अर्ब ८० करोड रुपैयाँ लगानी गरिसकेका छौँ । एउटाले तिरिसकेपछि फेरि त्यही उद्देश्यका लागि लगानी गरिन्छ । यसबाट २ लाख ८५ हजार किसान परिवार लाभान्वित भएका छन् ।

त्यस्तैगरी तरकारी खेतीका लागि २०७६/७७ सालदेखि हामीले कर्जा पाइरहेका छौँ । यसअन्तर्गत हालसम्म २ अर्ब २२ करोड रुपैयाँ प्राप्त गरेका छौँ । यसमध्ये ३ अर्ब ९ करोड रुपैयाँ लगानी गरिएको अवस्था छ र १८ हजार कृषक परिवार यसबाट लाभान्वित भएका छन् । यसबाट करिब-करिब मासुको अवस्थामा पनि सकारात्मक प्रभाव देखिएको छ । हामी

आत्मनिर्भर भएको कुरा आइरहेकै छ । अर्को, हामीले नेपाल सरकारको सहयोगमा, एसियाली विकास बैंकको प्राविधिक सहयोग र नेपाल सरकारको वित्तीय सहयोगमा ग्रामीण उद्यम परियोजना सञ्चालन गरेका छौँ। त्यो २०७६/७७ सालदेखि सुरु भएको परियोजना हो।

यसअन्तर्गत ग्रामीण स्तरमा उद्यमशीलताको विकास गर्नुपर्छ, उद्यमहरूको स्थापना गर्नुपर्छ भन्ने उद्देश्य रहेको छ । यसको लागि हामीलाई ५ अर्ब ७० करोड रुपैयाँ कर्जा प्राप्त भएको छ। त्यसमध्ये हामीले अहिलेसम्म ५ अर्ब ४९ करोड रुपैयाँ लगानी गरिसकेको अवस्था छ । यसमा २,५४३ वटा उद्यम स्थापना भएका छन् । त्यसमध्ये २,४९६ वटा व्यक्तिगत उद्यम छन् भने ४७ वटा सामूहिक उद्यम सञ्चालनमा छन् । यसका अतिरिक्त कर्जाको कुरा गर्ने हो भने, अघि मैले भनेजस्तै दुग्धजन्य तथा मासुजन्य पशु कर्जाहरूमा लगानी गरिएको पशुधनको सुरक्षण पनि गर्नुपर्‍यो, नत्र कर्जा असुलीको जोखिम हुने भयो । त्यस जोखिमलाई न्यूनीकरण गर्न पशुधन सुरक्षण कार्यक्रम सञ्चालन हुँदै आएको छ । यसमा सहभागिता दिनप्रतिदिन बढिरहेको अवस्था छ।

अहिलेसम्म हामीले ९१ करोड ३० लाख रुपैयाँ अनुदान प्राप्त गरेका छौँ। यो २०६७/६८ सालदेखिको कुरा गर्दै छु मैले। यसमा सहभागीको तर्फबाट ४७ करोड ९७ लाख रुपैयाँ पनि समावेश भएको छ । ९१ करोड ३० लाख रुपैयाँ सरकारबाट प्राप्त भएको हो भने ४७ करोड ९७ लाख रुपैयाँ सहभागीको तर्फबाट आएको छ। नतिजा स्वरूप ७ लाख ५९ हजार वटा पशु सुरक्षित भएका छन् र ती पशुहरूको बजार मूल्य आजको दिनमा हेर्दा २५ अर्ब ३३ करोड रुपैयाँ बराबरको पशुधन सुरक्षित भएको अवस्था रहेको छ।

यसरी समुदायले नै आफ्ना सदस्यहरूलाई लगानी गरेको पशुधनको सुरक्षण गर्ने कार्यक्रम गर्दा समुदाय स्तरमै क्षति तुरुन्तै थाहा हुने, कति हो, के हो, कुन लेभलको जेनुइनिटी छ भन्ने पनि थाहा हुने अवस्था रहन्छ। साथै, संकलित प्रिमियममा केही रकम बच्यो भने त्यो भावी उपयोगका लागि प्रयोग गर्न सकिने अवस्था पनि छ । मैले अघि यहाँलाई भनेजस्तै ९१ करोड र ४७ करोड गरी जम्मा भएको प्रिमियम रकमबाट विभिन्न समयकालखण्डमा क्षतिपूर्ति दिँदै आइएको छ । हालसम्म विभिन्न कोषहरूमा, जहाँ हरेक समुदायको आफ्नै कोष हुन्छ, आजको दिनमा पनि १ अर्ब ३९ करोड रुपैयाँ मौज्दात रहेको छ र त्यसबाट पनि कार्यक्रम सञ्चालन भइरहेको अवस्था छ । यस बाहेक पनि यस्ता खालका कार्यक्रमहरूका लागि सफ्टवेयर सपोर्टहरू हामीले सरकारसँगको सहयोगमा गरिरहेका छौँ। संस्थाहरूको क्षमता विकास पनि गरिरहेका छौँ। हरेक वर्ष उनीहरूको क्षमता विकासका लागि कार्यक्रमहरू आइरहेका हुन्छन् र त्यो क्षमता विकास हामीमार्फत भइरहेको अवस्था छ। अब साझेदार संस्थाको कुरा गरौं । साझेदार संस्था, सहकारी तथा अन्य लघुवित्त संस्थासँगको सहकार्य भनेको विशेषतः हामी साझेदार संस्थासँगै काम गर्छौं।

> **हालसम्म विभिन्न कोषहरूमा, जहाँ हरेक समुदायको आफ्नै कोष हुन्छ, आजको दिनमा पनि १ अर्ब ३९ करोड रुपैयाँ मौज्दात रहेको छ र त्यसबाट पनि कार्यक्रम सञ्चालन भइरहेको अवस्था छ।**

यसलाई अझ सुदृढ बनाउनका लागि संस्थागत संयन्त्र कस्ता-कस्ता आवश्यक छन् भन्ने विषयमा यहाँले केही भन्नुहुन्छ ?

यसमा मलाई लागेको सबैभन्दा मुख्य कुरा के छ भने सहकारी क्षेत्रमा जुन किसिमको व्यथिति देखियो, त्यो हामी सबैले स्वीकार्नु पर्छ। यो के कारणले आएको भन्ने कुरा बुझेरै सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरण ल्याइसकेको छ। अब यसमा कुनै पनि किसिमको ढिलासुस्ती नगरी यसको क्षमता विकास र कार्य विस्तार गर्दै जानुपर्ने अवस्था देखिन्छ । यो हुने बित्तिकै धेरै सहकारीहरू सुशासनमा आउने अवस्था सिर्जना हुन्छ। मैले यो समग्रताको कुरा गर्दैछु। तर साना किसान सहकारीको सन्दर्भमा म फेरि के भन्न रुचाउँछु भने, हिजोको दिनमा यी सबै संरचनाहरू नहुँदा पनि हामीले नै प्रशिक्षण दिएर, तालिम दिएर र निरन्तर फलोअप गरेर तयार गरेका संस्था भएकाले सुशासन कायम राख्ने सन्दर्भमा हाम्रो अवस्था राम्रो छ । एक-दुई वटा केसको कुरा नगर्ने हो भने हाम्रो सुशासनको अवस्था सन्तोषजनक नै छ। तर त्यसले मात्र पुग्दैन। किनभने आउँदा दिनहरूमा सुशासनका चुनौतीहरू पनि त्यही क्रममा बढ्दै जानछन्।

अब साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको दिगो विकास र संस्थागत सुदृढीकरणका लागि दातृ निकाय तथा साझेदार गैरसरकारी संस्थाहरूसँगको समन्वयलाई कसरी व्यवस्थापन गर्ने र कसरी अझै बढावा दिने सोचिरहनु भएको छ ?

अहिलेसम्म हामीले साझेदार संस्थाहरू, विकास साझेदार संस्थाहरू तथा विभिन्न बहुपक्षीय निकायहरूसँग सहकार्य गर्दै आएका छौँ । नाम लिनुपर्दा एसियन डेभलपमेन्ट बैंक, आइफाड, आइएफसी (इन्टरनेसनल फाइनान्स कर्पोरेसन) लगायतका संस्थाहरूले हामीलाई विभिन्न क्षेत्रमा सहयोग र सहकार्य गरिरहेका छन् । अहिलेसम्मको सहकार्यको सन्दर्भमा मैले अघि नै भनिहालेँ, ग्रामीण उद्यम परियोजना, कृषि मूल्य शृंखलाको विकास, मानवीय संसाधन विकास लगायतका क्षेत्रमा सहयोग भइरहेको छ । त्यस्तैगरी क्लाइमेट स्मार्ट एग्रिकल्चर र ग्रीन फाइनान्सिङमा कसरी लगानी गर्ने तथा त्यसका लागि हाम्रो संस्थागत तयारी के हो भन्ने सन्दर्भमा पनि सहयोग भइरहेको छ ।

यी सबैका बाबजुद आगामी दिनमा संस्थाको स्तरमा र हाम्रा साझेदारहरूको स्तरमा पनि डिजिटलाइजेसनमा काम गर्नुपर्ने अवस्था छ । यसको भोलिको परिकल्पना के हो भने हाम्रा हरेक साझेदार संस्थाका कृषकहरूले आज उपलब्ध प्रविधिको उपयोग गर्न सकून् । आफूले गरेको कारोबारको रेकर्ड आफैं हेर्न सकून् । आफ्ना आवश्यकतासम्बन्धी रिक्वेस्ट पनि त्यहीँबाट गर्न सकून् । उहाँहरूले गरेको रिक्वेस्टलाई सहकारी संस्थाहरू तथा हाम्रा साझेदारहरूले मोनिटर गरेर सोहीअनुसार काम गर्न सकून् । त्यस्तै साझेदार संस्थाहरूले पनि हामीलाई डिजिटल माध्यमबाट रिक्वेस्ट गर्न सकून् । प्रविधिले त्यसलाई सम्भव बनाएको छ, अब हामीले त्यसमा काम गर्नुपर्छ । अहिलेको अवस्थामा डिजिटलाइजेसन अलिकति महँगो विषय हो । हाम्रो सानो स्केलमा आफ्नै स्रोतबाट ठूलो लगानी गरेर जान केही कठिनाइ छ । यस्तो अवस्थामा हामीले दातृ तथा सहयोगी निकायहरूबाट यस क्षेत्रमा सहयोग हुने अपेक्षा गरेका छौँ र त्यही लाइनमा दातृ संस्थाहरूसँग पनि कुरा गर्दै अगाडि बढिरहेका छौँ ।

> **क्लाइमेट स्मार्ट एग्रिकल्चर र ग्रीन फाइनान्सिङमा कसरी लगानी गर्ने तथा त्यसका लागि हाम्रो संस्थागत तयारी के हो भन्ने सन्दर्भमा पनि सहयोग भइरहेको छ ।**

तपाई आफ्नै चुनौती केही देख्नुहुन्छ यहाँबाट काम गर्ने सन्दर्भमा ?

कुनै पनि संस्थाको सफलताको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको मानव संसाधन हो । संस्था आफैंमा सजीव र निर्जीव हुँदैन । संस्थालाई जीवन्तता दिने र निर्जीव बनाउने भनेको मानव संसाधनले हो । यो विश्वव्यापी रुपमै बुझिएको र जानिएको कुरा हो । फेरि मानव संसाधन यस्तो विषयवस्तु रहेछ कि हरेक वर्ष यसमा निखार ल्याउनुपर्ने अवस्था हुँदो रहेछ । किनभने सन्दर्भ, प्रविधि र अन्य सबै कुराले गर्दा मानव संसाधनमा उल्लेख्य लगानी गर्नुपर्ने अवस्था छ । त्यसको म पनि अपवाद होइन । मैले पनि मेरो संस्थामा रहेका मानव संसाधनप्रति राम्रो लगानी गर्नुपर्ने अवस्था छ । उहाँहरूलाई तालिम दिनुपर्ने अवस्था छ । यो कुरा मैले सुरुवातमै पनि राखिसकेको थिएँ । यस बाहेक साझेदार संस्थाका सदस्यहरू, साना किसान सदस्यहरूको तहमा वित्तीय साक्षरता व्यापक रूपमा लैजानुपर्ने अवस्था छ । अर्को कुरा साझेदार संस्थाहरूको क्षमता विकास पनि आवश्यक छ । अहिलेसम्म सुशासनमा राम्रो छ भनेर भविष्यमा पनि राम्रो भइरहन्छ भन्ने हुँदैन । उहाँहरूलाई अहिले देखिएका प्रवृत्ति, चुनौती र प्रविधिहरूको बारेमा जानकारी गराउँदै परिवर्तनप्रति सकारात्मक बन्न प्रेरित गर्नुपर्ने आवश्यकता छ । यो अर्को चुनौती मैले देखेको छु । अब यो बाहेक देशमा आर्थिक क्रियाकलापहरू जसरी चलिरहेका हुन्छन्, त्यसैगरी वित्तीय संस्थाहरूले पनि सोहीअनुसार प्रतिक्रिया जनाउने हुन् र हाम्रो प्रतिक्रिया पनि त्यहीअनुसार हुन्छ ।

चार वर्षपछि साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड कुन तहमा पुगेको हुनेछ ?

मैले परिकल्पना गरेको साना किसान विकास लघुवित्त वित्तीय संस्था अत्यन्तै सुदृढ, समावेशी, मिसिङ मिडललाई सम्बोधन गर्ने, उच्च प्रविधिको प्रयोग गर्ने, ग्राहकमैत्री तथा युवाहरूको बाहुल्यता भएको, नवप्रवर्तन र सुशासनमा अत्यन्त संवेदनशील संस्थाको रूपमा अघि बढेको हुनेछ । अबको चार वर्षपछि हामी त्यो अवस्थामा पुग्छौं भन्ने परिकल्पना गरेको छु ।

समावेशी र समानतामा आधारित आर्थिक वृद्धिले साझा समृद्धि हासिल गर्न सकिन्छ

डा. शिवराम प्रसाद कोइराला
निवर्तमान प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

नेपालको अर्थतन्त्र यतिबेला पुनरुत्थानको चरणमा रहे पनि उत्पादन, लगानी, रोजगारी सिर्जना र ग्रामीण अर्थतन्त्रको सुदृढीकरणजस्ता विषय अझै चुनौतीका रूपमा रहेका छन् । आर्थिक वृद्धिका सूचकहरूमा केही सुधारका संकेत देखिए पनि त्यसको प्रत्यक्ष लाभ आम नागरिक, विशेषगरी ग्रामीण क्षेत्रका किसान र श्रमजीवी समुदायसम्म पर्याप्त रूपमा पुग्न सकेको छैन । यस्तो अवस्थामा समावेशी विकास, वित्तीय पहुँच विस्तार, कृषि आधुनिकीकरण तथा उद्यमशीलताको प्रवर्द्धनका विषयहरू अझ सान्दर्भिक बनेका छन् ।

यिनै विषयमा केन्द्रित रहेर साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको रजत जयन्ती विशेषाङ्कका लागि हामीले संस्थाका निवर्तमान प्रमुख कार्यकारी अधिकृत तथा ग्रामीण वित्तीय प्रणाली, सहकारी विकास र वित्तीय समावेशीकरणका अनुभवी व्यक्तित्व निवर्तमान प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालासँग कुराकानी गरेका छौं ।

नेपालको वर्तमान आर्थिक अवस्थालाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ, पछिल्ला केही वर्षमा अर्थतन्त्रले देखाएका सकारात्मक र चुनौतीपूर्ण संकेतहरू के के हुन् ?

नेपालको अर्थतन्त्र विदेशी मुद्रा र रेमिट्यान्सको कारण सुरक्षित र राम्रो देखिएको छ । जलविद्युत र सूचना प्रविधिको क्रमिक विकासले विदेशी मुद्रा आर्जन तथा रोजगारी सिर्जना मार्फत अर्थतन्त्रलाई मजबुत हुन सहयोग गरेको छ । विदेशी मुद्राको सञ्चिति सुविधाजनक अवस्थामा रहेको कारण लामो समयसम्म सामान आयात गर्न पुग्ने अवस्था छ र शोधनान्तर स्थिति पनि बचतमा छ । यसरी नेपालको अर्थतन्त्र बाहिरबाट हेर्दा बलियो र सुरक्षित देखिन्छ । तर बैंकहरूमा अत्यधिक तरलता हुँदा पनि लगानि बढ्न नसक्नु, व्यापार घाटा बढ्नु, उत्पादनशिल क्षेत्र कमजोर रहनु, सार्बजनिक ऋणभार थपिंदै जानु र राजस्व संकलन आयातमुखी हुनु जस्ता तथ्यहरू नेपालको अर्थतन्त्रमा देखाएका चुनौतीपूर्ण संकेतहरू हुन् ।

नेपालको अर्थतन्त्रलाई दिगो र उत्पादनमुखी बनाउन अब सरकारको प्रमुख प्राथमिकता के हुनुपर्छ ?

अर्थतन्त्रलाई दिगो र उत्पादनमुखी बनाउन सरकारको अबको प्रमुख प्राथमिकता अर्थतन्त्रको संरचनात्मक रूपान्तरण हो । यो भनेको परम्परागत कृषि प्रणालीको रूपान्तरण, उत्पादनका साधनहरू (श्रम, पुँजी, भूमि) को उत्पादकत्वमा वृद्धि, कम उत्पादनशील क्षेत्रमा संलग्न मानव पुँजीलाई बिस्तारै बढी उत्पादनशील क्षेत्रहरू जस्तै उद्योग र सेवा क्षेत्रतर्फ लाग्ने वातावरणको सिर्जना आदि हुन् ।

दिगो र आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि भूगोल र हावापानी अनुसारको आन्तरिक उत्पादन बदाउन आवश्यक छ । तराईमा व्यवसायिक कृषि र कृषिमा आधारित उद्योग स्थापना, पहाडी क्षेत्रमा उच्च मूल्यका वस्तुहरूको व्यवसायिक खेती, पशुपालन र डेरी उद्योग, होमस्टे र ग्रामीण पर्यटन प्रवर्धन तथा हिमाली क्षेत्रमा बहुमुल्य जडिबुटि संकलन र प्रशोधन एवं साहसिक र

सांस्कृतिक पर्यटनमा जोड दिनुपर्छ। संक्षेपमा भूगोल अनुसारको फरक नीति आवश्यक छ। “वन साइज फिट्स अल” भन्ने नीति उपयुक्त हुँदैन । ग्रामीण पूर्वाधार विकासका लागि सरकारले मात्र बजेट व्यवस्था नगरी स्थानीय जनसमुदायको श्रमदान र स्थानीय स्रोत समेत परिचालन गर्नुपर्छ । बुँदागत रूपमा भन्नुपर्दा सरकारको प्रमुख प्राथमिकता कृषिको रूपान्तरण र व्यावसायीकरण, निजी क्षेत्र समेतको संलग्नतामा औद्योगिक विकास, डिजीटल अर्थतन्त्र र इ-गभरनेन्स, बजारको माग अनुसारको व्यवसायिक र सिपमुलक शिक्षा, उच्च सम्भावना बोकेका क्षेत्रहरू जलविद्युत, पर्यटन र सूचना प्रविधिको विकास आदि हुनु पर्छ।

आर्थिक वृद्धि दर र नागरिकको वास्तविक जीवनस्तरबीच अपेक्षित सम्बन्ध देखिन सकेको छैन । यसका प्रमुख कारणहरू के हुन् ?

आर्थिक वृद्धि मात्र वास्तविक विकास र प्रगतिको सूचक होइन । जबसम्म आर्थिक वृद्धि समावेशी, समानतामा आधारित र न्यायसँगत हुँदैन अर्थात् साझा समृद्धिको प्रत्याभूति जबसम्म हुँदैन, आम नागरिकको जीबनस्तर सुध्रन सक्दैन। राष्ट्रिय आयको ठूलो अंश माथिल्लो वर्गका केही सिमित परिवारले ओगट्ने अवस्थाको सृजना हुनु र गरिब झन गरिब हुदे जानु बिद्धमान सामाजीक-आर्थिक प्रणालीको कमजोरी हो। आज पनि करिब ६० लाख नेपालीहरू अति गरिबी अवस्थामा जीवनयापन गरिरहेका छन्, जुन साह्रै दुर्भाग्यपूर्ण छ।

युवा जनशक्तिको बढ्दो वैदेशिक पलायनले नेपालको अर्थतन्त्रमा कस्तो प्रभाव पारिरहेको छ ? यसलाई अवसरमा रूपान्तरण गर्न सकिन्छ कि सकिँदैन।

युवाहरू आर्थिक विकासका संवाहक हुन् । क्रान्तिकारी विकास प्रक्रियामा युवाहरूको निर्णायक भूमिका हुन्छ। कुल जनसंख्याको ठूलो हिस्सा युवा रहेको नेपालले जनसांख्यीक लाभ लिन सकेको छैन । युवाहरूको ठूलो संख्या रोजगारी वा शिक्षाको लागि विदेश जाने प्रवृत्तिले ब्रेन ड्रेनको असर अर्थतन्त्रमा देखिएको छ । डच डिजिजको झझल्को दिनेगरी रेमिट्यान्स निर्भर अर्थतन्त्रको निर्माण भएको छ । उर्जाशील मानबपुँजी रित्तिदै गएबाट बजार मागमा कमि, उत्पादनमा कमि, नवप्रबर्तन र प्रबिधिको विकासमा अबरोध, कर राजस्वमा कमि लगायत उत्पादकत्व र आर्थिक वृद्धिमा समेत नकारात्मक प्रभाव परेको छ । यद्धपि यसलाई अवसरको रूपमा उपयोग गर्न सकिन्छ। विदेशको बसाइबाट प्राप्त सीप, पुँजी र प्रविधिको उपयोग मुलुकभित्र उद्योग व्यवसाय वा यस्तै उत्पादनशील गतिविधिमा लगानी गरेर गर्न सकिन्छ । उद्योग व्यवसायको लागि उपयुक्त वातावरण सिर्जना गर्ने जिम्मेवारी सरकारको हो।

तपाईको विचारमा दिगो रूपमा गरिबी घटाउन सबैभन्दा प्रभावकारी उपाय के हुन सक्छ ?

> **ग्रामीण अर्थतन्त्रको गरिबीमुखी संरचनात्मक रूपान्तरणले ट्रिकल डाउन थ्योरी जस्तो परम्परागत सोचको सट्टा सुरुमै गरिब केन्द्रित लगानी र विकास गरेर उनीहरूलाई उत्पादनको साझेदार बनाउने मान्यता राख्छ।**

देशको समग्र गरिबी घटाउन वा हटाउन बहुपक्षीय रणनीति आवश्यक हुन्छ। रोजगारी सिर्जना गुणस्तरीय व्यवसायिक सिप वा शिक्षा, स्वास्थ्य सेवामा पहुँच, सस्तो र सुलभ बासको व्यवस्था सुदृढ सामाजिक सुरक्षा प्रणाली आदि दिगो रूपमा गरिबी घटाउने प्रभावकारी उपाय हुन । ग्रामीण अर्थतन्त्रको गरिबीमुखी संरचनात्मक रूपान्तरणले ट्रिकल डाउन थ्योरी जस्तो परम्परागत सोचको सट्टा सुरुमै गरिब केन्द्रित लगानी र विकास गरेर उनीहरूलाई उत्पादनको साझेदार बनाउने मान्यता राख्छ। चीनले लिएको गरिब लक्षित नीतिबाट करोडौं चिनिया जनता निरपेक्ष गरीबीबाट मुक्त हुन सके र सन २०२० मा निरपेक्ष गरिबी मुक्त चीन बन्यो। यस्तै नीति नेपालले अवलम्बन गर्नुपर्छ। चीनले जस्तै नेपालले पनि गरिबी अत्याधिक केन्द्रित क्षेत्रहरू जस्तै सुदूरपश्चिम कर्णाली वा मधेश प्रदेशका गाउँहरू र दुर्गम क्षेत्रका लागि फरक फरक गरिब लक्षित नीति बनाउनु पर्छ। बंगलादेशको एउटा गैरसरकारी संस्था (बिआरएसी) ले अपनाएको ग्रेजुएसन एप्रोच गरिबी निवारणको लागि उदाहरणीय मोडल हो जुन नेपालले पनि प्रयोग गर्न सक्छ।

नेपालमा वित्तीय समावेशीकरण विस्तार भएको भनिए पनि सबै नागरिकले गुणस्तरीय वित्तीय सेवा पाउन सकेका

छैनन् । अबको सुधारको दिशा के हुनुपर्छ ?

पहिलो कुरा भौगोलिक अवस्था हो । विकट र दुर्गम क्षेत्रमा कारोबार लागत (ट्रान्जेक्सन कस्ट) यति उच्च छ कि सेवा दिने र लिने दुवैले आँट गर्न सक्दैनन् । दोस्रो डिजिटल फाइनान्सियल सर्भिस गाउँ गाउँमा पुग्न नसक्नु र पुगे तापनि ज्ञानको अभावमा यो सेवा लिन सक्ने मानिस कम हुनु, जवाफदेहीपूर्ण वित्तसेवा (रेस्पोन्सएबल फाइनान्सिङ) को सोच बैंक, वित्तीय संस्था वा सहकारीहरूले समेत व्यवहारमा लागू नगर्नु आदि कारणले वित्तीय समावेशीकरण भनिएता पनि अति गरिब र सीमान्तकृत समुदायले गुणस्तरीय वित्तीय सेवा पाउन सकेका छैनन् । वित्तीय शिक्षाको अभाव, चेतनाको कमी, ऋणको पासोमा पर्ने डर अनि प्रशासनिक झमेलाका कारण जनसङ्ख्याको ठूलो हिस्सा अझ पनि औपचारिक भन्दा अनौपचारिक क्षेत्र (साहु महाजन वा ब्यापारी) बाट वित्तीय सेवा लिने गर्छन । सामाजिक सचेतनाका साथै डिजिटल वित्तीय सेवा अनि रेस्पोन्सिबल फाइनान्सिङ नीति मार्फत गुणस्तरीय वित्तीय सेवा दिन सकिन्छ । ग्रामीण सहकारी र लघुवित्त संस्थाहरूको प्रभावकारी नियमन र प्रयोगबाट ग्रामीण र दुर्गम क्षेत्रमा समेत गुणस्तरीय वित्तीय सेवा पुऱ्याउन सकिन्छ ।

जलवायु परिवर्तन, बजारको अनिश्चितता र उत्पादन लागत वृद्धिको कारण कृषि क्षेत्र चुनौतीमा छ । कृषि अर्थतन्त्रलाई बलियो बनाउन के कस्ता नीतिगत सुधार आवश्यक देख्नुहुन्छ ?

जलवायु परिवर्तन, बजारको अनिश्चितता र स-साना टुक्रा भूमिमा खेती गर्नुपर्दा लागत अनुसारको प्रतिफल नपाउँदा खेती मात्र गरेर जीवन निर्वाह गर्न चाहने साना किसानहरू ठूलो दबाबमा रहेका छन् । झन्डै ६० प्रतिशत भन्दा बढी जनसङ्ख्यालाई रोजगारी दिएको तर जिडीपीमा २२-२३٪ मात्रै योगदान गर्ने कृषिमा आधारित अर्थतन्त्रलाई बलियो बनाउन ठूलो परिमाणमा उत्पादनको लाभ (इकोनोमिज अफ स्केल) लिन आबश्यक छ । ब्लक वा करार खेती प्रणाली, बाँझो जमिन खेती योग्य बनाउन भूमि बैंक नीति, कृषि कर्जा र अनुदान नीतिको परिमार्जन, उत्पादित वस्तुको बिक्रीका लागि बजार ग्यारेन्टी र न्यूनतम समर्थन मूल्य, डिजिटल कृषि र सूचना प्रविधि, क्लाइमेट रेजिलियन्ट खेती नीति, उन्नत बिउका लागि सिड बैंक र कृषि सामग्री निर्बाध आपूर्ति नीति आदि महत्त्वपूर्ण हुन् । कृषि उद्यमी सम्मान नीति अझै महत्त्वपूर्ण छ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था र साना किसान अभियानले बिगत २५ वर्षमा ग्रामीण वित्तीय पहुँच र गरिबी निवारणमा कस्तो योगदान पुऱ्याएको छ ?

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले स्थापनाको २५ वर्षमा कृषिको रूपान्तरण र उदधमशिलताको विकासमा सराहनिय काम गरेको छ । ग्रामीण रोजगारी सिर्जना, युवालाई कृषि व्यवसायमा आकर्षण, कृषि कच्चा पदार्थमा आधारित प्रशोधन उद्योग स्थापना, उत्पादनलाई बजारमा पहुँचको व्यवस्था, डिजिटल कृषि र सूचना प्रविधिमा साना किसानको पहुँच, होमस्टे र ग्रामीण पर्यटनको विकासमा मद्दत पुऱ्याएको छ । यसबाहेक साझेदार साना किसान कृषि सहकारी र अन्य लघुवित्त संस्था, सहकारीहरू मार्फत सामाजिक चेतना र सामाजिक पूँजी निर्माण, अति विपन्न र सिमान्तकृत एवं अल्पसंख्यक समुदायलाई वित्तीय पहुँच, महिला शसक्तिकरण लगायत विभिन्न सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन भएका छन् । नेपाल सरकार, इजरायल सरकार, एसियाली विकास बैंक, नेपाल राष्ट्र बैंक र अन्य दात्री निकायहरूको सहयोगमा यस वित्तीय संस्थाले साना किसान र गरिब लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गरी मुलुकमा व्याप्त गरिबी न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेलेको छ भन्ने मलाई लाग्छ ।

रजत जयन्ती मनाइरहेको साना किसान अभियानलाई अझ प्रभावकारी आधुनिक र दिगो बनाउन कुन क्षेत्रमा बढी ध्यान दिनुपर्ने आवश्यकता देख्नुहुन्छ ?

सर्वप्रथम त रजत जयन्तीको अवसरमा साना किसान विकास अभियानमा सम्बद्ध सबै पदाधिकारी, कर्मचारी लगायत मुलुकभरिका साना किसान परिवारलाई बधाई र शुभकामना दिन चाहन्छु । अबका दिनहरूमा यस वित्तीय संस्थाले आफ्नो विद्यमान संगठनात्मक संरचना र भूमिकालाई समेत अझ फराकिलो र व्यापक बनाउन जरुरी देखेको छु । वित्तीय विश्वव्यापीकरण, परिवर्तित आर्थिक परिदृश्य, अत्याधुनिक प्रविधिको प्रयोग, कडा प्रतिस्पर्धा, बढ्दो जोखिम, सेवाग्राहीको चेतना अभिवृद्धि आदि हेर्दा परम्परागत वित्तीय सेवा प्रवाहबाट मात्र बैंक, वित्तीय संस्था बलियो र दिगो हुन सक्दैनन् भन्ने लाग्छ । व्यवसायिक ज्ञान र सीपयुक्त जनशक्ति व्यवस्थापन, डिजिटल सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता, सुशासन, सेवाको परिमार्जन र विश्वसनीय सेवा प्रवाहको माध्यमबाट सेवाग्राहीको विश्वास जित्ने आधार तय गर्नुपर्छ । एकता नै शक्ति हो भन्ने भावना राखेर सम्बद्ध सबैले काम गर्न जरुरी छ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्थाका अवसरहरू

पृथबहादुर थापा
नायव प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

१. भूमिका

साना किसान विकास लघुवित्त वित्तीय संस्था नेपालमा थोक कर्जा प्रदायक संस्थाहरूमा एक अग्रणी संस्था हो । यसले विशेष गरी साना किसान कृषि सहकारी संस्थाहरू, लघुवित्त वित्तीय संस्था तथा अन्य सहकारी संस्थाहरूलाई थोक कर्जा प्रदान गर्नुका साथै साझेदार संस्थाहरूको क्षमता विकास गर्ने कार्य पनि गर्दै आएको छ । यसले २०८३ वैशाख मसान्त सम्ममा संस्थाले आफ्ना १४०० भन्दा बढी साझेदार संस्थाहरू मार्फत ७७ जिल्लाका १० लाख भन्दा बढी विपन्न तथा साना किसानहरूलाई साझेदार संस्थाहरू मार्फत आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष अप्रत्यक्ष योगदान गर्दै आएको छ । यसले साझेदार संस्थाहरूलाई थोक कर्जा साथै साझेदार संस्थाका सञ्चालक, कर्मचारी तथा सदस्यहरूको विभिन्न क्षमता विकासका कार्यक्रमहरूमा विभिन्न आर्थिक तथा प्राविधिक सहयोग समेत गर्दै आएको छ ।

२. साना किसान विकास लघुवित्त वित्तीय संस्थाले प्रदान गरेका सेवाहरू

क) कर्जा सेवा :

वित्तीय संस्थाले साना किसान कृषि सहकारी संस्था, लघुवित्त वित्तीय संस्था तथा अन्य सहकारी संस्थाहरूलाई थोक कर्जा प्रदान गर्दै आएको छ । खासगरी यस्ता संस्थाहरूलाई एशियाली विकास बैंक तथा नेपाल सरकारको ऋण सहयोगमा कृषि तथा पशुपालन क्षेत्रमा सहुलियत कर्जा प्रदान गर्ने काम समेत गर्दै आएको छ । सो वाहेक बैंक तथा वित्तीय संस्थाहरूबाट विपन्न वर्ग अन्तर्गतको कर्जा प्राप्त गरी आफ्ना साझेदार संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने काम समेत हुँदै आएको छ ।

ख) क्षमता अभिवृद्धि कार्यक्रम :

वित्तीय संस्थाको अर्को प्रमुख कार्य आफ्ना साझेदार संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्य पनि हो । यसले साझेदार संस्थाहरूको माग अनुसार, साझेदार संस्थाहरूको अनुगमन तथा निरीक्षण, आन्तरिक लेखापरीक्षण गर्दा पाइएका कैफियतहरू, साझेदार संस्थाहरूको समीक्षा कार्यक्रम आदिबाट पाइएका सुझाव तथा विवरणहरूको आधारमा वार्षिक तालिम तथा गोष्ठी कार्यक्रम तय गरी साझेदार संस्थाहरूलाई तालिम, गोष्ठी तथा अवलोकन अध्ययन भ्रमण गराउने कार्य गर्दै आएको छ । यसका अलवा नेपाल सरकारको अनुदान सहयोगमा साना किसान कृषि सहकारी संस्थाहरूलाई देश भरी फैलाउनको लागि साना किसान कृषि सहकारी संस्थाहरूको अनुसरणात्मक कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ । विभिन्न दातृ निकायको सहयोगमा विभिन्न क्षमता विकास कार्यक्रमहरू आफ्ना साझेदार संस्थाहरूको लागि सञ्चालन समेत गर्दै आएको छ । यसै गरी सहकारी संस्थाहरूको अनुगमन तथा निरीक्षण गर्ने र साझेदार सहकारी संस्थाहरूको क्षमता विकास लागि आवश्यक कोचिङ्ग, सल्लाह तथा परामर्शका साथै सुधारका लागि सुझाव र सोको समेत समय समयमा

अनुगमन समेत वित्तीय संस्थाले गर्दै आएको छ।

३. समस्या तथा चुनौतिहरू :

सम्पूर्ण वित्तीय क्षेत्रले समस्या भोगीरहेको वेला साना किसान विकास लघुवित्त वित्तीय संस्था पनि सोही वित्तीय प्रणालीको अंश भएको कारण यसमा समस्या छैन भन्न सकिँदैन। वर्तमान समयमा बैंक तथा वित्तीय संस्थामा सवै भन्दा बढी समस्या परेको छ भने थोक कर्जा प्रदायक संस्थामा पनि थोरबहुत समस्या परेको देखिन्छ। यस्ता संस्थाहरूमा वित्तीय श्रोत प्रदान गर्ने निकाय तथा संस्थाका समस्या र यसले प्रदान गर्ने सेवा लिने संस्थाहरूको समस्याको चेपुवामा अहिले थोक कर्जा प्रदान गर्ने संस्था परेको देखिन्छ। यस्ता समस्याहरूको असर अर्थतन्त्रमा सुधार आएपछि पनि सुधार आउन समय लाग्ने गरेको देखिन्छ।

जस्तोः हालको अधिक तरलताले दुवै तहका संस्थाहरूलाई पारेको प्रभाव भन्दा थोक कर्जा प्रदान गर्ने संस्थालाई पारेको प्रभावको गहनता फरक देखिन्छ। यसले थोक कर्जा प्रदान गर्ने संस्थाको अस्तित्वमा नै समस्या ल्याएको छ। यसले थोक कर्जा प्रदान गर्ने संस्थालाई अब के गर्ने त ? भनेर सोच्न वाध्य बनाएको छ। तैपनि हालका सतहमा देखिएका केही समस्याहरूका सम्वन्धमा थोक कर्जा प्रदान गर्ने संस्थाहरूको प्रतिवेदनहरू अध्ययन गर्दा थोक कर्जा लगानी बढ्न नसकेको, निष्क्रिय कर्जा बढेको, नाफामा कमी आएको, लगानी गरेका साझेदार संस्थाहरूको स्तरमा क्रमिक ह्रास आएको जस्ता समस्या हुँदा-हुँदै एक थोक कर्जा प्रदान गर्ने संस्था भएका कारण लगानीका लागि भरपर्दो सहुलियत वित्तीय श्रोतको अनिश्चता अझै रहेको छ। वाणिज्य बैंकहरूबाट कर्जा लिई वाणीज्य बैंकसँग प्रतिस्पर्धा गर्नु पर्ने बाध्यता रहेको, थोक कर्जा प्रदान गर्ने वित्तीय संस्था र खुद्रा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाको लागि कतिपय नियमन गर्ने आधार समानता रहेको जस्तो : प्रतिवद्धता शुल्क लिन नपाउने, पूर्व भुक्तानी शुल्क लिन नपाउने, मूल्य निर्धारणका व्यवस्थाहरू समानता, शाखा खोल्ने व्यवस्थाहरूमा समानता आदि। अर्को तर्फ नेपाल जस्तो सानो अर्थतन्त्र भएको देशमा साझेदार संस्थाहरू केही वर्षमा वित्तीय रुपमा आत्मनिर्भर हुने प्रकृतिका कारण त्यस्ता संस्थाहरूको वित्तीय श्रोतमा भएको क्रमिक वृद्धिले थोक कर्जा प्रदायक संस्थाको बजारमा संकुचन आएको, कतिपय यस्ता संस्थाहरू थोक कर्जाको आवश्यकता नै नपर्ने स्थितिमा पुगेको र कतिपयले वाह्य कर्जा घटाउँदै लगेको र कतिपयले थोक कर्जा प्रदायक संस्थाका शर्त तथा सुविधा र वेला वेलामा गर्ने अनुगमन तथा निरीक्षणलाई बोझको रुपमा लिई बाह्य कर्जा लिन छाडेको र लिएको कर्जा पनि पूर्व भुक्तानी गरेको आदि समस्या तथा चुनौति देखिन्छन् । कतिपय क्षेत्रमा सहकारी संस्थाहरूको कमजोर व्यवसायीक क्षमताले पनि थोक कर्जा प्रदायक संस्थाको व्यवसाय विस्तारमा थप चुनौति थपेको देखिन्छ। सहकारीका क्षेत्रमा भएका न्यून खोज तथा अनुसन्धान, सवै सहकारी जोखिम हुन् भन्ने भाष्य सवै तह र तप्कामा फैलिनु र त्यसको उपयुक्त उपचार नहुनु पनि अर्को चुनौतिको रुपमा देखिन्छ। सहकारी तथा लघुवित्तबाट लिएको कर्जा तिर्नु पर्दैन भन्ने आवाज र सो सम्वन्धमा सरकारी आधिकारीक भनाई समयमा आउन नसक्दा पनि सहकारीको विकास तथा वृद्धिमा अड्चन खडा गरेको देखिन्छ। यस्ता भाष्यले थोक कर्जा प्रदायक संस्थाको व्यवसाय विस्तारमा स्वभाभिक रुपमा समस्या परिरहेको छ।

४. योगदान तथा प्रभाव

२०३२ सालमा आयोजनाको रुपमा सञ्चालन भएको साना किसान विकास कार्यक्रम ५० वर्ष पुरा गर्दै यहाँसम्म आइ पुग्नुले नै यसले समाजमा पुऱ्याएको योगदानको अनुमान गर्न सकिन्छ। हाल आएर साना किसान देशको सवै जिल्लाहरूमा र ७५३ पालिका मध्ये ५४३ भन्दा बढी पालिकामा आफ्नो उपस्थिति जनाई वित्तीय सेवा प्रदान गर्दै जाँदा यसले दुरदराजमा बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय पहुँच नभएको स्थानमा वित्तीय पहुँच पुऱ्याएको छ। यसले नेपालमा अति सिमान्तकृत समुदायहरू वनकरीया, चेपाङ र मुसहर आदि जस्ता जातिहरूलाई समेत आफ्ना साझेदार संस्थाहरू मार्फत सेवाहरू दिइरहेको छ।

यस वित्तीय संस्थाको पालिकास्तरको घरधुरीको कभरेजलाई हेर्दा साना किसान कृषि सहकारी संस्था भएको पालिकाको अधिकांश घरधुरीमा वित्तीय पहुँच भएको देखिन्छ। स्थानीय संस्था र सोको सञ्चालन सदस्यहरू आपसमा मिलेर गर्ने हुनाले संस्थाका कारण

सदस्यहरूको सामाजिक र आर्थिक शसक्तिकरण के कति भयो ? सोको प्रभावको अध्ययन र अनुसन्धान नभए पनि हात काप्दै नमस्कार र वल्ल वल्ल आफ्नो नाम भन्न सक्नेहरूले कसैको सहयोग विना करोडौं रकम व्यवस्थापन कुशलता पुर्वक गर्दै आउनु आफैमा ठूलो प्रभाव हो ।

आज प्रदेश तथा स्थानीय निकायले स्थानीय स्तरको विकास तथा सेवा सुविधाको वितरणको लागि भरपर्दो र विश्वासीलो साझेदार खोजेको समयमा साना किसान कृषि सहकारी संस्थाहरूको उपस्थितिले सहुलियत पूर्ण कर्जा तथा मल वितरण जस्ता पक्षमा राज्यलाई ठूलो योगदान पुगेको छ ।

नेपाल सरकार तथा एशियाली विकास बैंकको सहुलियत कर्जाको सहयोगबाट ग्रामीण उद्यम परियोजना अन्तर्गत सहकारी संस्था आफै तथा सहकारी सदस्यहरूले २०० भन्दा बढी कृषि प्रशोधन उद्योगको स्थापना गरी सञ्चालन ल्याउँदा यसबाट केही मात्रामा भए पनि मूल्य श्रृंखलामा काम गरी कृषकलाई राहत दिएको देखिन्छ । त्यसैगरी ३ हजार भन्दा बढी साना तथा मझौला उद्यमी मार्फत हजारौं संख्यामा रोजगारी श्रृजना गरेको देखिन्छ । त्यसैगरी लर्न एण्ड अर्न कार्यक्रम अन्तर्गत हजारौं सानाकिसानका छोरा छोरी इजराएलबाट कृषि ज्ञान र सीप सीकी देशमा फर्केपछि कृषिमा देखिने गरी परिवर्तन ल्याएका छन् । यसले हजारौं किसानलाई देश भित्रै कृषिमा केही गर्न सकिन्छ भन्ने ठूलो आत्मविश्वास र उर्जा दिएकोछ । गाउँमा रहेका खाली जमीन केही भए पनि हरियो हुन थालेका छन् ।

यस वित्तीय संस्थाले साना किसान तथा विपन्न, सिमान्तकृत, पिछडियका वर्गलाई स्वरोजगरी गराउन, तथा आत्मविश्वासमा वृद्धि गर्न, लघुउद्यमको विकासमा योगदान, रोजगारीको प्रवर्द्धन गर्न, समाजलाई संगठित गर्न, आर्थिक, सामाजिक, शैक्षिक, कानूनी तथा डिजिटल साक्षरता वृद्धि गर्न, निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायमुखी कृषिमा रुपान्तरण गर्न केहि मात्रामा भए पनि खाद्य सुरक्षामा योगदान दिँदै आएको छ । आम्दानी वृद्धि हुँदा सवै भन्दा पहिला आफ्ना वाल वच्चाको शिक्षा तथा स्वास्थ्यमा सदस्यहरूले लगानी गर्ने हुनाले पनि शिक्षा र स्वास्थ्य क्षेत्रमा सकारात्मक परीणाम आइरहेको देखिन्छ ।

५. आगामी दिनको बाटो

वित्तीय संस्थाका उपरोक्त योगदान तथा सामना गरिरहेका चुनौतिहरूलाई मध्यनजर गर्दा आगामी दिनमा वित्तीय संस्थाको लागि तपसिलका अवसरहरू देखिएकोले सोको चर्चा गरिएको छ ।

क) एग्रो टेक विशिष्टकृत बैंकमा रुपान्तरण

हाल आएर नेपालमा लघुवित्तको थोक कारोवार गर्ने संस्थाहरूको सान्दर्भिकता कम हुँदै गएको देखिन्छ । यस्तो अवस्थामा यस वित्तीय संस्थाले समयमा नै कुनै भरपर्दो र दिगो हुने विकल्प समात्न जरुरी देखिन्छ । लामो समय देखी कृषि क्षेत्रमा काम गरिरहेको र कृषि वित्तमा काम गर्ने कुनै विशेष वित्तीय संस्था नभएको अवस्थामा कृषिमा आधारित व्यवसाय वृद्धिको लागि विशिष्टकृत संस्थाको रुपमा रुपान्तरण हुन सक्ने विकल्प देखिन्छ । यसका लागि कानूनी अड्चन भने चुनौतिको रुपमा देखिन्छ ।

हामी भन्दा समृद्ध देशहरूको असल अभ्यासहरूलाई हेर्दा पनि कृषिको समृद्धिको लागि विशिष्टकृत बैंकको व्यवस्था गरिएको पाइन्छ तर कृषि प्रधान देश भनिए पनि हाम्रो देशमा भएको विशिष्टकृत बैंकलाई समेत वाणिज्य बैंकमा रुपान्तरण गरेपछि यस क्षेत्रमा कृषि वित्तमा नै काम गर्ने भनेर कुनै बैक नभएको अवस्थामा यस क्षेत्रमा काम गर्ने बैंकको आवश्यकता महसूस हुँदा अवसर देखिन्छ । खासगरी साना किसान विकास लघुवित्त वित्तीय संस्था आफ्ना साझेदार संस्था मार्फत देशका अधिकांस जिल्ला र पालिकामा पुगेको अवस्था छ । निकट भविष्यमा यो संस्थाले देशका गाउँ गाउँ पुग्ने योजना बनाएको छ । यस्तो स्थानीयको स्वीमत्व सहितको प्रकृति भएको सञ्जाल हुनु देशको ग्रामीण अर्थतन्त्रको विकासका लागि एक महत्वपूर्ण पूर्वाधार हो । यसको भरपुर उपयोग संस्था तथा देशले गर्न आवश्यक छ ।

एशियाली विकास बैंक तथा नेपाल सरकारसंगको सहयोगमा कृषिसँग सम्वन्धित विभिन्न परियोजनाहरू सफलतापूर्वक सञ्चालन गर्दै आएको छ । सहुलियत कृषि कर्जा सुविधा शहर केन्द्रीत भएको अवस्थामा सरकार तथा एशियाली विकास बैंकको सहयोगमा यस

वित्तीय संस्थाले हाल २०० भन्दा बढी मझौला तथा साना उद्यम खासगरी चिया, धान, तेल दुध, बीउ प्रशोधन आदिसँग सम्वन्धित उद्योगहरू स्थापना गर्न सहयोग गरी हाल उक्त उद्योगहरू देशका विभिन्न ग्रामीण क्षेत्रमा सञ्चालममा रहेका छन्। यस्ता अनुभवका कारण पनि वित्तीय संस्था कृषिको विशिष्टकृत बैंकको रुपमा स्थापना हुन आवश्यक देखिन्छ।

विशिष्टकृत कृषि बैंकले मात्र कृषि क्षेत्रलाई केन्द्रीत गरी सक्षम आत्मनिर्भर र सहभागितात्मक कृषि विकासका लागि कृषि सहकारी र साना किसान समूहहरूको प्रवर्धन विकास एवम् व्यवस्थापन गरी वित्तीय पहुँच अभिवृद्धि गर्ने, निर्वाहमूखी कृषिलाई व्यवसायिक कृषिमा रुपान्तरण गर्न, कृषि उत्पादन र उत्पादकत्वको वृद्धिबाट मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउन कृषि कर्जाको सहज उपलब्ध गराउने, ग्रामीण जनता तथा किसानहरूमा कृषि तथा गैर कृषि उद्यमशीलता विकासका लागि आवश्यक पर्ने कृषि पूर्वाधार विकास, सीप, प्रविधि तथा क्षमता विकास जस्ता गैर वित्तीय सेवा तथा क्रियाकलापहरू सञ्चालन गर्नका लागि पनि विशिष्टकृत संस्थाको आवश्कता देखिन्छ।

त्यसैगरी कृषि सम्वन्धित सम्पूर्ण वित्तीय सेवाको प्रवाहलाई पूर्ण डिजिटल गरेर अगाडी बढ्नु पर्ने आजको आवश्यक्ता समेत भएकोले वित्तीय संस्थाले कर्जा प्रवाहमा पूर्ण रुपमा कागजविहिन बन्नका लागि आवश्यक पूर्वाधार विकास गर्न आवश्यक देखिन्छ। कृषकहरूले मोवाइल एप वा स्थानीय साना किसान कृषि सहकारीको डिजिटल एजेण्ट मार्फत केही मिनेटमै एआई बेस्ड क्रेडिट स्कोरिंगका आधारमा विना झन्झट कर्जा प्राप्त गर्ने व्यवस्थाको सुरुवात गर्न सकिने देखिन्छ। त्यसैगरी वातावरण संरक्षण र वातावरण मैत्री कृषिको विकास गर्न भूउपग्रह प्रविधिको उपयोग गर्न सकिने देखिन्छ। मौसम, माटोको गुणस्तर र अन्नबालीको अवस्था भूउपग्रह वा ड्रोन प्रविधिबाटै अनुगमन गरी जोखिम मूल्यांकन गरेर कृषि कर्जा प्रवाह र बाली वीमाको भुक्तानी हुने व्यवस्था हुने व्यवस्था गर्दा यसले कृषि तथा वातावरण मैत्री कृषि विकास दुवैमा ठूलो योगदान दिन सक्ने देखिन्छ।

त्यसैले पनि संस्था आगामी दिनमा एग्रो टेक विशिष्टकृत बैंकमा रुपान्तरण हुन आवश्यक देखिन्छ। यसका लागि संस्थाले आफुले गरेका कार्यहरू तथा आफूमा विद्यमान रहेका पूर्वाधारको क्षमता तथा सेवा तथा सामाजिक परिचालनको विशिष्ट प्रक्रियाको सम्वन्धमा नेपाल सरकार तथा दातृ निकायलाई बढी भन्दा बढी जानकारी गराएर एग्रो टेक विशिष्टकृत बैंकमा रुपान्तरणको लागि आवश्यक पैरवी गर्न आवश्यक देखिन्छ।

ख) स्तरउन्नत साना तथा मझौला उद्यम प्रवर्द्धन तथा विकासमा जोड

देशको सम्पन्नताको लागि निर्वाहमुखी कृषिको रुपान्तरण आवश्यक छ। यसबाट उत्पादन र रोजगारीमा वृद्धि मात्र नभै आयात प्रतिस्थापन गर्न र खाद्यमा आत्मनिर्भरता बढाउन सकिन्छ। हाल सहकारी तथा लघुवित्तबाट स्तर उन्नत भैसकेका कति साना उद्यमहरू उपयुक्त प्राविधिक तथा आर्थिक सहयोग नपाउँदा लोप भएको अवस्था पनि छ। कतिपय सम्भावना धैरै हुँदा हुँदै स्थिर अवस्थामा बसेको देखिन्छ। यस्तो अवस्थामा यस्तै पक्षलाई केन्द्रीत गरी वित्तीय सेवा दिने निकाय हुन आवश्यक देखिन्छ। यसबाट लघुउद्यम व्यवसायको विकास तथा विस्तारका लागि दिगो तथा गुणात्मक विकास गर्न सम्भव हुने देखिन्छ। सरकारले यसका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने तथा सहजीकरण गर्न आवश्यक देखिन्छ। खासगरी यस्तो जिम्मेवारी थोक प्रदायक संस्थालाई दिने र सरकारले यसको नियमन मात्र गर्ने व्यवस्था गर्दा अर्थतन्त्र चलायमान हुने सम्भावना रहेको देखिन्छ। यसका लागि हरेक वित्तीय संस्थाले लघुउद्यम संस्थाको प्रवर्द्धनका लागि प्रत्येक सदस्यको व्यवसायको पूर्ण सूचना राख्ने व्यवस्था गर्न जरुरी देखिन्छ। यस्ता सूचनाहरू खास गरी देशभर कति प्रकारका कति संख्यामा लघुउद्यम व्यवसायहरू छन् ? यस्ता साना तथा मझौला उद्योगले कति जनालाई रोजगार दिइरहेका छन् ? कति लघुउद्यमको उत्पादित वस्तु तथा सेवा विदेशमा निर्यात हुने गरेको तथा निर्यात हुने सम्भावना छ ? कति जीविका निर्वाहका रुपमा सञ्चालन भैरहेका व्यवसाय लघुउद्यम व्यवसाय बन्नका लागि सम्भाव्य छन् ? जिल्लाको कुन-कुन ठाउँमा यस्ता व्यवसायहरू सञ्चालनमा रहेका छन् ? स्थान विशेषका लघुउद्यम संस्थाहरूको मुख्य समस्याहरू के-के रहेका छन् ? जिल्लामा सवै भन्दा राम्रा गर्ने लघुउद्यम व्यवसायहरू कति छन ?

आधुनिक प्रविधि अपनाउने संस्थाहरू कुन-कुन छन् ? जिल्ला अनुसार यिनिहरूको अवस्थिति कस्तो छ ? आदि जस्ता सूचनाहरू आवश्यक देखिन्छ। त्यसैगरी जिल्लाको पहिचान गराउने खालका रैथाने वस्तुहरू के-के छन् ? तिनीहरूको व्यवसायीकरणको सम्भावना के कस्तो रहेकोछ ? त्यसैगरी पर्यटनका सम्भावनाहरू के-के रहेका छन् ? त्यसैगरी पर्यटन क्षेत्रसँग सम्वन्धित के-के व्यवसायहरू गर्न सक्ने सम्भावना रहेको छ ? त्यसैगरी कुन कृषि उत्पादन वृद्धिको सम्भावना रहेको छ ? आदि जस्ता विषयहरूमा सूचना राख्ने र सोको आधारमा कुन लघुउद्यमहरूलाई विकासका योजना तथा कार्यक्रमहरू बनाउन आवश्यक देखिन्छ।

वित्तीय संस्था स्तरमा रहेका यस्ता सूचनाहरूलाई कम्पाइल गरी राष्ट्रिय स्तरमा पनि सूचना बैंक बनाउन सकिने देखिन्छ । यसले सरकारलाई पनि लघुउद्यम प्रवर्द्धन गर्नको लागि आवश्यक नीतिगत व्यवस्था गर्न सहयोग गर्न सक्दछ।

यस्ता सूचनाहरूको उपयोग गरेर कृषि उत्पादन देखी बजारीकरणसम्म (Value Chain Financing)को कार्यलाई पूर्णता दिन सकिन्छ । कृषकले उत्पादन गरेको वस्तुको भण्डारण, प्रशोधन र ब्राण्डिङ्ग गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारसम्म पुऱ्यान सहयोग पुग्न सक्छ । त्यसैगरी जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न वित्तीय संस्थाले अर्गानीक खेती, थोपा सिंचाई र नवीकरणीय उर्जा (जस्तै सोलार पम्प, क्लिन कुकिं) प्रयोग गर्ने लघुउद्यमीलाई विशेष सहुलियतपूर्ण हरित कर्जा उपलब्ध गराउन सक्ने हुन्छ। साना जीवीकोपार्जनका लागि काम गरेका व्यवसायीहरूलाई लघुउद्यम व्यवसाय बनाउनका लागि व्यवहारिक कार्यक्रमहरू तर्जुमा गर्न सकिने जस्तो तालिम, अवलोकन अध्ययन भ्रमण, गोष्ठी, भण्डारण तथा बजारीकरण सम्वन्धी कार्यक्रमहरू गर्न सकिने हुन्छ । लघुउद्यम व्यवसायमा परेका समस्याहरूको समाधानका लागि आवश्यक कार्यक्रमहरू तयार गर्न सकिने हुन्छ । यस्ता सूचनाको उपयोगबाट सरकारी अनुदान तथा सहुलियतपूर्ण ऋण सही उद्यमी समक्ष पुऱ्याउन सहजताका साथै प्रभावकारी हुन्छ। त्यसैगरी विभिन्न ठाउँका उद्यमीहरूबीच एक आपसमा जोडीन र अनुभव साटासाट गर्न सकिने हुन्छ। उत्पादक र विभिन्न ठूला विक्रेताहरूबीच आपसमा जोडीन मद्दत गर्दछ।

ग) हरित र दिगो उद्यममा काम गर्ने :

नेपालमा जलवायु परिवर्तन उच्च जोखिम रहेको छ । हिमनदी पग्लिने र बाढी पहिरोको खतरा बढ्ने अवस्थामा हरित वित्तको माध्यामबाट वातावरण मैत्री पूर्वाधारमा लगानी बढाउन सक्ने देखिन्छ । नेपाल जस्तो प्रचुर जलश्रोत र सौर्य उर्जाको सम्भावना रहेको देशमा हरित लगानीको प्रसस्त सम्भावना रहेको परिप्रेक्षमा यस्तो क्षेत्रमा भएको लगानीबाट स्वच्छ उर्जा उत्पादनमा मद्दत पुग्ने देखिन्छ। यसले खनिज इन्धनको आयात घटाउँन र वातावरण मैत्री पूर्वाधारमा लगानी बढाउन मद्दत गर्ने देखिन्छ । विश्वभरका दातृ निकायले हरित परियोजनालाई प्राथमिकता दिइरहेको अवस्थामा Green Climate Fund जस्ता कोषबाट सस्तो ब्याजमा कर्जा वा अनुदान पाउने अवसर देखिएकोले यस्तो अवसरको सदुपयोग गर्न सके नेपालको बैदेशिक मुद्रासञ्चिती बढ्ने मात्र नभई अर्गानिक कृषि र पर्यटनमा लगानी वृद्धीभई स्थानीय स्तरमा वातर वरणमैत्रि नयाँ रोजागारीका अवसरहरू खुल्ने र दिगो आर्थिक वृद्धि सुनिश्चित हुने देखिन्छ। नेपाल राष्ट्र बैंकले Environmental and Social Risk Management Guideline लागू गरेको अवस्थामा वित्तीय संस्थाहरूले पनि आफुहरूले प्रदान गर्ने वित्तीय सेवाहरूलाई वातावरणमैत्री बनाउन जरुरी रेहेको छ । यसले बैंक तथा वित्तीय संस्थाहरूको सामाजिक उत्तरदायित्व पुरा हुनुको साथै आफ्नो व्यवसायलाई सुरक्षित बनाई दिगोपनालाई सुनिश्चित गर्न सहयोग गर्ने देखिन्छ।

सवै प्राणीको लागि खाना अपरिहार्य वस्तु हो । खाद्यवस्तु स्वस्थकर भएको अवस्थामा मात्र संसारका जीव जन्तु स्वस्थ हुन्छन् । वातवरणीय सन्तुलनका लागि पनि सवैक प्राणीको अस्तीत्वको आवश्यकता छ। कति मानवीय व्यवहारबाट प्राकृतिक सन्तुलनमा व्यवधान पुगेको छ। यो सन्तुलन गर्ने मुख्य जिम्मेवारी मानिसको हो। त्यसैले पनि हरेक व्यवहारलाई प्रकृति सम्मत बनाउन आवश्यक छ। यस्तो व्यवहारले मात्र सवैको दिगोपनाको सुनिश्चितता हुन्छ । त्यसैले पृथ्वीमा रहेका हेरक संघ संस्था तथा व्यक्तिले आफ्ना व्यवहारहरूलाई प्रकृति अनुकुल हुने गरी रुपान्तरण

गर्न जरुरी देखिन्छ । त्यसैले पनि हरित वित्तमा जोड दिन आवश्यक देखिन्छ । उपरोक्त सवै पक्षहरूलाई मध्यनजर गर्दा पनि आगामी दिनमा वित्तीय संस्थाले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न संस्थाले अर्गानिक खेती, थोपा सिंचाई र नवीकरणीय उर्जा प्रयोग गर्ने उद्यमीलाई विशेष सहुलियतपूर्ण हरित कर्जा उपलब्ध गराउन आवश्यक पूर्वाधार तथा व्यवस्था गर्न आवश्यक देखिन्छ । यसले नै वित्तीय संस्थाको दिगोपनाको साथै देशको दिगोविकासमा प्रभावकारी योगदान पुग्ने देखिन्छ ।

घ) सेवा तथा वित्तीय आकारमा वृद्धि

जति सुकै आर्थिक तथा सामाजिक पक्षमा राम्रो प्रभाव पार्ने भएपनि सरकार तथा दातृ निकायहरूले सानो तथा ठूलो संस्था माथि हेर्ने दृष्टिकोण फरक हुन्छ । खासगरी संस्था कति ठूलो जनसमुदाय तथा कत्रो आकारको आर्थिक कारोवारसँग सम्वन्धित छ त्यसले धेरै अर्थ राख्ने गरेको छ । हाल साना किसान विकास लघुवित्त वित्तीय संस्थाको आकार रु.४१ अर्व वरिपरि रहेको अवस्थामा यसले आगामी दिनमा आफ्नो कारोवारलाई खर्वको आकार बनाउन आवश्यक छ । यसका लागि उपरोक्त माथिका उपायहरूले वित्तीय संस्थाको वित्तीय आकारमा वृद्धि गर्न सक्दछ । यदि कुनै संस्था आर्थिक तथा प्राविधिक रुपमा समृद्ध छ, कृषिको रुपान्तरणको लागि उदाहरणीय कार्य गरेको छ र देशको ठूलो वित्तीय पहुचबाट वञ्चित जनसंख्यालाई गुणस्तरीय र प्रभावकारी सेवा दिइरहेको छ भने सरकार तथा बैदेशिक विकास साझेदारहरूको लागि विदेशी लगानी तथा अनुदान भित्र्याउनको लागि ठूलो आधार हुन सक्छ । साना किसान विकास लघुवित्त वित्तीय संस्थाले कृषि क्षेत्रको रुपान्तरणको लागि आफ्नो तहबाट जुन कार्य गरिरहेको छ सोबाट ठाउँ-ठाउँमा सकारात्मक परिवर्तन देखिएका छन् । सरकार एवम् देशी तथा विदेशी विकास साझेदारहरूको यस संस्था प्रति विश्वास तथा भरोसा बढेको अवस्थामा यसलाई अझ विस्तार गर्न सकिन्छ । नेपालको ग्रामीण क्षेत्रमा बैदेशिक लगानी र अनुदान भित्र्याउने साना किसान विकास लघुवित्त सवै भन्दा भरपर्दो र निर्विकल्प संस्था बन्न सक्ने अवसर देखिन्छ ।

भोलीका दिनमा देशमा कृषि तथा ग्रामीण अर्थतन्त्रको हरेक विकासका छलफलमा साना किसान विकास लघुवित्त संस्थाको आवश्यकता पर्ने संस्थाको रुपमा आफुलाई विकास गर्न आवश्यक छ । यसका लागि साना किसान विकास लघुवित्त वित्तीय संस्थाले आफ्नो आन्तरिक पक्षमा समयानुकुल थप सुधार तथा विकास गर्ने मात्र हैन वित्तीय आकारमा पनि विस्तार गर्न आवश्यक देखिन्छ । यसका लागि वित्तीय संस्थाले आफ्नो कार्यक्रमको स्वभावीक विकास तथा विस्तारका साथै अन्य समान प्रकृतिका संस्थाहरूसँग मर्जर गरेर एक विशाल लघुवित्त वित्तीय संस्था बन्न सक्ने सम्भावना पनि त्यत्तिकै देखिन्छ ।

६. निष्कर्ष

हाल आएर थोक कर्जा प्रदान गर्ने संस्थामा अवसरका साथ-साथै चुनौतिहरू पनि थपिँदै गएका छन् । यस्ता चुनौतिहरूलाई समयमा सम्वोधन गर्न आवश्यक देखिन्छ । खास गरी साना किसान विकास लघुवित्त वित्तीय संस्थाको मुख्य साझेदार संस्थाको रुपमा रहेका साना किसान कृषि सहकारी संस्थाले अपनाएका साना किसान मोडल जो आफैमा ग्रामीण दुरदराजमा वित्तीय पहुँचका साथै सामाजिक विकासमा योगदान पुऱ्याएको आत्मनिर्भर मोडल हो ।

यस्तो मोडल अपनाएका आत्मनिर्भर साना किसान कृषि सहकारी संस्थाहरू देश भर हुनु र यस्ता संस्था मार्फत कृषि तथा ग्रामीण अर्थतन्त्रको विकासका लागि उदाहरणीय काम भैसकेको अवस्थामा यस्तो वित्तीय तथा सामाजिक पूर्वाधारको भरपुर उपयोग गर्न आवश्यक देखिन्छ । त्यसैगरी यो देशको मौलिक सम्पत्ति पनि भएकोले यसको संरक्षणका साथै प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । यसको लागि संस्थाले एग्रोटेक विशिष्टकृत बैंकका रुपमा रुपान्तरण भई हरित तथा वातावरण मैत्री वित्तीय सेवामा काम गर्न सके देशको ग्रामीण अर्थतन्त्रको विकासमा अझ ठूलो योगदान पुग्ने देखिन्छ ।

साना किसान कृषि सहकारी संस्थामा अधिक तरलता (Excess Liquidity) व्यवस्थापन



लिलाधर धिताल
मुख्य प्रबन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

परिचय :

सामान्यतः संस्थामा आवश्यकता भन्दा बढी नगद तथा बैंक मौज्दात हुनुलाई अधिक तरलता भन्न सकिन्छ। नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात र सरकारी ऋण पत्रमा गरिएको लगानी रकमलाई तरलताको रूपमा लिन सकिन्छ। अधिक तरलता (Excess Liquidity) भन्नाले नियामक निकायले तोकेको मापदण्ड, सहकारी संस्थाको दैनिक सञ्चालन, सदस्यहरूको बचत फिर्ता, ऋण प्रवाह तथा अन्य दायित्व पूरा गर्न आवश्यक रकमभन्दा तरलता मौज्दात बढी हुनुलाई बुझाउँछ। साना किसान कृषि सहकारी संस्थामा अत्याधिक तरलता लामो समयसम्म निष्क्रिय रहँदा आम्दानी घट्ने, स्रोतको प्रभावकारी उपयोग नहुने तथा सदस्यलाई अपेक्षित सेवा दिन नसकिने अवस्था सिर्जना हुन्छ। त्यसैले अधिक तरलताको योजनाबद्ध व्यवस्थापन देहाय बमोजिम गर्न सकिन्छ।

१. **सदस्यमुखी कृषि तथा आयमूलक कर्जा प्रवाह विस्तारः** अधिक तरलताको सदुपयोगका लागि संस्थाले सदस्यहरूको आवश्यकता अनुसार कर्जामा विविधिकरण गरी कृषि तथा उद्यमशीलताका क्षेत्रमा कर्जा लगानी बढाउनुपर्छ। यसरी कर्जा लगानी बढेमा संस्थाको आम्दानी वृद्धि हुनुका साथै सदस्यहरूको आयस्तरमा समेत वृद्धि हुने सम्भावना देखिन्छ।

- कृषि उत्पादन तथा प्रशोधन कर्जा,
- पशुपन्छीपालन तथा दुग्ध व्यवसाय कर्जा,
- तरकारी तथा फलफूल खेती कर्जा,
- कृषि यान्त्रिकीकरण कर्जा,
- साना तथा घरेलु उद्यम कर्जा,
- महिला उद्यमशीलता तथा युवा स्वरोजगार कर्जा।

२. **सदस्य तथा व्यवसाय विस्तारः** सहकारी संस्थाले कार्यक्षेत्रमा समेट्न बाँकी घर परिवारका सदस्यहरूलाई समेटी सदस्य विस्तार तथा वित्तीय पहुँच देहाय बमोजिम बढाउन सकिन्छ।

- योग्य सदस्यहरूको पहिचान र सदस्यता प्रदान गर्ने,
- ऋण मागको अध्ययन गर्ने,
- नयाँ सेवा केन्द्र स्थापना,
- उत्पादनशील र कृषि मूल्य-श्रृङ्खला (Agri. Value Chain) क्षेत्रलाई प्राथमिकता दिने,
- युवा तथा महिला केन्द्रित वित्तीय सेवा,
- ऋणको नियमित अनुगमन तथा असुली सुनिश्चित गर्ने।

३. **सुरक्षित बैंक तथा वित्तीय संस्थामा बचत जम्माः** अल्पकालीन अवधिसम्म उपयोग नहुने रकमलाई सुरक्षित बैंक तथा वित्तीय संस्थाहरूमा बचत राख्न सकिन्छ।

फाइदाहरू :

- निश्चित ब्याज आम्दानी प्राप्त हुन्छ,

- रकम सुरक्षित रहन्छ,
- आवश्यकता अनुसार चरणबद्ध रूपमा बचत व्यवस्थापन गर्न सकिन्छ ।

४. **नीतिगत व्यवस्था अनुसार तरलता व्यवस्थापन:** नियामक निकायले निर्धारण गरे बमोजिम तथा संस्थाको नीतिगत व्यवस्था अनुसार संस्थाले तरलता व्यवस्थापन निम्नानुसार गर्न सक्नेछ ।

- लगानी जोखिमको मूल्याङ्कन गर्ने,
- लगानीको प्रतिफल विश्लेषण गर्ने,
- कानुनी तथा नियामकीय सीमा पालना गर्ने,
- लगानीमा विविधिकरण गर्ने ।

५. **सदस्य केन्द्रित सेवा विस्तार** : सदस्यको हितमा अधिक तरलतालाई निम्नानुसार प्रयोग गरी उनीहरूलाई फाइदा हुनुको साथै संस्था प्रतिको विश्वास बढाउँछ ।

- कृषि प्राविधिक सेवा,
- सीप विकास तालिम,
- वित्तीय साक्षरता कार्यक्रम,
- कृषि प्रविधि तथा बजार व्यवस्थापन सहयोग,
- डिजिटल सेवा विस्तार ।

६. **पूर्वाधार तथा प्रविधिमा लगानी** : संस्थाको दीर्घकालीन क्षमता अभिवृद्धिका लागि पनि लगानी गर्न सकिन्छ ।

- कार्यालय व्यवस्थापन सुधार,
- सूचना प्रविधि (IT) प्रणाली सुदृढीकरण,
- डिजिटल लेखा प्रणाली,
- मोबाइल बैंकिङ तथा डिजिटल भुक्तानी प्रणाली,
- डेटा सुरक्षा प्रणाली ।

७. **तरलता अनुपातको नियमित अनुगमन** : अधिक तरलता भए तापनि सम्पूर्ण रकम लगानी गर्नु उचित हुँदैन ।

- दैनिक नगद स्थिति विश्लेषण गर्ने,
- मासिक तरलता प्रतिवेदन तयार गर्ने,
- बचत फिर्ता जोखिम मूल्याङ्कन गर्ने,
- कर्जा मागको पूर्वानुमान गर्ने,
- नियामकीय मापदण्ड कायम राख्ने ।

८. **सम्पत्ति-दायित्व व्यवस्थापन (Asset Liability Management)** : अधिक तरलता व्यवस्थापन गर्दा सम्पत्ति र दायित्वबीच सन्तुलन कायम गर्नुपर्छ ।

- बचतको अवधि र कर्जाको अवधि मिलाउने,
- नगद प्रवाहको पूर्वानुमान गर्ने,
- ब्याजदर जोखिम व्यवस्थापन गर्ने,
- दीर्घकालीन र अल्पकालीन लगानीबीच सन्तुलन कायम गर्ने ।

९. **कर्जा र बचतमा उपयुक्त ब्याजदर निर्धारण** : वित्तीय बजारमा प्रचलनमा रहेको कर्जा र बचतको ब्याजदर तथा नियामकीय निकायको मापदण्डभित्र रही संस्थाले समय समयमा ब्याजदर निर्धारण गर्नुपर्दछ ।

निष्कर्ष :

साना किसान कृषि सहकारी संस्थामा अधिक तरलता हुनु सकारात्मक अवस्था भए तापनि लामो समयसम्म निष्क्रिय राख्नु उपयुक्त हुँदैन । अतिरिक्त तरलतालाई उत्पादनशील कर्जा विस्तार, सुरक्षित लगानी, सदस्य सेवा विस्तार, जोखिम व्यवस्थापन तथा संस्थागत क्षमता विकासमा परिचालन गरी अधिकतम प्रतिफल प्राप्त गर्नुपर्छ । साथै, सदस्यहरूको बचत सुरक्षा र नियामकीय मापदण्डलाई प्राथमिकतामा राखी सन्तुलित तरलता व्यवस्थापन गर्नु नै दिगो वित्तीय व्यवस्थापनको आधार हो ।

साना किसान कृषि सहकारी संस्था लि.को साना किसान विकास लघुवित्तमा रहेको शेयर सम्बन्धी विवाद र त्यसको निराकरण

वरिष्ठ अधिवक्ता, पोषण राज लामिछाने
कानुन सल्लाहकार
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

पृष्ठभूमी :-

तत्कालीन साना किसान विकास बैंक लि., हालको साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र साना किसान कृषि सहकारी संस्था लि. बीचको सम्बन्धमा चर्चा गर्नु पूर्व साना किसान कृषि सहकारी संस्था लि.हरूको स्थापना कसरी भएको रहेछ भनि यस्को ऐतिहासिक पृष्ठभूमीबारे छोटकरीमा चर्चा गर्नु सान्दर्भिक हुनेछ।

मिति २०२४ साल माघ ७ गते कृषि विकास बैंक ऐन, २०२४ को विशेष ऐन अन्तर्गत कृषि विकास बैंक स्थापना भएको हो। अन्य बैंक तथा वित्तीय संस्थाहरूका लागि वाणिज्य बैंक ऐन २०३१, विकास बैंक ऐन २०५२, वित्त कम्पनी ऐन २०५२ र नेपाल औद्योगिक विकास निगम ऐन २०४६ अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरू स्थापना भई सञ्चालनमा रहेका थिए।

वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत २०६० सालमा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, २०६० अध्यादेशको रूपमा २०६०/१०/२१ मा बन्यो । तत्काल प्रतिनिधि सभाको विघटन गरिएको हुँदा उक्त अध्यादेश ६/६ महिना भित्रमा जारी भई कार्यान्वयन हुँदै आएकोमा २०६२/०६३ मा भएको जनआन्दोलनको फलस्वरुप पुनस्थापित प्रतिनिधि सभाबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ आएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश २०६० ले माथि उल्लिखित ५ वटा ऐनहरू खारेज गर्दै उक्त ५ वटा ऐन अन्तर्गत सञ्चालित सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरूले यस अध्यादेश बमोजिम २ वर्ष भित्र बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन बमोजिम काम गर्ने (इजाजत पत्र समेत लिने) गरी प्रचलित कम्पनी ऐन अन्तर्गत दर्ता हुनु पर्ने कानुनी व्यवस्था गरेकोले सोही बमोजिम उल्लिखित ५ वटा ऐन अन्तर्गत सञ्चालित बैंक तथा वित्तीय संस्थाहरूले पनि आ-आफ्ना प्रबन्ध पत्र र नियमावली तर्जुमा/संशोधन गरी आ-आफ्ना काम कारबाहीहरू गर्दै आएका छन्।

कृषि विकास बैंक र साना किसान विकास आयोजना : –

साना किसान विकास आयोजना कृषि विकास बैंकको कार्यालयका रूपमा सुरुमा २०३२ सालमा स्थापना गरिएको थियो । साना किसान सदस्यलाई समुहमा ऋण दिन कृषि विकास बैंक ऐन २०२४ मा दफा १८ (क) थप गरी विशेष व्यवस्था गरिएको थियो। अति विकट जिल्लाहरूमा समेत साना किसान विकास आयोजनाका कार्यालयहरू स्थापना भई गरिबी निवारण कार्यक्रम अन्तर्गत सेवा प्रवाह गर्दै आएको थियो। पछि ती आयोजनाहरू स्थानीय स्तरका जनताहरू स्वयम्ले सञ्चालन गर्ने त्यसको लागि आयोजनामा साना किसानहरूले तिर्नु बुझाउनु पर्ने ऋण रकम समेत सहकारी ऐन, २०४८ अन्तर्गत स्थानीयकै शेयर स्वामित्व भएको साना किसान कृषि सहकारी संस्थाहरू दर्ता एवम् स्थापना गरी सोही सहकारी संस्था मार्फत सञ्चालन गर्ने कुरामा कृषि विकास बैंकले आफ्नो नीतिगत व्यवस्था गऱ्यो। पछि क्रमशः साना किसान विकास आयोजनाहरू साना किसान सहकारी संस्थामा रूपान्तरण गर्दै लगियो। ती सहकारी संस्थाले आयोजनाबाट लिएको ऋणलाई हस्तान्तरण गरियो। उक्त सहकारी संस्था त्यहाँकै स्थानीय वासिन्दाहरूबाटै सञ्चालन गरी क्रमशः

साना किसान कृषि सहकारी संस्थाहरू स्थापना गर्दै लगियो। उक्त सहकारी संस्थाको सम्पूर्ण जिम्मेवारी स्थानीय स्तरका व्यक्तिहरूले लिए। स्थानीय स्तरबाटै ऋण लगानी गर्ने र सो ऋण समयमै भाका नाघ्न नदिई असुली गर्ने तर्फ साना किसान कृषि सहकारी संस्थाहरू लागे। यसै क्रममा ती साना किसान सहकारी संस्थाहरूलाई कर्जा लगायत अन्य प्राविधिक कुरामा सहयोग गर्ने समेतका लागि एउटा राष्ट्रिय स्तरको बैंकको स्थापना गर्नु पर्ने कुरा नेपाल सरकार लगायत कृषि विकास बैंक र सम्बन्धित सहकारी संस्थाहरूबाट महसुश गरियो । तत्कालीन अर्थ मन्त्री मा. श्री महेश आचार्यले प्रस्तुत गर्नुभएको बजेट कार्यक्रममा परेकोले उक्त प्रस्तावित बैंकको प्रबन्ध पत्र तथा नियमावली तर्जुमा गरियो। जसको मस्यौदाकार म स्वयम् रहेको थिए । सहकारी संस्थाको तर्फबाट समेत सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने र क्रमश: त्यो बैंकमा साना किसान कृषि सहकारी संस्थाहरूको अधिक शेयर स्वामित्व हुने व्यवस्था समेत समावेश गरी कृषि विकास बैंकको अग्रसरता र पहलमा २०५८/०३/२२ मा विकास बैंक ऐन २०५२ अन्तर्गत काम गर्ने गरी प्रचलित कम्पनी ऐन अन्तर्गत साना किसान विकास बैंक लि. नामको छुट्टै बैंक स्थापना गरियो। जसमा कृषि विकास बैंकको नाममा सबै भन्दा अधिक शेयरमा नेपाल सरकारको शेयरका साथै नेपाल बैंक र नेपाल अरब बैंक तथा पूर्व इलामको श्रीअन्तु देखी सुदूरपश्चिमको श्रीपूर, कैलाली लगायतका २१ वटा साना किसान कृषि सहकारी संस्थाहरू समेत जम्मा २५ वटा उल्लिखित संस्थाहरूको शेयर स्वामित्वमा जन्म भएको यो बैंकको स्वीकृत प्रबन्धपत्र नियमावलीमा यो बैंकको शेयर क्रमशः साना किसान सहकारी संस्थाहरूमा हस्तान्तरण गर्दै जाने व्यवस्था बमोजिम नेपाल सरकारका नामको सम्पूर्ण कित्ता शेयर र कृषि विकास बैंकले समेत आफ्ना नामको शेयर मध्ये अधिक शेयर साना किसान सहकारी संस्थाहरूलाई परल मूल्यमा बिक्री बितरण एवम् हस्तान्तरण गरियो । त्यसै गरी नेपाल बैंकका नामको शेयर मध्ये अधिक शेयर साना किसान कृषि सहकारी संस्थाहरूलाई बिक्री वितरण गरी सकेको अवस्था छ। यसरी बैंकको शेयर संरचनामा हेरफेर हुन गई कृषि विकास बैंक, नेपाल बैंक, बाणिज्य बैंक, नविल बैंक, हिमालयन बैंक लगायतका 'क' वर्गका बैंकहरूको शेयार स्वामित्व ३८.९०%, साना किसान सहकारी संस्थाहरूको २८.०३%, सर्वसाधारणको ३०.०६%, IFC को २.३६% र अन्यको ०.६५% शेयर स्वामित्व हुन गएको छ। शुरुमा यस बैंकको स्वीकृत प्रबन्धपत्र नियमावलीमा यो बैंकको शेयर अन्यलाई बिक्री वितरण गर्न नपाईने समेतको व्यवस्था थियो। बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश आएपछि संशोधित नियमावलीमा बैंकको नाम साना किसान विकास बैंक लि. बाट साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. भनि परिवर्तन भयो भने सोही अध्यादेश बमोजिम यसको न्यूनतम ३० प्रतिशत शेयर सर्वसाधारणमा बिक्री वितरण गर्नुपर्ने प्रावधान राखी संशोधित प्रबन्धपत्र नियमावली बन्यो । यस वित्तीय संस्थाले 'घ' वर्गको लघुवित्त कारोबार गर्न पाउने गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त गरी आफ्नो काम गर्दै आएकोमा मिति २०८०/०३/२४ मा आरएमडिसी लघुवित्त वित्तीय संस्था र यस लघुवित्त वित्तीय संस्था एक आपसमा गाभिई साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का नामबाट सञ्चालित छ।

> **"साना किसान कृषि सहकारी संस्थाहरूलाई कर्जा लगायत अन्य प्राविधिक कुरामा सहयोग गर्ने समेतका लागि एउटा राष्ट्रिय स्तरको बैंकको स्थापना गर्नु पर्ने कुरा नेपाल सरकार लगायत कृषि विकास बैंक र सम्बन्धित सहकारी संस्थाहरूबाट महसुश गरियो।"**

कम्पनी निर्देशिका २०७२ ले पारेको अप्ठ्यारो व्यवस्था : –

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७२/०८/०६ को निर्णयानुसार सोही मिति देखी लागु हुने गरी कम्पनी निर्देशिका, २०७२ जारी भयो । उक्त निर्देशिकाको परिच्छेद २ को दफा ६ को उपदफा (३) मा सहकारी ऐन, २०४८ बमोजिम स्थापित सहकारी संस्थाले निर्देशिकाको यो दफा प्रारम्भ हुनु भन्दा पहिले कुनै कम्पनीको शेयर वा डिवेन्चरमा लगानी गरेको वा कम्पनी स्थापना गरेको भए यो दफा प्रारम्भ भएको १ वर्ष

भित्र त्यस्तो सहकारी संस्थाले कम्पनी ऐन २०६३ बमोजिम योग्य व्यक्ति वा सम्बन्धित संस्थालाई हस्तान्तरण गरिसक्नु पर्नेछ भन्ने व्यवस्थाले स्वीकृत प्रबन्धपत्र तथा नियमावली बमोजिम कामकाज गर्न प्रत्यक्ष असर पर्ने भएकोले उक्त व्यवस्था खारेज वा संशोधन गरीपाउँ भनि यस-साना किसान विकास बैंकबाट मिति २०७३/०६/०५ को पत्रबाट कम्पनी रजिष्ट्रारको कार्यालयलाई पत्राचार गरिएको थियो। त्यसको कुनै जवाफ वा भए गरेको कारबाही प्राप्त नभएको बरु उल्टो २०७३/०८/०१ देखी लागु हुने गरी उक्त निर्देशिकामा भएको पहिलो संशोधन, २०७३ द्वारा थप गरिएको दफा ६ को उपदफा (४) मा "उपदफा (२) र (३) मा तोकिएको अवधि भित्र शेयर वा डिवेन्चर नामसारी वा हस्तान्तरण गर्न नसक्ने मनासिव कारण सहित त्यस्तो सहकारी संस्थाले वा संस्था वा सहकारीको शेयर लगानी रहेको कम्पनीले निवेदन दिएमा कम्पनी रजिष्ट्रारको कार्यालयले २ वर्षमा नबढ्ने गरी नामसारी वा हस्तान्तरणका लागि समय दिन सक्नेछ।" त्यसै गरी उपदफा (५) थप गरी सोमा "उपदफा (२), (३) र (४) मा तोकिएको अवधि भित्र तोकिए बमोजिम शेयर नामसारी वा हस्तान्तरण नगर्ने फर्म, संस्था वा सहकारीको नाममा सो अवधि पश्चात कुनै थप शेयर जारी हुन सक्ने छैन।" भनि उक्त निर्देशिकामा झन कडाईका साथ आएको उक्त संशोधित व्यवस्थाले यस बैंक र यसका शेयरधनी सहकारी संस्थाहरूलाई गम्भिर अप्ठ्यारोको स्थितिमा पुर्‍यायो। जुन उद्देश्यका साथ यो बैंक स्थापना भएको थियो। जुन उद्देश्यका साथ साना किसान कृषि सहकारी संस्थाहरूलाई अघि बढ्ने, बढाउने कार्यक्रम थियो। त्यसमा प्रत्यक्षतः असर पर्न गयो।

"जुन उद्देश्यका साथ साना किसान कृषि सहकारी संस्थाहरूलाई अघि बढ्ने, बढाउने कार्यक्रम थियो। त्यसमा प्रत्यक्षतः असर पर्न गयो।"

कम्पनी निर्देशिका, २०७२ को दफा ६ को उपदफा (३), (४) र (५) खारेजी सम्बन्धमा साना किसान विकास बैंक र साना किसान सहकारी संस्थाहरूको तर्फबाट कानुनी उपचार र सोमा सर्वोच्च अदालतबाट भएको फैसला :-

माथि उल्लेख गरे बमोजिम कम्पनी निर्देशिका, २०७२ को दफा ६ को उपदफा (३) र थप संशोधित उपदफा (४) र (५) को व्यवस्थाले साना किसान विकास बैंक र साना किसान कृषि सहकारी संस्थालाई आफ्नो काम कारबाहीमा प्रत्यक्ष असर पर्नुका साथै उक्त व्यवस्था संविधान, विद्यमान बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, स्वीकृत प्रबन्धपत्र, नियमावली एवम् कम्पनी ऐन बिपरित हुँदा उक्त दफा अन्तर्गतका उपदफा (३), (४) र (५) साना किसान विकास बैंक र साना किसान कृषि सहकारी संस्थाहरू बदर हुनुपर्ने माग सहित साना किसान विकास बैंकको तत्कालिन प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माको तर्फबाट १ र २१ वटा संस्थापक साना किसान कृषि सहकारी संस्था मध्ये १५ वटा सहकारी संस्थाहरूको तर्फबाट १ गरी २ वटा छुट्टाछुट्टै उत्प्रेषणको रिट मिति २०७३/०८/०६ सर्वोच्च अदालतमा (०७३-WO-०४१९, ४२०) दर्ता गरियो। दुवै निवेदनमा उक्त दफा/उपदफा कार्यान्वयन नगर्न/नगराउनका लागि अन्तरिम आदेश समेत माग गरिएकोमा स्वीकृत प्रबन्धपत्र र नियमावली बमोजिम स्थापित भई कानुन बमोजिम सञ्चालन भएको बैंकले आफ्नो काम कारबाही समेत गर्न नपाउने अवस्था उत्पन्न भई अपुरणिय क्षति पुग्ने गरी भएको कम्पनी निर्देशिकाको संशोधन हाल कार्यान्वयन नगर्नु नगराउनु भनि २०७३/०८/०७ मा सम्मानित सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएकोले तत्काल समस्या टर्‍यो। तथापी उक्त मुद्दाको अन्तिम फैसला नआउँदासम्म यस बैंक र साना किसान कृषि सहकारी संस्थाहरूको सम्बन्धमा फैसला कस्तो आउछ ? भन्ने सम्बन्धित सबैमा जिज्ञाशा/उत्सुकता रह्यो। पटक पटकको वहश पैरवी पश्चात अन्तमा ६ वर्ष पछि २०७९/०९/०५ गतेका दिन प्रस्तुत रीटमा दुवै पक्षका कानुन व्यवसायीको वहश सुनेपछि सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधिश डा.आनन्दमोहन भट्टराई र माननीय न्यायाधिश श्री शुष्मालता माथेमाको संयुक्त इजलासबाट उक्त रीट निवेदनहरूमा प्रसिद्ध विधिशास्त्री सालमण्ड (Salmand) ले प्रत्यायोजित विधायनका सम्बन्धमा उल्लिखित गरेको

कुरालाई तथा सर्वोच्च अदालतमा पूर्व नजीरलाई समेत उद्धृत गर्दै भए गरेको उक्त फैसला/आदेशको प्रकरण नं.२५ मा *"प्रस्तुत विवादको सन्दर्भमा हेर्दा कम्पनी ऐन, २०६३ मा प्रयोग भएको "व्यक्ति" शव्दभित्र सहकारी र वित्तीय संस्था पर्ने भएको र सहकारी संस्थाहरूले आफ्नो कार्य सञ्चालन र व्यवस्थापनको लागि चल-अचल सम्पत्ति खरिद गर्न पाउने समेत सन्दर्भमा कम्पनीको शेयर लिन नपाउने व्यवस्था उक्त ऐनले नगरेको अवस्थामा ऐ. ऐनको दफा १६ ले दिएको अधिकार प्रयोग गरी कम्पनी रजिष्ट्रारको कार्यालयको रजिष्ट्रारले जारी गर्ने निर्देशिका कम्पनी ऐनको कार्यान्वयन तथा कम्पनीको प्रशासन गर्ने हेतुले सो ऐनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी सोको कार्यान्वयन तथा कम्पनीको प्रशासन सम्बन्धी कार्य प्रभावकारी वा व्यवस्थित रूपमा सम्पादन गर्नको लागि सम्म जारी गर्न सक्ने भएकोले कम्पनी ऐनमा हुँदै नभएको व्यवस्थालाई कार्यान्वयन गर्न वा कम्पनीको प्रशासन गर्ने निहुँमा सोको सर्वमान्यतामा प्रतिकूल हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालय तथा उक्त कार्यालयका रजिष्ट्रारबाट जारी भएको निर्देशिकाले पक्षको हकमा प्रभाव पर्ने गरी ऐनको प्रावधान विपरित कार्य गर्नुपर्ने बाध्यात्मक अवस्था सृजना गर्न मिल्ने देखिएन। यसरी प्रस्तुत रिट निवेदनमा निवेदकले जिकिर लिए बमोजिम सहकारी संस्थाले आफ्नो शेयर डिबेन्चर हस्तान्तरण गर्न पर्ने र तोकेको अवधिभित्र हस्तान्तरण नगरेको शेयर वा डिबेन्चरमा लगानी वापत कुनै लाभांश वा प्रतिफल नपाउने गरी कम्पनी निर्देशिका, २०७२ को दफा ६ को उपदफा (३), (४) र (५) को व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ३, दफा १३ को व्यवस्था विपरित देखिन आयो। ऐनको अख्तियारी बाहिर निर्मित सो व्यवस्था अवैध देखिन आयो। यस्तो अवस्थालाई ऐनको सारभूत व्यवस्थाको प्रतिकूल मान्नु पर्ने हुँदा प्रत्यायोजित विधायन मूल ऐनले निर्धारण गरेको क्षेत्र भन्दा बाहिर गएमा त्यस्तो विधान अवैध हुने भएबाट पनि मूल ऐन विपरितको उक्त निर्देशिकाको कुनै कानुनी हैसियत नहुने कुरा स्थापित हुने नै देखियो।" अन्तमा फैसला/आदेशको प्रकरण नं. २६ मा "तसर्थ माथि विवेचित आधार र कारणहरूबाट कम्पनी निर्देशिका, २०७२ को दफा ६ को उपदफा (४) र (५) का प्रवधानहरू कम्पनी ऐन, २०६३ बाट थप गरिएको ऐ.दफा ६ को उपदफा (३) र उक्त निर्देशिकाको पहिलो संशोधन २०७३ बाट थप गरिएको ऐ. दफा ६ को उपदफा (४) र (५) का प्रावधानहरू कम्पनी ऐन, २०६३ को दफा ३, र दफा १३ समेत विपरित देखिएको उक्त कम्पनी निर्देशिका (पहिलो संशोधन), २०७३ को दफा (३), (४) र (५) उत्प्रेषणको आदेशले प्रारम्भ भएको मितिबाट शुन्य घोषित भई बदर हुने ठहर्छ।"* भन्ने समेत बेहोराका फैसला भएको छ।

सहकारी ऐन, २०७४ को दफा ५० (६) मा सहकारी संस्थाहरूले सहकारी बैंकको शेयर किन्न पाउने व्यवस्था थियो।

अन्तमा यो फैसलाले बैंक वित्तीय संस्था र यसका शेयरधनी संस्थाहरूका लागि कम्पनी निर्देशिका, २०७२ को दफा ६ को उपदफा (३), (४) र (५) ले पारेको कठिनाई कानुनतः अन्त्य भएको छ। सहकारी ऐन, २०७४ को दफा ५० (६) मा सहकारी संस्थाहरूले सहकारी बैंकको शेयर किन्न पाउने व्यवस्था थियो। तर यस बैंकको शेयर किन्न पाउने कुरा बैंक र संस्थाहरूको तर्फबाट उल्लिखित रीट दर्ता भए पश्चात २०७५ सालमा उक्त सहकारी ऐनको उक्त दफा ५० (६) मा सहकारी संस्थाहरूले यस वित्तीय संस्थाको शेयर किन्न पाउने व्यवस्था संशोधन भई आएको छ।

यदि यो बैंक र शेयरधनी संस्थाहरूले कानुनी उपचारका लागि तत्काल सर्वोच्च अदालतमा रीट दर्ता नगरी बसेको भए र उक्त रीटमा अन्तरिम आदेश तत्काल नआएको भए निर्देशिकामा उल्लिखित २ वर्षे अवधि भित्र संस्थाहरूका नाममा यस वित्तीय संस्थामा रहेको शेयर बिक्री वा हस्तान्तरण गर्नुपर्ने थियो। आज यो वित्तीय संस्था र यसका शेयरधनी सहकारी संस्थाहरू यो रूपमा सँगसँगै अघि बढ्न नसक्ने स्थिति आउने थियो तसर्थ सर्वोच्च अदालतबाट गरिएको उल्लिखित फैसला, यो वित्तीय संस्था, शेयरधनी सहकारी संस्था र सम्बन्धित सरोकारवाला सबैंका लागि त्यत्तिकै महत्त्वपूर्ण हुनुका साथसाथै नजीरको रूपमा यो फैसला रहेकोछ।

नेपालको आर्थिक विकासमा लघुवित्तको भूमिका–समस्या तथा सुझावहरू

गम्भीर बहादुर हाडा
अधिवक्ता तथा सह प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस (अवकासप्राप्त)

परिचय

सरल अर्थमा "लघुवित्त" भन्नाले स-साना परिमाण र स्तरमा लक्षित वर्गलाई पुऱ्याउने वित्तीय सेवाहरू भन्ने बुझिन्छ । अर्थात्, स-साना आकारको कर्जाको माध्यमबाट समाजमा अति कम गरिबीको जीवनस्तर सुधार गर्न व्यवस्था गरिने पुँजीको व्यवस्थालाई लघुवित्त भनिन्छ। प्रायः "लघुवित्त" र "लघुऋण" लाई पर्यायवाची रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। तर "लघुवित्त" को दायरा तुलनात्मक रूपमा निकै विस्तृत र फराकिलो छ र यसले लघुऋण, वचत परिचालन, लघु विमा लगायत अन्य वित्तीय सेवाहरूलाई समेटेको छ। लघुवित्तको मुख्य अवधारणा हो : निम्न आय भएका बैंक तथा अन्य संगठित वित्तीय संस्थाहरूबाट प्रदान गर्ने वित्तीय सेवाहरूमा पहुँच नभएका र पुँजीको अभावले आर्थिक उन्नतिका पहुँच नभएका र पुंजीको अभावले आर्थिक उन्नतिका अवसरहरूबाट वञ्चित रहेका समुदायहरूमा लघुकर्जा तथा बचत परिचालनमा सेवामार्फत उत्पादनशील रोजगारी र आयस्रोत वृद्धि गरी गरिबी निवारणमा सहयोग पुऱ्याउनु हो। यसको मुख्य विशेषता भनेको लक्षित वर्गमा विनाधितो सामूहिक जमानीमा कर्जा प्रवाह गर्नु र यस्तो कर्जाको असुलीदर सामान्यतयाः लगभग शत प्रतिशत वा त्यसको हाराहारी हुनु हो । अन्य विशेषताहरूमा नियमित रूपमा सामुहिक बचत परिचालन गर्नु र यस्तो बचतलाई समुहमा सदस्यहरूको आवश्यकता र प्राथमिकता अनुसार लघुकर्जाको रूपमा गर्नु पर्दछ।

साधारणतया नेपामला निम्न प्रकारका लघु व्यवसाय सञ्चालन गरेको पाइन्छ। जस्तैः- तरकारी, अदुवा, लहसुन, केरा, भूईकटहर, मेवा जस्ता नगदेवाली, दुग्ध उत्पादन, सुगुर/बंगुरपालन, हाँस, कुखुरा, खरायो पालन, साना सिँचाइ व्यवसाय, कृषिजन्य उत्पादन, कृषि बजार तथा खुद्रा पसल, खुद्रा व्यापार एवं सेवा, साना घरेलु उद्यम आदि । (स्रोतः Nepal Rural Finance Project, Draft Final Report, Kathmandu, 31 March 1998, His Majesty's Government, ADB/Manila)। यसरी नेपालको सन्दर्भमा हेर्दा लघु व्यवसायअन्तर्गत कृषि लगायत सबै प्रकारका सहरी तथा ग्रामीण क्रियाकलापहरूलाई समावेश गरेको पाइन्छ।

लघुवित्तका विशेषताहरूलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छः

१. मिश्रित क्रियाकलाप गर्न सकिने, २. छोटो अवधि र आवधिक ब्याज असुली, ३. समूहको गठन र नियमित बचतको व्यवस्था, ४. विनाधितो वा सामूहिक जमानीमा कर्जा प्रवाह, ५. धितोरहित तरिकाले ऋण लगानी गर्ने व्यवस्था, ६. शिक्षा, सीप, ज्ञान र तालिमलाई जोड दिने व्यवस्था, ७. गरिबहरूको आत्मसम्मान र प्रतिष्ठाको सम्मान गरिने, ८. बचत तथा ऋण कार्यक्रम एकै साथ सञ्चालन गरिने, ९. समूह जमानीमा आधारित भएर कर्जा प्रवाह गर्ने प्रक्रिया, १०. सानो आकारको कर्जा तथा किस्ताबन्दी भुक्तानीको प्रक्रिया, ११. परिवार तथा व्यक्तिका आवश्यकताहरू पूर्तितर्फ केन्द्रित हुन्छ, १२. अरूको व्यक्तिगत ग्यारेन्टीमा पनि ऋण प्रदान गरिने व्यवस्था

प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा कार्यक्रम हटाईसकेको परिप्रेक्ष्यमा संस्थागत रूपमा निक्षेप बिमा, कृषिक्षेत्रहरूमा बाली बिमा, पशु बिमा विस्तार, ग्रामीण सौर्य प्रणाली बिमाजस्ता आवश्यक उपकरणहरूको उपलब्धता सहितको लघु वित्त सेवाको विस्तारसहित कृषि ग्रामीण र लघु कर्जाको माग बढ्दै गइरहेको वर्तमान परिप्रेक्ष्यमा नेपालमा लघुवित्तको विकास सम्भव देखिन्छ। नेपालमा लघु वित्तको विकास गर्न सकिने सम्भावनाहरूलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गर्न सकिन्छ :

१. **आम गरिबी** : नेपालमा अझै चरम गरिबी छ। गरिबी न्यूनीकरण गर्नका लागि गरिबहरूलाई सानो आकारको वित्तीय सेवा प्रवाह गर्ने प्रचुर मात्रामा अवसरहरू छन्।

२. **न्यून स्तरको उद्यमशीलता**: उद्यमशीलताको विकास गर्न आर्थिक स्रोतको आवश्यकता पर्दछ । नेपालमा अझै सम्म उद्यमशीलताको विकास हुन सकेको देखिदैन । तसर्थ लघु वित्तको माध्यमद्वारा महिला, आदिवासी, सीमान्तकृत आदि सबैलाई उद्यमी बनाउनका लागि कर्जाको आवश्यकता पर्ने हुनाले लघु वित्तको विकास गर्ने सम्भावना देखिन्छ।

३. **भौगोलिक विकटता**: भौगोलिक विकटताका कारण आजसम्म दूरदराजमा बैंकिङ सुविधा पुग्न नसकेको अवस्थामा दुर्गम क्षेत्रमा लघु कर्जाको विस्तार गर्ने अथाह अवसर देखिन्छ।

४. **क्षेत्रीय असन्तुलन**: क्षेत्रीय असन्तुलन पनि लघु वित्त विकास गर्ने अर्को अवसर मानिन्छ। साना आर्थिक क्रियाकलापहरूको सञ्चालनद्वारा पछाडि परेका क्षेत्रहरूलाई समानान्तर विकास गर्न सकिने हुनाले नेपालमा लघु कर्जाको सम्भावना तीव्र देखिन्छ।

५. **साना किसानहरूको वर्चस्व**: नेपाल कृषि प्रधान देश भनेर चिनिन्छ । तर नेपालमा साना किसानको सङ्ख्या धेरै छ। उनीहरूलाई जीविकोपार्जनदेखि साना व्यवसाय सञ्चालनका लागि सानै लगानी आवश्यक पर्दछ । लघु कर्जाले सानो आकारको वित्तीय सेवा प्रवाह गर्ने हुनाले लघु वित्तद्वारा साना किसानहरूको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ।

नेपालमा २०२७ सालदेखि लघुवित्त कार्यक्रमको सुरुवात भएको देखिन्छ सुरुवातमा साना किसान विकास कार्यक्रममार्फत नेपालमा लघु बचत तथा कार्यक्रम विस्तार भएपनि २०४७ सालदेखि बंगलादेशको ग्रामिण बैंकको अध्ययन अनुगमन पश्चात लघुवित्त वित्तीय संस्थाहरूलाई लघुवित्त विकास बैंकको रूपमा स्थापना गर्ने सुरुवात भएको पाईन्छ। नेपाल राष्ट्र बैंकबाट प्रकाशन भएको प्रतिवेदन अनुसार २०८१ असार मसान्तसम्म ५२ वटा लघुवित्त संस्थाहरू छन् । जसमध्ये ३९ वटा राष्ट्रियस्तरको, ४ वटा क्षेत्रीय/जिल्लास्तरको र ९ वटा प्रादेशिक स्तरका छन् । यी संस्थाहरूका कुल ४ हजार ९५८ शाखा कार्यालयमार्फत प्रत्यक्ष रूपमा ६१ लाख भन्दा बढी परिवारले वित्तीय सेवाहरू प्राप्त गरिरहेका छन्। जसमध्ये करिब २७ लाखभन्दा बढीले कर्जा सेवा उपभोग गरिरहेको देखिन्छ। लघुवित्तमार्फत वित्तीय सेवा प्रदान गर्न २१ हजारभन्दा बढी कर्मचारीहरू खटिएका छन्।

लघुवित्तको महत्त्व

गरिबी निवारणको लागि अस्त्र मानिएको लघु वित्त कार्यक्रमले गरिबलाई विभिन्न आयामबाट सेवा पुऱ्याउन सक्छ, जस्तैः

स-साना पुँजीको व्यवस्थापन र श्रमको सही सदुपयोग, उद्यमशीलतातर्फ उन्मुख स्वरोजगारको सृजना, बचत गर्ने बानीको विकास र फजुल खर्चमा कटौती, शैक्षिक स्तर वृद्धि गर्न विद्यालय जाने प्रवृत्तिको विकास, महिला सशक्तीकरणमा सघाउ, नेतृत्व विकासमा सहयोग, सामाजिक विभेदमा कमी, आर्थिक दृष्टिकोणले सम्पन्न परिवार र समाजको निर्माण।

नेपाल राष्ट्र बैंकबाट इजाजजतप्राप्त १६ सहकारी संस्थाहरूले कानुनी तबरमा नै निक्षेप सङ्कलन र कर्जा प्रवाहको कार्य गरी आएका छन्। यसका अतिरिक्त मुलुकभर रहेका करिब १८ हजार सहकारी संस्थाहरूमध्ये ८ हजार बचत तथा ऋण सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई लघुवित्त सेवा दिइआएका छन् । नेपालमा विगत एक दशकको अवधिमा लघुवित्तको क्षेत्रमा उल्लेखनीय प्रगति हासिल भएको देखिन्छ।

वास्तवमा लघुवित्त सेवाको महत्त्व बढ्नुका कारणहरू यस्ता छन् :

सेवाग्राहीको घरदैलोमा नै सेवा प्रदान, विपन्न वर्गका लागि विनाधितो समूह जमानीमा ऋण प्रवाह, सरल र सुलभ तरिकाबाट ऋण प्रवाह, सीप विकास तथा सचेतना अभिवृद्धिमा जोड, विपन्न वर्गमा आत्मनिर्भरतालाई प्रोत्साहन, बचत गर्ने

प्रवृत्तिको विकास, सामूहिक दायित्वबोध।

लघुवित्त कार्यक्रमको नियमित अनुगमन आवश्यक हुन्छ। विभिन्न उद्देश्यका साथ काम गरिने हुनाले प्रयोजन अनुसार साधन र स्रोतको उपयोग हुन सके/नसकेको तर्फ बारम्बार ध्यान दिनु जरुरी हुन्छ। सामूहिक कार्यमा मानिसको संलग्नता, उद्देश्यअनुसार लगानी भए/नभएको लगायतका थुप्रै कुराको नियमित अनुगमन तथा तिनको मूल्याङ्कन आवश्यक हुन्छ। सामाजिक रूपमा मूल्याङ्कन गरेर मात्र थप प्रभावकारी कदम चाल्न सकिने हुनाले अनुगमन तथा मूल्याङ्कनका क्रियाकलापलाई महत्त्व दिई कार्यक्रम सञ्चालन गर्नु जरुरी हुन्छ।

नेपालमा लघुवित्तको विकास र विस्तारको हालसम्मको सफलताबाट देहायबमोजिम सकारात्मक प्रभाव परेको मूल्याङ्कन गर्न सकिन्छ :

- विनाधितो सामुहिक जमानीमा गरिबमा प्रवाह गरिएको लघुकर्जाको असुली उत्साहजनक रहेको, विपन्नवर्ग पनि बैंकिङ्ग (कर्जा र बचत) कारोबार गर्न योग्य (bankable) रहेको, लघुकर्जा र बचतका बीच गहिरो अन्तरसम्बन्ध रहेको,
- लघुकर्जा प्राप्त गर्ने वर्ग बचत गर्न पनि सक्षम भएको, धितोमा आधारित कर्जाभन्दा सामुहिक जमानीमा दिइने लघुकर्जा सुरीक्षत र कम जोखमिपूर्ण रहेको, कर्जा सँधै धितोमुखी हुन्छ भन्ने अवधारणामा परिवर्तन आएको,
- सामुहिक जमानीमा लघुकर्जा प्राप्त गर्ने विपन्न वर्ग कर्जा अनुशासनमा बस्न सक्षम रहेको, सुशासनमा सञ्चालन हुने लघुवित्त संस्थाहरू वित्तीयहरूले सम्भाव र दिगो हुनसक्ने प्रमाणित भएको, लघुवित्त सेवाको प्रभावकारी र कुशल व्यवस्थानका लागि संस्थागत क्षमता सुदृढ हुनु पर्ने,
- महिलावर्ग कर्जाको प्रवभाकरी उपयोग गर्न सक्षम र इमान्दार भएको, कर्जा अनुशासनमा बस्ने ऋणी थप ऋण प्राप्त गर्न योग्य भई क्रमिक रूपमा ठूला परियोजना सञ्चालन गर्न सक्षम हुने,
- ब्याजदर तुलनात्मक रुपले उच्च रहेको भएपनि सेवाग्राहीका लागि ब्याजदर प्रमुख मुद्दा नभएको, लघुवित्त सेवाका लागि सरकारीभन्दा निजीक्षेत्र प्रभावकारी र सफल रहेको,
- सरकारी निकाय र अनुदानबाट सञ्चालित लघुवित्त सेवा बढी प्रभावकारी नहुने, ग्रामीण बजारको विकासमा सहायक भएको, लघुवित्त संस्था समुदायमा मिलेर काम गर्ने प्रवृत्तिमा वृद्धि भएको,
- ग्रामीण समुदयामा शिक्षा, स्वास्थ्य, सरसफाई, वातावरण जस्ता पक्षमा चेतनशील बनेको, सिपमूलक तालिमबाट कर्जाको सदुपयोग र आयआर्जनमा वृद्धि भएको, लघुवित्त सेवाका लागी पेशागत दक्षता आवश्यक भएको।

लघुवित्तको विकासमा देखा परेका समस्या तथा चुनौतीहरू

लघुवित्तका कर्मचारीहरू लक्षित वर्गबारे र कार्यक्रम सञ्चालन गर्ने तौरतरिकाबारे प्रशिक्षित नहुँदा पनि धेरै समस्या देखा परेका छन्। यी समस्या समाधान गर्नका लागि नेपाल राष्ट्र बैंकले कर्मचारी क्षमता अभिवृद्धिका लागि संस्थाहरूलाई प्रेरित गर्ने नीतिगत व्यवस्था गरेको छ। तर यसका लागि लघुवित्तहरू आफै अग्रसर हुनुपर्छ। सञ्चालकले आफ्ना सस्थाको उद्देश्यपूर्तिका लागि कस्तो ज्ञान, सीप क्षमता भएको जनशक्ति चाहिन्छ भन्ने बीचार गर्नुपर्छ र सो अनुसारको प्रबन्ध गर्नुपर्छ। ऋण लिने सदस्यहरूले पनि सजग भएर कारोबार गर्नुपर्छ। आफूले लिएको रकम आफूजस्तै मानिसहरूले बचत गरेका हुन्, तिनले मागेको बखत बैंकले फिर्ता गर्नुपर्छ, तसर्थ लिएको ऋण सदुपयोग गरेर समयमा तिर्नुपर्छ भन्ने भावना हुनुपर्छ। ऋण तिर्नुपर्छ भन्ने भावनाले मानिसलाई जाँगरिला र आय आर्जनपट्टि लगनशील बनाउँछ। कुनै नकारात्मक प्रतिक्रियाको पछि लागेर आफ्नो वित्तीय अनुशासनलाई बिग्रन दिन हुँदैन।

वित्तीय सचेतनाको कमी, कर्जा सदुपयोगीतामा लापरवाही, ऋणीहरूबाट कर्जाको भुक्तानी समयमा नहुनु, कर्जा पाउनको लागि भुठा विवरण पेश गर्ने, राजनीतिक अस्थिरता, केही समूहद्वारा अमर्यादित कार्यक्रम हुनु, लघुवित्त संस्थाहरूबीच अस्वस्थ प्रतिस्पर्धा, संस्था र ग्राहकबीच अविश्वास, कर्मचारी पलायन जस्ता समस्याहरू छन्। वित्तीय सेवा प्रदान गर्ने सम्पूर्ण बैंक वित्तीय संस्थालाई एउटै कार्यक्षेत्र तथा सिमा निर्धारण हुनु, नियामक निकायमै लघुवित्त कार्यक्रमप्रति अस्पष्टता, लगानीकर्ताको लगानी सुनिश्चिततामा प्रश्न उठ्नु, सञ्चालक

समिति प्रत्यक्ष रूपमा व्यवस्थापनमाथि हाबी हुनु, कर्मचारीले लघुवित्त क्षेत्रमा भविष्य नदेख्नु जस्ता थुप्रै आन्तरिक तथा बाहिरी समस्याहरू पनि छन् ।

समस्या तथा चुनौतीहरूलाई समाधान गर्ने उपायहरू

केही महत्त्वपूर्ण कृति समीक्षा र वर्तमान अवस्थाको विश्लेषणका आधारमा यस क्षेत्रको दीर्घकालीन विकासका लागि देहायका सुझाव प्रस्तुत गरिएको छ :

- सिद्धान्तः लघुवित्तलाई गरिबी निवारणको महत्त्वपूर्ण औजारका रूपमा अंगीकार गरिएको छ । नेपालको सन्दर्भमा समेत उचित विधिको प्रयोग गरी गरिबी न्यूनीकरणमा समग्र लघुवित्तको भूमिकाका सम्बन्धमा विस्तृत अध्ययनको आवश्यकता छ ।
- लघुवित्त सञ्चालन मोडेलका सम्बन्धमा स्पष्ट हुनु आवश्यक छ । एकातर्फको सिद्धान्त र भिन्न कार्यशैलीका कारण सरोकारवालाबीच भ्रम उत्पन्न भई असामान्य स्थिति सिर्जना हुनेतर्फ सजग हुनु आवश्यक छ ।
- 'घ' वर्गका लघुवित्त संस्थाहरू कम्पनी ऐनअन्तर्गत दर्ता भई नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरी सञ्चालनमा छन् । विपन्न वर्गमा कर्जा प्रवाह गरी उच्च मुनाफा वितरण गर्ने प्रवृत्तिले यी संस्थाहरूमाथि नैतिकताको प्रश्न उठेको छ। यस सम्बन्धमा नेपाल राष्ट्र बैंकले लघुवित्तको मूल लक्ष्य किटान गरी सञ्चालन सहजता कायम गर्न थप पहल गर्नुपर्दछ ।
- विभिन्न अध्ययनअनुसार वित्तीय समावेशीकरणमा लघुवित्तको उल्लेख्य भूमिका रहने भएकाले लघुवित्तको मुख्य लक्ष्यअन्तर्गत विपन्न ग्रामीण क्षेत्रमा वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गरी उच्च गुणस्तरको वित्तीय सेवा प्रवाह किटान गरी नीति निर्देशन गर्ने ।
- लघुवित्तको प्रभावकारिताका लागि आवश्यक क्रियाकलापको प्राथमिकता निर्धारण गर्न । वित्तीय साक्षरता तथा क्षमता विकासलाई पहिलो प्राथमिकता, लघुबचत प्रोत्साहनलाई दोस्रो तथा लघुकर्जा प्रवाहलाई तेस्रो प्राथमिकताअनुसार सञ्चालन गर्ने । निर्धारित प्राथमिकतालाई संस्थागत सुशासनकै अङ्ग निर्धारण गर्ने ।
- वित्तीय पहुँच कम भई आर्थिक विपन्नता उच्च भएका क्षेत्रको पहिचान गरी वित्तीय समावेशिता प्रवर्द्धनका लागि लघुवित्त संस्थाको आवश्यक भूमिकाका लागि नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- लघुबचत प्रोत्साहनमा लघुवित्तको भूमिका अभिवृद्धिका लागि प्रभावकारी कार्ययोजना तयार गरी कार्यान्वयन गर्न उपयुक्त हुने । यसका लागि संस्थामा कार्यरत कर्मचारीको क्षमता विकासका लागि स्तरीय पाठ्यक्रम तर्जुमा गरी एकीकृत रूपमा कार्यान्वयन गर्ने ।
- लघुवित्तलाई सामाजिक बैंकिङ्ग अवधारणाअन्तर्गत सञ्चालन गर्ने सम्बन्धमा नेपाल सरकार, राष्ट्रिय योजना आयोग र नेपाल राष्ट्र बैंकका नीतिमा उल्लेख गरिएको सन्दर्भमा विगतको क्षेत्रीय ग्रामीण विकास बैंकको अनुभव समेतलाई आत्मसात गरी कार्यान्वयनको रुपरेखाका सम्बन्धमा अविलम्ब निर्णय गर्ने । यसमा स्रोतको आत्मनिर्भरता तथा स्रोतको सदुपयोगिता सम्बन्धमा मिहीन ढंगले विश्लेषण गरी नीति कार्यान्वयन गर्ने ।
- लघुवित्त संस्थाको सञ्चालन खर्च न्यूनीकरण गर्नका लागि प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने । देशका अधिकांश स्थानमा इन्टरनेट र स्मार्टफोनको पहुँच व्यापक विस्तार भइरहेको सन्दर्भमा सम्पूर्ण लघुवित्त क्रियाकलापलाई नै प्रविधिसँग जोड्नका लागि सम्भाव्यता अध्ययन गर्ने ।
- नेपाल राष्ट्र बैंकले गरेको अध्ययनले पनि नेपालमा वित्तीय साक्षरताको स्तर कमजोर देखाएकाले बैंकका प्रदेशस्थित कार्यालय र स्थानीय सरकारको समन्वयमा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्ने । यस्ता कार्यक्रमको वास्तविक र निष्पक्ष प्रभावकारिता मापनका लागि स्वतन्त्र निकायबाट प्राविधिक सहयोग लिने ।
- नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त लघुवित्त संस्थाको संख्या २०७९ असार मसान्तमा करिब ६५ वटा रहेको सन्दर्भमा आर्थिक सामाजिक अवस्थालाई मध्यनजर गर्दै आवश्यक लघुवित्त संख्या यकिन गरी कमजोर अवस्थामा रहेका संस्थालार्य मर्जरका लागि थप नीतिगत पहल गर्ने ।
- लघुवित्त संस्थाको सुपरिवेक्षणलाई थप प्रभावकारी

बनाउने । सुपरिवेक्षणमा बहुबैंकिङ्ग, कर्जा सदुपयोग निरीक्षण, सदस्य शिक्षा, कर्मचारीलाई दिइने लक्ष्यजस्ता कार्यको सूक्ष्म निरीक्षण गर्न । बहुबैंकिङ्गको अवस्था पहिचानका लागि आवश्यक अध्ययन गर्ने ।

- वित्तीय पहुँच विस्तार र लघुवित्त संस्थालगायत ठूला सहकारी संस्थाको नियमनका लागि छुट्टै निकायको स्थापनाका सम्बन्धमा विभिन्न प्रतिवेदनमा प्रस्तुत सुझावका सन्दर्भमा तुरुन्तै निर्क्यौल गर्ने ।

लघुवित्त संकट समाधान गर्न १७ बुँदे सुझाव

सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत (सिइओ) ले लघुवित्त क्षेत्रमा उत्पन्न गम्भीर संकटको दीर्घकालीन समाधानका लागि बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदललाई १७ बुँदे सुझावपत्र बुझाएका छन् । प्रमुखले नेपाल राष्ट्र बैंक पुगेर कार्यदलका संयोजक र कार्यकारी निर्देशकलाई सो सुझाव प्रस्तुत गरेका हुन् ।

उक्त सुझावपत्रमा उनले 'लघुवित्त क्षेत्र सुधारको रूपरेखाका आधारमा ३ वर्षे संरचनात्मक सुधार कार्यक्रम आवश्यक रहेको बताएका छन् । वर्तमान संकटको समाधान सतही उपायबाट सम्भव नभएको उल्लेख गर्दै उनले ब्याजदर नियन्त्रण, संस्थागत मर्जर, ऋणी शिक्षामा जोड, ग्रामीण वित्तीय मोडेलको पुनरावलोकन र सामाजिक सशक्तीकरणमा आधारित दीर्घकालीन रणनीति प्रस्तुत गरेका छन् ।

कृषि तथा ग्रामीण कर्जाको अत्यधिक मागको आवश्यकतालाई पूर्ति गर्न विद्यमान वैंक तथा वित्तिय संस्थाहरूको श्रोत पर्याप्त नभएकोले ग्रामीण स्वावलम्बन कोषको रूपमा नेपाल राष्ट्र बैंकमा एक दीर्घकालीन कोषको व्यवस्था गरी वित्त परिचालन गरिनु आवश्यक देखिन आउँछ । यसको साथसाथै विपन्न वर्गहरूमा लघु कर्जाको पहुँच वृद्धि गर्न विद्यमान संस्थागत संरचनामा सुधार गरी ग्रामीण क्षेत्रमा बढी भन्दा बढी लघु वित्तीय संस्थाहरूको माध्यमबाट कर्जा लगानी विस्तार गरिनु अति आवश्यक ठहरिन आउँछ ।

गरिब र धनी बीच असमानताको खाडललाई उपयुक्त कार्यक्रमहरूको माध्यमबाट न्यूनीकरण गर्दै देशबाट गरिबी निराकरण गर्नु एक कठीन र चुनौतीपूर्ण कार्य भएको छ । भौतिक सुविधाको खोजी र विभिन्न देशीय परिस्थितिका कारण जनतामा बढेको क्षेत्रगत चलायमानता तथा सो को चाप सुरक्षित स्थान, नगर क्षेत्र र बढी सुविधा प्राप्त स्थानमा केन्द्रित रहेको हुँदा सहरी गरिबीजन्य समस्याको सम्बोधन गर्नु अत्यन्त चुनौतीपूर्ण देखिएको छ । देशमा रहेको बेरोजगारीको समस्यालाई घटाउन देशको हरेक क्षेत्रमा स्थानीय सीप, पुँजी र प्रविधिको पहिचान गरी कार्यक्रम सञ्चालन गर्न र त्यस्ता कार्यक्रममा स्थानीय बेरोजगार युवायुवतीहरूलाई संलग्न गराउने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।

लघुवित्त गरिबी निवारणमा प्रभावकारी औजार साबित भएको धेरैजसो अन्तर्राष्ट्रिय अध्ययनबाट देखिएको छ तथापि कुनै कुनै अध्ययनले लघुवित्तले गरिबी घटाउनुभन्दा बढाएको पनि देखिन्छ । नेपालका सन्दर्भमा गरिबी निवारणमा (शिक्षा, आवास, उपभोग, आम्दानी र सम्पत्तिको सञ्चय) लघुवित्तले सकारात्मक प्रभाव पारेको देखिएको छ । न्यून आर्थिक वृद्धि, गरिबी, असमानता, कमजोर आन्तरिक उत्पादन न्यून गार्हस्थ बचत तथा लगानी, कमजोर लगानीमैत्री वातावरण, अनौपचारिक आर्थिक क्षेत्र, उच्च व्यापार घाटा, प्रतिभा पलायन, विप्रेषणमुखी अर्थतन्त्र र बेरोजगारी लगायतका आर्थिक समस्या भोगिरहेको अहिलेको पृष्ठभूमिमा लघुवित्त, आर्थिक वृद्धि र रोजगारीलाई जोड्न सक्नुपर्छ जसबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी सिर्जना गरी, उत्पादन वृद्धि, आम्दानी वृद्धि र आर्थिक वृद्धि गर्न सकिने र माथि उल्लेखित आर्थिक समस्यालाई केही हदसम्म हल गर्न सकिने अध्ययनले देखाएका छन् ।

सहायक ग्रन्थहरू

- *उमा जोशी बोहरा, मर्जरपछि लघुवित्तको शाखा पुनःसंरचना, शाखा विस्तार र पहुँच वृद्धिको सम्बन्ध, अभियान, भदौ ६, २०८२) ।*
- *आर्थिक सर्वेक्षण २०८१/८२, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौँ, नेपाल ।*
- *आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, नेपाल सरकार, अर्थ मन्त्रालय, २०८२ ।*
- *विमलराज खनाल, लघुवित्त क्षेत्रका राम्रा कुराहरू बाहिर ल्याउने, साना किसान, वर्ष २३, पूर्णाङ्क २९, २३ औँ वार्षिकोत्सव विशेषाङ्क ।*
- *डा.शिवराम प्रसाद कोइराला, साना किसान विकास लघुवित्तको मुख्य लक्ष्य, साना किसान, वर्ष २३, पूर्णाङ्क २९, २३ औँ वार्षिकोत्सव विशेषाङ्क ।*
- *दिपेन्द्र बहादुर क्षेत्री, लघु उद्यम अर्थतन्त्रको मेरुदण्ड हो-यसतर्फ ध्यान दिऔँ, साना किसान, वर्ष २४, पूर्णाङ्क ३१, २४ औँ वार्षिकोत्सव विशेषाङ्क ।*
- *डा.युवराज खतिवडा, विशिष्टिकृत बैंकको आवश्यकता छ, साना किसानले नेतृत्व गर्न सक्छ, साना किसान, वर्ष २४, पूर्णाङ्क ३१, २४ औँ वार्षिकोत्सव विशेषाङ्क ।*
- *उमा जोशी बोहरा, मर्जरपछि लघुवित्तको शाखा पुनःसंरचना, शाखा विस्तार र पहुँच वृद्धिको सम्बन्ध, अभियान, भदौ ६, २०८२) ।*
- *नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागको २०८०, कार्तिकमा प्रकाशित प्रतिवेदन ।*

व्यवस्थापन सूचना प्रणाली (Management Information System) आवश्यकता र महत्त्व : एक विवेचना

युवराज गैरे
वरिष्ठ प्रबन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

पृष्ठभुमि :

व्यवस्थापन सूचना प्रणाली भनेको संस्थाको योजना निर्माण, निर्णय प्रकृया, नियन्त्रण तथा सञ्चालन कार्यलाई सहयोग पुऱ्याउन आवश्यक सूचना सङ्कलन, प्रशोधन, भण्डारण र वितरण गर्ने व्यवस्थित प्रणाली हो। यसले व्यवस्थापकलाई सही समयमा सही सूचना उपलब्ध गराउँदछ । कुनै पनि संस्थाको समग्र अवस्थालाई चित्रण गर्ने एउटा प्रमुख आधार व्यवस्थापन सूचना प्रणाली हो। व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गर्न सकेको खण्डमा मात्र संस्थाको लक्ष्य प्राप्तिका लागि आवश्यक निर्णय लिन, योजना तर्जुमा गर्न तथा समग्र प्रणालीलाई व्यवस्थित गर्न सहज हुन्छ।

➢ व्यवस्थापन सूचना प्रणालीको परिभाषा (Definition of MIS)

व्यवस्थापनको निर्णय प्रकृयालाई सहयोग पुऱ्याउन सूचना सङ्कलन प्रशोधन तथा वितरण गर्ने कम्प्युटरमा आधारित प्रणालीलाई व्यवस्थापन सूचना प्रणाली भनिन्छ । व्यवस्थापनलाई आवश्यक सूचना प्रदान गरेर सही समयमा सही निर्णय लिनका लागि चाहिने आवश्यक प्रणाली नै व्यवस्थापन सूचना प्रणाली हो ।

➢ व्यवस्थापन सूचना प्रणालीका उद्देश्य (Objectives of MIS)

- **व्यवस्थापनलाई आवश्यक सूचना उपलब्ध गराउने** : यसको प्रमुख उद्देश्य व्यवस्थापनलाई आवश्यक सूचना सही समयमा उपलब्ध गराउनु हो जसले संस्थाको कुनै पनि अवस्थाको जानकारी प्रदान गर्दछ।
- **निर्णय प्रकृयालाई प्रभावकारी बनाउने** : व्यवस्थापन सूचना प्रणालीको सहयोग विना सहि निर्णयहरू लिन असम्भव प्रायः नै हुन्छ । सही समयमा सही निर्णयका लागि यथार्थपरक सूचना प्रणाली आवश्यक हुन्छ।
- **योजना तथा नियन्त्रणमा सहयोग गर्ने** : व्यवस्थापन सूचना प्रणालीको उद्देश्य संस्थामा भविष्यका लागि आवश्यक योजना तयार पार्नु तथा योजना अनुरुप काम भए नभएको विषय जानकारी लिई हुन नसकेको विषयमा आवश्यक नियन्त्रण गर्नमा समेत मद्दत पुऱ्याउनु हो ।
- **समय र लागत घटाउने** : व्यवस्थापन सूचना प्रणालीले समग्र संस्थाको समय र लागत घटाएर कार्य सम्पादनलाई प्रभावकारी बनाउन सहयोग पुयाउनु समेत हो । सही समयमा सही सूचना उपलब्ध भएन भने निर्णय प्रकृया लम्बिन पुग्दछ, जसले संस्थाको समय र लागत दुवै बढाउँदछ।
- **कार्यसम्पादनको निगरानी गर्ने** : कर्मचारीहरूलाई तोकिएको कार्य पुरा भए नभएको जाँच गरी कार्य सम्पादन जाँच गर्ने आधारको रूपमा व्यवस्थापन सूचना प्रणालीलाई लिन सकिन्छ । लक्ष्य अनुरुप प्रगती हासिल भए नभएको जाँच

गरी कर्मचारीहरूको कार्यसम्पादका आधारमा पुरस्कृत तथा दण्ड सजायको समेत योजना बनाउन सकिन्छ ।

➢ व्यवस्थापन सूचना प्रणालीका विशेषताहरू (Features of MIS) :

- **व्यवस्थापन केन्द्रित :** व्यवस्थापन सूचना प्रणाली सदेव व्यवस्थापन केन्द्रित हुन्छ । व्यवस्थापनलाई आवश्यक सूचना उपलब्ध गराउनु यसको मुख्य विशेषता हो ।
- **सूचना आधारित :** व्यवस्थापन सूचना सधैं सूचनामा आधारित हुन्छ । सूचनाहरू प्रायः तथ्याङ्कमा आधारित हुन्छन् । विना सूचना व्यवस्थापन सूचना प्रणाली पुर्ण हुन सक्दैन ।
- **कम्प्युटरमा आधारित :** व्यवस्थापन सूचना प्रणाली कम्प्युटरमा आधारित हुन्छ । विभिन्न सफ्टवेयर, एक्सेल सिटहरू प्रयोगमा ल्याएर आवश्यक व्यवस्थापन सूचनाहरू तयार पारिन्छ ।
- **समयमै सूचना दिने :** संस्थाका विभिन्न तहका लागि आवश्यक सूचना दिनका लागि नै सूचना प्रणाली तयार पारिन्छ । सूचना प्रवाह नै यसको मुख्य अभिष्ट हो ।
- **निर्णयमा सहयोगी :** MIS बाट विभिन्न विषयसँग सम्बन्धिततथ्याँकहरू सङ्कलन, प्रशोधन, अभिलेखीकरण तथा प्रस्तुतीकरण गर्ने माध्यम भएको हुँदा यसबाट प्राप्त तथ्यगत सूचनाहरू निर्णयका लागि खास आधार बन्दछन् । व्यवस्थापन सूचना प्रणालीको अभावमा सही निर्णय लिन गाह्रो हुन जान्छ ।
- **एकीकृत प्रणाली :** MIS सदैव एकिकृत प्रणालीमा आधारित हुन्छ र हुनुपर्दछ जसका लागि संस्थाहरूले MIS विभाग नै बनाएका हुन्छन् जसले आवश्यक सूचनाहरू आवश्यकता अनुसार प्रवाह गर्ने व्यवस्था मिलाएको हुन्छ ।
- **शुद्ध तथा विश्वसनिय सूचना प्रदान गर्ने :** संस्थाले विभिन्न नियामकिय निकाय लगायत आवश्यक ठाउँहरूमा सूचना उपलब्ध गराउनु पर्ने हुन्छ । शुद्ध तथा विश्वसनिय सूचना आदान प्रदान गर्नका लागि नै व्यवस्थापन सूचना प्रणाली व्यवस्थित गरिन्छ ।

➢ व्यवस्थापन सूचना प्रणालीका तत्त्वहरू (Components of MIS)

व्यवस्थापन सूचना प्रणाली व्यवस्थित गर्नका लागि केही महत्त्वपूर्ण कुराहरू आवश्यक हुन्छन् । व्यवस्थापन सूचना प्रणालीलाई देहाय बमोजिमका तत्त्वहरू अनिवार्य हुन्छन् ।

(१) हार्डवेयर : कम्प्युटरमा सूचना प्रणालीका लागि हार्डवेयर अति आवश्यक हुन्छ जसमा कम्प्युटर, प्रिन्टर, नेटवर्क आदि समावेश गर्न सकिन्छ ।

(२) सप्टवेयरः कम्प्युटरमा सूचना प्रणालीका लागि हार्डवेयर जति महत्त्वपूर्ण हुन्छ सफ्वेयर पनि त्यत्तिकै आवश्यक हुन्छ । सफ्टवेयर भन्नाले कार्य सञ्चालनका लागि प्रयोग हुने प्रोग्राम हो ।

(३) डाटा : MIS पूर्णरुपमा डाटा (तथ्याङ्क) मा आधारित हुन्छ । डाटा विना व्यवस्थापन सूचना प्रणालीको कल्पना निरर्थक हुन्छ । यसर्थ डाटा यसका लागि अपरिहार्य तत्त्व हो । सूचना प्रशोधनका लागि आवश्यक तथ्य तथा विवरण यसमा समावेश हुन्छन् ।

(४) मानव संसाधन : मानव संसाधन व्यवस्थापन सूचना प्रणालीको लागि अर्को महत्त्वपूर्ण तत्त्व हो । मानव संसाधन विना : MIS तयार पार्न कठिन मात्र होइन असम्भवप्रायः नै हुन्छ । प्रयोगकर्ता, प्रोग्रामर, व्यवस्थापक आदी यसमा संलग्न हुनुपर्दछ ।

(५) प्रकृया : MIS एउटा प्रकृया हो जसले सूचना सङ्कलन तथा प्रशोधन गर्ने कार्य गर्दछ । विभिन्न माध्यमद्वारा सूचनाहरू सङ्कलन गर्ने तथा प्रशोधन गर्ने कार्यलाई यसमा समावेश गरिन्छ ।

(६) नेटवर्क : व्यवस्थापन सूचना प्रणालीमा समावेश हुने अर्को महत्त्वपूर्ण तत्त्व नेटवर्क हो । संस्थामा हुने विभिन्न शाखाहरूमा एक शाखाबाट अर्को शाखा वा विभागलाई आवश्यक सूचनाहरू विभिन्न माध्यमद्वारा आदान प्रदान गर्नका लागि

नेटवर्क प्रयोगमा ल्याइन्छ।

➢ व्यवस्थापन सूचना प्रणालीका कार्यहरू (Functions of MIS)

- सूचना सङ्कलन (Information/ Data Collection)
- डाटा प्रशोधन (Data Processing)
- रिपोर्ट तयार गर्ने (Report Preparation)
- निर्णयमा सहयोग (Supportive for making decision)
- अभिलेख राख्ने (Documentation)
- नियन्त्रण तथा अनुगमन गर्ने (Monitorin and Controling)

➢ व्यवस्थापन सूचना प्रणालीका प्रकारहरू (Types of MIS)

व्यवस्थापन सूचना प्रणालीहरू विभिन्न प्रकारका हुन्छन् जसमध्ये देहाय बमोजिमका प्रणालीहरू महत्त्वपूर्ण मानिन्छ।

- Transaction Processing System (TPS) (दैनिक कारोबार सम्बन्धी सूचना व्यवस्थापन गर्ने प्रणाली,
- Decision support System (DSS) (निर्णय लिन सहयोग गर्ने प्रणाली,
- Executive Information System (EIS) उच्च व्यवस्थापनलाई आवश्यक सूचना दिने प्रणाली,
- Office automation System (OAS) कार्यालयीय कार्य स्वचालन गर्ने प्रणाली तथा
- Expert System (विशेषज्ञको ज्ञान प्रयोग गरी समस्या समाधान गर्ने प्रणाली।

➢ व्यवस्थापन सूचना प्रणालीका फाइदाहरू (Advantages of MIS)

- छिटो निर्णय लिन सहयोग
- कार्यक्षमतामा वृद्धि
- समय बचत
- लागत नियन्त्रण
- सूचना प्रवाह प्रभावकारी
- योजना निर्माणमा सहज।

➢ व्यवस्थापन सूचना प्रणालीका बेफाइदाहरू (Disadvantages of MIS)

- स्थापना खर्च बढी हुनु
- प्राविधि जनशक्ति आवश्यक हुने
- साइबर जोखिमको खतरा
- प्रणाली विग्रीए कामहरू प्रभावित हुने
- गलत डाटा भए गलत निर्णय पनि गलत हुने।

➢ व्यवस्थापन सूचना प्रणालीका महत्त्व (Importance of MIS)

- आधुनिक व्यवस्थापनको आधार
- प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि
- संगठनात्मक नियन्त्रण प्रभावकारी हुने
- ग्राहक सेवामा सुधार
- उत्पादकत्व वृद्धि।

➢ नेपालमा व्यवस्थापन सूचना प्रणाली MIS को प्रयोग

- बैंक तथा वित्तीय संस्थाहरू
- लघुवित्त वित्तीय संस्थाहरू
- सहकारी संस्थाहरू
- विद्यालय तथा कलेजहरू
- अस्पतालहरू
- व्यापारिक संस्थाहरू/प्रतिष्ठानहरू
- सार्वजनिक संस्थानहरू आदि लगायतका विभिन्न संघ संस्थाहरूमा यसको प्रयोग भइरहेको छ।

निष्कर्ष :

समग्रमा व्यवस्थापन सूचना प्रणालीले व्यवस्थापनलाई सही सूचना सही समयमा सही व्यक्तिलाई उपलब्ध गराएर सही निर्णय लिन सहयोग पुयाउँछ। व्यवस्थापन सूचना प्रणाली आधुनिक संगठनको महत्पूर्ण अंग हो। यसले सूचना व्यवस्थापनलाई व्यवस्थित बनाउँदै योजना, नियन्त्रण तथा निर्णय प्रकृयालाई प्रभावकारी बनाउँछ। सूचना प्रविधिको विकाससँगै यसको महत्त्व दिनप्रतिदिन बढ्दै गइरहेको छ।

कार्यालयको कार्यवातावरण र त्यसले परिणाममा पार्ने असर

केशव राज पौडेल
शाखा प्रबन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
काठमाडौं शाखा कार्यालय

हरेक कार्यलाई व्यवस्थित र सहि तरिकाले सम्पादन गर्नको लागि कार्यालयको आवश्यकता पर्दछ। कार्यालय एउटा भवन, टेवल कुर्ची, दराज, फाईल, कम्प्युटर र त्यहाँ भएका भौतिक संरचना मात्र होइन त्यहाँ काम गर्ने मानव संशाधन समेत हो। मानव संशाधन विना ति भौतिक संरचना र साधनको कुनै अर्थ हुँदैन भनौ वा अस्थित्व नै हुँदैन त्यसैले मानव संशाधन यस्तो महत्त्वपूर्ण अङ्ग हो, जसले कार्यलयलाई पूर्णता दिन्छ। जव कार्यालयले पूर्णता पाउँछ, सँग-सँगै कार्य वातावरणको पनि सृजना हुन्छ। त्यसको वरीपरी रहेको भौतिक तथा मनोवैज्ञानीक परिस्थीतिबाट उत्पन्न वातावरणलाई कार्य वातावरण भनिन्छ। कुनै पनि कार्यालयको कार्यवातावरण भन्नाले कुनै पनि व्यक्ति वा कर्मचारीले काम गर्ने ठाउँको भौतिक, सामाजिक र मनोवैज्ञानिक अवस्थाहरूको समग्रता हो। सरल भाषामा भन्ने हो भने, यसले काम गर्ने स्थानमा पर्ने सबै प्रकारका प्रभावहरूलाई जनाउँछ। जसले कर्मचारीको कार्यसम्पादन, स्वास्थ्य र सुरक्षामा सिधा असर पारिरहेको हुन्छ। खास गरी कार्यवातावरणलाई भौतिक सामाजिक र मनोवैज्ञानीक वातावरणमा विभाजन गर्ने हो भने भौतिक वातावरण अर्न्तगत काम गर्ने ठाउँ, त्यहाँको प्रकाश, तापक्रम, हावा, सरसफाई, शौचालय, सुविधाहरू, यन्त्रोपकरण र भौतिक संरचनाहरू पर्दछन। त्यस्तै सामाजिक वातावरण अर्न्तगत सहकर्मीहरू बीचको सम्बन्ध, टिमवर्क, प्रबन्धकीय सहयोग, संस्थागत मूल्यहरू पर्दछन भने मनोवैज्ञानीक वातावरण अर्न्तगत कामको तनाव, उत्प्रेरणा, सुरक्षाको भावना, आत्मविश्वास र कार्यसन्तुलन जस्ता कुराहरू पर्दछन। राम्रो कार्यवातावरणले संस्थाको लक्ष्य प्राप्तीमा महत्त्वपूर्ण भूमिका खेल्छ भने खराव कार्यवातावरणले उक्त संस्था अधोगति तर्फ लाग्दछ। राम्रो कार्यवातवरणलाई खराव बनाउने तत्त्वहरूलाई समयमा नै पहिचान गर्न सकियो भने त्यसको उचित समाधान गरी संस्थाको समग्र विकासमा र उचित परिणाम ल्याउन मद्दत पुग्दछ। अब चर्चा गरौं राम्रो कार्यवातवरणलाई खराव बनाउने तत्त्वहरू के-के हुन सक्छन त ?

१. **कमजोर नेतृत्व र व्यवस्थापन :**

कुनै पनि संस्थामा नेतृत्व सबै भन्दा मुख्य कुरा हो किनकि नेतृत्वले नै उचित मार्ग पहिचान गरि स्पष्ट योजना बनाई लक्ष्य हासिल गर्नका लागि आफु र आफु मातहतका कर्मचारीलाई सँगसँगै लिएर हिड्न सकियो भने त्यो एक असल र बलियो नेतृत्वको गुण हुन जान्छ। तर आफु भन्दा तलका कर्मचारीलाई पक्षपातपूर्ण व्यवहार गर्नु, उनिहरूका गुनासो सुन्न नसक्नु र आफु निकटकालाई सधै शुरक्षित राख्न खोज्नु भनौ वा उनिहरूको पक्षमा उभिने भनौं वा पक्षपातपूर्ण व्यवहार गर्ने नेतृत्वले कहिल्यै पनि संस्थागत हितमा काम गर्न सक्दैन भन्ने लाग्छ। अझ भनौं त्यस्ता गुण भएका नेतृत्वबाट कहिल्यै पनि स्पष्ट मार्ग निर्देशन हुन सक्दैन किनकि उनिहरूको मुख्य

उद्देश्य नै संस्थाको लक्ष्य प्राप्ती भन्दा सधै समस्या सृजना गर्ने त्यसमा नै रमाउने तथा संस्थामा अस्थिरता मात्र खोज्ने जस्ता प्रवृति विद्यमान हुन्छ। त्यस्तो नेतृत्वलाई कमजोर नेतृत्व र उनिहरूकको व्यवस्थापनलाई कमजोर व्यवस्थापनका रूपमा बुझ्न सकिन्छ। जसले संस्थामा उचित कार्यवातावरणको सृजना गर्न कठिन हुन्छ भनौ वा हुनै सक्दैन र संस्थाले लिएको लक्ष्य अनुसारको परिणाम दिन सक्दैन।

२. **प्रभावकारी सञ्चारको अभाव :**

जुनसुकै संस्थामा पनी प्रभावकारी सञ्चार सबैभन्दा मुख्य मानिन्छ। प्रभावहिनता सञ्चारले संस्थामा समस्या सृजना गर्दछ। अनावश्यक कुरा फैल्याउनु तर चाहिने र अत्यावश्यक कुरा समयमा सञ्चार नहुनु, स्वस्थ र खुला सम्वादको अवसर कर्मचारीलाई प्राप्त नहुनु, अनौपचारिक रूपमा अफवाह फैल्याउनु, सामाजिक सञ्जालमा आफ्नो संस्थाको बारेमा कुनै न कुनै रूपमा खराव र मनगढन्ते कुरा अतिरञ्जीत गरी सम्प्रेष गर्नु जस्ता कुराहरूले पनि संस्थामा भएका राम्रा कर्मचारीलाई काम गर्नको लागि उचित कार्यवातावरण दिन सक्दैन। त्यसैले कार्यवातावरण र प्रभावकारी परिणाममा यसले पार्ने असरको अध्ययन र गहन विश्लेषण गरी निवारण गर्नु आवश्य छ।

> **यसले कर्मचारीहरूमा विश्राम गर्ने समय नहुने र लामो समयसम्म काम गर्नु पर्दा कामको गुणस्तर पनि हुन नसक्ने र कर्मचारीको सोच्न सक्ने क्षमतामा समेत कमि हुन आउने हुन सक्दछ।**

३. **एक आपसमा सम्मानको कमि :**

मानिस स्वभावैले आत्मसम्मान खोज्ने चेतनशिल प्राणी हो। त्यसैले हरेक कर्मचारीले आफ्नो सम्मानजनक अस्थित्व खोजीरहेको हुन्छ। त्यसैले सहकर्मी बीच सम्मानजनक व्यवहार नहुनु, अनावश्यक दुर्वचन तर्क भन्दा मन नपरेको सहकर्मीसँग ठुलो स्वर गरी जीत हासिल गर्न खोज्नु, दुर्व्यवहार गर्नु वा उत्पीडन गर्नु मन नपरेको तर राम्रो काम गर्ने कर्मचारी भए पनी समान अवसर नदिई भेदभावपूर्ण व्यवहार गर्नु जस्ता कुराले पनि कार्यलयको कार्यवातावरण खलल पुऱ्याउँदछ।

४. **क्षमता भन्दा बढी कामको दवाव :**

गर्नु पर्ने कामको लक्ष्य भन्दा धैरै लक्ष्यहरू दिनुले पनि उचित लक्ष्य हासिल गर्न सकिदैन। यसले कर्मचारीहरूमा विश्राम गर्ने समय नहुने र लामो समयसम्म काम गर्नु पर्दा कामको गुणस्तर पनि हुन नसक्ने र कर्मचारीको सोच्न सक्ने क्षमतामा समेत कमि हुन आउने हुन सक्दछ। त्यसैले यसलाई कार्यवातावरणमा नकारात्मक प्रभाव पार्ने तत्वको रूपमा पनि लिन सकिन्छ। कार्यालयमा भएका कर्मचारीहरूको कामको लक्ष्यलाई मुल्याङ्कन गरी उसले गर्न सक्नेसम्मको लक्ष्य दिई परिणाम मुखि बनाई कार्यवातावरणलाई अनुकुलित बनाउनु उपयुक्त हुन जान्छ। किनकी क्षमता भन्दा बढी कामको दवावले कार्यवातावरण असहज बनाउन सक्दछ।

५. **सामुहिक/ सहकार्यको कमि :**

कुनै पनि संस्थामा एक कर्मचारीले अर्को कर्मचारीलाई सहयोग नगर्नु, कुनै पनि काम गर्नु भन्दा अगाडी सामुहिक छलफल नहुनु, कामको जिम्मा नलिनु, अर्कालाई दोषारोपण गर्नु र गलत हुदाँ अरुलाई जिम्मा लगाउनु सहि भएमा आफ्नो योगदान नभए पनि आफुले गरेको जस्तो गरी प्रभाव पार्न खोज्नु र अनावश्यक कुरामा अस्वस्थ प्रतिस्प्रर्धा गर्नु आदि कुराहरू सामुहिक र सहकार्यका बाधक तत्त्व हुन। त्यसैले संस्थामा Organizational Citizenship Behavior (OCB) संस्थाको हितका लागि आफ्नो नियमित कर्तव्य भन्दा बढी योगदान दिने स्वेच्छिक व्यवहार/सहकर्मीलाई अतिरिक्त सहयोग गर्ने जस्ता सामुहिक तथा सहकार्यको विकास भएन भने पनि उक्त संस्थाको कार्यवातावरणमा नकारात्मक प्रभाव पर्न सक्छ।

६. मान्यता र पुरस्कारको व्यवथा नहुनु :

मान्यता र पुरस्कार यस्तो मनोवैज्ञानिक कुराहरू हुन, जसलाइ यसरी पनि व्यक्त गर्न सकिन्छ । जस्तो कि कार्यस्थलमा कर्मचारीहरूको प्रेरणा, सन्तुष्टी र प्रतिवद्धता बढाउने कुराहरू हुनु, कर्मचारीले गरेको राम्रो काम, उपलब्धी, प्रयास वा योगदानको उचित कदर गरिनु र त्यसका लागि कुनै प्रकारको सम्मान वा पुरस्कार प्रदान गरिनु आदिलाई जनाउँदछ। राम्रो कामको प्रशंसा नहुनु, उनिहरूको प्रयासबाट हासिल भएका उपलब्धीहरूको कदर नहुनु र पदोन्ती र अवसरमा समान व्यवहार गर्न नसक्नु जस्ता कुराहरूले पनि कार्यवातावरणमा नकारात्मक प्रभाव पारिरहेको हुन्छ । त्यसैले एउटा संस्थाले उचित परिणाम प्राप्त गर्न यस्ता कुराहरूलाई समेत ध्यानमा राख्नु आवश्यक हुन्छ।

७. कार्यस्थल सुरक्षित र सुविधायुक्त नहुनु :

कर्मचारीले आफ्नो जीवनको उर्जावान समय कार्यालयमा विताएको हुन्छ। त्यसैले कर्मचारीको लागि आफुले काम गर्ने कार्यस्थल सुरक्षित भएको महसुस हुनु अत्यन्त आवश्यक हुन्छ । सुविधायुक्त र सुरक्षित कार्यस्थल उचित कार्यवातारणको एउटा प्रमुख मानक भएकोले कुनै पनि सानो घटना वा कारणबाट पनि कार्यस्थल सुरक्षित नभएको कर्मचारीको मनोभावमा पर्नु, संस्थामा आवश्यक उपकरण वा साधनको अभाव हुनु साथै कार्यस्थलको वातावरण सफा र स्वस्थ नहुनु एक उचित कार्यवातावरण नहुनुको अर्को तत्व हुन सक्दछ। त्यसैले जहिले पनि यस्ता कुराहरूलाई कार्यालय वा संस्थाको परिणामसँग जोडेर हेर्नु पर्दछ।

८. कार्यालयमा अफवाह फैल्याउनु र राजनीति गर्नु :

यो अत्यन्त खराव र संस्थामा कार्यवातावरणलाई नतिजा विहिन हुने गरी खलबल्याउने सबैभन्दा दुषित तत्व हो । कार्यालयमा हरेक कुराको समय छुट्टाइएको हुन्छ । काम कुरो एकातिर कुम्लोबोकि कतातिर भने जस्तो खाना/खाजा खाने समयको नाममा घण्टौ गसिपमा रमाउने, गसिप फैल्याउने, अनावश्यक समूह बनाउने र नचाहिने कुरा गर्ने तथा व्यक्तिगत फाइदाका लागि अरुलाई कमजोर बनाउने, कार्यालयमा राजनीति गर्ने, समूहको नेता बन्न खोज्ने आदि कारणले गर्दा आफु त काम गर्दै-गर्दैन, नयाँ र इमान्दार कर्मचारीलाई समेत नकारात्मक प्रभाव पर्न जान्छ। त्यसैले यस्ता बैधानिक रूपमा नदेखिने तर अत्यन्त खराव कुराहरूलाई समयमा नै पत्ता लगाई उचित व्यवस्थापन गर्न नसकेमा संस्थामा ठुलो क्षति समेत हुन सक्दछ।

९. विश्वासको कमी :

कुनै पनि कर्मचारीले आफुभन्दा तल र आफु भन्दा माथिकोसँगै काम गर्ने व्यक्तिलाई विश्वास गर्न सकिएन भने कामले न गति लिन सक्छ, न नतिजा नै ल्याउन सकिन्छ । त्यसैले विश्वास र सम्मान मागेर र खोजेर पाइने चिज होइन यो भनेको आर्जन गर्न सक्नु पर्दछ । त्यसैले पनि संस्थाको कार्यवातारणमा पार्ने नकारात्मक प्रभावको अर्को छलफल र पत्ता लगाउनु पर्ने तत्त्व विश्वासको कमि हो । यसका लागि उचित वातावरण सृजना गरी परिणाममुखि कार्यवातावरण तयार गर्नु कुनै पनि संस्थाको लागि हितकर हुन जान्छ।

कार्यालयको प्रकृति, कामको प्रकृति, कार्यालयको भुगोल आदिजस्ता कुराले पनि कार्यवातावरणलाई नकारात्मक प्रभाव पार्न सक्दछन । कार्यवातावरणलाई प्रभाव पार्ने तत्त्वहरू फरक-फरक हुन सक्दछन । यो कार्यालयलाई यहि नै कार्यवातावरणले नकारात्मक असर गरिरहेको छ भन्न सकिदैन। किनकी कार्यालय अनुसार कार्यवातावरणलाई नकारात्मक प्रभाव पार्ने यो बाहेक पनि धेरै कुरा हुन सक्दछ जस्तै, सिप विकास नहुनु, नयाँ बीचारलाई प्रोत्साहन नदिनु, कर्मचारीको मनोबल उच्च नहुनु, जस्ता धेरै कुरा हुन सक्दछ। यी मध्ये सबै वा कुनै एकले समेत उक्त संस्थाको सफलता र उचाईमा पुग्न अझ भनौ उचित परिणाम प्राप्त नहुन ठुलो भूमिका खेल्न सक्दछ। यस्ता कुराहरूलाई मिहिन र गहन रूपमा अध्ययन गरी समाधान गर्ने तर्फ लागियो भने पक्कै पनि संस्थाको प्रगतिमा वृद्धि भई उचित र ठोस परिणाम प्राप्त गर्न । अझ के भन्न सकिन्छ भने कार्यवातावरणलाई त्यस कार्यालय वा संस्थाको परिणामसँग जोडेर हेर्न सकियो भने अवश्य नै संस्थामा सकारात्मक परिणाम प्राप्त गर्न सकिन्छ।

नेतृत्व र यसका गुणहरू

नरेन्द्र आचार्य
वरिष्ठ अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

कुनै पनि समूहलाई सफल र सक्षम बनाउनको लागि इमान्दार र सक्षम नेताको आवश्यकता पर्दछ । समूहमा टोली नेता र व्यवस्थापकिय सदस्यहरूको छनौट होसियारीपूर्वक गरिनु पर्छ । कुनै पनि काम राम्ररी गर्नको लागि समूहमा साधारण तर प्रभावकारी संरचनाको आवश्यकता पर्दछ । त्यो व्यवस्थापकीय संरचनामा अध्यक्ष, सचिव र कोषाध्यक्ष पनि हुनु पर्दछ ।

प्रायजसो समूहमा काम भन्दा कुरा बढी गर्ने र सदस्यहरूलाई होच्याउने खालका मानिसहरूलाई अध्यक्ष र सचिव पदमा छानिएको हुन्छ । तर अरु सदस्यहरूमा पनि समूहलाई नेतृत्व गर्न सक्ने क्षमता लुकेको हुन्छ । कुनै पनि समूहलाई सवल र सक्षम बनाउनको निमित्त त्यस भित्र विद्यमान सदस्यहरूको योग्यता र क्षमतालाई अधिकतम रूपमा प्रयोग गर्नु पर्दछ । नेतृत्व गर्न सक्ने क्षमता भएको सदस्यहरूलाई मौका दिनका लागि नेतृत्व परिवर्ततम समय समयमा हुनु पर्दछ ।

नेतृत्व भनेको के हो ? (What is Leadership ?)

नेतृत्व भनेको व्यक्तिको त्यो गुण हो जसले मानिसहरूलाई एकजुट गराई समस्यहरूलाई समाधान गर्दै काम गर्न अभिप्रेरित गर्दछ । यसरी नेतृत्व गर्न सक्ने व्यक्तिलाई नेता भनिन्छ । नेतृत्व सधै समूहको क्रियाकलापमा आवश्यक रेखदेख एवं निर्देशन गर्नको लागि संलग्न हुन्छ ।

असल नेतृत्वकर्तामा हुनुपर्ने गुणहरू (Qualities of Leadership)

हामीले विभिन्न प्रकारका नेताहरू देखेका छौं । अब हामीले यो सोच्न सक्छौं कि नेताहरूमा हुनुपर्ने विशेषताहरू के-के हुन्, उनीहरूमा हुनु पर्ने राम्रा नराम्रा गुणहरू के-के हुन् ? हामीलाई थाहा छ कि बाबुले छोरालाई काम गर्न निर्देशन दिन्छ । त्यस्तै निर्देशन छोराले आफ्नो नोकरलाई दिन्छ र नोकरले पनि त्यस्तै किसिमको निर्देशन कुकुरलाई दिन्छ र अन्त्यमा कुकुरले पुच्छर हल्लाएर भुकिदिन्छ र केही पनि काम हुँदैन् ।

सहभागितात्मक नेतृत्व Participatory Leadership

सहभागितात्मक नेतृत्व भनेको त्यस्तो नेतृत्व हो जसमा समूहको सम्पूर्ण क्रियाकलापमा समूहका सदस्यहरूलाई भाग लिन पाउने अवसर समान रूपमा हुन्छ । सबै सदस्यहरू टोली नेता बन्न सक्छन् । यसको मतलब टोली नेता परिवर्ततनको लागि समयमा चुनाव गर्न सकिन्छ । कि ६/६ महिनामा वा १/१ वर्षमा समूहमा भएका सम्पूर्ण सदस्यहरूलाई नेतृत्व परिवर्तन गर्दा समूह नै ज्यादै प्रभावकारी ढंगबाट अगाडी बढ्छ । निश्चय पनि यो हो कि लेख्न र पढ्न नजान्ने मानिसलाई सचिव पद सम्हाल्न ज्यादै कठिन हुन्छ तर त्यस्तो व्यक्तिले अध्यक्षको पद अवश्य सम्हाल्न सक्छ । समूहका सम्पूर्ण सदस्यहरू साक्षर हुनुपर्दछ किनकी ती सबैलाई आफ्नो क्षमता विकास गर्न सकुन ।

सहभागितात्मक नेतृत्वको अर्को मतलब हुन्छ कि समूहमा रहेका सम्पूर्ण सदस्यहरूलाई सहभागी गराउने, जानकारी प्रदान गर्ने, प्रभाव टोलीको काम गर्ने र खुल्ला रूपमा सामूहिक छलफल नगर्ने । राम्रो योजनाको साथ साथै सहि

निर्णय कसरी लिने ।

समूह नेता (अगुवा) को कामहरू Group Leader

यस अभ्यासमा सहभागीहरूले समूहको अगुवाको कामहरू वारे सिक्ने छन् । यस अभ्यासको उद्देश्य एउटा राम्रो अगुवाले गर्नुपर्ने धेरै कामहरू हुन्छन् भनेर सहभागीहरूलाई देखाउनु हो । एक जना मानिसले गर्नुपर्ने धेरै कामहरू हुन्छन भनेर सहभागीहरूलाई देखाउनु हो । एक जना मानिसले धेरै काम गर्न अप्ठ्यारो हुने भएकोले उसले समूहका कामहरू अरु सदस्यहरूलाई पनि बाड्न पर्छ जसले गर्दा समूहमा सामुहिक नेतृत्वको विकास हुन्छ ।

समूह सुगगीकरण प्रविधि अथवा प्रकृया Technology and process for group strengthening

व्यक्ति भित्र रहेका मौलिक शक्ति र आत्मबललाई उजागर गरेर उक्त शक्तिलाई परिचालित गरी राष्ट्र निर्माण कार्यमा लगाउनका लागि समुह सुगमीकरण प्रविधि अपनाउनु आवश्यक छ । विश्वका सबै मानिस लगायत सम्पूर्ण प्राणीहरूको अनुहार र स्वभाव फरक भए जस्तै व्यक्तिको बीचार र मत पनि फरक हुनु स्वाभाविकै हो । ती फरक मत र बीचारलाई एक्यवद्ध गरी निष्कर्षमा पुग्ने प्रविधिको नाम हो सुगमीकरण प्रक्रिया । एकले थुकी, सयले थुकी नदी, (Unity is power) एक र एक एघारको सामूहिक शक्तिको नाम हो सुगमीकरण प्रक्रिया । वास्तममा जमाना सहकारिताको छ । सहकारी भावना विना समाज अथवा राष्ट्रको समुन्नत विकासको कल्पना कोरा हो । यस प्रविधिले सबै सहभागीहरूको बीचारलाई जुटाई निष्कर्षमा पुग्ने काम गर्छ । समूहगत निर्णय लिन, नयाँ उर्जा प्राप्त गर्न, समाधानको खोजी गर्न, समस्याको निराकरण गर्न, समूहलाई एकावद्ध गर्न समूह सुगमीकरण प्रक्रिया अपनाइन्छ ।

> हजकर्ताले आफ्नो विचार राख्दैन तर सहभागीहरू आफ्नो बीचार राख्न स्वतन्त्र हुन्छन् । त्यसैले सहभागीहरूले समस्याको चुरो आफै पहिल्याउनु पर्ने हुन्छ । चुरोमा पुग्ने सजिलो बाटो सहजकर्ताले देखाई दिन्छ ।

सुगमीकरण प्रक्रिया/सहजकर्ता (Facilitatioon Skill)

सहजिकरण/सहजकर्ता (Facilitation/Facilitator)साध्य होइन साधन मात्र हो । सहभागी नै यस प्रविधिका आधार हुन् । सुगमीकरण प्रक्रिया सहभागीतामा आधारित हुन्छ । यस अर्थमा सहभागीहरूले आफ्नो मत तथा बीचार स्पष्ट राख्नुपर्ने हुन्छ । सहभागीहरूले आफ्नो मत तथा बीचार स्पष्ट राख्न सकेनन् भने निष्कर्ष फितलो हुन पुग्छ । सहजकर्ताले अप्ठ्यारोलाई सजिलो बनाई दिने, यो यसरी त्यो त्यसरी भनेर बाटो देखाई दिने मात्र हो । सहभागीहरूले समस्याको चुरो आफै पहिल्याउनु पर्ने हुन्छ । चुरोमा पुग्ने सजिलो बाटो सहजकर्ताले देखाई दिन्छ । उदाहरणका लागि हामी भित्र अनन्त मौलिक शक्ति लुकेको हुन्छ । माथि नै भनियो, त्यो मौलिक शक्तिलाई उजागर गरेर सिर्जनात्मक कार्यका लागि कसरी परिचालित गर्ने त्यो नै जटिल कुरो हो । वास्तवमा हामीलाई आफ्नो सामर्थ्य, शक्ति र बलको पहिचान हुँदैन । त्यो हाम्रो शक्ति र सामर्थ्यलाई आज कसैले पहिल्याएर उचालिदियो भने मात्र हामी केही गर्न तम्सिन्छौं । हामीमा आत्मविश्वास र आत्मवलको कमी छ । त्यो आत्मवल र आत्मशक्तिलाई उजागर गरेर लक्ष्यमा पुऱ्याउने काम सहजकर्ताको हो ।

रामायणका मुख्य पात्र हनुमान अतुलनीय शक्तिका स्वामी थिए । उनीलाई यो कुरा थाहा थिएन । किनकी उनी सोझा थिए, सरल थिए । रामायणका कथामा विध्नबाधा धेरै नै आइपरेका थिए, सबैलाई थाहा छ । जव जव संकट आउथ्यो तव हनुमानको स्तुति गर्नु पर्थ्यो । हनुमान तिमी त यति वलशाली छौं, उति वलशाली छौं भनेर आराधकले प्राथना गरे पछि मात्र हनुमानमा आत्मविश्वास पलाउथ्यो र उनीले त्यो काम सिद्धि गर्थे । उनी आफै काम भै सकेपछि छक्क पर्थे । अहो, मैले त यत्रो पो काम गरेछु भनेर । त्यस्तै हामी भित्र पनि असिमित सिर्जनात्मक शक्ति लुकेको छ । त्यो सिर्जनात्मक शक्तिलाई मनेर उजागर गरिदिने व्यक्तिको कमी छ । त्यो काम गरिदिने व्यक्ति सहजकर्ता हो ।

सुगमीकरण प्रक्रिया भनेको व्यवहारिक जीवनमा आइपर्ने कठिनाईलाई सहज बनाउने सेतु हो। जीवनमा अनेक किसिमका कठिनाइहरू आई पर्छन। तत्कालै ती कठिनाईहरूको समाधान पाउन गाह्रो हुन्छ। मानिस अतालिन्छ। यो गरु कि त्यो गरु हुन्छ। उपाय निस्कदैन। त्यस्तो अवस्थामा कठिनाईलाई सुगम बनाउन कोही पनि सहायक सक्षम हुँदैनन्।

हामी प्रयाः दिमाग लगाएर समाधानमा पुग्ने प्रयास गर्छौं। तर कतिपय अवस्थामा उक्लो दिमाग मात्र पर्याप्त आधार नहुन सक्छ। एक्लो दिमागले एउटा समस्याको समाधान त गर्न सक्छ तर सबै समस्याको निदान खुट्याउने क्षमता नहुँन पनि सक्छ। यस्तो अवस्थामा यदि हामीहरूसँग समस्यासँग जुध्ने कुनै त्यस्ता प्रविधि अथवा प्रक्रिया छ भने निश्चय पनि कठिनाईलाई सुगम, अप्ठ्यारोलाई सजिलो बनाउन सकिन्छ। प्रविधि प्रयोग गर्दा प्रविधिका नियममा रही समस्या सुल्झाउने कोशिश गर्यो भने अपेक्षित समाधानको बाटो भेट्न असजिलो हुँदैन। हो, यही अप्ठ्यारोलाई सजिलो, कठिनाईलाई सुगम र सहज बनाउने प्रक्रियाको नाम हो सुगमीकरण प्रक्रिया। हामी विहान उठ्छौं, विहान देखी वेलुकासम्म हामी केही न केही गरिरहेका हुन्छौं। कार्य सम्पादन गर्ने क्रममा हामीलाई विभिन्न बाधा अड्चन आइपर्छन्। हामी घोसरन्छौं र गन्तव्यमा पुग्न सक्दैनौ। लाचार हुन्छौ र कार्यलाई बीचैमा छोडेर ठिमीतिर तताउँछौं र यस्तो अवस्था किन आउँछ ? यस्तो अवस्थामा सुगमीकरणले कठिनाईलाई सुगम र सहज बनाउँन। यसरी दैनिक जीवनका अतिरिक्त संघ, संस्था, कम्पनी र संगठनतर्फ पनि सुगमीकरण प्रक्रियाको महत्त्व रहेको छ। संघ-संस्था र संगठनमा आइपर्ने समस्याहरूको लेखाजोखाको हिसाव अपार छ। संघ खोलिन्छ। उच्च लक्ष्य प्राप्त गर्न भनेर। तर खोलिएको तीन महिनामा वन्द हुन्छन्। के कुराले बाधा गर्यो। के संस्थाका सदस्यहरू योग्य थिएनन् ? कार्यगत एकताको कमी थियो। आरोप पत्यारोप मै कार्यक्रम कार्यान्वय गरियो। योजना तर्जुमा हुन सकेन ? तर्जुमा गरिएको योजनालाई बीचैमा छोडियो ? किन छोडियो ? के योजना स्वरुप सपष्ट थिएन् अथवा योजनाकारको कमजोरी थियौ ? लक्षित समूहबाट अपेक्षित सहयोग पाउन सकेको थिएन ? कि लक्षित समूहलाई योजनको आवश्यकता र उपादेययताको बारेमा स्पष्ट गर्न सकिएन ?

यसरी दैनिक जीवनका अतिरिक्त संघ, संस्था, कम्पनी र संगठनतर्फ पनि सुगमीकरण प्रक्रियाको महत्त्व रहेको छ। संघ-संस्था र संगठनमा आइपर्ने समस्याहरूको लेखाजोखाको हिसाव अपार छ।

यी माथिका अवस्था कस्तो स्थितिमा उत्पन्न हुन्छन् ? वास्तवमा कुनै पनि संघ-संस्था सञ्चालन गर्नु भन्दा पूर्व संस्थाको आधार र योजनाको पूर्वधार गर्नु जरुरी हुन्छ। हामी हचुवाको भरमा संघ खोल्छौ र फितलो संगठन निर्माण गर्छौं र त्यसै कारण लक्ष्य प्राप्त गर्नु अगावै तुहिन्छ। हामी प्रशिक्षित हुँदैनौं। कसैले मौखिक रूपमा भनेको कुरा सुनेका भरमा लख काटेर प्रस्तावना तयार गर्छौं आए आँप गए झटारो, झारा टार्ने काम गर्छौं।

उल्लिखित तथ्य र सत्यहरूबाट छुट्कारा पाउन सुगमीकरण प्रक्रिया आवश्यक हुन्छ। सुगमीकरण प्रक्रियाले समस्याको चुरो पहिल्याउन मद्दत मात्र गर्दैनन्, समाधानको बाटोको ढोका समेत खोलिदिन्छ। त्यसैले हरेक संघ-संस्थाले संस्था स्थापना पूर्व वा संस्था स्थापना पश्चात् निश्चित लक्ष्य प्राप्त गर्न सुगमीकरण प्रक्रिया अपनाउनु आवश्यक छ। यस अर्थमा सुगमीकरण प्रक्रियाले विकास कार्यमा उल्लेखनीय भूमिका निर्वाह गर्न सक्छ। नेतृत्व विना कुनैपनि संस्था संगठनको उद्देश्य पुरा हुन सक्दैन वा संस्थाको औचित्य नै रहदैन। नेता वा नेतृत्व गर्ने व्यक्तिमा अरुलाई डोराउने क्षमता हुनु पर्दछ। चेष्टर बर्नाडका अनुसार नेतृत्व भनेको व्यक्तिहरूको त्यस्तो गुण हो, मानिस वा तिनका क्रियाकलापहरूलाई संगठनात्मक प्रकृया हारादिशाबोध गराउँन सक्दछ। साधारण अर्थमा भने नेतृत्व भनेको अरुलाई निर्देशन दिन, परिवर्तन गर्न वा अनुसरण गर्न लगाउन सक्ने गुण वा योग्यता नै हो।

ग्रामीण अर्थतन्त्रको इन्जिन : साना किसान सहकारी

सरोज भट्टराई
शाखा प्रबन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
शाखा कार्यालय, इटहरी

अहिले वित्तीय संस्थाहरूमा विश्वासको खडेरी परेको कुराहरू हामीहरू दैनिक जसो समाचारहरूमा सुनिरहेका छौं । ठीक त्यही बेला ग्रामीण नेपालका साना किसान कृषि सहकारीहरू भने गाउँको समृद्धिको खम्बा बनेर किसानको टेक्ने लौरी जस्तै सहारा बनिरहेका छन् । यदि नेपालको ग्रामीण अर्थतन्त्रलाई एउटा गुडिरहेको गाडी मान्ने हो भने, त्यसको असली इन्जिन साना किसान कृषि सहकारीहरू हुन । वि.सं. २०३२ मा धनुषा र नुवाकोटका गाउँबाट एउटा सामान्य परियोजनाको रूपमा कृषि विकास बैंकबाट साना किसान विकास आयोजनाको रूपमा यो कार्यक्रम सुरु भएको थियो । यसलाई वि.सं. २०५० को दशकमा एउटा साहसिक निर्णय गर्दै गाउँका किसानहरूकै हातमा सहकारी संस्थाको रूपमा सुम्पियो । सरकारी नियन्त्रणबाट मुक्त भएर किसान आफैं मालिक बन्नु नै यो अभियानको सबैभन्दा ठूलो टर्निङ प्वाइन्ट थियो ।

यी सहकारीले गाउँका विपन्न र विशेष गरी महिलाहरूलाई समूहमा बाँधेर मानिसहरूलाई स-साना बचत गर्ने बानी बसाले । वि.सं. २०५८ मा आफ्नै अगुवाइमा साना किसान विकास बैंक समेत खोलेर उनीहरूले ठूलो वित्तीय फड्को मारे । आज ७७ वटै जिल्लामा फैलिएका यी सहकारीहरू केवल ऋण लगानी गर्ने ठाउँ मात्र होइन । यिनीहरूले गाउँमा पशुधन सुरक्षण, वित्तीय तथा स्वास्थ्य सचेतना र दलित तथा महिलाको आत्मसम्मान वृद्धि, मल बीउ वितरण, दुग्ध उत्पादन सङ्कलन, बिक्री वितरण, सहुलियत पसल सञ्चालन, पशु स्वास्थ्य उपचार भेटनरी आधुनिक खेती सिकाउने, किसानको दूध, तरकारी बजारसम्म पुर्‍याउने र गाउँकै पैसा गाउँकै विकासमा लगाउने सेवा सम्मका बहुआयामिक कार्यहरूमा सक्रिय छन् वि.सं. २०७५ सालमा सम्पन्न साना किसान सम्मेलनको नारा "साना किसानको समृद्धि कृषिमा रूपान्तरण र उद्यमशीलताको विकास"ले पनि यही यथार्थलाई बोकेको छ । गाउँका साना किसानको खल्ती बलियो नभई देश समृद्ध बन्न सक्दैन ।

प्रस्तुत आलेखमा स्थलगत भ्रमणको समयमा गरिएको अवलोकन तथा सरोकारवालाहरूसँगको कुराकानीको अधारमा साना किसान सहकारी कसरी ग्रामीण अर्थतन्त्रको इन्जिनको रूपमा काम गरिरहेका छन् भन्ने कुरा प्रष्ट गर्ने प्रयास गरिएको छ ।

खण्ड (१) दुध विक्रिबाट जिवन बदल्दैछन गोविन्दपूरका किसान

गोविन्दपूर देवका कार्की विहानै निलो रङको प्लाष्टीकको ट्याङ्कीमा दुध लिएर जाँदै गर्दा बाटोमा देखा पर्नुहुन्छ । उहाँका ३ वटा उन्नत जातका दुधालु जर्सी गाई छन् । आज भन्दा ५ वर्ष गाउँको अघिको दृष्य विल्कुलै फरक थियो । गाउँमा स्थानीय स्तरमा व्यवस्थित दुध बेच्ने ठाँउ थिएन । स्थानीय व्यपारिहरूलाइ जेन-तेन दुध बुझाउनु पर्थ्यो । महिनाको ५ हजार रुपैयाँ आर्जन गर्न धौ-धौ हुन्थ्यो । न घर खर्च चल्थ्यो न नानीहरूको स्कूल फि नै पुग्थ्यो । पुराना दिन सम्झदै देवकी भन्छिन । घर नजिकैको सहकारीले सञ्चालन गरेको दुग्ध सङ्कलन केन्द्रमा ५ वर्ष देखी दैनिक १६ लिटर दुध बिक्री गरेर ३० हजार हात पार्छिन । संस्थाले दुधको भुक्तानी प्रत्येक

१५ दिनमा दिने गरेको छ। महिनाभरिको घर खर्च गर्न बाल बच्चाको फि तिर्न अहिले निकै सजिलो भएको छ।

दुध व्यवसाय विस्तारमा कसरी आर्थिक स्तर उक्सिएको छ भन्ने अर्को उत्कृष्ट उदाहरण हुनुहुन्छः हेमा काफ्ले, संस्थाले डेरी व्यवसाय गर्न सुरु गर्नु भन्दा अघि एउटा मात्रै गाई पाल्ने गरेकोमा वहाँ अहिले ५ वटा उन्नत गाई पालेर नियमित दुध बिक्री गर्नुहुन्छ। १५ दिनमा ५० हजार सम्म पैसा लिएको र परिवारको तर्फबाट समेत राम्रै साथ सहयोग मिलेका आत्म निर्भर बन्न पाएको कुरो उहाँ बताउनुहुन्छ। बाख्रा बस्तुमा र तरकारीमा पनि संस्थाले ७ प्रतिशत ब्याजदरमा नै कर्जा दिने गरेको छ। म त भन्छु हामीलाई अझ अगाडी बढ्न सुझाव र हौसलाको लागि संस्थाले अनुदानका कार्यक्रममा संस्थाले जोड्नु पर्छ उहाँ बताउनुहुन्छ । संस्थाले पशुधन सुरक्षण कार्यक्रम पनि चलाएको छ। जसबाट किसानहरूले पशुको क्षति हुँदा समेत क्षतिपूर्ति प्राप्त गर्न सजिलो भएको छ । यसबाट हामीलाई घर दैलोमा मल बीउ उपलब्ध गराएकोले घर दैलो मै सेवा प्राप्त गर्न सजिलो भएको छ।

गाविन्दपूर साना किसानले देवकी र हेमालाई केवल दुधको बजार मात्रै दिएको छैन । व्यवसायिक बन्न भरोसा पनि दिएको छ।

मोरङ गोविन्दपूरमा साना किसान कृषि सहकारी संस्थाले देवकी र हेमा जस्तै अरु ३०० जाना सदस्यहरूको दैनिक ३,००० लिटर दुध सङ्कलन गरिरहेको छ । संस्थाको व्यवसाय नाफामा चलिरहेको छ । ५ वर्ष पहिले भन्दा दुध पालन गर्ने किसानहरू निकै बढेका छन् । संस्थाका प्रबन्धक कृष्ण नेउपानेका अनुसार सहकारीको दुध खरिद कर्ता कमपनीले समयमै भुक्तानी नदिँदा दैनिक गर्जो टार्नुपर्ने किसानहरू मारमा पर्ने बताउछँन् । त्यस्तै दुध सङ्कलन र भण्डारण सम्वेदनशील भएकोले विजुलि अनियमित हुँदा र प्राविधिक समस्या आउँदा दुध विग्रने समस्या किसान स्तरमा पनि युवा शक्ति बिदेश पलायन हुने क्रमले गाउँमा पशुपालन गर्ने जनशक्तिको अभाव रहेको बताउँछन्। यी समस्याहरूको वावजुत पनि आगामी दिनमा उत्पादन दुधको परिकार बनाउने र फ्याक्ट्री खोल्ने योजना रहेको संस्था अध्यक्ष फाल्गुणा देवी पोखेल सुनाउँनुहुन्छ।

खण्ड (२) सुकुम्बासी देखी उद्यमीसम्म : सनतलाल

कुनै समय मोरङ जहदा ३, जयरामपूरका सतनलाल हेमरमको (सन्थाल) जीवन स्थानीय साहु महाजनको ऋणमा जेलिएको थियो। ६ जनाको परिवार पाल्न सयकडा ४ सम्म गाउँ कै साहु महाजन र मिटर ब्याजीको ऋण लिनु पर्थ्यो। ब्याज तिर्दा तिर्दा ढाड सेकिन्थ्यो साँवा तिर्न त सपना जस्तै हुन्थ्यो। त्यस बेला उनी सुकुम्बासी थिए। आफ्नो भन्ने केही थिएन।

जीवन चलाउन उनले साना किसान कृषि सहकारी संस्थाबाट ऋण लिएर व्यावसायिक तरकारी खेती सुरु गरे । तरकारी उत्पादन त राम्रो भयो, तर अर्को समस्या आइलाग्यो बजार र ढुवानी।

उत्पादित तरकारी नजिकैको विराटनगर गुदरी बजार लैजाँदा दैनिक ४०० रुपैयाँ भाडा बुझाउनु पर्थ्यो । त्यसमाथि गुदरीका थोक व्यापारीले निकै सस्तो भनेको भाउमा तरकारी राखिदिन्थे। मेहेनतमा फाइदा बिचौलियाले फाइदा लिन्थे। दैनिक भाडा तिरेर गुदरी पुऱ्याउँदा पनि उचित मूल्य नपाएपछि सौंचे–अब यसरी चल्दैन, केही नयाँ गर्नुपर्छ। ईश्वर साना किसान कृषि सहकारी संस्थाका ६८ नं. समूहका सदस्य सतनलालले संस्थाबाट १ लाख ५० हजार स्वावलम्बन ऋण लिएर सेकेन्डह्याण्ड सिटि सफारी किने अनी गुदरी बजारमा थोक मूल्यमा तरकारी बुझाउन छाडेर गाउँ गाउँ सफारी डुलाउँदै घरघरमा तरकारी बिक्री गर्न थाले। गुदरीमा १० रुपैयाँ किलोमा बिक्री हुने तरकारी आफैंले टोल टोलमा डुलाएर बेच्दा २० रुपैयाँ खुद्रा दोब्बर फाइदा पाउन थाले। पहिले दैनिक ४०० रुपैयाँ भाडामा खर्च हुने ठाउँमा अहिले सिटि सफारी चलाउँदा दैनिक ४०० रुपैयाँ खुद बचत हुन थाल्यो। आफ्नो खेतमा नभएको सिजनमा उनी अन्यत्रबाट तरकारी किनेर भए पनि ग्राहकको ढोकामा सेवा दिन थाले।

सनतलालको यो सफलतामा सिँगो ६ जनाको परिवारको बलियो साथ छ। परिवारका सबै सदस्य काममा खटिन्छ। छोरा बजारमा मिस्त्री काम गर्छन्। जसले घरमा थप आर्थिक सहयोग पुग्छ। अन्य सदस्य तरकारी खेती गर्ने, गोडमेल गर्ने र व्यवस्थापनमा सघाउँछन्। साना किसान सहकारीको सुलभ ऋण र आफ्नै नवीन व्यवसायिक सोचका कारण उनको जीवनमा ठूलो परिवर्तन आएको छ। कहिल्यै आफ्नो जग्गा नभएका उनले जहदामा सफारीमा तरकारी बिक्रीको कमाइबाट ७ लाख ५० हजार मूल्य पर्ने ३ कट्ठा जग्गा जोड्न सफल भएका छन्।

"सहकारी, वडा कार्यालयले हामीलाई गुणस्तरीय, रासायनिक बजार व्यवस्थापन रोग किरा भगाउन सहयोग गरयो भने किसानहरूलाई उकास्न ठुलो सहयोग पुग्ने थियो" उनी भन्छन्।

जहदाका सतनलाले यो कथाले सहकारीको सहयोग र परम्परागत बजार संयन्त्रलाई तोडेर नयाँ तरिका र खुद्रा व्यापारमा जोड दिने हो भने गरिबी निवारण मात्र होइन, आर्थिक समृद्धि पनि सम्भव छ। उनी अहिले आफ्नो समुदायका लागि एउटा रोल मोडेल बनेका छन्।



खण्ड (३) चुल्हा चौका देखी निर्णय प्रक्रिया सम्म : ठकनी कुमारी चौधरीको प्रेरक यात्रा

प्रत्येक दिन ५ बजेको झिसमिसमै सुरु हुन्छ ४० वर्षिय ठकनी कुमारी चौधरीको बिहानै उठ्नु घर सरसफाई गर्नु, आमा बुबाको हेरचार गर्नु, बाख्रा भैंसीको हेरचाह गर्नु, पुग्न, ४ जनाको परिवारलाई खाना बनाइ ९ बजे नै हतार हतार गर्दै कार्यालय उनको दैनिकी बनेको छ। इटहरी उपमहानगरपालिका वडा नं १६ रहेको एकम्बा साना किसान कृषि सहकारी संस्था लि.मा पुग्छिन। संस्थामा अध्यक्षको रूपमा प्रबन्धकबाट भए गरेका गतिविधिको जानकारी लिन्छिन। अनि कर्मचारीहरूसँग फिल्डमा दौडिन्छन। सहकारीको फिल्डमा गएर दिदि बहिनीको कुरा सुन्नु, कर्जा सदुपयोगीता अनुगमन गर्नु उनको नियमित तालिका जस्तै छ। आज भन्दा १० वर्ष अघि सम्म संस्थाको सामान्य सदस्यको रूपमा रहेकी उनीलाई मानिसहरू भेला भएको ठाउमा आफ्ना कुरा राख्न समेत निकै गाह्रो पर्थ्यो। एकम्बा साना किसान सहकारीमा उनले नेतृत्व विकास तालिम वित्तीय साक्षरता तालिम र अन्य संस्थाहरूको अवलोकन भ्रमणबाट धेरै सिकाई भएको बताउँछिन। उनको इमान्दारिता लगनशीलता र मेहनत र सहयोगी भावनाले उनी सबै सदस्यहरू माझ प्रिय छिन। चौधरी समूदायमा संस्थाको नेतृत्व तहमा रहेर काम गर्ने महिलालाई हेर्ने नजर राम्रो थिएन। तर पनि उनले हिम्मत हारिनन्। परिवार समाजलाई एकदिन अवश्य राम्रो काम गरेर देखाउने अठोट सहित लागि रहिन।

उनको नेतृत्वमा इटहरी १६ एकम्बा क्षेत्रका सिमान्तकृत समूदायको जीवनमा परिवर्तन ल्याउन सहयोग गरेको छ। गाउँका गरिब तथा भूमिहिन किसानलाई सामूहिक जमानीमा सुलभ र सहुलियतपूर्ण कर्जा उपलब्ध गराई मिटर ब्याजी र साहुको चंगुलबाट मूक्त गराउन ठकनीको योगदान छ। हाल संस्थाले कारीब १,७०० सदस्यको २३ करोड पुँजी परिचालन गरेको छ। ५ जना कर्मचारी सहित सदस्यहरूलाई ८ वटा कोठा रहेको भवनबाट सेवा दिइहकेकोछ। सञ्चालक समिति र लेखा समितिमा पनि महिलाको मात्रै प्रतिनिधित्व रहेकोछ। संस्थाले सदस्यहरूलाई मल, बीउ सेवा, आदि उपलब्ध गराई रहेकोछ। उनी केवल सहकारी कि अध्यक्ष मात्रै होइनन् ग्रामीण महिलाको लागि आशाको किरण समेत हुन। यदि इच्छाशक्ति, लगनशीलता र परिवारको साथ रहने हो भने घरको चुल्हो-चौको र गोठ सम्हाल्ने महिलाले सिङ्गो

समाज र देशलाइ नै समृद्धिको बाटोमा डोहोऱ्याउन सक्छिन।

खण्ड (४) मिसावटबाट मुक्ति : दुलारी साना किसानको शुद्ध तोरिको तेल

मिठो खाउँ, राम्रो खाउँ र शुद्ध खाउँ, स्वास्थ्यसँग कहिल्यै सम्झौता नगरौं मोरङ सुन्दरहरैंचा दुलारीको कमला न्यौपानेको सबैलाई यही सल्लाह छ। उहाँ विगत ५ वर्षदेखि एउटा यस्तो उत्पादनमा पूर्ण रूपमा विश्वास गरिरहनुभएको छ, जसमा अलिकति पनि मिसावटको शङ्का छैन। त्यो हो साना किसान कृषि सहकारी संस्था लि., दुलारीको तेल मिलबाट उत्पादित शुद्ध तोरीको तेल।

पछिल्लो समय बजारमा पाइने खानेतेलमा अनेकौं मिसावटका खबरहरू आइरहँदा कमला न्यौपानेको परिवार भने पूर्ण रूपमा ढुक्क छ। पूजा आजामा होस वा घरमा चटपटे बनाउँदा होस् वा दैनिक भान्छामा तरकारी पकाउँदा, उहाँहरूले सहकारीकै केमिकलमूक्त तेल प्रयोग गर्दै आउनुभएको छ।

यो तेल प्रति उपभोक्ताको यसरी विश्वास बढ्नुको मुख्य कारण स्थानीय उत्पादन र यसको सरसफाइ हो "स्थानीय किसानहरू आफैँले उत्पादन गरेको तोरीलाई राम्ररी धोइपखाली गरेर, सफा बनाएर मिलमा पेलिएको म आफैं देख्छु" न्यौपाने भन्नुहुन्छ। त्यसैले यसको गुणस्तर र उत्पादन निकै राम्रो छ।

यो मिलबाट तेल मात्र होइन, तेल पेलिसकेपछि निस्कने पिना समेत स्थानीय कृषकहरूले मल र दानाका लागि खोजी, खोजी लैजाने गरेका छन्। अर्गानिक खेतीका लागि यो पिना उत्कृष्ट मल सावित भएको छ। बजारका अन्य तेलको तुलनामा यसका मूल्य केही बढी परे पनि स्वास्थ्यको अगाडि त्यो मूल्य न्युन भएको उपभोक्ताहरूको अनुभव छ। आफ्नै आँखा अगाडि तयार भएको शतप्रतिशत शुद्ध तेल खान पाउनु नै ठुलो कुरा हो उहाँ थप्नुहुन्छ।

संस्थाले सञ्चालन गरेको तोरि मिलले आशा जगाए पनि अझै व्यवस्थित बनाउन प्रविधिको प्रयोग, जनशक्ति व्यवस्थापन गर्न र धेरै किसान सदस्यहरूहरूलाई समेट्न नसकिएको बताउनुहुन्छ संस्था प्रबन्धक कमला पोखेल। आगामी दिनमा उत्पादित तोरीलाई संस्थाको आफ्नै नामबाट ब्रान्डिङ गरेर बिक्री गर्ने पहल भइरहको उहाँ बताउनुहुन्छ।

साना किसान कृषि सहकारी संस्था लि., दुलारीले सञ्चालन गरेको यो तेल मिलले स्थानीय किसानको तोरीलाई बजार मात्र दिएको छैन। उपभोक्तालाई गुणस्तरीय शुद्ध तेल उपलब्ध गराएर उदाहरणीय कार्य गरिरहेको छ। यसबाट संस्थाको कार्यक्षका किसान सदस्यहरूलाई तोरी उत्पादनमा प्रोत्साहन मिल्नुका साथै स्थानीय उत्पादनले राम्रो मूल्य पाएको छ।

भुइँमान्छेको समृद्धि र आगामी कार्यदिशा :

नेपालका गाउँघरमा श्रम गरिरहेका साना किसान र तिनका अथक प्रयासहरू नै आजको ग्रामीण अर्थतन्त्रलाई टिकाउने मुख्य आधार हुन्। तर, केवल भाषण र नारामा मात्र सुनिने भुइँमान्छेको समृद्धिलाई व्यवहारमै उतार्न अब राज्यका हरेक निकाय गम्भीर बन्नु ढिला भइसकेको छ। ग्रामीण औद्योगिकीकरणको सपनालाई साकार पार्न अझै धेरै काम गर्न बाँकी छ, जहाँ साना किसान कृषि सहकारीहरूले सबैभन्दा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्।

अबको बाटो भनेको यी सहकारीहरूलाई केवल ऋण लगानी गर्ने माध्यममा मात्र सीमित नराखेर गाउँमै आधुनिक खेती सिकाउने, बिचौलियाको अन्त्य गरी उत्पादक र उपभोक्ताबीच सिधा सम्बन्ध कायम गर्ने र कृषिमा यान्त्रीकरण गर्ने केन्द्रको रूपमा विकास गर्नु हो। गाउँकै पैसा गाउँकै हितमा परिचालन गर्दै किसानको घरदैलोमा कृषि सचेतना, आधुनिक प्रविधि तथा गुणस्तरीय मल र बीउबिजन पुऱ्याउन सहकारीहरूलाई अझ सक्षम बनाइनुपर्छ। यसका लागि सरकारले परम्परागत ढाँचाभन्दा माथि उठेर व्यावहारिक नीति, दिगो कार्यक्रम र पर्याप्त बजेटको व्यवस्था गर्न आवश्यक छ। जब राज्यले गाउँ तहमा भइरहेका यी उदाहरणीय प्रयासहरूलाई नीतिगत रूपमा बलियो साथ दिन्छ, तब मात्र देशले वास्तविक र दिगो समृद्धिको बाटो समाउनेछ।

सहकारी संस्थामा नगद व्यवस्थापन तथा नगद प्रवाह संस्थामा तरलता व्यवस्थापन : एक समस्या

सुभाष गौतम
बरिष्ठ अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

नेपालमा सरकारी स्तरबाट नै सहकारीका समस्याका बारेमा अध्ययन गर्न विभिन्न आयोग तथा कार्यदलहरू गठन भए र प्रतिवेदन पनि तयार गरिए । केही वर्ष यता सहकारी क्षेत्रमा भएका समस्याका बारेमा गठित आयोग र कार्यदलको प्रतिवेदनहरू जस्तै सहकारी क्षेत्र सुझाव कार्यदलको प्रतिवेदन २०८०, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन समितिको प्रतिवेदन २०८१, सहकारीमा भएको बेथिति जाँचबुझ आयोगको प्रतिवेदन २०८३ लगायत नेपाल सरकारका विभिन्न प्रतिवेदनहरूमा पनि सहकारी संस्थाका समस्याहरू मध्ये तरलता व्यवस्थापन साथै, अल्पकालीन तथा दिर्घकालीन सम्पत्ति तथा दायित्वका अवस्थाका विषयहरूमा सुझाव दिएको पाइन्छ । मुख्य रुपमा शेयर तथा बचतको ठूलो हिस्सा केही सदस्यहरूको केन्द्रीकृत भएको, बचत रकम अनुत्पादक र स्थिर सम्पत्तिमा दिर्घकालीन लगानी गरेको, तोकिएको अनिवार्य तरल सम्पत्ति नराखिएको, बचतकर्ताको बचत फिर्ता समयमा नै गर्न नसकिएको, प्रायः प्रतिवेदनमा सहकारी संस्थाहरूले पूँजीको परिचालनमा ध्यान नदिएको आदि समस्याहरू उल्लेख गरिएका छन ।

तरलता तथा तरल सम्पत्ति

सहकारी संस्थाको सन्दर्भमा तरलता वा तरल सम्पत्ति भनेको अल्पकालीन दायित्वहरू पुरा गर्न आवश्यक रकम हो । अर्थात् संस्थाले आफुसँग भएको नगद तथा बैंकमा राखेको रकम हो जसले सदस्यको बचत भुक्तानीलाई सहज बनाउँछ । यसले संस्थाका शेयर सदस्यहरूले आफूले जम्मा गरेको बचत वा निक्षेप रकम फिर्ता माग्न आउँदा संस्थाले तुरुन्तै नगद भुक्तानी दिन सक्ने क्षमतालाई बुझाउँछ ।

राष्ट्रिय सहकारी नियमन प्राधिकारणले जारी गरेको मापदण्ड २०८२ ले तरल सम्पत्ति कुल बचत दायित्वको १५ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरेको छ । तरल सम्पत्तिहरूमा निम्न पर्ने व्यवस्था छ ।

- संस्थाको भल्टमा रहेको नगद मौज्दात,
- सरकारी ऋणपत्रमा गरेको लगानी,
- नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप खातामा रहेको रकम,
- इजाजतपत्रप्राप्त सहकारी बैंकमा रहेको निक्षेप, र
- नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र इजाजतपत्रप्राप्त सहकारी बैंकमा रहेको मुद्धती निक्षेपको ९० प्रतिशत रकम (यस्तो निक्षेप कुल बचतको पाँच प्रतिशतसम्म मात्र गणना गर्न सकिने) ।

तरलता व्यवस्थापन

सहकारी संस्थाहरूमा रकम हिनामिना र अपचलन बाहेकको मुख्य समस्या तरलता व्यवस्थापन गर्न नसकि सदस्यहरूको बचत समयमा नै भुक्तानी गर्न नसक्नु हो । तरलता व्यवस्थापन भनेको संस्थाले न्यूनतम लागतमा आफ्ना अल्पकालीन दायित्वहरू समयमा नै पूरा गर्न पर्याप्त वित्तीय स्रोतहरू उपलब्ध छन् भन्ने सुनिश्चित गर्ने प्रकृया हो । बैंक र बचत तथा ऋणको कार्य गर्ने सहकारी संस्थाहरूको सन्दर्भमा तरलता व्यवस्थापन भनेको निक्षेपकर्ताहरूको पैसा फिर्ता गर्न

सक्ने र कर्जाको माग पूरा गर्न सक्ने क्षमताका बीच सन्तुलन मिलाउनु हो । यसमा बढी नगद राखेर नाफा गुमाउनु र कम नगद राखेर जोखिम बढाउनु बीचको ट्रेड-अफ (Trade-off) मिलाइन्छ । यसका लागि संस्थाको व्यवस्थापन पक्ष नै जिम्मेवार हुन्छ ।

तरलता व्यवस्थापनका लागि केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थाहरूका लागि अनिवार्य नगद मौज्दात, वैधानिक तरलता अनुपात आदि कायम गर्न लगाउछ भने सहकारी संस्थाको हकमा सहकारी विभागको निर्देशन र सहकारी प्राधिकरणको मापदण्डमा तरलता व्यवस्थापन गर्नुपर्ने निश्चित मापदण्ड तोकिएको छ ।

राष्ट्रिय सहकारी प्राधिकरणको मापदण्डमा बचत दायित्वको कम्तीमा १५ प्रतिशत तरलता कायम गर्नुपर्ने र सो को साप्ताहिक औषतका आधारमा मासिक रुपमा गणना गरी सम्बन्धित नियमनकारी निकायमा पठाउनु पर्ने व्यवस्था गरेको छ । सहकारी कानुनमा एकल बचतमा साथै एकल ऋण लगानीमा सिमा साथै ऋण अधिकेन्द्रित हुन नदिन गरिएका विभिन्न व्यवस्था अप्रत्यक्ष रूपमा नगद प्रवाह र तरलता व्यवस्थापनका सन्दर्भमा पनि सहयोगी छन् ।

> **यदि चाहेको समयमा बचत फिर्ता पाउन नसकेमा संस्थाप्रतिको विश्वास कम हुँदै जान्छ । धेरै सदस्यहरूको संस्थाप्रतिको विश्वास कम हुँदै जाँदा संस्थामा बचत फिर्ताको दबाव पर्न जान्छ र समस्या सृजना हुन सक्छ ।**

सदस्यहरूले संस्थाप्रति गरेको विश्वासका आधारमा बचत राख्ने गरेका हुन्छन । त्यस्तै गरी आवश्यकता परेका खण्डमा संस्थाबाट ऋण पाउने विश्वास पनि हुन्छ । यदि चाहेको समयमा बचत फिर्ता पाउन नसकेमा संस्थाप्रतिको विश्वास कम हुँदै जान्छ । धेरै सदस्यहरूको संस्थाप्रतिको विश्वास कम हुँदै जाँदा संस्थामा बचत फिर्ताको दबाव पर्न जान्छ र समस्या सृजना हुन सक्छ ।

तरलता व्यवस्थापनमा ध्यान दिनुपर्ने विषयहरू

सहकारी संस्थामा तरलता अभावको नहोस भन्ने अभिप्रायले सहकारी विभाग तथा प्राधिकरणले सो सम्बन्धी निर्देशन जारी गरेका हुन्छन तर ति निर्देशनहरूको पूर्णरुपमा पालना नगर्दा समस्या आउने गर्दछ । त्यसकारण निर्देशनमा भएका व्यवस्थाहरूको पूर्ण पालना गर्ने व्यवस्था अपनाउन अति आवश्यक हुन्छ । विशेष गरी तरलता व्यवस्थापनका लागि सहकारी संस्थाहरूले निम्न विषयहरूमा ध्यान दिनु पर्दछ ।

- पर्याप्त तरल कोषको मौज्दात (बचत दायित्वको कम्तीमा १५ प्रतिशत वा संस्थामा तरलताको आवश्यकताका आधारमा) नगद वा बैंक मौज्दातका रूपमा राख्नुपर्छ ।
- निक्षेप र कर्जाको सन्तुलन (Asset-Liability Matching) अवधि मिलान गर्नु पर्दछ । अर्थात् अल्पकालीन बचतलाई दीर्घकालीन कर्जामा लगानी गर्नु हुँदैन । ऋण लगानी गर्दा नियमित किस्ता आउने उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिनुपर्छ ।
- बाह्य ऋण लिएर सदस्यहरूमा लगानी गरिएको अवस्थामा बाह्य ऋणको भूक्तानी समय अनुसार नै सदस्यहरूको भूक्तानी तालिका मिलाउनु पर्दछ ।
- सदस्यहरूलाई ऋण लगानी गर्दा ऋणीको नगद प्रवाहलाई ध्यान दिनु पर्दछ । ऋणीले नियमित रूपमा ऋणको किस्ता भूक्तान गर्दा संस्थाको तरलता वृद्धि हुन्छ ।
- ऋण लगानीको विविधिकरण गर्नु पर्दछ । उपलब्ध आन्तरिक स्रोतलाई एउटै क्षेत्रमा तथा लामो अवधिको ऋणमा मात्र केन्द्रित नगरी विभिन्न सुरक्षित क्षेत्रमा फैलाउनुपर्छ ।
- संस्थाले आफ्नो कोषका स्रोतहरूको विविधिकरण गर्नुपर्छ । केही सीमित वा ठूला बचतकर्तामा मात्र निर्भर हुनु हुँदैन । साना र संस्थागत बचतकर्ताहरूको अनुपात सन्तुलित हुनुपर्छ ।
- नियमित रूपमा तरलताको अवस्थाको अनुगमन तथा विश्लेषण गर्नु पर्दछ । तरलता अभावका संकेतहरू देखापरे सो सम्बन्धी योजना बनाइ कार्यान्वयन गर्नु पर्दछ ।
- तरलता आवश्यक परेको अवस्थामा सापटी लिन सकिने संघ संस्थाहरूसँग सुमधुर सम्बन्ध राख्नु पर्दछ ।

संस्थाको तरलता न्यून हुँदा मात्र होइन अधिक तरलता हुँदा

पनि संभावित नाफाबाट बञ्चित हुन्छ । अधिक तरलता भएको अवस्थामा सुरक्षित लगानीका क्षेत्रहरू पहिचान गरी लगानी बढाउन सकिएमा नाफा वृद्धि गर्न सकिन्छ ।

नगद प्रवाह (Cash Flow)

तरलता वा तरल सम्पत्तिले वर्तमान अवस्था तथा अल्पकालिन समयमा संस्थाको दायित्व भूक्तान गर्न सक्ने क्षमतालाई बुझाउछ भने नगद प्रवाहले कुनै निश्चित अवधिमा संस्थामा कति नगद वा नगद सरहको सम्पत्ति आयो र कहाँ खर्च वा प्रयोग भयो भन्ने जानकारी दिन्छ। तरलता स्थिर अवधारणा हो भने नगद प्रवाह चलायमान तथा गतिशील अवधारणा हो। खान र जैनले “नगद प्रवाह भनेको सञ्चालन, लगानी र वित्तीय गतिविधिहरूका कारण व्यावसायिक संस्थाको नगद स्थितिमा आउने परिवर्तनको चक्र हो” भनेर नगद प्रवाहका तीन पक्षहरूलाई समावेश गरेका छन् ।

नगद प्रवाहका पक्षहरूः

क) सञ्चालन गतिविधिबाट हुने नगद प्रवाहः संस्थाका सदस्यहरूबाट संकलित बचत तथा फिर्ता, ऋण तथा व्याज असुली, लगानी, सञ्चालन आम्दानी, प्रशासनिक खर्च आदि सँग सम्बन्धित ।

ख) लगानी गतिविधिबाट हुने नगद प्रवाहः संस्थाले आफ्नो प्रयोजनका लागि गर्ने स्थिर सम्पत्ति तथा अन्य सुरक्षित वित्तीय उपकरणहरूमा गरिने दिर्घकालीन लगानीसँग सम्बन्धित ।

ग) वित्तीय गतिविधिबाट हुने नगद प्रवाहः विभिन्न बैंक तथा वित्तीय संस्था वा अन्यबाट प्राप्त बाह्य कर्जा तथा भूक्तानी साथै शेयर वृद्धि/कमी आदि सँग सम्बन्धित ।

नगद प्रवाह विश्लेषणको महत्त्व र आवश्यकता

सहकारी संस्थामा नगद प्रवाह विश्लेषण संस्थाको वित्तीय सुरक्षा र दिगोपन जाँच्ने सबैभन्दा महत्त्वपूर्ण औजार हो । सहकारी संस्थाहरू विशेष गरी सदस्यहरूको साना साना बचत सङ्कलन गर्ने र कर्जा प्रवाह गर्ने कार्यमा केन्द्रित हुने भएकाले यहाँ नाफा भन्दा पनि नगदको उपलब्धता र तरलताको अवस्था अत्यन्त संवेदनशील हुन्छ। नगद प्रवाह विवरणले संस्था सञ्चालनको अवस्थालाई दर्शाउछ। नगद प्रवाह विश्लेषणले संस्थाको तरलता व्यवस्थापन तथा दायित्वहरू भूक्तान गर्न मार्ग दर्शन गर्दछ। यसको आवश्यकता र महत्त्वहरू लाई निम्नानुसार औंल्याउन सकिन्छ।

“सहकारी संस्थाहरू विशेष गरी सदस्यहरूको साना साना बचत सङ्कलन गर्ने र कर्जा प्रवाह गर्ने कार्यमा केन्द्रित हुने भएकाले यहाँ नाफा भन्दा पनि नगदको उपलब्धता र तरलताको अवस्था अत्यन्त संवेदनशील हुन्छ।”

- संस्थाको तरलता व्यस्थापनको मार्ग दर्शक तथा तरलता संकटको पूर्वानुमान र व्यवस्थापन गर्न ।
- पूँजी तथा बचत सङ्कलन तथा फिर्ता र ऋण लगानीबीच संतुलन कायम गर्न ।
- वास्तविक असुली अवस्थाको मापन गर्न ।
- लामो अवधिका अनुत्पादक तथा जोखिमपूर्ण क्षेत्रहरूमा हुने लागनी नियन्त्रण गर्न ।
- सदस्यहरू तथा संस्थासँग सम्बन्धित निकाय र संघसंस्थाहरूको विश्वास स्थापना गर्न ।
- अधिक तरलताबाट हुनसक्ने संभावित नोक्सानी (Opportunity Loss) कम गर्न ।
- संस्थाको कारोबार दिगो र संतुलित रूपमा सञ्चालन गर्ने वातावरण तयार गर्न ।

नगद प्रवाहका सकरात्मक तथा नकरात्मक प्रभावहरू हुन्छन । यदि संस्थाबाट बाहिरिएको रकम भन्दा संस्थामा भित्रिएको रकम बढी हुन्छ भने सकारात्मक नगद प्रवाह हुन्छ । यसले ऋण प्रवाहमा सहजता, तरलता जोखिमको सुरक्षा, समयमा नै दायित्व भूक्तान गर्ने क्षमता वृद्धि जस्ता सकरात्मक प्रभाव पार्दछ भने यदि सकरात्मक नगद प्रवाह आवस्यकता भन्दा बढी हुँदा अधिक तरलताको अवस्था पनि हुन सक्छ । यस्तो अवस्थामा सुरक्षित लगानीका क्षेत्रहरू पहिचान गरी लगानी गर्न सकियो भने फाइदाजनक हुन्छ । त्यस्तै गरी संस्थामा भित्रिएको रकम भन्दा संस्थाबाट बाहिरिएको रकम बढी हुँदा नकारात्मक नगद प्रवाह हुन्छ। यसले ऋण प्रवाहमा कमि, तरलता जोखिम, समयमा नै दायित्व भुक्तान गर्ने क्षमता कमि जस्ता नकारात्मक प्रभाव पार्दछ।

सहकारीको स्थायित्व र प्रतिस्पर्धामा अब्बल रहन BTRS अवधारणा कार्यान्वयनको खाँचो

राम जनक चौधरी
बरिष्ठ अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
काठमाडौं शाखा कार्यालय

सहकारी क्षेत्रमा देखिएको अविश्वास, अस्वस्थ प्रतिस्पर्धा, अपारदर्शिता, अनियमितता र हिनामिना, कमजोर नियमन र सुपरिवेक्षण, निष्क्रिय कर्जा वृद्धि, तरलता संकट, कमजोर सदस्य सहभागिता, राजनीतिक प्रभाव, प्रविधिको न्यून पहुँच र प्रयोग जस्ता समस्या तथा चुनौतीहरू चिर्न BTRS अवधारणा कार्यान्वयनको खाँचो एकदमै देखिएको छ। तसर्थ के हो ? त BTRS अवधारणा B भनेको Business अर्थात संस्थाको व्यवसाय, T मतलब Transparency (सुशासन वा पारदर्शिता), R भन्नाले Relation अर्थात सम्बन्ध, त्यसैगरी S मतलब Service & Social Impact (सेवा र सामाजिक प्रभाव) हो।

"B भनेको Business अर्थात संस्थाको व्यवसाय"

सहकारीको स्थायित्व संस्थाको निरन्तर वृत्ति विकास र व्यवसायको निरन्तरतामा निर्भर हुन्छ। सहकारीमा दिगोपना कायम गर्न गुणस्तर सहितको व्यवसाय निरन्तर रूपमा आरोह अवरोह, समस्या र चुनौतीहरू चिर्दै अगाडी बढ्नु पर्छ। प्रतिस्पर्धामा अब्बल र उत्कृष्ट रहन सहकारीहरूले नयाँ तथा समसामयिक परिस्थिति सुहाउँदो सेवा दिन सक्ने, समयमै नयाँ प्रविधि अवलम्बन गर्न सक्ने हुनुपर्छ। सहकारीको व्यवसाय सदस्यसँग प्रत्यक्ष जोडिएको हुन्छ। तसर्थ सदस्यलाई भगवानको उपमा समेत दिने गरेको पाउँछौं जुन सहकारी क्षेत्रमा व्यावहारिक रूपमा कहिँ कतै देख्दैनौं। तसर्थ संस्थालाई जुनसुकै परिस्थितिमा पनि अब्बल राख्न सदस्य सहभागितालाई प्राथमिकता दिदै निरन्तर सदस्य शिक्षा मार्फत सचेतना, सहकारिता, सहकारी मूल्य, मान्यता र सिद्धान्त बुझ्न बुझाउनु पर्ने देखिएको छ। सदस्य शिक्षा र कर्मचारी तालिम संस्थाको स्थायित्वको आधार हो जस्ले संस्थाको व्यवसाय प्रवर्द्धन र विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ। सदस्यहरूलाई सहकारी सिद्धान्त, बचतको महत्त्व, कर्जा उपयोगिता तथा जिम्मेवारीबारे जानकारी गराउन सकियो भने संस्था प्रति सदस्यको अपनत्व वृद्धि हुने गर्दछ। त्यस्तै दक्ष र प्रशिक्षित कर्मचारीले संस्थाको व्यवसाय प्रभावकारी र व्यवस्थित ढङ्गले हाँक्न सक्छ।

संस्थाले समय समयमा वित्तीय विश्लेषण, बजार अध्ययन तथा नीतिमा परिमार्जन गर्नुपर्छ। सोही अनुसारको कार्ययोजना निर्माण गरी अगाडी बढ्न सके मात्र व्यवसाय निरन्तर रूपमा उकालो लाग्छ अन्यथा उहि पुरानो धर्रामा सञ्चालन भइरहने हो भने एकदिन संस्था रहने कि नरहने भन्ने प्रश्न पक्कै उठ्ने छ। तसर्थ सहकारी संस्थाको व्यवसाय विस्तारको लागि सर्वप्रथम सदस्यको आवश्यकता र स्थानीय बजारको अध्ययन र पहिचान गर्न जरुरी छ। सदस्यहरूको मागअनुसार बचत, कर्जा, बीमा, कृषि लगानी, उद्यमशीलता विकास तथा डिजिटल सेवाजस्ता कार्यक्रम सञ्चालन गर्न सके संस्थाप्रति आकर्षण बढ्छ। साथै नयाँ सदस्य विस्तार तथा विविध सेवाको विकासले व्यवसायको दायरा फराकिलो बनाउँछ। अहिलेको आधुनिक समयमा मोबाइल बैंकिङ, अनलाइन भुक्तानी प्रणाली, डिजिटल लेखा प्रणाली तथा सामाजिक सञ्जालमार्फत प्रचार-प्रसार गर्नु पनि अत्यन्त आवश्यक भइसकेको छ। यस्ता प्रविधिले सेवा छिटो, सुरक्षित र पारदर्शी बनाउँछन्।

"T मतलब Transparency (सुशासन वा पारदर्शिता)"

सुशासन भनेको संस्था नीति, विधि, नियम र नैतिकताको आधारमा सञ्चालन हुनु हो । सहकारीमा सुशासन कायम हुँदा निर्णय प्रक्रिया स्पष्ट, उत्तरदायी र सदस्यमुखी बन्छ । संस्थाका सञ्चालक समिति, व्यवस्थापक तथा कर्मचारीले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा निर्वाह गर्नुपर्छ । संस्थाको आय-व्याय, बचत, कर्जा तथा लगानी सम्बन्धी सम्पूर्ण जानकारी सदस्यलाई खुला रूपमा उपलब्ध गराउनु पारदर्शिताको आधारस्तम्भ हो, मेरुदण्ड हो । जब सदस्यले आफ्नो रकम सुरक्षित रहेको अनुभूति गर्छन्, तब मात्र संस्थाप्रति विश्वास बढ्छ । सहकारी संस्थामा निरन्तरको व्यवसाय विस्तार सँगै सुशासन र पारदर्शिता पनि स्थायित्वको मूल आधार हो जस्ले संस्थालाई पारदर्शी ऐना जस्तै छलङ्ग बनाउन मद्यत गर्छ । यदि संस्था आर्थिक रूपमा कमजोर भयो, हरेक गतिविधिमा शुद्धता र स्पष्टता भएन्, हिनामिना भयो, वित्तीय अनुशासन देखिएन् भने संस्थाप्रतिको सदस्यको विश्वास गुम्न जान्छ, संस्था दीर्घकालीन रूपमा टिक्न सक्दैन र स्थायी रूपमा निरन्तर चल्न सक्दैन । त्यसैले सहकारीमा सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई कसेर लान जरुरी छ । नियमित लेखापरीक्षण, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, कानुनअनुसार सञ्चालन, नीति, विधिको परिपालना, नियामक निकायको निर्देशन, परिपत्रको कार्यान्वयनले मात्र संस्थालाई सुरक्षित, व्यवस्थित र भरपर्दो बनाउँछ ।

नेतृत्वकर्ताहरू इमानदार, दूरदर्शी तथा सदस्यप्रति उत्तरदायी हुनुपर्छ । संस्थामा राजनीतिक प्रभाव, व्यक्तिगत स्वार्थ वा अनियमितता बढेमा सहकारी संकटमा पर्न सक्छ । पछिल्लो समय केही सहकारी संस्थामा देखिएका अनियमिता, कमजोर व्यवस्थापन तथा सदस्यको बचत दुरुपयोगका घटनाले सहकारीप्रति जनविश्वास घटाएको देखिन्छ । यस्तो परिस्थितिमा सहकारी संस्थामा सुशासन, पारदर्शिता र स्थायित्वको आवश्यकता अझ बढी महत्त्वपूर्ण हुन्छ । सहकारी संस्थामा पारदर्शिता विस्तार गर्न आधुनिक प्रविधि, एआईको प्रयोग आवश्यक छ । डिजिटल लेखा प्रणाली, अनलाइन विवरण, मोबाइल बैंकिङ तथा नियमित वित्तीय प्रतिवेदनले सदस्यलाई वास्तविक अवस्था बुझ्न सहज बनाउँछ । वार्षिक साधारणसभा नियमित रूपमा सञ्चालन गरी संस्थाको प्रगति, चुनौती तथा भावी योजना सदस्यसमक्ष प्रस्तुत गर्नुपर्छ, नियमित आन्तरिक तथा बाह्य लेखापरीक्षणले आर्थिक अनुशासन कायम गर्न मद्दत गर्दछ । सदस्य शिक्षा पनि सुशासनको महत्त्वपूर्ण पक्ष हो । सहकारीका सिद्धान्त, अधिकार, कर्तव्य तथा वित्तीय सचेतनाबारे सदस्यलाई नियमित जानकारी दिन सके जिम्मेवार सहभागिता बढ्छ । जब सदस्य सक्रिय र सचेत हुन्छन्, तब संस्थामा अनियमितता हुने सम्भावना कम हुन्छ ।

"R भन्नाले Relation अर्थात सम्बन्ध"

सहकारी संस्थाहरू चल्ने भनेको विश्वास र सम्बन्धले हो । सहकारी संस्था साझा उद्देश्य, सहकार्य र पारस्परिक विश्वासका आधारमा सञ्चालन हुने संस्था हो । "एकका लागि सबै र सबैंका लागि एक" भन्ने सिद्धान्तलाई आत्मसात् गर्दै सहकारीले समाजको आर्थिक तथा सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ। कुनै पनि सहकारी संस्थाको सफलता केवल पूँजी, भवन वा प्रविधिमा मात्र निर्भर हुँदैन, त्यसको पछाडि सदस्य, कर्मचारी, सञ्चालक, समुदाय र सरोकारवाला निकायबीचको राम्रो र सकारात्मक सम्बन्धको आधारमा मूल्याङ्कन हुने गर्छ । त्यसैले सहकारी संस्थाको विस्तार र दीर्घकालीन स्थायित्वका लागि सम्बन्ध एकदमै मजबुट, बलियो र सकारात्मक हुनुपर्छ अनिमात्र सहकारी सफल हुन्छ। सहकारीमा सदस्य र संस्थाबीचको विश्वासपूर्ण सम्बन्ध सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । सदस्यहरूले आफ्नो बचत सुरक्षित छ भन्ने विश्वास गरेमा मात्र उनीहरू संस्थासँग दीर्घकालीन रूपमा आबद्ध रहन्छन् । यदि संस्थाले सदस्यका समस्या, आवश्यकता र भावनालाई सम्मान गर्दै सेवा प्रदान गर्छ भने सदस्यको अपनत्व बढ्छ । यही अपनत्वले नयाँ सदस्य आकर्षित गर्न, खुसी, सन्तुष्ट र प्रसन्न सदस्य बनाउन मद्यत गर्छ जस्ले संस्था र सदस्यबीच सुमधुर सम्बन्ध कायम गरी संस्था सुदृढ र चिरस्थायी बनाउन योगदान गर्दछ ।

त्यसैगरी सञ्चालक समिति, व्यवस्थापक र कर्मचारीबीचको राम्रो सम्बन्धले संस्थाको कार्यसम्पादन प्रभावकारी हुन्छ । आपसी सम्मान, सहकार्य र स्पष्ट जिम्मेवारी हुँदा निर्णय प्रक्रिया सहज हुन्छ । संस्थाभित्र आन्तरिक विवाद, पक्षपात वा असमझदारी बढेमा कार्यक्षमता कमजोर हुन जान्छ र सदस्यको विश्वास पनि घट्छ । त्यसैले संस्थाको नेतृत्व पारदर्शी, उत्तरदायी र समन्वयकारी हुनपर्छ । सहकारी संस्थाको विस्तार र स्थायित्वका लागि समुदायसँगको सम्बन्ध पनि अत्यन्त महत्त्वपूर्ण हुन्छ । स्थानीय समुदायसँग

घनिष्ठ सम्बन्ध राख्ने सहकारीले सामाजिक विश्वास जित्छ । सामाजिक, सामुदायिक उत्तरदायित्वका कार्यक्रम, जनचेतनामूलक अभियान, कृषि तथा उद्यमशीलता प्रवर्द्धन जस्ता गतिविधिले समुदायमा सकारात्मक प्रभाव पार्छ। जब समुदायले सहकारीलाई आफ्नै संस्थाका रूपमा स्वीकार गर्छ, तब संस्थाको दायरा र प्रभाव स्वतः विस्तार हुँदै जान्छ र संस्था कुनै हालतमा असफल हुने सम्भावना रहदैन् ।

सरकारी निकाय, नियामक निकाय, बैंक तथा वित्तीय संस्था, अन्य सहकारी संस्थासँगको समन्वयात्मक सम्बन्धले पनि संस्थालाई बलियो र सक्षम बनाउन मद्दत गर्छ । तालिम, प्राविधिक सहयोग, वित्तीय पहुँच तथा नीतिनियमको जानकारी प्राप्त गर्न यस्ता सरोकारवाला निकायसँग सुमधुर सम्बन्ध गाँस्नु पर्छ। सहकार्य र साझेदारीको माध्यमबाट सहकारीले नयाँ अवसर सिर्जना गर्न सक्छ । आजको आधुनिक समयमा सम्बन्ध विस्तारका लागि प्रविधिको प्रयोग पनि आवश्यक भएको छ । सामाजिक सञ्जाल, मोबाइल सेवा तथा डिजिटल सूचना प्रणाली, एआई प्रविधिको प्रयोग मार्फत सदस्य, सरोकारवालासँग नियमित सम्पर्क राखे मात्र संस्थालाई अरु भन्दा एक कदम अगाडी उभ्याउन सक्छौं। हरेक समस्या र चुनौतीमा सदस्य र सरोकारवाला निकायको साथ, सहयोग प्राप्त गर्न सक्छौं। जुनसुकै भुमरीबाट पनि संस्थालाई जोगाउन, बचाउन र सञ्चालन गर्न सक्छौं ।

तसर्थ, संस्थाको स्थायित्व, व्यवसाय विस्तार र चुनौतीको सामना गर्न सहकारी संस्थासँग सरोकार राख्ने सबै निकायसँग सुमधुर सम्बन्ध कायम गर्नु आजको आवश्यकता हो । सहकारी संस्थाको वास्तविक शक्ति सम्बन्ध, विश्वास र सहकार्यमा आधारित छ। बलियो र सकारात्मक सुमधुर सम्बन्ध बिना सहकारीको विस्तार र स्थायित्व सम्भव छैन। सदस्य, कर्मचारी, नेतृत्व र समुदायबीच सकारात्मक तथा जिम्मेवारपूर्ण सम्बन्ध कायम गर्न सकियो भने मात्र सहकारी संस्था दीर्घकालीन रूपमा सफल, विश्वसनीय र दिगो बन्छ। अत सुदृढ सम्बन्धले मात्र सहकारीलाई आर्थिक समृद्धि र सामाजिक विकासको प्रभावकारी माध्यम बनाउन सक्छ । त्यसैले संस्थाले सरोकारवाला सबैसँग सुमधुर सम्बन्ध कायम गर्नु अहिलेको आवश्यकता हो ।

“S मतलब Service & Social Impact (सेवा र सामाजिक प्रभाव)”

सहकारी संस्था भनेको केवल आर्थिक कारोबार गर्ने संस्था मात्र होइन, यो सामाजिक एकता, सहकार्य र सामूहिक समृद्धिको आधार पनि हो । नेपालमा धेरैजसो सहकारी संस्थाले बचत तथा कर्जा सेवा, कृषि क्षेत्रको विकास, स्वरोजगार सिर्जना तथा सामाजिक चेतना अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्। कुनै पनि सहकारी संस्थाको विस्तार र दीर्घकालीन स्थायित्वका लागि गुणस्तरीय सेवा र सकारात्मक सामाजिक प्रभाव अत्यन्त महत्त्वपूर्ण हुन्छ। जब सहकारीले सदस्य र समाजको वास्तविक आवश्यकता बुझेर प्रभावकारी सेवा प्रदान गर्छ, तब संस्थाप्रति विश्वास र आकर्षण बढ्न थाल्छ । सहकारी संस्थाको मुख्य उद्देश्य सदस्यको आर्थिक तथा सामाजिक जीवनस्तर सुधार गर्नु हो । त्यसैले संस्थाले सदस्यमैत्री सेवा, सरल बचत योजना, सहज कर्जा सुविधा, कृषि तथा पशुपालन क्षेत्रमा लगानी, महिला उद्यमशीलता विकास, नवप्रर्वतन, स्टार्टअप, बीमा सेवा तथा वित्तीय परामर्श, वित्तीय तथा व्यावसायिक साक्षरताजस्ता कार्यक्रमले सदस्यलाई प्रत्यक्ष लाभ पुऱ्याउनु पर्छ अनि मात्र संस्था सबल र सक्षम बन्न सक्छ । जब सदस्यले संस्थाबाट उपयोगी छिटोछरिटो र भरपर्दो सेवा प्राप्त गर्छन्, तब उनीहरूले संस्थालाई विश्वास गर्छन्, समाजमा संस्थाबारे सकारात्मक प्रचारप्रसार हुन थाल्छ र संस्थाको विकास, विस्तार र प्रगति हुन थाल्छ।

> **“नेपालमा धेरैजसो सहकारी संस्थाले बचत तथा कर्जा सेवा, कृषि क्षेत्रको विकास, स्वरोजगार सिर्जना तथा सामाजिक चेतना अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्।”**

गुणस्तरीय सेवा सहकारीको पहिचान र प्रतिष्ठासँग पनि जोडिएको हुन्छ । सेवा छिटो, पारदर्शी र जिम्मेवार ढंगले प्रदान गर्न सके सदस्य सन्तुष्टि बढ्छ । आजको

प्रतिस्पर्धात्मक समयमा सहकारीले आधुनिक प्रविधिको प्रयोग गरी डिजिटल सेवा, मोबाइल बैंकिङ तथा अनलाइन सूचना प्रणाली अपनाउन आवश्यक भएको छ। यसले सेवा प्रभावकारी मात्र होइन, विश्वसनीय पनि बनाउँछ।

सामाजिक प्रभाव सहकारी संस्थाको अर्को महत्त्वपूर्ण पक्ष हो। सहकारीले केवल नाफा कमाउने उद्देश्य मात्र राखेर हुँदैन समाज कल्याण र देशको समृद्धि पनि सोच्नुपर्छ। यसले समाजमा सकारात्मक परिवर्तन ल्याउने जिम्मेवारी पनि वहन गर्नुपर्छ। शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण, महिला सशक्तीकरण तथा युवालाई स्वरोजगार बनाउने कार्यक्रममार्फत सहकारीले समाजमा ठूलो प्रभाव पार्न सक्नुपर्छ, सहकारी सामाजिक उत्तरदायित्वप्रति सचेत हुनुपर्छ, अनिमात्र समुदायमा यसको सम्मान र विश्वसनीयता बढ्छ। विशेष गरी ग्रामीण क्षेत्रमा सहकारीले गरिबी न्यूनीकरण, कृषि उत्पादन वृद्धि तथा स्थानीय स्रोत-साधनको परिचालनमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ। बेरोजगारी कम गर्ने साना तथा मझौला उद्यमलाई प्रोत्साहन गर्ने तथा सामूहिक विकासको भावना बढाउनु पर्छ। अहिलेको आधुनिक समाजमा सकारात्मक प्रभाव छोड्न सक्ने सहकारी संस्था मात्र दीर्घकालीन रूपमा स्थिर र बलियो हुन्छन् अन्यथा सहकारी सहकारी हैन धुन्धुकारी बन्न पुग्छ।

सदस्य र समुदायसँगको भावनात्मक सम्बन्ध पनि सामाजिक प्रभावबाटै बलियो बन्छ। जब संस्थाले सदस्यको दुःख-सुखमा साथ दिन्छ, सामाजिक, सामुदायिक कार्यक्रम सञ्चालन गर्छ र सामूहिक हितमा काम गर्छ, तब सदस्यहरूले सहकारीलाई आफ्नै संस्था ठान्छन् अपनत्व बोध हुन्छ। यस्तो अपनत्वले संस्थाको स्थायित्व सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। गुणस्तरीय सेवा, सदस्य सन्तुष्टि, सामाजिक उत्तरदायित्व तथा सकारात्मक प्रभावमार्फत मात्र सहकारी संस्था दिगो, विश्वसनीय र सफल बन्न सक्छ। बलियो सहकारीले मात्र समृद्ध समाज र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ। त्यसैले BTRS अवधारणा सहकारी संस्थाको विस्तार, दिगोपन र संस्थागत सफलताका लागि व्यवसाय, पारदर्शिता, सम्बन्ध, सेवा तथा सामाजिक प्रभावलाई एकीकृत रूपमा व्यवस्थापन गर्ने आधुनिक सोच हो। व्यवसायिक रूपमा सक्षम, आर्थिक रूपमा सुदृढ र सदस्यको आवश्यकता अनुरूप सेवा प्रदान गर्ने सहकारीले मात्र प्रतिस्पर्धात्मक वातावरणमा आफ्नो अस्तित्व बलियो बनाउन सक्छ। पारदर्शिता र सुशासनले सदस्यको विश्वास अभिवृद्धि गर्दै संस्थाप्रति उत्तरदायित्व र विश्वसनीयता कायम गर्छ भने सदस्य, कर्मचारी, नेतृत्व तथा समुदायबीचको सुमधुर सम्बन्धले सहकार्य र अपनत्वको भावना विकास गर्छ। गुणस्तरीय तथा सदस्यमुखी सेवाले सदस्य सन्तुष्टि बढाई संस्थाको विस्तारमा योगदान पुऱ्याउँछ, जबकि सकारात्मक सामाजिक प्रभावले सहकारीलाई समाजसँग अझ नजिक र अर्थपूर्ण रूपमा जोड्छ। त्यसैले BTRS का सबै पक्षलाई सन्तुलित र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके सहकारी संस्था आर्थिक रूपमा सबल, सामाजिक रूपमा उत्तरदायी र दीर्घकालीन रूपमा स्थायी बन्न सक्छ।

> **व्यवसायिक रूपमा सक्षम, आर्थिक रूपमा सुदृढ र सदस्यको आवश्यकता अनुरूप सेवा प्रदान गर्ने सहकारीले मात्र प्रतिस्पर्धात्मक वातावरणमा आफ्नो अस्तित्व बलियो बनाउन सक्छ।**

BTRS अवधारणा सहकारी संस्थाको आधुनिक व्यवस्थापन ढाँचा (Management Framework) हो, जसले व्यवसाय विस्तार (Business Expansion) र संस्थागत दिगोपना (Institutional Sustainability) सुनिश्चित गर्छ। जब सहकारीले प्रभावकारी व्यवसायिक रणनीति, बलियो पारदर्शिता प्रणाली, स्वस्थ सम्बन्ध व्यवस्थापन, गुणस्तरीय सेवा प्रवाह र सकारात्मक सामाजिक प्रभाव अपनाउँछ, तब मात्र त्यो संस्था दीर्घकालीन रूपमा सफल हुन सक्छ। आजको प्रतिस्पर्धात्मक वित्तीय वातावरणमा BTRS लागू गर्ने सहकारी संस्था मात्र विश्वसनीय, दिगो र समाजमा प्रभावकारी बन्न सक्छ। अत BTRS अवधारणा केवल एउटा मोडेल मात्र होइन, यो सहकारीको भविष्यको दिगोपन (Future Sustainability) का लागि मार्गदर्शन गर्ने व्यवहारिक दर्शन (Practical Philosophy) पनि हो।

आर्थिक वर्ष २०८३/८४ को नेपालको संघीय बजेट तथा अर्थ विधेयकमा भएका मुख्य मुख्य व्यवस्थाहरू

सि.ए. शुशिला खनाल
बरिष्ठ अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

२०८३ जेठ १५ गते संघीय संसदमा अर्थमन्त्री डा.स्वर्णीम वाग्लेले आर्थिक वर्ष २०८३/८४ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुभएको थियो । यस आर्थिक वर्षका लागि नेपाल सरकारले कुल रु.२१ खर्ब २४ अर्बको सिमाभित्र रही बजेट निर्धारण गरेको छ ।

बजेटको आकार

कुल बजेट विनियोजन २१ खर्ब २४ अर्ब

खर्चको प्रकार	रकम रु.	प्रतिशतमा
चालु खर्च	१२ खर्ब ७० अर्ब	५९.७९
पुँजीगत खर्च	४ खर्ब ३१ अर्ब	२०.२९
वित्तीय व्यवस्था	४ खर्ब २३ अर्ब	१९.९२

माथिको तालिकालाई हेर्दा सरकारले विनियोजन गरेको कुल बजेटको सबैभन्दा ठूलो हिस्सा चालु खर्चमा हुने देखिन्छ भने पुँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ क्रमशः २०.२९ र १९.९२ प्रतिशत बजेट खर्च हुने देखिन्छ । कुल विनियोजित बजेटमा सरकारले तपसिल बमोजिम हुने गरी स्रोतको सुनिश्चितता गरेको छ ।

स्रोतको सुनिश्चितता

खर्चको प्रकार	रकम रु.
राजस्व सङ्कलन	१४ खर्ब ५ अर्ब
वैदेशिक अनुदान	६१ अर्ब ७४ करोड
वैदेशिक ऋण	२ खर्ब ४७ अर्ब
आन्तरिक ऋण परिचालन	४ खर्ब १० अर्ब

नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्रकाशित अर्थ बुलेटिन २०८२ फागुनका अनुसार आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म नेपाल सरकारको राजस्व सङ्कलन करिब ७ खर्ब ४७ अर्ब २८ करोड पुगेको छ । आर्थिक वर्ष २०८२/८३ को राजस्व सङ्कलनको लक्ष्य १३ खर्ब १५ अर्ब रहेकोमा फागुनसम्म करिब ५७ प्रतिशत प्रगति हासिल भएकोमा आर्थिक वर्ष २०८३/८४ का लागि सरकारले कुल बजेटको करिब दुई तिहाई हिस्सा आन्तरीक राजस्व सङ्कलनबाट गर्ने महत्त्वकांक्षी लक्ष्य लिएको देखिन्छ ।

अर्थ विधेयकले आयकर तथा मुल्य अभिवृद्धि करमा परिवर्तन तथा थप गरेका मुख्य मुख्य बुँदाहरू

आयकरमा संशोधन

करको दरमा संशोधन

मध्यम वर्गका करदातालाई राहत प्रदान गर्ने गरी आधारभूत कर छुट सीमालाई दोब्बर गरी अधिकतम कर सीमामा सीमान्त करको दरमा १० प्रतिशत बिन्दुले कटौती गरिएको छ । अब उपरान्त करदाताले रोजगारीको आयमा तपसिल बमोजिम कर तिर्नुपर्ने हुन्छ । यस व्यवस्था अनुरुप मासिक सरदर ८३ हजार रुपैंयासम्म आम्दानी गर्ने व्यक्ति करको दायरामा आउने छैनन् ।

करयोग्य आयको थ्रेसहोल्ड	करको दर	कैफियत
रु.१० लाख सम्म।	१ प्रतिशत	पारिश्रमीक आयको हकमा मात्र सामाजिक सुरक्षा कर लाग्ने। तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृतिभरण बापतको आय, निवृतिभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यो कर नलाग्ने।
रु. १० लाख देखी माथि रु.१५ लाख सम्म।	१० प्रतिशत	
रु.१५ लाख देखी माथि रु.२५ लाख सम्म।	२० प्रतिशत	
रु. २५ लाख देखी माथि ४० लाख सम्म।	२७ प्रतिशत	
रु. ४० लाख भन्दा माथि	२९ प्रतिशत	सीमान्त ३९ प्रतिशतको स्ल्याबलाई घटाईएको।

साविकमा रु.१० लाखसम्मको आयमा प्राकृतिक व्यक्तिको हकमा रु.८५ हजार सम्म र दम्पतिको हकमा रु.६६ हजार कर तिर्नुपर्नेमा अब जम्मा १० हजार कर तिरे पुग्ने भएको छ। त्यसै गरी करको माथिल्ला स्ल्याबमा पनि फेरबदल भएको हुँदा न्यून भन्दा पनि मध्यम र उच्च आय भएका वर्गलाई पनि यो फेरबदलले ठूलो राहत प्रदान गर्ने देखिएको छ।

यसका साथै साविकमा प्राकृतिक व्यक्ति र दम्पतीको हकमा छुट्टा छुट्टै करको स्ल्याब रहेकोमा हाल प्राकृतिक व्यक्ति तथा दम्पतीलाई लाग्ने करको स्ल्याबलाई एउटै बनाईएको छ।

करकट्टी र सहुलियतहरू

- कुनै बासिन्दा प्राकृतिक व्यक्तिले आफ्नो सन्ततिको शिक्षाका लागि बासिन्दा व्यक्तिलाई शिक्षण शुल्क बापत भुक्तानी गरेको वार्षिक रकमको पच्चीस प्रतिशत वा पच्चिस हजार रुपैँयामा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा कर गणना गर्न पाउने।
- कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा गरेको रहेछ भने त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक बीमा प्रिमियम वा रु.१० हजार रुपैँयामा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा कर गणना गर्न पाउने।
- कुनै बासिन्दा व्यक्ति अपाङ्गता भएको रहेछ भने त्यस्तो व्यक्ति वा दम्पतिको लागि आधारभूत कर छुट रकमको ५० प्रतिशत थप रकम करयोग्य आयबाट घटाउन पाउने व्यवस्थालाई निरन्तरता दिइएको।
- निवृतिभरणको आय हुने प्राकृतिक बासिन्दा व्यक्ति वा दम्पतिको हकमा आधारभूत कर छुट रकमको २५ प्रतिशत थप रकम करयोग्य आयबाट घटाउन पाउने व्यवस्थालाई निरन्तरता दिइएको।
- सूचना प्रविधि उद्योगमा रोजगारी गरेर पारीश्रमीक बापत प्राप्त हुने स्वेट शेयर बराबरको रकममा कर नलाग्ने प्रावधान थप गरिएको।

पुँजीगत लाभकरमा लाग्ने दरमा संशोधन

धितोपत्रमा लगानी	बासिन्दा प्राकृतिक व्यक्तिको हकमा	कैफियत
धितोपत्र बोर्डमा स्वीकृत निकायको हकमा		
३६५ दिन वा सोभन्दा कम अवधि स्वामित्वमा रहेकोमा	लाभ रकमको १० प्रतिशत	धितोपत्र बोर्डमा सूचीकृत भएका निकायको हितको निसर्गबाट प्राप्त लाभको हकमा यसरी लाग्ने कर अन्तीम हुने र आयमा गणना गरी थप कर तिर्नु नपर्ने।
३६५ दिनभन्दा बढी अवधि स्वामित्वमा रहेकोमा	लाभ रकमको ७.५ प्रतिशत	

घरजग्गाको स्वामित्व बिक्रीमा लाग्ने करको दरमा संशोधन

धितोपत्रमा लगानी	बासिन्दा प्राकृतिक व्यक्तिको हकमा	कैफियत
धितोपत्र बोर्डमा स्वीकृत निकायको हकमा		
५ वर्ष भन्दा कम अवधि स्वामित्वमा रहेकोमा	लाभ रकमको १० प्रतिशत	नेपाल सरकारको निर्णयबाट कुनै प्राकृतिक व्यक्तिको जग्गा अधिग्रहण हुने भै अस्वेच्छिक रूपमा निसर्ग भएको गैर व्यवसायिक करयोग्य (सम्पत्ति जग्गा तथा भवनको हकमा) २.५ प्रतिशतका दरले कर लाग्ने।
५ वर्ष वा सो भन्दा बढी अवधि स्वामित्वमा रहेकोमा	लाभ रकमको ७.५ प्रतिशत	

कुनै प्राकृतिक व्यक्तिले आफ्नो स्वामित्वको जग्गा वा निजी भवन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई निशुल्क प्रदान गर्दा त्यस्तो जग्गा वा निजी भवनको निसर्गमा पुँजीगत लाभकर नलाग्ने।

भुक्तानीमा करकट्टी सम्बन्धमा

- कुनै बासिन्दा प्राकृतिक व्यक्ति रहेको बीमा अभिकर्तालाई भुक्तानी गरेको सेवा शुल्क वा कमिसनमा बीस प्रतिशतका दरले अनिवार्य रूपमा करकट्टी गर्नुपर्ने र सो रकम अन्तिम करकट्टी हुने।
- अवकास भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु नपर्ने।
- आकस्मिक लाभकर (२५ प्रतिशत) का दरले कर कट्टी गर्नु नपर्ने खण्डमा कृषि शब्द थप गरिएको। अब उपरान्त कृषि क्षेत्रमा योगदान पुऱ्याय बापत प्राप्त हुने पुरस्कारहरूमा आकस्मिक लाभ कर छुट हुने।

अग्रिम आयकर सम्बन्धमा

बासिन्दा राईड शेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति (राईड सेयरि अपरेटर) ले आफ्नो प्लेटफर्ममा आबद्ध भई कुनै सेवा प्रदान गर्ने प्राकृतिक व्यक्तिलाई प्रदान गरेको सेवा बापतको रकममा १ प्रतिशतका दरले अग्रिम कर असूल गर्नु पर्ने।

प्रमुख व्यवसायिक छुट तथा सुविधाहरू

- कुनै व्यक्ति वा संस्थाले आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले स्थापना गरेको राष्ट्रिय पुनर्निर्माण कोषमा योगदान गरेको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा घटाउन पाउने व्यवस्था थप भएको छ।
- कुनै प्राकृतिक व्यक्तिले आफ्नो स्वामित्वको जग्गा वा निजी भवन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई निःशुल्क प्रदान गर्दा त्यस्तो जग्गा वा निजी भवनको निसर्गबाट प्राप्त हुने आयमा कर छुट हुने,
- मुनाफा नकमाउने उद्देश्यले विदेशी सरकारको पूर्ण स्वामित्वमा स्थापित वित्तीय संस्थाले नेपालमा ऋण लगानी गरी प्राप्त गरेको ब्याज आय,
- जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य बमोजिम आर्जन गरेको रकम।
- नेपालमा स्थापना भई सञ्चालनमा रहेको विश्वविद्यालयले आफ्नो उद्देश्य बमोजिम आर्जन गरेको रकम।
- महानगरपालिका र उपमहानगरपालिका बाहेकका क्षेत्रमा स्थापित चलचित्र घरलाई व्यवसायिक कारोबार शुरु गरेको मितिले १० वर्षसम्म कर छुट हुने।
- कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो करयोग्य आय गणना गर्दा यस दफाको प्रयोजनका लागि विभागबाट स्वीकृति प्राप्त कर छुट पाउने संस्थालाई चन्दा दिएको उपहार रकम रु.३ लाख रुपैँया वा त्यस्तो व्यक्तिको उक्त वर्षको समायोजित करयोग्य आयको ५ प्रतिशतमध्ये जुन घटी हुन्छ सो रकम करयोग्य आयको गणना गर्दा घटाउन सकिने। (साविकमा यो रकम रु. १ लाख रहेकोमा हाल ३ लाख भएको)
- कुनै व्यक्तिले कुनै आय वर्षमा प्रचलित कानुन बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि खर्च गरेको रकम आफ्नो करयोग्य आय गणना गर्दा घटाउन सक्नेछ र सो रकम जम्मा करयोग्य आयको १ प्रतिशतभन्दा बढी हुने छैन। (नयाँ

व्यवस्था थप गरिएको ।)

- कुनै आय वर्षमा बीस लाख रुपैँयाभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले एक पटकमा रु.२५ हजार भन्दा बढीको नगद भुक्तानी गरेमा करकट्टी नपाउने । (साविकमा यो रकम ५० हजार रहेको)
- स्टार्टअप भेञ्चर क्यापिटल र प्राईभेट इक्विटी फण्डमा साविकका शेयरवाला तथा साझेदारको शेयर संख्या र पुँजी यथावत रही नयाँ शेयरवाला तथा साझेदार थप भई पुँजी वृद्धि भएको अवस्था तथा प्राकृतिक व्यक्तिको काबु बाहिरको अवकास वा मृत्युका कारण हुने स्वामित्व हस्तान्तरणमा दफा ५७ नलाग्ने व्यवस्था थप भएको ।

मुल्य अभिवृद्धि करमा संशोधन

- बासिन्दा राईड सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति (राईड सेयरिङ अपरेटर) बाट सञ्चालित प्लेटफर्ममा आबद्ध भई यातायात तथा ढुवानी सेवा प्रदान गर्ने व्यक्तिलाई कारोबार गरेको बखत राईड सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्तिले कर लाग्ने मुल्यमा ५ प्रतिशतका दरले कर निर्धारण गरी असुल गर्नुपर्ने व्यवस्था गरिएको ।
- त्यस्तै अन्तिम उपभोक्तालाई विद्युत सेवा प्रदान गर्ने व्यक्तिले कर लाग्ने मुल्यमा ५ प्रतिशतका दरले कर निर्धारण गरी असुल गर्नुपर्ने व्यवस्था गरिएको ।
- डिजिटल भुक्तानीको माध्यमबाट उपभोक्ताले गर्ने खरिदमा बीजक जारी हुँदाकै समयमा मूल्य अभिवृद्धि करको दश प्रतिशत छुट पाउने व्यवस्था कार्यान्वयन हुने व्यवस्था, स्वचालित रूपमा मू.अ.कर फिर्ताको व्यवस्था साथै उपभोक्ताले लिने कर बीजकमा लट्री जस्ता कार्यक्रम सुरु गर्ने घोषणा गरिएको ।
- विद्युतिय माध्यमबाट बीजक जारी गर्ने सन्दर्भमा विभागले मापदण्ड र प्रक्रिया तोकी कुनै व्यक्तिले विद्युतिय माध्यमबाट बीजक जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था थप भएको ।
- विभागले सूचना प्रकाशन गरी त्यस्तो सूचनामा तोकिएको करदातालाई अनिवार्य रूपमा विद्युतिय माध्यमबाट बीजक जारी गरी विभागको केन्द्रीय बीजक अनुगमन प्रणाली (CBMS) मा आबद्ध गर्न वा विभागले उपलब्ध गराएको विलिङ प्रणाली प्रयोग गरी विद्युतिय बीजक जारी गर्न आदेश दिन सक्ने व्यवस्था थप भएको ।

अन्य व्यवस्थाहरू

- २७३ प्रकारका कच्चा पदार्थमा भन्सार दर घटाईएको ।
- विद्यमान एघार तहको भन्सार दरलाइ सात तहमा सिमित गरिएको ।
- हाल ३६० वस्तुमा लाग्दै आएको अन्तःशुल्क खारेज गरिएको ।
- मूल्य अभिवृद्धि करमा बहुदर प्रणालीको सान्दर्भिकता बारे अध्ययन गर्न उच्च स्तरिय सुझाव समिति गठन गर्ने ।
- नेपालमा उपभोक्तालाई सुन, चाँदी तथा तिनका गरगहना र वस्तुहरूको बिक्री गर्दा त्यस्तो बिक्रीमा सिप प्रबर्द्धन शुल्क लगाई असुल गरिने ।
- निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा शिक्षा समता शुल्क लगाई असुल उपर गरिने ।
- निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायकले विरामीबाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा स्वास्थ्य समता शुल्क लगाई असुल उपर गरिने ।

सन्दर्भ सामग्री

बजेट वक्तव्य २०८३/८४

अर्थ विधेयक, २०८३/८४

अर्थ बुलेटिन २०८२ फागुन अङ्क

आयकर ऐन, २०५८ तथा मुल्य अभिवृद्धि कर ऐन, २०५२

सहकारी संस्थाहरूमा ब्याजदर परिमार्जनको महत्त्व र आवश्यकता

सविन लामिछाने
शाखा प्रवन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
बिरेन्द्रनगर शाखा कार्यालय, सुर्खेत

पछिल्लो समय सहकारी संस्थाहरूमा हजुरहरूको संस्थाको अवस्था के छ ? भनी प्रश्न राख्दा प्राय आउने उत्तर हुन्छ "ल.र.र बढ्न सकेन अनी बचत थुप्रिएर गाह्रो भएको छ सर" अनि फेरी प्रश्न सोधिन्छ, "बचत अनी ऋणमा ब्याजदर कती छ नी ?" जवाफ आउँछ "बचतमा न्युनतम ७ र अधिकतम १० प्रतिशत अनी ऋणमा सहुलियत कर्जाको ७ प्रतिशत र साधारण कर्जामा अधिकतम १५ प्रतिशत छ सर.." "बचत तथा ऋणको बजारदर कती छ नी ?" भन्ने प्रश्नमा कार्यालय प्रमुखबाट जवाफ आउँछ "बैंकमा बचत जम्मा गर्न जाँदा २.५ प्रतिशत सम्म ब्याज दिने रहेछ अनी ऋणमा ७ प्रतिशत सम्ममा लगानी गर्ने गरेको रहेछ" अनि फेरी प्रश्न आउँछ "कुनै सदस्यले ७ प्रतिशतमा बैंकबाट कर्जा लिएर ९ प्रतिशतमा हजुरकोमा बचत राख्न आए भने के गर्नुहुन्छ ?" यसले संस्थालाई कस्तो असर पार्दछ ? हजुरको संस्थाले पनी समय सापेक्ष ब्याजदर समायोजन गर्नु पर्दैन र ? "संस्था प्रमुखको जवाफ आउँछ "ब्याजदर त घटाउनुपर्ने हो तर के गर्ने सञ्चालकले मान्नुहुन्न" सञ्चालकलाई मनाउनु त कार्यालय प्रमुखको दायीत्व हुन्छ नि होइन र ? संस्थाको कोषको औषत लागत र ब्याज आम्दानीको औषत दर लाई बजार दर सँग तुलना गरेर बुझाउँदा नबुझ्ने पक्कै हुँदैन होला । अहिले धेरैजसो सहकारी संस्थाहरूले यस्तै प्रकारको परिस्थितीको सामना गरिरहनु परेको छ ।

बजार दर अनुसार ब्याजदर समायोजन नगर्नु वित्तीय संस्थाहरूको लागि प्रतिकुल हुन जान्छ। जुन सहकारी संस्थाले बजार दर अनुसार संस्थाको बचत र ऋणको ब्याजदरलाई परिमार्जन गर्दै सञ्चालन भएका छन् ति संस्थाहरू सफल भएका उदाहरणहरू प्रशस्तै रहेका छन् । त्यसकारण समयानुकुल ब्याजदर परिमार्जन गर्नु सहकारी संस्थाहरूको लागि अत्यावश्यक हुने गर्दछ । बजारदर भन्नाले कुनै पनी समयमा बजारमा प्रचलित ब्याजदरको औषतस्तर हो, जुन बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाहरूले अपनाईरहेका हुन्छन् । बजारदर बजारमा पैसाको माग र आपुर्ती अनुसार परिवर्तन हुन्छ, जसलाई आर्थिक अवस्था, मुद्रा स्फिर्ती तथा मौद्रिक र अन्य नितीहरूले प्रभाव पार्दछ । सहकारी संस्था प्राकृतीक व्यक्तिहरूद्वारा गठित निश्चित कानुनद्वारा निर्माण भएको कानुनी व्यक्ति हो जसको स्थापना र अन्त्य कानुनबाट हुन्छ । सहकारी संस्था मुख्यतःआर्थिक क्रियाकलाप गर्ने संगठन हो । निश्चित परिधीभित्र बसोबास गर्ने एकै स्तरका व्यक्तिहरू बीचमा बचत तथा ऋणको समन्वयात्मक कारोबारको भूमिका निर्वाह गर्ने संगठन सहकारी संस्था हो । त्यसकारण सहकारी संस्थामा बचत तथा ऋणको कारोबार संस्थाको मेरुदण्डको रूपमा रहेको हुन्छ । जसरी मानिसको शरिरको सन्तुलन कायम गराउन मेरुदण्डको अवस्था सही हुनुपर्दछ त्यसरी नै सहकारी संस्थाहरू पनी बलियो हुन बचत

तथा ऋणको ब्याजदरको बीचमा सामञ्जस्यता कायम हुनुपर्दछ ।

सहकारी संस्थामा ब्याजदर किन महत्त्वपूर्ण छ ?

१. **बचतलाई आकर्षित गर्दछ :**

सहकारी सस्थाले समुदायमा छरिएर रहेका स-साना पूँजीहरूलाई एकत्रित गरी ठुलो पूँजीको रूपमा परिणत गर्ने कार्य गर्दछ । समयसापेक्ष राम्रो ब्याजदर भएमा संस्थाका सदस्यहरू बढी बचत गर्न प्रेरित हुन्छन् जसले सस्थामा पूँजीको मात्रा बढाउँछ ।

२. **ऋणको माग निर्धारण :**

बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूमा ऋणको माग निर्धारण गर्ने प्रमुख तत्त्व ऋणमा लिईने ब्याजदर हो । जव ऋणको ब्याजदर न्यून हुन्छ तब ऋणीको कर्जा भुक्तानी गर्ने क्षमता वृद्धि हुन्छ जसले गर्दा उनिहरू कर्जा लिई व्यवसाय सुरुवात तथा विस्तार गर्ने कुरामा विश्वस्त हुन्छन् । कम ब्याजदर हुँदा सदस्यहरू ऋण लिन उत्साहित हुन्छन भने बढी ब्याजदर हुँदा ऋण लिन हिच्किचाउँछन् । त्यसकारण समयसापेक्ष ब्याजदर निर्धारण गर्नु पर्दछ ।

३. **संस्थाको नाफा र स्थायीत्व :**

सहकारी संस्था मुख्यतः आर्थिक क्रियाकलापसँग जोडिएको हुन्छ । जसअनुसार संस्थाले सदस्यहरूमा छरिएर रहेका पूँजी सङ्कलन गर्दछ र ति संकलित पूँजीलाई सोही संस्थाका विभिन्न सदस्यहरूलाई प्रवाह गर्दछ । यसरी पूँजीको सङ्कलन र प्रवाहको माध्यमबाट संस्थाले आम्दानी गर्दछ र उक्त आम्दानीबाट खर्च कटाई नाफा हाँसिल गर्दछ । कुनै पनि सहकारी संस्था दिगो तथा स्थायी रूपमा सञ्चालन हुन नाफा कमाउनु अत्यावश्यक हुन्छ । त्यसकारण संस्थाले पूँजी सङ्कलन गर्दा भुक्तानी गर्ने ब्याज र उक्त पूँजीलाई कर्जाको रूपमा प्रवाह गर्दा लिने ब्याजदरबीचमा सही सन्तुलन हुनु आवश्यक हुन्छ । लिने र दिने ब्याजदरमा सही सन्तुलन भएमा संस्था नाफामा रहन्छ र असन्तुलन भएमा घाटा समेत हुन सक्छ ।

४. **बजारसँग प्रतिस्पर्धा :**

पछिल्लो समय कुनै पनी समाजमा वित्तीय कारोबारको विकल्प प्रशस्त पाउन सकिन्छ । विभिन्न वर्गका बैंक तथा वित्तीय संस्थाहरू, च्याउ उम्रिएझैं स्थापना भएका सहकारी संस्थाहरू हामी पाउन सक्छौं । त्यसकारण हामिले सदस्यहरूलाई उत्तम विकल्प दिई आफ्नो संस्थामा कारोबार गर्ने वातावरण बनाई राख्न र अन्य बैंक तथा वित्तीय संस्थाहरूसँग प्रतिस्पर्धा गरी आफ्नो कारोबार निरन्तर वृद्धि गर्न सहकारी संस्थाहरूले समयानुकुल ब्याजदर समायोजन गर्नुपर्ने हुन्छ ।

> "सहकारी संस्था प्राकृतीक व्यक्तिहरूद्वारा गठित निश्चित कानुनद्वारा निर्माण भएको कानुनी व्यक्ति हो जसको स्थापना र अन्त्य कानुनबाट हुन्छ । सहकारी संस्था मुख्यत:आर्थिक क्रियाकलाप गर्ने संगठन हो ।"

५. **सदस्य सन्तुष्टि र विश्वास :**

कुनै पनी सहकारी संस्थाको प्रमुख सम्पत्ती भनेको सदस्यहरूले उक्त संस्थाको कारोबारबाट पाउने सन्तुष्टि र सदस्यहरूले संस्था माथी गर्ने विश्वास नै हो जसको जगमा संस्था कहाँ पुग्ने भन्ने बाटो तय हुन्छ । संस्थाले तय गर्ने बचत तथा ऋणको उचित ब्याजदरले सदस्यको विश्वास बढाउँछ, अन्यथा सदस्यहरूको संस्थाप्रती विश्वास गुम्न गई संस्था छोड्न सक्छन् जुन संस्थाको लागि हानिकारक हुन्छ ।

समय समयमा ब्याजदर परिवर्तन किन आवश्यक हुन्छ ?

१. **बचतको सन्तुलन कायम गर्न :**

बचतको ब्याजदर समयानुकुल परिवर्तन गर्न अत्यावश्यक हुन्छ । बजारदरभन्दा ब्याजदर कम हुँदा

बचत गर्ने सदस्य अन्यत्र बचत गर्न जाने र बचत घट्ने सम्भावना रहन्छ जसले गर्दा संस्थाबाट निरन्तर पूँजी पलायन हुने जोखिम बढ्दछ भने बजारदर भन्दा बढी ब्याजदर हुँदा बचतको मात्रा अत्याधिक बढ्न गई खर्च वृद्धि हुने र संस्थाको नाफामा ह्रास आउने सम्भावना रहन्छ।

२. **ऋणको सन्तुलन कायम गर्न :**

सहकारी संस्थाहरूमा बजारदर भन्दा ऋणको ब्याजदर बढी भएमा ऋणको माग घट्ने र सदस्यहरू अन्यत्र ऋण लिन जाने सम्भावना रहन्छ भने बजारदर भन्दा कम ब्याजदर हुँदा संस्थामा ऋण माग अत्याधिक हुने र संस्थालाई पूँजी व्यवस्थापनमा समस्या सिर्जना हुन गई जोखिम निम्त्याउँछ।

३. **आर्थिक प्रभाव व्यवस्थापन**

संस्थामा बजारदर तथा ब्याजदर बीचमा सामञ्जस्यता कायम नहुँदा आम्दानी र खर्च बीच असन्तुलन कायम भई नाफा घट्ने वा नोक्शान समेत हुन जान्छ जसले संस्थालाई दिर्घकालीन रूपमा नकारात्मक असर पर्दछ।

४. **प्रतिस्पर्धात्मक असर व्यवस्थापन गर्न :**

समयसापेक्ष बजारदर अनुसार ब्याजदर कायम हुन नसकेमा संस्थामा ब्याजदरको असन्तुलन कायम भई अन्य संस्थाहरूसँग प्रतिशपर्धा गर्ने क्षमतामा ह्रास आउने र संस्थामा नकारात्मक असर पर्दछ जसको न्यूनीकरणका लागि समयानुकुल ब्याजदर समायोजन गर्नुपर्दछ।

५. **सदस्यहरूको विश्वास कायम राख्न :**

सदस्यहरूको संस्थाप्रती विश्वास कायम राख्दै संस्थाको निरन्तर वृद्धि विकासमा टेवा पुऱ्याउँन बचत तथा ऋणको व्याजदर समयानुकुल समायोजन गर्नुपर्दछ।

सहकारी संस्थाहरूले के गर्ने ?

१. **निरन्तर रूपमा बजार अध्ययन गर्ने :**

सहकारी संस्थाका व्यवस्थापकीय तहमा रहनुभएका व्यक्तिहरूले बजारमा पूँजीको माग तथा आपुर्तिका विषय, बजारदर तथा सरकारले जारी गरेका विभिन्न नीति तथा निर्देशनहरूको निरन्तर अध्ययन गर्नुपर्दछ जसले बजारदर समायोजन गर्न मद्दत गर्दछ।

२. **नियमित ब्याजदर समीक्षा गर्ने :**

सहकारी संस्थाहरूले नियमित रूपमा ब्याजदरको समीक्षा गर्नुपर्दछ। संस्थाको संकलीत पूँजीमा तिर्ने औषत ब्याजदर कती रहेको छ ? साथै संस्थाले गर्ने ऋण लगानीबाट प्राप्त गर्ने औषत ब्याजदर आम्दानी कती रहेको छ ? सो विषयमा निरन्तर समीक्षा गर्नुपर्दछ जसले गर्दा ब्याजदर सन्तुलन कायम गराउँन आवश्यक निर्णयको लागि सहयोग पुग्दछ।

३. **ब्याजदर परिमार्जन गर्ने :**

नियमित ब्याजदरको समीक्षा गरी संस्थाले खर्च र आम्दानीको सन्तुलन कायम गराउन आवश्यकता अनुसार ब्याजदर समायोजन गर्नुपर्दछ। सहकारी संस्थाको कारोबार सन्तुलन राखी संस्थामा स्थायीत्व कायम गराउन आवश्यकता अनुसार संस्थाले ब्याजदर परिमार्जन गर्नुपर्दछ।

४. **ब्याजदर परिवर्तनको सम्बन्धमा सदस्यहरूमाझ नियमित जानकारी गराउने :**

संस्थाले आवश्यकता अनुसार ब्याजदर परिमार्जन गरे पश्चात सोको विषयमा डिजिटल माध्यम, सामाजिक सञ्जाल, सूचना पाटीमा टाँस लगायत विभन्न माध्यमहरूको प्रयोग गरी सोको विषयमा सदस्यहरूलाई जानकारी प्रदान गर्नुपर्दछ जसले गर्दा सदस्यहरूको संस्था प्रतिको विश्वास थप मजबुत बनाउन सहयोग पुग्दछ।

अन्त्यमा,

सहकारी संस्थाको दिगो विकासको लागि ब्याजदर सन्तुलन कायम राख्नु महत्त्वपूर्ण हुन्छ। त्यसैले सहकारी संस्थाहरूले समयानुकुल आवश्यकता हेरी ब्याजदर समायोजन गर्नु अत्यावश्यक छ।

Climate Changes and Agriculture : Challanges, Consequences and Technological Solutions

Paras Adhikari
Assistant
Sana Kisan Bikas Laghubitta Bittiyasanstha Ltd.

Faces of the Crisis: Real-Life Scenarios

Story 1 : The Sky She Never Knew

Malati had managed three kattha of terraced fields above the Sunkoshi river alone ever since her husband left for Gulf. Every season, she read the sky the way her mother taught her. This year, the sky offered nothing she recognized. Jestha ended without a single drop. Her rice seedlings waited in the nursery bed for two weeks past their transplanting time, roots growing restless in drying soil. When the monsoon finally broke, it came three weeks late and violent, flooding her lower terraces overnight and washing away the topsoil she had spent years building.

The upper field survived the flood but not the heatwave that had struck weeks earlier during pollination. When Malati peeled back the maize husks one by one, the cobs were half-empty. Both fields. One season. Nearly nothing. The soil was the same. The seeds were the same. Only the sky had changed, and that was enough to unravel everything.

Story 2 : The Hollow Cob

Rambahadur, a third-generation farmer on the flatlands of Chitwan near Bharatpur, stood at the edge of his maize field and already knew something was wrong.

It was the last week of Jestha and temperatures had exceeded 40°C for three consecutive days. This was pollination week. The most critical seven days of a maize plant's year. But the relentless heat killed the pollen before it could ever reach the silk. The stalks grew tall. The ears formed. The husks filled out perfectly. But inside nothing. Rambahadur snapped an ear open with his thumb. The kernels were scattered and sparse, like seeds dropped carelessly on dry ground.

He thought about his bank installment. The fertilizer bought on credit. The seed loan still unpaid. "Your field looks healthy," a neighbor said passing by. "It only looks that way," Rambahadur replied.

The Terai had always been hot. But this heat this long, this precise, landing exactly on this week was something new entirely.

Story 3 : The Drying/Dieing Tea Garden

Dhanmaya had tended her small tea garden in Ilam for twenty-three years. The April flush the first tender harvest of young leaves was the rhythm her entire year was built around. The last three seasons broke that rhythm completely.

The first year brought drought. Months without meaningful rain. The tea bushes wilted slowly, new buds shriveling before they could open, leaves dropping without ever being picked.

The second year brought unseasonal snow in February a late freeze that blackened the fresh young shoots just as they emerged.
The third year brought both. Her yield fell by nearly half. Her son had already left for Kathmandu. Dhanmaya tallied her accounts alone at the kitchen table, then quietly closed the notebook.

"The soil is the same," she said to no one. "The weather is not." Across Ilam's hillside tea gardens that year, hundreds of small farmers spoke the same words each alone in their own garden, each arriving at the same quiet conclusion.

The April flush the first tender harvest of young leaves was the rhythm her entire year was built around. The last three seasons broke that rhythm completely.

Story 4 : The Orchard That Bloomed Too Soon

Krishnabahadur had tended his apple orchard near Lo-Manthang in Mustang for thirty years. Up here, at over 3,000 meters, the winter cold was not a hardship , it was a necessity. Those long, frozen months pushed the trees into a deep sleep from which only a proper spring could wake them. This winter, the cold never fully arrived.

By late Falgun, the trees were already blooming two full weeks ahead of schedule, fooled by the unusual warmth. Krishnabahadur watched the white and pink blossoms open across his orchard and felt uneasy rather than hopeful.

Then came a single night in Chaitra. Minus three degrees Celsius. By morning, every blossom had turned black. His daughter Sarita set down her pencil after tallying the numbers. "Sixty percent of the crop, Baba. Gone before summer even started."

Krishnabahadur drank his tea and stared out at the orchard. The trees stood tall and bare having bloomed too early, fruited nothing, and now waiting for a winter that might not come cold enough again. Mustang's apple orchards had been shaped by centuries of high-altitude cold. That cold was now slowly retreating and the trees had no way of knowing.

Despite representing four distinct geographies, crop varieties, and harvesting cycles, the emotional and financial devastation of lost labor is universal. The pain of agricultural failure feels exactly the same.

The unifying cause behind these diverse crises is climate change.

The Global and Local Threat

Agriculture is highly vulnerable to climate variability. This vulnerability is particularly evident in developing countries, where farmers depend heavily on natural weather conditions. In Nepal, the rising frequency of heatwaves, erratic rainfall, prolonged droughts, and flash floods has

pushed cultivation into increasingly uncertain territory. This instability does not just affect farmers; it echoes across the entire food system, impacting everything from market prices to nutritional security.

The Plight of Small-Scale Farmers

Small-scale farmers (Sana Kisan), who form the vast majority of Nepal's farming population, operate under some of the harshest constraints. Climate change is imposing heavy costs on these farmers and their local communities, whose livelihoods are intricately tied to natural resources. The impacts range from erratic crop yields to climate-induced migration.

Because rural agricultural livelihoods are closely bound to natural conditions and fragile market systems, climate change directly challenges global progress toward poverty alleviation, food security, and sustainable development. The impact is far from uniform. Small and marginal farmers,typically those owning very less portion of land, many of whom are women in rain-fed regions bear the brunt of the crisis. They often lack access to the resources and infrastructure needed to adapt, while ongoing soil degradation and resource depletion threaten long-term ecological stability.

> **From more resistant seeds to improved agricultural production planning and processing, many crucial improvements have been made in recent years.**

Can Technological Advancements Solve This Problem?

Yes, partially, but meaningfully.

Agricultural technology has come a long way beyond the basics of planting, maintaining, and harvesting crops. From more resistant seeds to improved agricultural production planning and processing, many crucial improvements have been made in recent years.

While technology alone cannot stop climate change and industrialization itself is a historical driver of global warming, modern innovations give farmers powerful tools to adapt, protect yields, and stay ahead of increasingly unpredictable seasons. They play a vital role in improving agricultural productivity and land-use efficiency.

Effective Technological Measures:

1. **Climate-Adaptive Seed Varieties:**

   Genetic research is developing drought and flood resistant seeds. This technology allows farmers like Malati to plant with confidence, regardless of whether the monsoon arrives late, early, or with aggressive intensity.

2. **AI-Powered Hyperlocal Weather Forecasting:**

   Advanced AI forecasting systems can predict dangerous heat windows days in advance, down to the specific field level. This gives farmers like Rambahadur the precise timing needed to apply evaporative cooling sprays over crops during pollination week, temporarily lowering field temperatures enough to keep pollen viable. It is the same crop and the same field, just managed with smarter timing.

3. **Automated Microclimate Management Systems:**

   Sensor networks installed across farms can continuously monitor soil moisture,

temperature, and humidity. When drought stress is detected, automated precision irrigation activates instantly. When frost threatens, field-level heating systems respond overnight, protecting Dhanamaya's existing tree garden without the need to relocate a single plant.

4. **Artificial Chilling Systems:**

Controlled cooling technology can be installed within orchards to simulate the cold hours trees require. This ensures that warm winters no longer trick Krishnabahadur's apple trees into blooming prematurely, saving them from devastating spring frosts.

5. **Agricultural Drone :**

Drones may scan a field from above and report on problems like pests, infections, and a lack of essential nutrients. This agricultural data gives farmers command over the state of their fields.

6. **Advanced agricultural software :**

The use of inputs like fertilizer and pesticides can be reduced with the help of advanced agricultural software. One more plus is that it helps cut down on harmful pollutants like carbon dioxide.

Feasibility for Small-Scale Farmers in Nepal

Can small-scale farmers in Nepal actually use these technologies?

The Harsh Truth, Nepal's small-scale farmers, like Malati, typically farm in very less portion of land and earn only seasonal incomes, and often lack consistent electricity, reliable internet, and access to credit. Most high-tech solutions look flawless on paper but fail completely at the village level due to these systemic barriers.

The Way Forward:

Silver Lining.

This is where institutions like the Sana Kisan Bikas Laghubitta Bittiyasanstha Ltd. (SKBBL), partnering with Small Farmer Agriculture Cooperative Ltd. (SFACLs) and receiving aid from the Government of Nepal (GON) and international institutions, play a pivotal role.

The gap between high-tech solutions and rural realities can be bridged by providing affordable agricultural credit, crop insurance linkages, and women-focused financial products.

While no single institution can solve this crisis alone, for farmers like Malati, organizations like SKBBL are often the only formal entities that actively show up. By providing accessible funding, tailored digital tools, and climate-specific financial products, cooperative institutions(SFACLs) could become the single most effective way to bring technological solutions down from theoretical policy papers to the very real soil of Malati's hillside field.

SUPERVISORY INFORMATION SYSTEM IMPLEMENTATION AT SKBBL

Raju Ghimire

....

Sana Kisan Bikas Laghubitta Bittiyasanstha Ltd.

Introduction

Supervisory Information System (SIS) is the web based regulatory reporting and Supervisory platform developed by NRB to collect, monitor and analyze data submitted by Banks and Financial Institutions(BFIS) and microfinance institutions in Nepal (MFIS). It is used as tool to review the financials data and report prepared by MFIS for planning and decision. The system is based on XBRL (Extensible business reporting language) and enables automated submission and processing of regulatory reports.

Nepal Rastra Bank (NRB) has initiated SIS project to modernize supervision of BFIs and the Pilot implementation began in 2019. Very less BFIs had enrolled when it was begun due to lack of training and practical issues were faced by those who implemented SIS. However, NRB upgraded the system and a full fledged system was accelerated in 2023, replacing several legacy reporting systems.

Background and Need for SIS

With the growth of the Nepalese financial sector, the volume and complexity of regulatory data increased substantially. The traditional reporting model was time consuming, prone to errors and inefficient for timely supervisory action. To address these challenges, NRB introduced SIS with the objective of improving data quality, strengthening supervisory effectiveness and facilitating informed decision making. The implementation of SIS aligns with the best international practices in financial sector supervision and support.

Objectives and Purpose of SIS reporting

SIS reporting is implemented for the primary purpose of collection of regulatory and financial reports and enhancement of off-site inspection and monitoring. It has helped improve of data quality, accuracy and timeliness and support for regulatory decision making and policy formulation.

Following are the objectives of SIS:

- To regularly collect data electronically
- To improve the accuracy, consistency and reliability of Supervisory Information
- To facilitate timely submission and processing of regulatory returns
- To support risk based supervision and early warning mechanisms

- To provide analytical and business intelligence tools for supervisory decision making
- To reduce manual intervention and reporting problems
- To create a centralized repository of supervisory information

Benefits of SIS

SIS has benefitted NRB, BFIs and MFIS and to overall banking and financial system through which supervision objective of NRB has been achieved .

Benefits to NRB

- Improves supervisory efficiency and effectiveness
- Facilitates risk based supervision
- Enables timely detection of emergency risks
- Enhances regulatory decision making
- Supports evidence based policy formulation
- Strengthens financial sector oversight

Benefits to Bank and financial system

- Simplifies regulatory processes
- Reduces paperwork and operational cost
- Improves data quality and reporting accuracy
- Provides clear validation mechanisms
- Enhances compliance management

Benefits to financial system

- Promotes transparency and accountability
- Strengthens financial stability
- Facilitates effective risk management
- Enhances public confidence in financial sector

Applicability of Reporting to SKBBL

Various reports are to be submitted by BFIs for SiS reporting purposes including Daily reporting, Monthly reporting, Quarterly Reporting. NRB has updated differents modules so as to gather overall financial information of BFIS.

Daily Reporting

NRB13: Daily Liquidity

This is the daily reporting system to be submitted daily after the transaction for the day has been closed. It includes details like total deposit, total borrowings, details of cash and bank balance, loan outstanding and fixed deposit balances .

For deposits the total deposit of SKBBL is reported, and compulsory savings deposit are also reported. Total borrowings include borrowings from NRB, borrowings from other BFIs and from other sources. Cash balance and bank balance(either at call, current) are reported in the cash and bank balance section of daily reporting. Money at call and balance at commercial banks, and other BFIs is also reported. Similary, fixed deposit balance at commercial and Other BFIs is also reported. Loan and advance to customer is reported as well.

SKBBL has reported 100% daily liquidity report up to Baisakh end 2083 covering all the details.

Monthly Reporting

For Monthly reporting NRB requires MFIsto update data related to deposit, investements, loan and provision flow, capital and debt structure, Shareholders and Promoter shares pledged details, Progress report of D class Institutions, Statement of Financial Position and Profit/Loss. These reports have to be updated monthly.

Deposits (NRB05)

Branchwise details of deposit have to be updated, as well as of amount, of deposits, as updated below:

Deposit Range (Rs.)

Number of Customer	No of Accounts
Less than 1	
Greater than 1 to 10000	
Greater than 10000 to 100000	
Greater than 100000 to 300000	
Greater than 300000 to 500000	
Greater than 500000 to 1000000	
Greater than 1000000 to 2500000	
Greater than 2500000 to 5000000	
Greater than 5000000 to 10000000	
Greater than 10000000	

Details of Interest on deposit maximum, minimum and weighted average have to be reported. Till the date of Baisakh end 2083, SKBBL has reported all the deposit related details.

Investments (NRB04)

In this section name of invested institutions, date of investment, types of shares, paid up capital of the institution, no of shares invested, book value of shares and investment adjusted reserve account have to be updated.

SKBBL has updated and reported investment details till Baisakh end 2083.

Loan and Provision Flow (NRB03)

The reporting requires the overall loan details like Name of borrower, loan outstanding amount, category of individual loan files, Provision amount, branch from which loan was disbursed, disbursement and maturity date, address of borrower, type of loan, PAN of borrower, applicable interest rate, repayment date, whether insured/uninsured, provision percentage and Risk weight percentage. This report has an extensive format which provides overall details of loans.

Till Baisakh end 2083, SKBBL has submitted all the details monthly.

Capital and Debt Structure, shareholders and Promoter shares Pledged details (NRB26)

This reporting particularly requires Shareholding details where type wise investors in SKBBL are reported like promoter shareholder, ordinary shareholders, Investments from Bank and financial institutions and other institutions are reported as well.

SKBBL has reported all the details as required by NRB26.

Progress report for D class Institutions (NRB32)

This report covers the progress of MFIs during the month regarding number of district served, number of local bodies where the services have been provided. It also provides details like total amount invested to date, amount recovered till the date and outstanding amount , total deposits as well.

SKBBL has reported all the progress report till Baisakh end 2083.

Statement of Financial position and Profit/Loss (NRB39)

This report provides details of financial position and profit or loss for the period of the respective month. All the details of assets (Including fixed and current) and liabilities and equity balances are reported.

SKBBL has reported all the details as per NRB 39 till Baisakh end 2083.

Quarterly Reports Applicable to SKBBL

The details of deprieved sector borrowings and Details of Staffs and promoter shares is required in Quarterly reporting.

Deprived Sector Borrowings (NRB08)

The total borrowings made from BFIs and from Government of Nepal is reported in NRB08.

Date of borrowing and amount of borrowings are updated.

SKBBL has updated NRB08 fully till Baisakh 2083.

Details of Staff and Promoter Shares(NRB15)

Total Staff employed in each branche along with age group and level of staffs is updated in NRB15. Details of promoter shares are updated along with number of shares, type of institutions and percentage of shareholdings is updated in this reporting.

SKBBL has fully updated this report as well.

Challenges of Implementation

The implementation of a Supervisory Information System (SIS) for reporting by Microfinance Institutions (MFIs) offers significant benefits in regulatory supervision, data accuracy, and risk monitoring. However, MFIs face several practical challenges during implementation.

1. Data Quality and Accuracy Issues

- Inaccurate, incomplete, or inconsistent data entered at branch levels can lead to unreliable reports.
- Lack of standardized data entry practices across branches affects data integrity.
- Historical data may require extensive cleansing before migration into SIS.

2. Limited Technical Infrastructure

- Many MFIs, especially those operating in rural areas, have inadequate IT infrastructure.
- Poor internet connectivity can delay data transmission and reporting.
- Frequent power interruptions can affect system availability and data synchronization.

3. Integration with Existing Systems

- MFIs often use different Core Banking Systems (CBS) or management information systems.
- Integrating SIS with existing software may require significant customization and investment.
- Data mapping between old systems and SIS can be complex and time-consuming.

4. Human Resource Constraints

- Shortage of skilled IT personnel to manage and troubleshoot SIS-related issues.
- Limited technical knowledge among operational staff regarding reporting requirements.
- High staff turnover may necessitate repeated training programs.

5. Training and Change Management

- Employees may resist transitioning from manual or semi-manual reporting processes.
- Comprehensive training is required to ensure proper understanding of SIS requirements.
- Continuous updates in reporting formats require periodic retraining.

6. Regulatory Compliance Challenges

- Frequent changes in reporting requirements by the regulatory authority may require system modifications.
- Ensuring compliance with all validation rules and reporting standards can be difficult.
- Delays in adapting to new regulatory directives may result in reporting errors.

7. **Cost of Implementation**
    - Significant investment is required for software upgrades, hardware procurement, and staff training.
    - Smaller MFIs may face financial constraints in maintaining the required infrastructure.
    - Ongoing maintenance and support costs add to the financial burden.
8. **Data Security and Cyber Risks**
    - SIS contains sensitive customer and financial information.
    - Risks of unauthorized access, data breaches, and cyberattacks necessitate strong security controls.
    - Compliance with data protection requirements increases operational complexity.
9. **Timeliness of Reporting**
    - Collection and consolidation of data from multiple branches within prescribed deadlines can be challenging.
    - Errors identified during validation may require re-submission, causing delays.
    - End-of-period reporting workload can strain staff resources.
10. **Data Validation and Reconciliation Issues**
    - SIS generally incorporates strict validation rules.
    - Differences between internal records and SIS requirements may lead to report rejection.
    - Reconciliation between accounting records, CBS data, and SIS reports can be labor-intensive.
11. **Coordination Among Departments**
    - Effective SIS reporting requires coordination between finance, operations, IT, risk management, and compliance departments.
    - Lack of communication may result in inconsistencies and reporting delays.
12. **Business Continuity Concerns**
    - System failures, cyber incidents, or natural disasters can disrupt reporting processes.
    - MFIs need robust backup and disaster recovery mechanisms to ensure uninterrupted reporting.

Overall Implementation of SIS at SKBBL

It shows the SKBBL has fully implemented SIS reporting and it has committed to complete all the reporting time. So from our side, full regulatory reporting complience has been achieved. The successful implementation of SIS reporting in MFIs requires strong management commitment, adequate technological infrastructure, skilled human resources, effective data governance, and continuous training. Addressing these challenges can significantly improve regulatory compliance, data quality, and supervisory effectiveness, ultimately strengthening the microfinance sector in Nepal.

Building a Sustainable Rural Economy through Value Chain Financing: The Next Chapter of SKBBL and the Sana Kisan Ecosystem

Nabin Neupane
Officer
Sana Kisan Bikas Laghubitta Bittiya sanstha Ltd., Nepalgung

Introduction

Over the years, Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Ltd. (SKBBL) has played a pioneering role in expanding financial access to smallholder farmers across Nepal through its wholesale lending model and strong partnership with Small Farmers Agriculture Cooperatives Ltd. (SFACLs). This cooperative-led approach has significantly strengthened rural financial inclusion, empowered marginalized communities, and contributed to agricultural development nationwide.

Despite these achievements, Nepal's rural economy is now undergoing structural change. Farmers are increasingly exposed to market volatility, climate risks, input cost fluctuations, and fragmented supply chains. In this evolving context, access to credit alone is no longer sufficient to ensure sustainable rural transformation.

A more integrated approach is required, one that connects finance with production systems, markets, technologies, infrastructures, and institutional capacity. Value Chain Financing (VCF), supported by a dedicated development institution in the form of the Sana Kisan Bikas Foundation, provides a strategic pathway to achieve this transformation.

Value Chain Financing: A New Development Paradigm

Value Chain Financing represents a shift from isolated borrower-based lending to system-based agricultural financing. Instead of focusing solely on individual farmers, VCF considers the entire agricultural ecosystem as an interconnected value chain.

A typical agricultural value chain includes:

- Input suppliers (seeds, fertilizers, equipment)
- Farmers and producer groups
- SFACLs and cooperatives
- Collection and aggregation centers
- Transport and logistics providers
- Processors and agro-industries
- Traders and wholesalers
- Retail markets and exporters
- End consumers

By financing multiple nodes of this chain simultaneously, SKBBL can reduce systemic risks, improve efficiency, and strengthen income stability across the rural economy.

This approach transforms agriculture from subsistence-based activity into a commercially viable, market-oriented, and investment-driven sector. It also enhances repayment capacity by ensuring that farmers are linked to predictable and structured markets.

The Central Role of SFACLs

SFACLs remain the foundation of the Sana Kisan model. Under a Value Chain Financing framework, their role expands beyond financial intermediation to become local development facilitators.

Key responsibilities include:

- Organizing farmers into producer groups and clusters
- Supporting production planning based on market demand
- Delivering credit and financial services
- Coordinating local aggregation and logistics systems
- Ensuring loan monitoring and repayment discipline
- Supporting quality control and standardization
- Facilitating local market linkages

SFACLs thus act as the operational backbone of rural value chains. However, to perform these expanded functions effectively, they require continuous technical support, market intelligence, innovation, and institutional strengthening.

This creates the need for a dedicated development institution aligned with SKBBL’s financial architecture.

Establishment of the Sana Kisan Bikas Foundation

To support the transition toward integrated rural development, the Sana Kisan Bikas Foundation is proposed as a not-for-profit company registered under the Companies Act of Nepal.

The Foundation will operate as an independent development institution with a clear social mandate. It will not distribute profits or dividends. Instead, all surplus generated will be fully reinvested into rural development, value chain strengthening, and institutional capacity building.

The Foundation will serve as the development, innovation, and knowledge arm of the Sana Kisan ecosystem, working in close coordination with SKBBL and SFACLs.

Objectives of the Foundation

The core objective of the Foundation is to strengthen rural livelihoods by integrating finance, markets, technology, and institutional capacity within agricultural value chains.

Specific objectives include:

- Strengthening agricultural value chains across Nepal
- Enhancing capacity of SFACLs and farmer organizations
- Improving market access and business linkages
- Promoting agricultural innovation and technology adoption
- Supporting rural entrepreneurship and employment creation
- Facilitating climate-resilient agricultural systems

Funding and Resource Mobilization

As a not-for-profit entity under the Companies Act, the Foundation will mobilize resources from diverse and sustainable sources, including:

- CSR contributions from SKBBL
- Contributions from SFACL social and community funds
- Grants from development partners and international agencies
- Government rural development programs
- Research and consultancy services
- Training and capacity-building programs
- Philanthropic and project-based funding

This diversified funding base ensures financial sustainability while maintaining independence and development focus.

Governance Structure

The Foundation will be governed by a professional and independent Board of Directors comprising representatives from SKBBL, SFACL networks, development experts, agricultural specialists, and professionals.

The governance framework will be based on the following principles:

- Transparency and accountability
- Professional and merit-based management
- Stakeholder representation
- Financial discipline and integrity
- Development effectiveness and impact orientation

This structure ensures that the Foundation remains mission-driven while maintaining high standards of institutional governance.

Strategic Functions of the Foundation

1. Research and Value Chain Development

The Foundation will conduct research to identify and develop high-potential agricultural value chains such as dairy, vegetables, fruits, coffee, tea, spices, livestock, and other high-value crops.

Activities will include:

- Value chain mapping
- Market demand analysis
- Investment gap identification
- Feasibility studies
- Climate and risk assessments

This evidence-based approach will guide SKBBL in designing targeted and sector-specific financing products.

2. Capacity Building and Institutional Strengthening

Human capital development is central to rural transformation.

The Foundation will provide training and technical assistance to:

- SFACL management teams
- SFACL boards and leadership
- Farmers and producer groups
- Women and youth entrepreneurs

Key training areas include:

- Financial literacy and cooperative management
- Agribusiness and entrepreneurship development
- Climate-smart agriculture practices
- Digital financial services
- Market negotiation and business planning

Stronger institutions lead to improved

productivity, better governance, and higher financial sustainability.

3. Market Linkage and Business Facilitation

Weak market access remains one of the biggest constraints in rural Nepal. The Foundation will actively facilitate linkages between producers and markets, including:

- Agro-processing companies
- Retail and wholesale chains
- Export markets
- Hospitality and institutional buyers
- Private sector agribusiness firms

These linkages will help stabilize demand, improve price realization, and encourage commercialization of agriculture.

4. Processing and Value Addition Support

A significant share of agricultural income is generated post-production. The Foundation will support development of:

- Dairy collection and chilling centers
- Agro-processing units
- Cold storage facilities
- Packaging and branding systems
- Local aggregation hubs

Value addition will increase rural incomes, generate employment, and reduce post-harvest losses.

5. Innovation and Pilot Programs

The Foundation will act as an innovation hub for testing scalable rural development models, including:

- Digital agriculture platforms
- Contract farming systems
- Agricultural insurance schemes
- Traceability and certification systems
- Climate adaptation technologies
- Renewable energy applications in agriculture

Successful pilots will be scaled through SKBBL's financial network and SFACL system.

6. Consulting and Knowledge Services

Over time, the Foundation will evolve into a center of excellence for cooperative development and rural transformation, offering consulting and advisory services to:

- Cooperatives and federations
- Government agencies
- Development partners
- Agribusiness enterprises

This will also create additional revenue streams to support sustainability.

SFACL Ownership and Participation

SFACLs will play an active role in supporting the Foundation through contributions from their social and community development funds. This ensures:

- Shared ownership of development initiatives
- Stronger alignment between finance and development
- Increased local accountability
- Sustainable funding support
- Greater program relevance at grassroots level

This participatory model strengthens trust and cooperation across the entire Sana Kisan ecosystem.

Integrated Rural Development Ecosystem

The combined system of SKBBL, SFACLs, and the Sana Kisan Bikas Foundation creates a self-reinforcing rural development ecosystem:

- The Foundation strengthens value chains through research, innovation, and capacity building
- SFACLs implement programs at the community level
- SKBBL provides financial resources for scaling investments
- Farmers increase productivity and income
- Improved incomes enhance loan repayment capacity
- Strong repayment reinforces financial sustainability

This creates a virtuous cycle of development and financial stability.

Alignment with National Priorities

This model directly supports Nepal's national development priorities, including:

- Agricultural modernization
- Employment generation
- Youth and women empowerment
- Import substitution and export promotion
- Cooperative sector strengthening
- Climate resilience and adaptation
- Rural industrialization
- Inclusive economic growth

Conclusion

The future of SKBBL lies in evolving beyond traditional microfinance into a comprehensive rural transformation institution. Value Chain Financing, supported by the Sana Kisan Bikas Foundation as a not-for-profit company under the Companies Act of Nepal, provides a powerful and structured pathway to achieve this transformation.

This integrated model ensures that finance, knowledge, innovation, and institutions work together to create sustainable rural prosperity. It positions SKBBL not only as a financial intermediary but as a catalyst for systemic change in Nepal's agricultural economy.

Ultimately, success will be measured not only in financial terms but in stronger value chains, resilient cooperatives, empowered farmers, and thriving rural communities across Nepal.

सफलताको कथा

हरिमायालाई आत्मनिर्भर बनाउने बाख्रा फार्म

कर्णाली प्रदेशअन्तर्गत सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिका-१४ मा पर्छ गुमी गाउँ । प्राकृतिक रुपमा सुन्दर यो गाउँको मुख्य आम्दानीको स्रोत हो कृषि तथा पशुपालन । यही गाउँमा २०७९ सालदेखि सञ्चालनमा छ हरिमाया घर्तीको 'हरिभक्त बाख्रा फार्म' ।

हरियाली वनपाखा र खुला चरन क्षेत्रले घेरिएको यो गाउँमा बिहानको घामसँगै सुरू हुन्छ हरिमायाको दिनचर्या । अन्य ग्रामीण महिलाजस्तै उनको दिन पनि गोठाला जाने, घाँस काट्ने, बाख्रा स्याहार्ने र खेतबारीमै बित्छ । सीमित अवसर र कठिन परिस्थितिका बीच आफ्नो पहिचान बनाउन जुटिरहेकी छिन् हरिमाया ।

उनको खोरमा अहिले २५ माउसहित ४२ वटा बाख्राहरू छन् । केही वर्षअघि चार-पाँच वटा मात्रै बाख्रा थिए । व्यवस्थित खोर थिएन, व्यावसायिक सोच पनि थिएन । जीवन गुजाराका लागि सङ्घर्ष मात्रै थियो । 'पहिला त चार-पाँच वटा मात्रै बाख्रा थिए,' हरिमाया विगत सम्झिन्छिन्, 'खोर पनि व्यवस्थित थिएन । धेरै पढाइ पनि थिएन, जागिर पाउने सम्भावना पनि भएन । त्यसपछि बाख्रापालन नै गर्ने निर्णय गऱ्यौं ।'

यसरी भयो व्यवसाय विस्तार... ग्रामीण क्षेत्रमा व्यवसाय विस्तारको सबैभन्दा ठुलो चुनौती

पुँजीको अभाव हो । हरिमायाले पनि यही समस्या भोगिन् । तर, गाउँमै रहेको साना किसान कृषि सहकारी संस्थाले उनको सपना पूरा गर्न सहयोग गऱ्यो । उनले सहकारीबाट १० लाख रुपैयाँ ऋण लिइन् । त्यही रकमले उनको व्यवसायले गति लिन पायो । 'ऋण लिएपछि खोर व्यवस्थित गरेँ, कम्पाउन्ड बनाएँ, राम्रो जातका ब्याड बोका किनेँ, बाख्रा थपेँ,' उनी भन्छिन् 'गाउँमा अरु ठाउँबाट ऋण लिन गाह्रो हुन्थ्यो, ब्याज महँगो पर्थ्यो । तर, साना किसानबाट सजिलै पाइयो ।'

ऋणको ठुलो हिस्सा आधुनिक खोर निर्माणमा खर्च भयो । छुट्टाछुट्टै खोर, घाँस भण्डारण गर्ने ठाउँ, उपकरण राख्ने संरचना र सुरक्षाका लागि जाली लगाइयो । पशुपालनमा व्यवस्थापनको महत्त्व बुझ्दै उनले व्यवसायलाई विस्तार गरिन् ।

विवाहपछि अभाव र सङ्घर्ष हरिमायाको बाल्यकाल सुखद् नै रह्यो । उनले जन्मघरमा खासै अभाव झेल्नुपरेन । १६ वर्षकै उमेरमा विवाह गरेर आएपछि हरिमायाको सङ्घर्ष सुरू भयो । 'सानै उमेरमा विवाह भयो, बालबच्चा भए, जिम्मेवारी थपिँदै गयो,' उनी सुनाउँछिन् । परिवार आर्थिक रुपमा सम्पन्न थिएन । वर्षभरि खान नपुग्ने अवस्था थियो । छाक टार्नकै लागि मजदुरी गर्नुपर्ने बाध्यता थियो । विवाह भएर आउँदा हरिमायाको घरमा ४/५ वटा बाख्रा थिए । सासू-ससुराले ती बाख्राको जिम्मा उनलाई दिए, जसलाई आज हरिमायाले व्यावसायिक बाख्रापालनको रुपमा परिणत गरिन् । 'पहिले खान पनि दुःख थियो,' उनी भन्छिन्, 'अहिले बाख्रा पालेपछि बच्चाहरू पढाउन, घर खर्च चलाउन र आवश्यक काम गर्न धेरै सजिलो भएको छ ।'

आम्दानीको प्रमुख स्रोत

हरिमायाको परिवारमा श्रीमान्, एक छोरा र एक छोरी छन् । व्यवसाय सञ्चालनमा हरिमायाले श्रीमान्को पूर्ण सहयोग पाएकी छिन् । 'बाख्रा, भैंसी र खेतीपाती हामी श्रीमान्-श्रीमती भएर सम्हालेका छौं । श्रीमान्को धेरै सहयोग छ,' उनी भन्छिन् । बच्चाहरू पढ्न जाने भएकाले फुर्सदको समयमा मात्रै

सहयोग गर्छन् । व्यवसायको मुख्य जिम्मेवारी भने हरिमाया दम्पतीकै काँधमा छ । बाख्रासँगै उनीहरूले भैंसी, गोरू तथा तरकारी खेती पनि गरेका छन् । साथै, उनीहरूले मकै, गहुँ, तोरी र खुर्सानी उत्पादन गरेर घरायसी आवश्यकतासमेत पूरा गरिरहेका छन् । बाख्रापालन अहिले हरिमायाको परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ । विशेषगरी दसैं-तिहारको समयमा खसीबोका बिक्रीबाट राम्रो आम्दानी हुन्छ । 'कहिले दुई लाख रुपैयाँसम्म आम्दानी हुन्छ,' उनी भन्छिन्, 'कहिले डेढ लाख, कहिले एक लाख ८० हजार, बाख्राले कति पाठापाठी दिन्छ आम्दानीचाहिँ त्यसमा भर पर्छ ।'

बजारको समस्या भने छैन । ग्राहकहरू घरमै आउँछन् । आवश्यक परे बजारसम्म पुऱ्याएर पनि बिक्री गर्न सकिन्छ । 'बेच्न समस्या छैन,' उनी भन्छिन्, 'खसी किन्न मान्छेहरू घरमै आउँछन् ।'

जोखिम व्यवस्थापन पशुपालनमा जोखिम पनि कम छैन । कहिलेकाहीं बाख्रा मर्छन् । मौसम परिवर्तन, घाँसको समस्या वा अन्य कारणले क्षति हुने गरेको छ । 'बाख्रा मर्दा धेरै दुःख लाग्छ,' उनी भन्छिन्, 'आफूले धेरै दुःख गरेर हुर्काएको पशु गुमाउँदा नराम्रो लाग्छ ।' तर, उनले जोखिम व्यवस्थापनका उपाय पनि अपनाएकी छिन् । साना किसान सहकारीमार्फत सबै बाख्राको बिमा गरिएको छ । 'वर्षमा एक पटक नवीकरण गर्नुपर्छ । बाख्रा मरेमा बिमाबाट क्षतिपूर्ति पाइन्छ । यसले कृषकलाई ठुलो राहत दिएको छ,' उनले बताइन् ।

घरघरमै आउँछ बाख्राको डाक्टर हरिमायाको बाख्रापालन व्यवसाय उनको आम्दानीको स्रोत

मात्रै होइन, गाउँका अन्य महिला किसानहरूका लागि प्रेरणा पनि हो । 'हामीले व्यवस्थित रुपमा बाख्रा पाल्न थालेपछि गाउँका अरुले पनि सिके,' उनी भन्छिन्, 'अहिले सबैले राम्रो खोर बनाएर बाख्रा पालिरहेका छन् ।' उनका अनुसार पहिले गाउँमा व्यवस्थित पशुपालन कम थियो । अहिले अधिकांश परिवारसँग १०-१५ वटा बाख्रा छन् । यसको श्रेय आंशिक रुपमा सहकारी संस्थाले सञ्चालन गरेका तालिम कार्यक्रमलाई पनि जान्छ । 'संस्थाले तालिम दिन्छ, भेटनरी सेवा पनि दिन्छ,' उनी भन्छिन्, 'बाख्रा बिरामी भयो भने फोन गरेपछि डाक्टर तुरून्त आउनुहुन्छ । चेकजाँच गरेर औषधि दिनुहुन्छ ।'

हरिमायाको बाख्रापालन व्यवसाय उनको आम्दानीको स्रोत मात्रै होइन, गाउँका अन्य महिला किसानहरूका लागि प्रेरणा पनि हो । 'हामीले व्यवस्थित रुपमा बाख्रा पाल्न थालेपछि गाउँका अरुले पनि सिके,' उनी भन्छिन्, 'अहिले सबैले राम्रो खोर बनाएर बाख्रा पालिरहेका छन् ।' सहुलियतमा कर्जा पाए व्यवसाय विस्तार गर्ने योजना व्यवसायमा निरन्तरता र मेहनतको परिणामस्वरुप हरिमाया दुई वर्षअघि सम्मानित पनि भएकी थिइन् । साना किसान संस्थाले उत्कृष्ट कृषकका रुपमा उनलाई सम्मान गरेको थियो । 'राम्रो व्यवसाय गरेको भनेर सामग्रीसहित सम्मान गरेको थियो,' उनी गर्वका साथ भन्छिन् । उक्त सम्मानले आत्मविश्वास अझ बढाएको छ ।

हाल हरिमायाले स्थानीय जातका साथै बोयर क्रस बाख्रापालन गरिरहेकी छिन् । बोयर क्रसका माउ-बाख्रा र जमुनापारीको प्रभाव भएका बोका पनि छन् । राम्रो उत्पादन र आम्दानीका लागि उन्नत जातका बाख्रा थप्ने उनको चाहना छ । तर, त्यसका लागि थप लगानी आवश्यक छ । 'राम्रो जातको बाख्रा ल्याएर पाल्ने रहर छ तर पुँजी छैन,' उनी भन्छिन् । सरकारले सहुलियत व्याजदरमा ऋण उपलब्ध गराए बाख्रा थप्ने तथा व्यवसाय विस्तार गर्ने योजना रहेको उनी बताउँछिन् ।

'खोर व्यवस्थापन राम्रो भयो भने रोग पनि कम लाग्छ,' उनी भन्छिन्, 'खर्च कम हुन्छ र आम्दानी पनि बढ्छ ।' कर्णालीका दुर्गम गाउँहरूमा आज पनि धेरै महिलाहरू सीमित अवसर र आर्थिक अभावबीच जीवन बिताइरहेका छन् ।

सफलताको कथा

विद्यालय छोडेर कृषिमा जमेकी अम्बिका

गोर्खाको ग्रामीण भेगमा जन्मिएर शिक्षण पेसाबाट कृषि क्षेत्रमा प्रवेश गरेकी अम्बिका देवकोटा अहिले झापाको बुद्धशान्तिमा व्यावसायिक तरकारी खेती गर्छिन् ।

सुपारी खेतीलाई प्राथमिकता दिएकी उनले बेमौसमी तरकारी खेती गरेकी छिन् । कृषि क्षेत्रमा महिलाको सक्रिय सहभागिताको उदाहरण बनेकी अम्बिका बजार व्यवस्थापन, अस्थिर मूल्य, बीचौलियाको प्रभावले किसानले भोग्नुपरेको समस्यासँग जानकार छिन् ।

गोर्खाको पहाडबाट सुरू भएको यात्रा गोर्खाको मिरकोटमा जन्मिएकी अम्बिका आठ सन्तानमध्ये सबैभन्दा कान्छी हुन् । उनका बुवा-आमा नितान्त कृषक थिए । गाउँको सामान्य कृषक परिवारमा हुर्किएकी अम्बिकाको बाल्यकाल खेतबारी, पशुपालन र ग्रामीण परिवेशमै बित्यो । 'हामी छ जना दाजुभाइ र तीन जना दिदीबहिनी छौं । बुवा- आमा कृषक हुनुहुन्थ्यो । गाउँमै हुर्किएँ, गाउँमै पढेँ,' उनी विगत सम्झिन्छिन् । गोर्खाकै श्री अमरज्योति माध्यमिक विद्यालयबाट २०५५ सालमा एसएलसी उत्तीर्ण गरेपछि उनी उच्च शिक्षाका लागि काठमाडौं पुगिन् । आईकम पढ्नका लागि पद्मकन्या क्याम्पसमा भर्ना भइन् । उनी काठमाडौं बसेर आफू पढ्दै स्कुल पढाउँथिन् ।

विद्यालय छोडेर खेतबारीमा २०५८ सालमा झापाका ज्योति खतिवडासँग उनको विवाह भयो । विवाहपछि केही वर्ष काठमाडौंमै बसोबास गरेकी अम्बिकाले शिक्षण पेसालाई निरन्तरता दिइन् । 'काठमाडौंबाट २०६४ सालमा झापा आएँ । यहाँ पनि आफैँले बोर्डिङ स्कुल खोलेर करिब १० वर्ष चलाएँ,' उनी भन्छिन् ।

'बीएनबी कृषि फर्म'मार्फत बनिन् व्यावसायिक किसान अम्बिका बसोबास गर्ने बुद्धशान्ति क्षेत्र झापाको प्रमुख तरकारी उत्पादन क्षेत्र मानिन्छ । यो क्षेत्र विशेषगरी बेमौसमी टमाटर उत्पादनका लागि परिचित छ । 'टमाटरका लागि त यो ठाउँलाई काश्मिर नै भन्छन्,' उनी मुस्कुराउँदै भन्छिन् ।

सुरूवाती दिनमा पाँच-दस कठ्ठा जमिनमा खेती गरेकी अम्बिकाले अहिले लिजमा समेत जग्गा लिएर डेढदेखि अढाई बिघासम्म खेती गरिरहेकी छिन् । अम्बिकाको फर्ममा विशेषगरी टमाटर, सिमी, काउली, साग, प्याज र सुपारी उत्पादन हुन्छन् । उनको नाममा दर्ता भएको 'बीएनबी कृषि फर्म' अहिले स्थानीय स्तरमा परिचित बन्दै गएको छ । करिब २०७६ सालतिर दर्ता गरिएको फर्ममार्फत उनले व्यावसायिक कृषि गर्दै आएकी छिन् ।

मल्चिङ प्रविधिबाट प्याज खेती, आफ्नै भर्मी कम्पोस्ट मल उत्पादन र अस्थायी टनेल निर्माण गरेर उनले खेतीलाई व्यवस्थित बनाउने प्रयास गरिरहेकी छिन् । 'पहिला कसैले प्याज ठुलो परिमाणमा लगाएको थिएन । हामीले आँट गरेर लगायौं,' उनी भन्छिन् । उनको परिवारले गँड्यौला मल उत्पादनलाई समेत अर्को सम्भावनाको रुपमा अघि बढाइरहेको छ ।

वार्षिक लाखौंको कारोबार तर छैन सन्तुष्टि वार्षिक रुपमा सातदेखि आठ लाख रुपैयाँ बराबरको तरकारी

बिक्री भए पनि त्यो आम्दानीले किसानलाई अपेक्षित राहत दिन नसकेको अम्बिकाको अनुभव छ । बिहानदेखि रातिसम्म खेतबारीमा अम्बिका र उनका श्रीमान खटिन्छन् । उत्पादनका क्रममा किसानले अनेकौं समस्यासँग जुँध्नु त छँदैछ तर बजारका लागि पनि चुनौति सिर्जना हुँदा उनलाई

काम छोडौँ जस्तो पनि हुन्छ। अम्बिकाका अनुसार किसानले उत्पादन गरेको तरकारी उपभोक्तासम्म पुग्दा मूल्य धेरै बढ्छ तर किसानले भने त्यसको उचित हिस्सा पाउँदैनन्। 'मन्डीमा बेच्न जाँदा १० प्रतिशत कमिसन दिनुपर्छ। ढुवानी खर्च छुट्टै लाग्छ,' उनी भन्छिन्। बिचौलियाको प्रभावले किसान सधैँ घाटामा र उपभोक्ता महँगीमा पर्ने उनको गुनासो छ।

'बजारमा तरकारी महँगो हुन्छ तर किसानले भने उचित मूल्य पाउँदैनन्। त्यसैले कहिलेकाहीँ खेती नै नगरौँ जस्तो लाग्छ,' उनी भन्छिन्। फेरि उनलाई लाग्छ- हरेक किसानले यस्तै सोचेर खेती गर्न छोड्ने हो भने मुलुकको अर्थतन्त्रमा कस्तो असर पर्ला ?

बजार र मौसमले आम्दानी प्रभावित अम्बिकाको भोगाइमा कृषकको जीवनमा खुसीभन्दा बढी पीडा छन्। दुई-चार पैसा होला भन्ने सोचेर खेती लगायो कहिले बिक्री गर्ने बेला न्यूनतम् मूल्य पाइँदैन, कहिले मौसमले सिकार बनाउँछ। जलवायु परिवर्तको मारमा सबैभन्दा बढी किसानहरू परेको उनी बताउँछिन्। २०७९ सालमा अम्बिकाको तरकारी बारीमा रहर लाग्नेगरी टमाटर फल्यो। यसपालि त राम्रै मुनाफा होला होला भन्ने सोचिन्। उनी भन्छिन्, 'त्यो टमाटर बजारमा लैजाने बेलामा प्रतिकेजी पाँच रुपैयाँ किलोमा बिक्री गर्नुपऱ्यो। उचित मूल्य नपाउँदा घाटा बेहोर्नुपऱ्यो। यस वर्ष प्याज खेतीले पनि अम्बिकालाई त्यस्तै चोट दियो। राम्रो उत्पादन भएको प्याज चैत महिनाको लगातार वर्षाले नष्ट गरिदिएको उनी बताउँछिन्। '१० कठ्ठामा प्याज लगाएका थियौँ। उत्पादन राम्रो थियो तर निकाल्ने बेला निरन्तर पानी पऱ्यो। धेरैजसो बिग्रियो,' गम्भीर हुन्छिन् अम्बिका।

समर्थन मूल्य र बाली बिमा भए किसानलाई राहत अम्बिकाका अनुसार नेपाली किसानले भोगिरहेको अर्को प्रमुख समस्या हो- भारतीय तरकारीसँगको प्रतिस्पर्धा। 'भारतबाट तरकारी आयो भने हाम्रो उत्पादनको मूल्य नै रहँदैन,' उनी भन्छिन्। उनको बीचारमा सरकारले न्यूनतम समर्थन मूल्य निर्धारण गर्न सके किसानको ठुलो समस्या समाधान हुन सक्छ। 'कम्तीमा समर्थन मूल्य त हुनुपऱ्यो। बजारमा मूल्य घटे पनि त्योभन्दा तल नझर्ने व्यवस्था भयो भने किसान बच्न सक्छ।'

जलवायु परिवर्तनले कृषि क्षेत्रलाई थप असुरक्षित बनाइरहेको छ। मौसमको अनिश्चितताले उत्पादनमा ठुलो असर पारिरहेको छ। अम्बिका भन्छिन्, 'पहिला यस्तो मौसम थिएन। अहिले कहिले घाम, कहिले वर्षा, कहिले हावाहुरी। बाली बिमा नभएसम्म किसान सुरक्षित हुँदैन।' उनका अनुसार सरकारले बाली बिमालाई प्रभावकारी रुपमा कार्यान्वयन गरे हजारौँ किसानलाई राहत मिल्नेछ।

किसानको सम्मान कहाँ ? नेपाललाई कृषिप्रधान देश भनिए पनि किसानको जीवनस्तर अझै कमजोर रहेको उनको गुनासो छ। 'देशका अधिकांश मानिस कृषि पेसामै छन् तर किसानलाई हेर्ने दृष्टिकोण अझै बदलिएको छैन,' उनी भन्छिन्। सरकारी कर्मचारीको तलब बढ्ने, बजार मूल्य बढ्ने तर किसानको उत्पादनको मूल्य नबढ्ने अवस्थाले कृषक निराश भएको उनको बुझाइ छ। 'किसान सधैँ पछाडि परिरहेको छ,' उनी भन्छिन्।

तर पनि कृषिमै छ भविष्य यति धेरै समस्या र चुनौतीबीच पनि अम्बिका कृषिप्रति आशावादी छिन्। उनी विदेशिनुभन्दा स्वदेशमै मेहनत गरेर सम्मानजनक जीवन बिताउन सकिनेमा विश्वास राख्छिन्। 'कृषिमा सफल हुन मेहनत गर्नुपर्छ। कहिलेकाहीँ फल पाइन्छ, कहिलेकाहीँ पाइँदैन। तर, हरेस खानु हुँदैन,' उनी भन्छिन्। विशेषगरी महिलाहरूलाई कृषिमा आउन उनको आग्रह छ। 'विदेश जानुभन्दा आफ्नै गाउँठाउँमा कृषि गरेर पनि बाँच्न सकिन्छ। अर्काको देशमा मजदुरी गर्न ऋण गरेर परिवार छोडेर विदेशिनुभन्दा महिलाहरूले पनि कृषिमा आबद्ध हुनुपर्छ। गर्न सके यहीँ राम्रो हुन्छ।'

सफलताको कथा

मिनबहादुर र कुशुम जसको जीवन कृषिले बदल्यो

जीवनमा सफलता प्राप्त गर्न ठूलो पूँजीभन्दा पनि दृढ संकल्प, निरन्तर मेहनत र अवसरको सही उपयोग आवश्यक हुन्छ । यसको उदाहरण बन्नुभएको छ गुल्मी जिल्लाको गुल्मीदरबार गाउँपालिका–३, डौंडाल निवासी मिनबहादुर घर्ती र उहाँकी श्रीमती कुशुम घर्ती । वि.सं. २०६२ सालदेखि दुई–तीन वटा बंगुर र तीन–चार वटा बाख्रा पालेर सुरु भएको उहाँहरूको व्यवसायिक यात्रा अहिले सफलताको आधार बनेको छ । २०५९ सालमा गाउँकै स्कुलबाट एसएलसी दिएपछि विदेश नगइ स्वदेशमै कृषि पेशालाई अंगाल्नुभएका उहाँले व्यवसाय विस्तारका क्रममा वि.सं. २०६५ सालमा आमाको नामबाट साना किसान कृषि सहकारी संस्था गौंडाकोट मार्फत २० हजार रुपैयाँ ऋण प्राप्त गर्नुभयो । यही रकमले उहाँको कृषि तथा पशुपालन व्यवसायलाई थप गति दियो ।

त्यसपछि वि.सं. २०६९ चैत ११ गते श्रीमति कुशुम घर्ती साना किसान कृषि सहकारी संस्था लिमिटेड, गौंडाकोट गुल्मीको सदस्य बन्नुभयो । संस्थासँगको सम्बन्ध अझ सुदृढ बन्दै जाँदा वि.सं. २०७१ मा ३० हजार रुपैयाँ ऋण प्राप्त भयो । यही पूँजीलाई आधार बनाएर परिवारले कृषि तथा पशुपन्छी फार्म दर्ता गर्‍यो । संस्थाबाट प्राप्त उन्नत जातको बोका अनुदान कार्यक्रमले व्यवसायलाई थप ऊर्जा प्रदान गर्‍यो । त्यसपछि विभिन्न जातका बोका, बाख्रा, पाठापाठी, बंगुर, लोकल कुखुरा, बट्टाई र कालिज पालन व्यवसाय विस्तार हुँदै गयो । उहाँहरूले अहिले पशुपालनसँगै कृषि उत्पादनलाई पनि व्यवसायिक रूपमा अघि बढाइरहनुभएको छ । परिवारले आफ्नै १५ रोपनी तथा लिजमा लिएको थप १५ रोपनी गरी ३० रोपनी क्षेत्रफलमा तरकारी खेती गर्दै आएको छ । फूलगोभी, आलु, खुर्सानी, मुला, केराउ, साग, अदुवा, धनियाँ, काउली, बन्दागोभी, टमाटर र लसुनलगायतका तरकारी उत्पादन गरेर स्थानीय बजारमा बिक्री वितरण गरिरहनुभएको छ ।

मिनबहादुर घर्तीले आफ्नै उत्पादन मात्र होइन, अन्य किसानले उत्पादन गरेका कृषि तथा पशुपन्छीजन्य वस्तुको खरिद–बिक्री समेत गर्दै आउनुभएको छ । उहाँले यसबाट वार्षिक रूपमा करिब २० लाख रुपैयाँ बराबरको कारोबार गर्दै आउनुभएको छ । दुई छोराको शिक्षादेखि परिवारको सम्पूर्ण खर्च व्यवस्थापन गर्दै वार्षिक करिब ६ लाख रुपैयाँ खुद बचत गर्न सफल भएको उहाँ बताउनुहुन्छ ।

मिनबहादुरले कहिल्यै अनुदान प्राप्तिका लागि व्यवसाय गर्नुभएन । उहाँ भन्नुहुन्छ "व्यवसाय भनेको परिवारको जीवनस्तर सुधार्न र आत्मनिर्भर बन्नका लागि गर्ने हो । अनुदान पाइन्छ कि भनेर मात्र व्यवसाय दिगो हुँदैन ।" सानो ऋण, सही मार्गदर्शन र आफ्नै मेहनतको संयोजनले ग्रामीण परिवार पनि आत्मनिर्भर बन्न सक्छ भन्ने उहाँहरूको जीवनयात्राले प्रमाणित गरेको छ ।

कुशुम घर्ती र मिनबहादुर घर्तीको कथा केवल एक परिवारको आर्थिक उन्नतिको कथा मात्र होइन, अवसरलाई श्रमसँग जोड्न सके ग्रामीण कृषिले पनि सम्मानजनक आय र उज्ज्वल भविष्य निर्माण गर्न सक्छ भन्ने प्रेरणादायी सन्देश हो ।

एडीबी र साना किसान लघुवित्तको उच्चस्तरीय टोलीद्वारा ग्रामीण उद्यम परियोजनाको स्थलगत अवलोकन

Asian Development Bank (एडीबी) नेपालका कन्ट्री अपरेसन प्रमुख Arnaud Hockman र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत बासु अधिकारी नेतृत्वको उच्चस्तरीय टोलीले धादिङको जीवनपुरस्थित साना किसान कृषि सहकारी संस्था लिमिटेड तथा सदस्यहरूद्वारा सञ्चालित ग्रामीण उद्यम परियोजनाहरूको स्थलगत अवलोकन गरेको छ । एडीबी र नेपाल सरकारको ऋण सहयोग तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत सञ्चालन भइरहेको ग्रामीण उद्यम परियोजना अन्तर्गतका विभिन्न गतिविधिहरूको निरीक्षण गर्ने उद्देश्यले टोलीले सहकारी संस्था र सदस्यहरूले सञ्चालन गरेका उद्यमहरूको अवलोकन गरेको हो । अवलोकनका क्रममा टोलीले साना किसान कृषि सहकारी संस्थाको कार्यप्रणाली, सदस्यमा आधारित वित्तीय तथा उद्यमशीलता कार्यक्रम, कृषि उत्पादन, आयआर्जन तथा ग्रामीण आर्थिक सशक्तीकरणमा परियोजनाले पुऱ्याएको योगदान बारे जानकारी लिएको थियो । सहकारीका सदस्यहरूले सञ्चालन गरेका विभिन्न कृषि तथा गैरकृषि उद्यमहरूको पनि प्रत्यक्ष निरीक्षण गरिएको थियो । निरीक्षणपछि सहभागीहरूले साना किसान विकास अभियानले ग्रामीण क्षेत्रमा वित्तीय पहुँच विस्तार, उद्यमशीलता विकास तथा गरिबी न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेका थिए । एडीबीको उच्चस्तरीय टोलीबाट भएको यस प्रकारको स्थलगत अवलोकनले आगामी दिनमा एडीबी र साना किसानबीचको सहकार्यलाई अझ सुदृढ बनाउने तथा साना किसान विकास अभियानलाई थप प्रभावकारी र विस्तारित बनाउन नयाँ सम्भावनाका ढोका खोल्ने अपेक्षा गरिएको छ। साना किसान विकास अभियान अन्तर्गत देशभरका हजारौँ किसान परिवार वित्तीय सेवा, कृषि विकास तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रमबाट लाभान्वित हुँदै आएका छन्।

हार्दिक बधाई

यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष श्री खेम बहादुर पाठक किसानहरूको विश्व संगठन डब्लुएफओ (WFO) को सञ्चालक समिति सदस्यमा एसिया महादेशका मुलुकहरू मध्येबाट दोस्रो कार्यकालका लागि निर्वाचित हुनुभएकोमा उहाँलाई बधाईसहित सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ।

केन्याको राजधानी नैरोबीमा आयोजना भएको डब्लुएफओ (WFO) को साधारण सभा तथा वार्षिक बैठक (८-११ जुन २०२६) अन्तर्गत भएको निर्वाचनबाट पाठक आगामी २ वर्षको कार्यकालका लागि सञ्चालक समिति सदस्य पदमा सर्वसम्मत निर्वाचित हुनुभएको हो।

पाठकले नेपालको ग्रामीण क्षेत्रको आर्थिक-सामाजिक रूपान्तरण, गरिबी निवारण तथा साना किसानहरूको हकहितका लागि पुऱ्याउनुभएको अतुलनीय योगदानको कदर गर्दै एसिया महादेशका देशहरुले उहाँलाई पुनः दोस्रो कार्यकालका लागि सर्वसम्मत रूपमा निर्वाचित गरेका हुन्।

पाठक यसअघि सन् २०२४ मा पनि एसिया महादेशका मुलुकहरूको प्रतिनिधित्व गर्दै डब्लुएफओ (WFO) को बोर्ड सदस्यमा निर्वाचित हुनुभएको थियो।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

परिवार



शाखा कार्यालयहरू

क्र.स.	स्थान	फोन नं.
१	हेटौंडा, मकवानपुर	०५७-५२५३८८, ०५७-५२४१२२
२	बिर्तामोड, झापा	०२३-५४२७२८, ०२३-५४२१७३
३	नेपालगञ्ज, बाँके	०८१-४१५१३६, ०८१-४१५२९१
४	बुटवल, रुपन्देही	०७१-४२०५०१, ०७१-४२०५००
५	बर्दिबास, महोत्तरी	०४४-५५०४०३, ०४४-५५०३२२
६	अत्तरिया, कैलाली	०९१-५५१३१८

क्र.स.	स्थान	फोन नं.
७	काठमाडौं	०१-४५९४६७१, ०१-४५९६६८४
८	इटहरी, सुनसरी	०२५-५८४३३४, ०२५-५८८६००
९	लहान, सिराहा	०३३-५९००९१, ५९००९२
१०	वीरेन्द्रनगर, सुर्खेत	०८३-५२३९२५
११	गजुरी, धादिङ	०१०-४०२०८०, ०१०-४०२११७
१२	पोखरा, कास्की	०६१-५८८३३५, ०६१-५८४९१३

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

बबरमहल, काठमाडौं, नेपाल

फोन नं.: ०१-५३२०९१३, ०१-५९०९६१२, ०१-४१११८९५

Email: info@skbbl.com.np

Print: Sky Press, Kathmandu #9851138005

प्रमुख सल्लाहकार खेम बहादुर पाठक

संरक्षक बासु अधिकारी

प्रधान सम्पादक झलेन्द्र भट्टराई

सम्पादक ईशा के.सी

सञ्चार सल्लाहकार संगम महत